# सार्वजनिक वित्त

# व्यवस्थापन

## स्थानीय तथा प्रादेशिक रिपोर्टिङहरुको संगालो





## Mentor:

# Bishwas Regmi

Bishwas Regmi has been actively engaged in economic journalism for the past 15 years, with a primary focus on fiscal policy, sustainable development, trade, telecommunications, information technology, and corporate affairs.

### Academic Qualifications

Master's in English Literature (Tribhuvan University)

Master's in Public Administration (Tribhuvan University)

Master's in Mass Communication and Journalism (Purbanchal University – Running)

BA LLB (Tribhuvan University)


### Professional Experience

Currently serving as the Senior Economic Correspondent at Gorkhapatra Daily, Bishwas Regmi has established himself as a leading voice in economic reporting. His in-depth coverage of policy matters and industry developments has earned him recognition as both Best Telecom Journalist and Best ICT Journalist.

In addition to his journalistic contributions, he has played a key role in professional organizations. He is the Past President of the Tech Journos Forum and currently holds the position of General Secretary at the Society of Economic Journalists – Nepal (SEJON).

His expertise and dedication to economic journalism continue to shape informed discourse and policy understanding in Nepal.

# चालु खर्चमा उपयोग हुँदैछ सार्वजनिक ऋण, बढ्दो जोखिम





अच्युत पुरी

२३ मंसिर, काठमाडौं । लक्ष्य अनुसार राजस्व उठ्न नसक्दा सरकारले दैनिक खर्च सञ्चालनमा सार्वजनिक ऋण उपयोग गर्नुपर्ने अवस्था आएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार आइतबारसम्म सरकारले ३ खर्ब ७१ अर्ब रूपैयाँ राजस्व उठाएको छ । यसअवधिमा चालु खर्च मात्र ३ खर्ब ३७ अर्ब पुगिसकेको छ । यो अवधिमा पूँजीगत खर्च र वित्तीय व्यवस्थामा हुने खर्च समेत गरी कुल ५ खर्ब २७ अर्ब रूपैयाँ खर्च भइसकेको छ । सरकारले लक्ष्य अनुसार राजस्व उठाउन नसक्दा चालु खर्च धान्न समेत अब सार्वजनिक ऋणमा भर पर्नुपर्ने अवस्था दोहोरिन थालेको छ ।

नेपालले बहुराष्ट्रिय निकायबाट कम ब्याजदरमा लामो अवधिको सार्वजनिक ऋण लिने गर्छ । जसलाई तत्काल फिर्ता गर्नु पर्दैन । सोहीकारण बाह्य ऋण चिन्ताजनक स्थितिमा नरहेको विज्ञहरूको तर्क छ । तर, चिन्ता भने चालु खर्चका लागि सार्वजनिक ऋण परिचालन हुनु हो । किनकी सरकारले उठाउने राजस्वले अब चालु खर्च र वित्तीय व्यवस्थाको भार समेत थेग्न नसक्ने अवस्था छ । त्यसकारण सरकारले ऋण काढेर खर्च जुटाइरहेको छ । जसमा आन्तरिक बढी लिनु परेको छ ।

## बढ्दो जोखिम

नेपालले पहिलो गरेको सार्वभौम क्रेडिट रेटिङमा डबल बी माइनस स्कोर प्राप्त गऱ्यो । अर्थ मन्त्रालयले यस रेटिङलाई नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्त परिचालन र समष्टिगत आर्थक तथा वित्तीय अवस्था लगानीमैत्री रहेको अवस्थाका रूपमा व्याख्या

गरेको छ । त्यति मात्र होइन, अन्तर्राष्ट्रिय बजारबाट ऋण लिनुपर्दा न्यून ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरेको समेत बताएको छ । तर, तथ्यांकले भने नेपालमा सार्वजनिक ऋण अब भार अधिक हुन थालेको संकेत गर्छ ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको डेब्ट सस्टेनेबिलिटी एनालाइसिस सम्बन्धी संयुक्त अध्ययन प्रतिवेदन २०२० अनुसार नेपालको बाह्य र समग्र ऋण जोखिम न्यून छ । तर, आर्थिक वृद्धि र निर्यातका सूचक समेत कमजोर रहेकाले भावी जोखिमतर्फ भने संकेत गरेको छ । नेपालमा बढ्दो वित्त घाटा र चालु खाता घाटाको अवस्थाले आगामी दिनमा सार्वजनिक ऋण अझ बढ्ने विश्लेषण गरिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार कात्तिक २०८१ सम्म नेपालको सार्वजनिक ऋण २५ खर्ब १८ अर्ब ५ करोड पुगिसकेको छ । जुन नेपालको कुल गार्हस्थ उत्पादनको आधारमा ४४.१४ प्रतिशत हुन आउँछ । नेपालमा बढ्दो सार्वजनिक ऋणले नेपालको बजेट प्रणालीमाथि निरन्तर चूनौति थपेको छ । पूँजीगत खर्च घट्न थालेको छ ।

चालु खर्चमा कैंची लगाउने ठाउँ नहुनु र सार्वजनिक ऋणमा बढी रकम छुट्याउनु पर्दा त्यसको असर पूँजीगत खर्चमा परेको छ । अर्थविद् प्रा.डा.अच्युत वाग्ले यसलाई अर्थतन्त्रको ठूलो चूनौति मान्छन् । ' एक त पूँजीगत खर्चको विनियोजन नै घटिरहेको छ,' उनले उनी भन्छन्, ' त्यसमाथि विनियोजित बजेट पनि खर्च नहुने प्रवृत्ति दोहोरिएको छ ।'

तथ्यांक अनुसार कात्तिकसम्म आन्तरिक ऋण दायित्व १२ खर्ब ५२ अर्ब १६ करोड पुगेको छ । बाह्ण ऋण दायित्व १२ खर्ब ६५ अर्ब ८९ करोड रूपैयाँ रहेको छ । कुल गार्हस्थ उत्पादनको अनुपातमा आन्तरिक ऋण २१.९५ प्रतिशत र बाह्य ऋण २२.१९ प्रतिशत पुगिसकेको छ ।

## कति पुग्यो सार्वजनिक ऋण ?

**आन्तरिक ऋण :**
१२ खर्ब ५२ अर्ब १६ करोड
**बाह्ण ऋण :**
१२ खर्ब ६५ अर्ब ८९ करोड
**कुल :**
२५ खर्ब १८ अर्ब ५ करोड

विज्ञहरूका अनुसार बढ्दो ऋण चुक्ताको दायित्वसँगै पूँजीगत खर्चको स्तर र वित्तीय व्यवस्थामा विनियोजन गर्ने बजेट बढ्दा भविश्यमा सरकारको लगानी गर्न सक्ने सामर्थ्थ घट्न थाल्छ । अर्थविद् डा. वाग्ले सार्वजनिक ऋण बढ्नुमा समग्र अर्थतन्त्रमै रहेको समस्यासँग जोड्छन् । राजस्वका नयाँ स्रोत फेला नपर्दा राज्य कमजोर बन्दै गएको उनको विश्लेषण छ । विगतमा कुल गार्हस्थ्य उत्पादनको २४/२५ प्रतिशतसम्म उठिरहेको राजस्व आज १२/१३ प्रतिशतमा झरिसकेको छ । राजस्व नउठ्दा सार्वजनिक ऋण थप्नु परेको उनी बताउँछन् । सार्वजनिक ऋण यही दरमा बढ्दा हुने संकटतर्फ सचेत हुनुपर्ने उनको भनाई छ । यी सबै समस्या आउनुको पछाडी आर्थिक व्यवस्थापकीय प्रवर्द्धनको अभाव रहेको उनको विश्लेषण छ ।

## यस्तो छ सार्वजनिक ऋणको प्रवृत्ति

चालु आर्थिक वर्ष (आव) पहिलो चौमास (साउन-कात्तिक) मा सरकारको सार्वजनिक ऋण करिब ८४ अर्ब रूपैयाँले बढेको छ । १ साउनमा २४ खर्ब ३४ अर्ब १० करोड रहेको सार्वजनिक ऋण कात्तिक मसान्त आइपुग्दा ८३ अर्ब ९६ करोड बढेर २५ खर्ब १८ अर्ब ६ करोड पुगेको छ । सरकारले यस अवधिमा १ खर्ब ६५ अर्ब ७१ करोड रूपैयाँ थप सार्वजनिक ऋण लिएको छ । यो अवधिमा सावाँ र ब्याजमा मात्र १ खर्ब ८ अर्ब १४ करोड खर्च गरेको छ । चार महिनामा विनिमय दरमा आएको परिवर्तनका कारण ४ अर्ब ५६ करोड रूपैयाँ बराबर वैदेशिक ऋणको दायित्व थप भएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सरकारले चार महिनामा उठाएको रकममध्ये आधाभन्दा धेरै ऋण तिर्ने ठिक्क हुने गरेको देखिन्छ ।

यस अवधिसम्म सरकारले १ खर्ब ६५ अर्ब ७१ करोड रूपैयाँ ऋण लिएको छ । ८६ अर्ब ३१ करोड रूपैयाँ भुक्तानी गरेको छ । विनिमय दरमा आएको परिवर्तनका कारण चार महिनामा ४ अर्ब ५६ करोड रूपैयाँ ऋण घटेको छ । सरकारले चालु आर्थिक वर्षभरि ५ खर्ब ४७ अर्ब रूपैयाँ बराबर सार्वजनिक ऋण लिने लक्ष्य राखेको छ । जसमध्ये कात्तिकसम्म १ खर्ब ६५ अर्ब ७२ करोड ऋण उठाइएको हो । यो कुल लक्ष्यको ३०.३० प्रतिशत हो ।

यस वर्ष सरकारले ३ खर्ब ३० अर्ब आन्तरिक ऋण लिँदैछ । कात्तिक मसान्तसम्म १ खर्ब ४४ अर्ब आन्तरिक ऋण उठाइसकेको छ । जुन लक्ष्यको ४३.६४ प्रतिशत हो । यस वर्ष २ खर्ब १७ अर्ब रूपैयाँ वाह्य ऋण उठाउने लक्ष्य छ । कात्तिकसम्म २१ अर्ब ७२ करोड ऋण उठाइएको छ । जुन लक्ष्यको १०.०१ प्रतिशत मात्र हो । वाह्य ऋण सामान्यतया विकास खर्चसँग जोडिने गर्छ । विकास खर्चले गति लिने क्रमसँगै ऋण प्राप्तिसमेत बढ्ने कार्यालयको भनाइ छ ।

यस वर्ष सरकारले सार्वजनिक ऋण तिर्न मात्र ४ खर्ब २ अर्ब रूपैयाँ विनियोजन गरेको छ । कात्तिक मसान्तसम्म १ खर्ब ८ अर्ब १४ करोड भुक्तानी गरिएको छ । यो वार्षिक विनियोजित बजेटको आधारमा २६.८४ प्रतिशत हो । कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा कात्तिक मसान्तसम्म तिरेको सावाँ ब्याज खर्च १.१० प्रतिशत हाराहारी हो ।

कात्तिक मसान्तसम्म सराकरले आन्तरिक ऋणको साँवा भुक्तानीमा ७२ अर्ब ७४ करोड खर्च गरेको छ । ब्याज भुक्तानीमा १८ अर्ब ९९ करोड रूपैयाँ खर्च भएको छ । बाह्य ऋणको साँवा भुक्तानीमा


१३ अर्ब ५७ करोड र ब्याज भुक्तानीमा २ अर्ब ८३ करोड रूपैयाँ खर्च भएको छ । यसरी चार महिनामा सार्वजनिक ऋणको सावाँ भुक्तानी ८६ अर्ब ३१ करोड र ब्याज भुक्तानी २१ अर्ब ८२ करोड रूपैयाँ भएको छ ।

नेपालमा कुल गार्हस्थ उत्पादनको तुलनामा सार्वजनिक ऋणको अनुपात भने आव २०७५/७६ बाट क्रमशः बढ्न थालेको हो । जीडीपीको तुलनामा सार्वजनिक ऋणको अनुपात आव २०८०/८१ मा न्यून घट्नुबाहेक निरन्तर बढिरहेको देखिन्छ । खासगरी २०७२ सालको भूकम्पपछि संरचना पुनर्निर्माण र व्यक्तिगत अनुदानका लागि सरकारले ठूलो मात्रामा सार्वजनिक ऋण लियो ।

कोभिड १९ को समयमा सार्वजनिक ऋण अझ थपियो । त्यसमाथि सरकारले आन्तरिक अर्थतन्त्र र औद्योगिक क्षेत्र चलायमान गराउनुको साटो प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता अनुत्पादक कार्यक्रम सञ्चालनका लागि समेत ऋण थप्ने काम गऱ्यो । संघीयता कार्यान्वयनका सिलसिलामा समेत सावर्जनिक ऋण बिस्तार भएको छ । जसले गर्दा सार्वजनिक ऋण अब भार पर्ने अवस्थामा पुग्न थालेको छ । यसरी थपिएको ऋणले अर्थतन्त्र बिस्तारमा कति योगदान गऱ्यो भन्ने विश्लेषण भने अहिलेसम्म भएको छैन ।

## लक्ष्य अनुसार खर्च हुँदैन वैदेशिक ऋण

उता, वैदेशिक ऋणको प्रभावकारी परिचालनमा भने सरकार असफल देखिन्छ । विदेशिक ऋण परिचालन विकास र पूँजीगत खर्चमा बढी हुन्छ । जुन मुलुकको आयोजना कार्यान्वयनको प्रगतिसँग जोडिन्छ । पछिल्ला वर्षहरूमा बाह्य ऋण परिचालन घट्दै गएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको आंकडामा देखिन्छ । यसबाट खासगरी आन्तरिक तर्फ उठाएको ऋण चालु खर्च व्यवस्थापनमा भइरहेको देखिन्छ ।




कार्यालयका अनुसार आव २०७६/७७ मा खुद बाह्य ऋण परिचालन १ खर्ब ३९ अर्ब रहेकोमा आव २०८०/८१ मा ८४ अर्ब ९४ करोड रूपैयाँमा झरेको छ । वैदेशिक ऋण बजेटको लक्ष्यको तुलनामा कम प्राप्त भइरहेको छ । यसो हुनुमा वैदेशिक स्रोत परिचालन गर्ने आयोजनाको अपेक्षित प्रगति नहुनु, आयोजनाको पर्याप्त तयारी नहुँदै कार्यान्वयनमा जानु, अन्तर निकाय समन्वय नहुनजस्ता कारण रहेको कार्यालयले उल्लेख गरेको छ ।

वैदेशिक ऋण परिचालनको प्रवृत्ति

आव २०७६/७७ : १ खर्ब ३९ अर्ब

आव २०७७/७८ : १ खर्ब ७ अर्ब

आव २०७८/७९ : १ खर्ब ३ अर्ब

आव २०७९/८० : ८५ अर्ब २४ करोड

आव २०८०/८१ : ८४ अर्ब ४९ करोड

ढुक्क सरकार

उता, सरकार भने चुलिँदो सार्वजनिक ऋणप्रति त्यति डराइसकेको छैन । अर्थमन्त्री विष्णु प्रसाद पौडेल सार्वजनिक ऋणको भारबाट तत्काल अत्तालिनु पर्ने अवस्था नरहेको बताउँछन् । तर, लामो समयसम्म दीगो बनाइराख्न भने ऋण परिचालनलाई पुनप्राथमिकीकरण गर्नुपर्ने उनको भनाई छ । अर्थमन्त्री पौडेलले सार्वजनिक क्षेत्रमा नवीनतम वित्त परिचालनमा समेत सरकारले अब ध्यान दिने बताउँछन् । ऋण तिर्न ऋणकै भर पर्नुपरेको उनको समेत स्वीकारोक्ति छ ।

सोहीकारण सार्वजनिक वित्त सन्तुलनमा दवावको सामना सरकारले पनि गरिरहेको उनी बताउँछन् । विकास साझेदारहरूसँग यसैसाता भएको बैठकमा अर्थमन्त्री पौडेलले भने, 'सार्वजनिक वित्त सन्तुलनमा केही दबाब सामना गरिरहेका छौं । हाम्रा केही प्रतिबद्ध खर्च बढ्दै गएका कारण पूर्वाधारमा हाम्रो लगानी संकुचित भइरहेको छ । खासगरी सामाजिक सुरक्षा कार्यक्रमहरु प्रति हाम्रो प्रतिबद्धता र बढ्दो ऋण सेवा लागतका कारण पुँजीगत खर्चको अनुपात कम भएको छ ।'

# आवधिक योजना बेवास्ता गर्दै संघीय मन्त्रालय, औपचारिकता सिमित बजेट चक्र






अच्युत पुरी

१६ औं आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५-८६) चालु आर्थिक वर्ष २०८१/८२ बाट सुरू भएको छ । आर्थिक वर्षको पहिलो त्रैमास (साउन-असोज) समेत सम्पन्न भइसकेको छ । यसैबीच संघीय मन्त्रीहरूको एक सय दिनको कार्यकाल पनि पूरा भएको छ । अर्थसहित सबैजसो मन्त्रालयले त्रैमासिक र मन्त्रीहरूको एक सय दिने कार्यसमिक्षा प्रतिवेदन सार्वजनिक गरिसकेका छन् । तर, मन्त्री र मन्त्रालयको कार्यसमिक्षामा १६ औं आवधिक योजना कार्यान्वयनको खाका बनेको विषय उल्लेख छैन ।

१६ औं आवधिक योजना निर्माणका क्रममा योजना कार्यान्वयन, अनुगमन र मूल्यांकनको ढाँचा तय गर्दा कार्यान्वयन गर्ने जिम्मेवार निकायलाई नै जिम्मेवारी दिइएको छ । अर्थात् १६ औं योजनाका लक्ष्य तय गर्न आवश्यक योजना र कार्यक्रम मन्त्रालय तथा निकायहरू स्वयम्ले बनाएर कार्यान्वयन गर्नुपर्छ । जसको नतिजा औसत ७.३ प्रतिशतको आर्थिक वृद्धिदेखि अबको पाँच वर्षभित्र प्रतिव्यक्ति आय दुई हजार ३५१ डलरसम्म पुर्याउने छ । निरपेक्ष गरिबी १२ प्रतिशतमा झार्नेदेखि औसत आयु ७३ वर्ष पुर्याउने लक्ष्य पनि १६ औं योजनामा समावेश छ ।

तर, मन्त्रालयहरूको प्रारम्भिक कार्यगतिले आवधिक योजनालाई समेट्न सकेको देखिँदैन । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. रमेश चन्द्र पौडेल निकै मिहिनेत गरेर

बनाइएको १६ औं योजना कार्यान्वयन सम्बन्धी कार्ययोजनाहरू मन्त्रालयले अहिलेसम्म ल्याइसक्नु पर्नेमा त्यस्तो नदेखिएको बताउँछन् । 'हामीले निकै मिहिनेत गरेर १६ औं योजना बनाएका थियौं । यसको कार्यान्वयन प्रभावकारी बनाउन अहिलेसम्म मन्त्रालयहरूका कार्यायोजना आइसक्नु पर्ने थियो । १६ औं योजना विगतको सरकारले ल्याएको हो भनेर यसमा नलाग्ने भन्ने हुँदैन, उनी भन्छन्, 'विगतको सरकारले ल्याएको भए पनि १६ औं योजना सफल बनाउने र लक्ष्य पुरा गर्ने जिम्मेवारी तोकिएका निकायकै हो ।'

१६ औं योजनाले सामाजिक सुरक्षासहितका सुविधाहरूलाई योगदानमा आधारित बनाउँदै लैजाने उल्लेख गरेको छ । त्यसविपरित सरकारले पुनः स्रोतमाथि व्ययभार थप्ने गरी सामाजिक सुरक्षाका कार्यक्रम घोषणा गरेको छ । वैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारले पाउने क्षतिपूर्ति तीन लाखबाट १० लाख पुऱ्याइएको छ । स्वास्थ्य मन्त्रालयले समेत पछिल्ला दिनमा लोकप्रिय कार्यक्रम धमाधम घोषणा गरिरहेको छ । अन्य मन्त्रालयहरू समेत लोकप्रिय कार्यक्रम र योजनाहरूमा केन्द्रित छन् । सोमबार मात्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तीन दशकयता बन्द रहेको टिकापुर विमानस्थलमा नेपाल एयरलाइन्सको जहाजले परीक्षण उडान गऱ्यो । जुन व्यवसायिक हिसाबले सञ्चालनमा ल्याउन कठिन रहेको निष्कर्ष एक वर्ष अगाडी नै नेपाल नागरिक उड्डयन प्राधिकरणले गरेको थियो । टिकापुरमा जहाज उतार्न पर्यटन राज्यमन्त्री अरूण कुमार चौधरीको दबाब थियो ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल छिटो छिटो सरकार र सत्ता परिवर्तन हुँदा त्यसको मार आवधिक योजनामा परेको बताउँछन् । 'योजना आयोगले निकै मिहिनेत गरेर आवधिक योजना बनाउँछ,' उनी भन्छन्, तर मन्त्रीहरू ६/९ महिने कार्यकालका लागि आउँछन्, त्यसकारण योजना मिचेर लोकरिझ्याईका कार्यक्रममा केन्द्रित हुन्छन् ।' व्यक्तिगत र राजनीतिक लाभका लागि आवधिक योजना वेवास्ता गरिने उनको भनाई छ । '१६ औं योजना पछ्याउँदा वा त्यस अनुसारका योजना ल्याउँदा आफ्नो कार्यकाल सकिसक्छ,' उनी भन्छन्, त्यसकारण मन्त्रीहरूले नै यसलाई मिच्ने परिपाटी बसालेका हुन् ।' कर्मचारीतन्त्रले केही हदसम्म आवधिक योजनालाई पछ्याउन खोजेपनि राजनीतिक दबाबले उनीहरू निरिह देखिएको डा. पोखरेल बताउँछन् । ' हामी लोकप्रिय काम गरेर जस लिने परिपाटीमा छौं,' उनी भन्छन्, 'यस्तो बेला मुलुकलाई दीर्घकालिन लाभ-हानी मूल्याङ्कन गरिएको छैन ।'

अर्थ मन्त्रालयले पहिलो तीन महिनामा भएका महत्वपूर्ण कामको सूची सार्वजनिक गरेको छ । जसमा यस वर्षको बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको उल्लेख छ । यसबाट हालसम्मको चालु, पूँजीगत तथा समग्र खर्चमा उल्लेख्य ल्याउन सहयोग पुग्ने मन्त्रालयले उल्लेख गरेको छ । तर, १६ औं आवधिक योजना कार्यान्वयनको विषयमा भने मौन छ ।

यो प्रवृत्ति अहिले मात्र देखिएको भने होइन । विगतदेखि नै आवधिक योजनालाई वेवास्ता गर्दै नीति तथा कार्यक्रम बनाउने परिपाटीले आवधिक योजनामा राखिएका लक्ष्य पुरा नहुने र अर्थतन्त्रमा अपेक्षित सुधार हुन नसक्ने अवस्था रहेको छ । बजेट निर्माणका क्रममा आवधिक योजनालाई आखा चिम्लिए रातारात खल्तिका योजना राख्ने प्रचलन रहेको स्वयमः अर्थमन्त्री विष्णु प्रसाद पौडेल स्वीकार गर्छन् । उनका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को बजेट आउनु अगाडी संघीय सरकारसँग ७ हजार मात्र आयोजना थिए । यो बजेट आउँदा ११ हजार वटा नयाँ आयोजना थप गरियो ।

अब संघीय मन्त्रालयसँग आयोजनाको संख्या १८ हजार पुगेको छ । अर्थात् एकै वर्षमा ७ हजारबाट आयोजनाको संख्या १८ हजार पुग्यो । केही अगाडी अनलाइनखबरसँगको एक अन्तर्वार्तामा उनले बताए अनुसार यी आयोजनाहरू योजना आयोगमार्फत अध्ययन भएर मन्त्रालयले प्राप्त गरेका आयोजना होइनन् । अधिकांश आयोजना २४/४८ घण्टाको बीचमा मन्त्रालयबाट एलएमबीएसमा इन्ट्री गरिएको थियो ।

नेपालमा आयोजना वर्गिकरण र प्रभावकारी कार्यान्वयनका लागि आयोजना बैंकको अवधारणा छ । नियमानुसार आयोजना बैंकमा समावेश आयोजना मात्र एलएमबीएसमा इन्ट्री हुनुपर्छ । तर, यस नियम विपरित हजारौं आयोजना घुसाउने र स्रोत माग्ने प्रचलन रहेको उनी बताउँछन् । उनी भन्छन्, 'एकै वर्ष ११ हजार आयोजना थप्ने काम भएको छ, कल्पना गर्नुस न, हाम्रो विनियोजन क्षमता कुन तहमा क्षयीकरण भएको रहेछ ।'

बजेट चक्र पछ्याउने हो भने सबै तहका निकायहरू कात्तिकबाटै आगामी आवको बजेट निर्माणको प्रक्रियामा जुट्नु पर्छ । तर अधिकांश प्रक्रिया कागजी प्रयोजन र नियम पुऱ्याउन मात्र केन्द्रित छ । अघिल्लो सरकारले प्रि-बजेट छलफललाई पर्याप्त समय दिन भन्दै बजेट आउनु भन्दा तीन महिना अगाडी नै सिद्धान्त र प्राथमिकता संसदमा प्रस्तुत गरेको थियो ।

संसदमा प्रस्तुत सिद्धान्त र प्राथमिकताको छलफलका आधारमा नीति तथा कार्यक्रम ल्याउने र त्यसमा आएका सुझाव समेतलाई समेटेर बजेट ल्याउने घोषणा तत्कालिन प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले गरेका थिए । तर, बजेट ल्याउने बेलासम्म सत्तामा समिकरणमा उतारचढाव आइसकेको थियो । संसदमा नीति तथा कार्यक्रममाथिको छलफल

भन्दा बढी आरोप प्रत्यारोप भयो । सोहीकारण १५ जेठमा बजेट सार्वजनिक गर्ने कर्मकाण्डबाहेक संसदमा आर्थिक बहस औपचारिकतामा मात्र सिमित बन्दै गएका छन् ।

राज्यका निकाय बजेट निर्माणमा गम्भीर नहुँदा कतै लक्ष्य अनुसार खर्च नहुने र कतै स्रोतको अभावले खर्च अपुग हुने समस्या छ । यो प्रवृत्ति हरेक वर्ष बढ्दो क्रममा रहेको महालेखा परीक्षकको ६१ औं प्रतिवेदनले समेत औल्याएको छ । उक्त प्रतिवेदनले भनेको छ, 'विनियोजन अनुरूप खर्च नहुनुमा बजेट तर्जुका लागि पर्याप्त गृहकार्य नगर्ने परिपाटी जिम्मेवार छ ।' प्राविधिक अध्ययन र तयारी बेगर आयोजना छनोट गरी बजेट तथा कार्यक्रममा तर्जुमा गर्ने र आर्थिक वर्षको सुरूबाटै ठेक्का बन्दोबस्तीमा नलाग्ने कारण समेत महालेखाले औल्याएको छ । महालेखाले यस्तो समस्या समाधान गर्न कार्ययोजना अनुसार विनियोजित बजेट खर्च गर्नुपर्ने बताएको छ ।

## आवधिक योजना बेवास्ताको परिणाम कमजोर नतिजा

सरकारले अघिल्लो आर्थिक वर्षसम्म कार्यान्वयन गरेको १५ औं आवधिक योजनाले औसत ९.६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिएको थियो । यसको आधारमा संघीयता कार्यान्वयनको सुरूवात, राजनीतिक स्थिरता, लोडसेडिङ अन्त्यजस्ता कारणलाई मानिएको थियो । तर, आर्थिक वृद्धि २.६ प्रतिशत औसत मात्र रहन पुग्यो । यसबीचमा कोभिड महामारी, आयातमा कसिलो नीति, विदेशी मुद्राको सञ्चिति उच्च दरमा घट्नु, उच्च आयात, कमजोर निर्यात, न्यून विप्रेषण आप्रवाह, कमजोर पूँजीगत खर्च, पश्चिम नेपालमा विनासकारी भूकम्पजस्ता कारणले अपेक्षित लक्ष्य पुरा हुन सकेन । यी लक्ष्य पुरा हुन नसक्नुका पछाडी सुशासनको कमी, विनियोजन दक्षताको अभाव र परम्परागत कार्यशैली सुधारमा राज्यले ठोस पहल गरेको देखिएन । सोहीप्रवृत्ति १६ औं योजनाको सुरूवातबाटै दोहोरिएको छ ।

# समस्यै-समस्यामा निर्माण क्षेत्र, बढ्दैछन् जीर्ण आयोजना






अच्युत पुरी

२६ पुस, काठमाडौं । नेपाल निर्माण व्यवसायी महासंघ निर्माणकै सिजनमा आन्दोलनको तयारीमा जुटेको छ । महासंघका महासचिव रोशन दाहालका अनुसार महासंघले शनिबार काठमाडौंमा राष्ट्रिय भेला आह्वान गरेको छ । सो भेलाले आन्दोलनका कार्यक्रम तय गर्ने र चरणबद्ध आन्दोलनमा जाने निर्माण व्यवसायीको भनाई छ ।

निर्माण व्यवसायीले चरणबद्ध आन्दोलनमा जाने तयारी गर्नुको पछाडी पृष्ठभूमीमा विविध कारण देखाइएको छ । जसमध्ये केही मूख्य कारण यस्ता छन्, जुन राज्य सञ्चालक र नेतृत्वको लापरवाहीले उत्पन्न भएका हुन् ।

एकातर्फ सम्पन भइसकेको कामको भुक्तानी नपाएको गुनासो निर्माण व्यवसायीको छ भने, अर्कोतर्फ सरकारले अन्धाधुन्ध आयोजना घोषणा गर्ने र स्रोत सुनिश्चितता विना कार्यान्वयनमा जाँदा स्रोत व्यवस्थापनको समस्या परेको छ ।

यसले निर्माण व्यवसायी मात्र समस्यामा परेका छैनन्, समग्र निर्माण क्षेत्र प्रभावित बन्दै जीर्ण आयोजनाको संख्या बढ्दो छ । महासंघले संकलन गरेको तथ्यांक अनुसार नेपाल सरकारले अहिले घोषणा तथा छनोट गरेका आयोजनाको कुल लागत ६ खर्ब भन्दा माथि पुगिसकेको छ । त्यसमध्ये १ खर्ब भन्दा बढीका आयोजनाको स्रोत सुनिश्चितता छैन ।

निरन्तर संकुचनमा निर्माण क्षेत्र

राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिकको कुल गार्हस्थ उत्पादनको तथ्यांक अनुसार अर्थतन्त्रका १८ क्षेत्रमध्ये निर्माण मात्र यस्तो क्षेत्र हो, जुन ऋणात्मक छ । अन्य सबै क्षेत्रमा सकारात्मक वृद्धि हुँदा निर्माण क्षेत्र सङ्कुचनमा छ ।

निर्माण क्षेत्र ०.३ प्रतिशतले संकुचनमा रहेको देखिन्छ । कार्यालयका अनुसार चालु आवको प्रथम त्रैमासमा निर्माणजन्य वस्तुको आयातमा आएको गिरावट र निर्माणले गति लिन नसक्दा यो क्षेत्र संकुचनमा पुगेको उल्लेख छ ।

## भएकै कामको छैन भुक्तानी

निर्माण व्यवसायीहरूको दाबि अनुसार निर्माणको काम सम्पन्न भइसकेका आयोजनाहरूमा समेत अझै आधा खर्ब रूपैयाँ बराबरको भुक्तानी बाँकी छ । राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, संघीय सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका आयोजना, स्थानीय अस्पताल निर्माणजस्ता आयोजनामा ठेक्का लागेर भएको कामको मात्र भुक्तानी आधा खर्ब रूपैयाँ हाराहारी हुने महासंघको भनाई छ । सरकारले चालु आव सुरु भए लगत्तै अघिल्लो आवको ४ अर्ब रूपैयाँ हाराहारी भुक्तानी गरेको थियो । त्यसपछि प्रक्रिया पुरा गरी आएको बिलको भुक्तानी धेरै नरहेको दावि गर्दै सरकारले थप भुक्तानीमा चासो देखाएन ।

निर्माण व्यवसायीहरूका अनुसार यस्तो भुक्तानी रोकिँदा व्यवसायीको आर्थिक चक्र नै बिग्रिने अवस्थामा पुगेको छ । महासंघका महासचिव दाहालका अनुसार राज्यबाट निर्माण व्यवसायीलाई चालु आवमा दिइएको आंशिक भुक्तानी समेत चालु आवमा विनियोजित बजेटबाट दिइएको हो । यस्तो प्रवृत्तिले चालु आवमा थप निर्माण कार्यको भुक्तानीको जटिलता अझ दोहोरिने देखिएको छ । उनका अनुसार आव २०७९/८० बाटै निर्माण व्यवसायीले काम सम्पन्न गरे अनुसारको भुक्तानी पाउन सकेका छैनन् ।

## राजनीतिक दबाबमा स्रोत सुनिश्चितता विना ठेक्का

प्रधानमन्त्री केपी शर्मा ओलीले १५ मंसिर २०७७ मा बालुवाटारबाट स्वीच थिचेर ३९६ आधारभूत अस्पतालको शिलान्यास गरेका थिए । त्यसरी एक साथ अर्बौं रूपैयाँ बराबरका आयोजना शिलान्यास गरिएपनि स्रोत व्यवस्थापन नहुँदा अधिकांश अस्पतालको काम अलपत्र छ । प्रधानमन्त्री ओलीले दुई वर्षभित्र भवन निर्माण गरी अस्पताल सञ्चालनमा ल्याउने घोषणा गरेका थिए । पहिलो चरणमा ३९६ अस्पताल बनाउने घोषणा गरिएको थियो । १२ पुस २०७७ मा तत्कालिन स्वास्थ मन्त्री भानुभक्त ढकालले मन्त्रीस्तरीय निर्णय गर्दै थप २५९ अस्पताल बनाउने घोषणा गरे ।

तर, यी आयोजनामध्ये पहिलो चरणका अस्पतालका लागि तत्कालिन अर्थमन्त्री विष्णु पौडेलले ५८ अर्ब रूपैयाँ हाराहारी स्रोत सुनिश्चितताको निर्णय गराएका थिए । तर, दोस्रो चरणमा घोषणा गरिएका २५९ अस्पतालको स्रोत सुनिश्चितता भएको छैन । सोहीकारण अर्थले बजेट दिएको छैन । स्वास्थ्य मन्त्रालयका एक उच्च अधिकारीले अनलाइनखबरसँग भने, तत्कालिन नेतृत्वले उपलब्धी देखाउने नाममा स्रोत सुनिश्चित नहुँदै निर्णय लिँदा आजको अवस्था आएको हो' यो एक उदाहरण मात्र हो ।

विकासे मन्त्रालयहरूबाट यसरी स्रोत सुनिश्चितता विना कति आयोजना ठेक्का लागेको छ भन्ने यकिन तथ्यांक सरकारी निकायसँग छैन । नेपाल निर्माण व्यवसायी महासंघका अनुसार यसरी ठेक्का लगाइएका आयोजनाको लागत १ खर्ब भन्दा माथि छ । अर्कोतर्फ एउटा सरकारले राजनीतिक लाभका लागि आकर्षक आयोजना कार्यान्वयनमा लैजाने र अर्को सरकारले त्यसको स्वामित्व नलिँदा आयोजना जीर्ण बन्दै जाने समस्या बढी देखिएको छ । महासंघका महासचिव दाहाल भन्छन्, 'आयोजना सम्पन्न गर्न सक्ने कुनै पनि आर्थिक स्रोत सुनिश्चितताको क्षमता नभएको पुष्टी भइसकेका आयोजनाको प्राथमिकिकरण गरी स्रोत विनाका ठेक्का तत्काल खारेज गर्नुपर्छ ।'

## बेमौसमी मूल्यवृद्धिको मार

निर्माण क्षेत्रलाई मूल्यवृद्धिको मार समेत परेको छ । निर्माण सामग्री उत्पादक कम्पनीहरूले पछिल्लो एक महिनाको अवधिमा पटक पटक गरी सिमेन्टमा प्रतिबोरा २ सय रूपैयाँ भन्दा बढी मूल्य बढाएका थिए । डण्डीमा प्रतिकेजी १५ रूपैयाँसम्म मूल्यवृद्धि भयो । यसले उपभोक्तामाथि मार परे पनि राज्यले ठोस निर्णय लिएन । बरू निजी कम्पनीले सरकारी सिमेन्ट उत्पादक भन्दा अझै पनि कम मूल्य लिएको तर्क गर्दै वाणिज्य मन्त्रालय र विभागका हाकिमहरूलाई कन्भिन्स गराउन सफल भए । यसबीचमा ओपीसी सिमेन्टको मूल्य प्रतिबोरा ५६० र पीपीसी सिमेन्टको मूल्य प्रतिबोरा ४६० रूपैयाँ राख्ने सहमति गरिएको थियो । सो सहमति व्यवहारमा अझै कार्यान्वयन नभएको व्यवसायीको गुनासो छ ।

## कालोसूचीमा राख्ने क्रम बढ्यो

पछिल्लो समय निर्माण व्यवसायीहरूलाई कालोसूचीमा राख्ने क्रम बढेको छ । मंगलबार मात्र १८ निर्माण तथा आपूर्ति आयोजनालाई कालोसूचीमा राख्न विभिन्न सरकारी निकायले सार्वजनिक खरीद कार्यालयमा सिफारिस गरेका छन् । व्यवसायी भने सरकारले निर्माणको भुक्तानी गर्न नसक्दा

आर्थिक चक्र बिग्रिएको र त्यसले निर्माण व्यवसायी मारमा परिरहेको बताउँछन् ।

## दयनीय पूँजीगत खर्च, दर्जन मन्त्रा( लयको प्रगति ५ प्रतिशत भन्दा कम

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमास (साउन-असोज)सम्म एक दर्जन मन्त्रालयको पूँजीगत खर्च ५ प्रतिशत भन्दा कम रहेको पाइएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको असोज मसान्तसम्मको प्रगति प्रतिवेदन अनुसार पहिलो त्रैमाससम्म औसत पूँजिगत खर्च ८.३४ प्रतिशत थियो । सो औसत भन्दा माथि ५ वटा मन्त्रालयले मात्र पूँजीगत खर्च गर्न सफल भएका थिए ।

१३ वटा मन्त्रालयले भने ५ प्रतिशतसम्म पनि पूँजीगत खर्च कटाउन नसकेको कार्यालयले जनाएको छ । पहिलो त्रैमासमा ५ प्रतिशत पनि पूँजीगत खर्च कटाउन नसक्ने मन्त्रालयमा सबैभन्दा कमजोर संघीय मामिला मन्त्रालय रहेको छ । यो मन्त्रालयले वार्षिक लक्ष्यको ०.४ प्रतिशत मात्र पूँजीगत खर्च गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ०.८ प्रतिशत, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयले १/१ प्रतिशत पूँजीगत गरेका छन् ।

श्रम मन्त्रालय र वन मन्त्रालयले १.५ प्रतिशत, कानून मन्त्रालयले २ प्रतिशत, अर्थ मन्त्रालयले २.१ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ३.४ प्रतिशत र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले ३.७ प्रतिशत मात्र पूँजीगत खर्च गरेका छन् । शिक्षाले ३.९ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ४.२ प्रतिशत र शहरी विकास मन्त्रालयले ४.५ प्रतिशत मात्र पूँजीगत खर्च गरेका छन् । विकासे मन्त्रालयमध्ये सबैभन्दा कमजोर शहरी विकास मन्त्रालयले देखिएको छ ।

उता, सबैभन्दा धेरै विकास खर्च गर्नेमा भौतिक मन्त्रालयले रहेको छ । भौतिकले तीन महिनामा लक्ष्यको १२.८ प्रतिशत खर्च गरेको छ । गृह मन्त्रालयले १२.२ प्रतिशत, कृषिले ११.५ प्रतिशत, ऊर्जाले १०.३ प्रतिशत मात्र पूँजीगत खर्च गरेको देखिएको छ । भूमि व्यवस्थाले ८.६ प्रतिशत, खानेपानी मन्त्रालयले ७.५ प्रतिशत, प्रधानमन्त्री कार्यालयले ६.४ प्रतिशत, पर्यटन मन्त्रायले ६.१ प्रतिशत र महिला मन्त्रालयले ५.६ प्रतिशत पूँजीगत खर्च गरेका छन् ।

## सुधारका प्रयास असफल

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०७७/७८ मा बजेट तर्जुमा निर्देशिका जारी गर्दै म्याद गुज्रिसकेका आयोजना, अवधि नतोकिएका तर रूग्ण आयोजनालाई पूर्ण रूपमा स्थगित गर्ने उल्लेख गरेको थियो । आयोगले अवधि नतोकेका तर सालवसाली रूपमा सञ्चालन भएका कार्यक्रमले बजेट नपाउने गरी नियम बनाएको थियो । तर, बजेट बनाउने बेला उक्त नियमले प्राथमिकता पाएन । आयोगले आयोजना बैंक बनाएर आयोजना व्यवस्थित बनाउने प्रयास गरेको थियो । तर, यसलाई एक औपचारिक औजार मात्र बनाएर आफ्नो खल्तिका आयोजना बजेटमा छिराउने प्रवृत्ति अझै रोकिएको छैन । अर्थ मन्त्रालयले यस वर्ष आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धि मापदण्ड २०८१ ल्याएको छ ।

सो मापदण्डले राष्ट्रिय आयोजना बैंकमा समावेश भएको र कुल लागत अनुमान ५० करोड रूपैयाँ भन्दा बढीको आयोजनाले बुहवर्षिय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति पाउने गरी तोकेको छ । सरकारी भवनको हकमा भने लागत सीमा १० करोड तोकिएको छ । पूर्वतयारी पुरा गरेका आयोजनालाई मात्र यस्तो सहमति दिने मापदण्डमा उल्लेख छ । यस मापदण्डले बहुवर्षिय ठेक्काको स्रोत सहमतिको अवधि बढीमा तीन वर्षको हुने भनि तोकेको छ । बहुवर्षिय ठेक्काको स्रोतको सहमति प्राप्त आयोजनाले वैशाख महिना भित्र ठेक्का सम्झौता नभए त्यस्तो सहमति स्वतः रद्द हुने गरी सर्त तोकिएको छ । यस मापदण्डले ठेक्का व्यवस्थापनका विगतका विकृति रोक्ने अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

# अस्थिर राजस्व नीतिले कमजोर आधार : लक्ष्य भेट्नै मुस्किल





अच्युत पुरी

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमास (साउन-असोज)मा २ खर्ब ४८ अर्ब २६ करोड रूपैयाँ मात्र राजस्व उठ्यो । सरकारले चालु आवको पहिलो त्रैमासमा लिएको राजस्व संकलनको लक्ष्य ३ खर्ब ९ अर्ब ९२ करोड रूपैयाँ थियो । पहिलो तीन महिनामै लक्ष्यभन्दा ६१ अर्ब ६६ करोडले पछि परेको सरकार आम्दानीको दृष्टिले पहिलो पाइलामै लड्खडाउनु परेको छ । यसले समग्र लक्ष्य पुरा गर्ने चूनौति थपिएको छ । यस वर्ष सरकारले १४ खर्ब १९ अर्ब रूपैयाँ बराबर राजस्व संकलनको लक्ष्य राखेको छ । पहिलो तीन महिनामा कुल लक्ष्यको साढे १७ प्रतिशत मात्र राजस्व उठेको छ । यस वर्ष पहिलो चौमासिकमा संकलन भएको राजस्व अघिल्लो आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासको तुलनामा १३ प्रतिशत धेरै हो ।

अर्थ मन्त्रालय यसै प्रगतिमा सन्तुष्ट देखिन्छ । मन्त्रालयका प्रवक्ता महेश भट्टराई भन्छन्, 'चूनौतिका बावजुद राजस्व संकलन बढेको छ ।' यसवर्ष लक्ष्य अनुसार राजस्व उठ्न नसक्नुमा सरकारलाई सजिलो निहुँ परेको छ । मन्त्रालयका अधिकारीहरू यस वर्ष बाढी पहिरोका कारण आयात प्रभावित भएको र यसले राजस्व घटेको बताउँछन् । तर, यथार्थमा सरकारले लिएको राजस्व संकलनको लक्ष्य पुरा हुन नसकेको धेरै वर्ष भइसकेको छ । आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको ६८.२ प्रतिशत मात्र राजस्व संकलन गर्न सकेको सरकारले आव २०८०/८१ मा

७४.४ प्रतिशत मात्र राजस्व उठाएको छ ।

यसरी लक्ष्य र प्राप्तिका बीचमा ठूलो अन्तर रहनुमा राजनीतिक तथा नीतिगत अस्थिरताले भूमिका खेलेको विज्ञहरू बताउँछन् । राजस्वमा गरिएका गहन अध्ययन र प्रतिवेदनले समेत यस्तै प्रवृत्ति देखाउँछ । करविज्ञ महेश दाहाल कर प्रणालीमा आमुल परिवर्तन नगरेसम्म अहिलेकै दर र दायराबाट अपेक्षित राजस्व नबढ्ने बताउँछन् । 'एक त हाम्रोमा राजस्वको वैज्ञानिक प्रक्षेपण नै हुन सकेन,' उनी भन्छन्, 'राजस्व बढाउने हो भने नयाँ नयाँ स्रोतको खोजीमा जानु पर्छ, समय अनुसार दायरा बिस्तार गर्नुपर्छ ।' अनुमान वस्तुपरक बनाउने प्रयास नगर्नु र राजस्व प्रशासनलाई चुस्त बनाउन नसक्दा समेत राजस्व बढ्न नसकेको उनको भनाई छ । 'त्यसकारण पनि हामी अस्थिर राजस्व नीतिको शिकार बनेका छौं,' उनले भने ।

त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रिय विभागले गरेको एक अध्ययनमा नेपालको कुल गार्हस्थ उत्पादनको ४१ प्रतिशत हाराहारी हिस्सा अनौपचारिक अर्थतन्त्रको रहेको छ । राजस्वको दायरा त्यसभित्र रहेको समेत विज्ञहरू बताउँछन् । करविज्ञ दाहाल भन्छन्, 'सरकारले अहिलेकै दायरामा दर तन्काउने भन्दा बढी प्रयास गर्न सकेको छैन, हामीले विश्व अर्थतन्त्रमा आएका परिवर्तनको आयातबाट लाभ लिने प्रयास नै गरेनौं ।'

उता, विभिन्न समयमा गरिएका अध्ययनले समेत नीतिगत अस्थिरताले कराधार बिस्तार गर्न नसकिएको निष्कर्ष निकालेका छन् । पूर्वअर्थसचिव विद्याधर मल्लिक अध्यक्ष रहेको कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिले नीतिगत अस्थिरताले कर प्रणाली नै अस्तिर बनाइरहेको निष्कर्ष निकालेको छ । समितिको प्रतिवेदनले भनेको छ, ' नीतिगत अस्थिरताका कारण लगानी र उत्पादनमुखी कर प्रणालीको विकास गर्न सकिएको छैन, करका दर, कर कानूनका कानूनी प्रवन्ध र कर प्रणालीका सारभूत प्रक्रियागत व्यवस्थामा सालबसाली आर्थिक ऐनबाट गरिने परिवर्तनले कर प्रणाली अस्थिर बन्न गएको छ ।'

नेपालमा करका दर निर्धारण गर्दा कर तटस्थता, राजस्व जोखिम र अर्थतन्त्रमा पर्न सक्ने प्रभावको अध्ययन तथा आंकलन बीना नै नीतिगत परिवर्तन हुने गरेकाले अर्थतन्त्रमा कर प्रणाली तटस्थ बन्ने नसकेको अध्ययनले देखाएको छ । विश्व अर्थतन्त्र र अर्थतन्त्रको संरचनामा देखिएका संरचनात्मक परिवर्तनको आधारमा कराधारको संरक्षण, करको नयाँ क्षेत्रको पहिचान गरी करको दायरा बिस्तार गर्न कर कानूनमा आवश्यक परिमार्जन नहुँदा समेत नेपालले लक्ष्य अनुसार राजस्व उठाउन नसकेको देखिएको छ ।

## राजस्वको वेवास्ताले ऋणको भार बढ्दै

सामान्यतया 'घाँटी हेरेर हाड निल्नु' भन्ने उखान सार्वजनिक खर्चमा समेत लागु हुन्छ । तर, हाम्रोमा सुरूमा खर्चको आंकलन गरेर सोही अनुसार स्रोतको जोरजाम गरी बजेट बनाइन्छ । यसले राज्यलाई ऋणको भार बोकाइरहेको देखिन्छ । करविज्ञ दाहालका अनुसार बजेट बनाउँदा सुरूमा स्रोतको अनुमान गरी सोही अनुसार खर्च राख्ने हो भने अनावश्यक ऋणको भार राज्यले बोक्नु पर्ने थिएन । तर, राजस्व अनुमान अनुसार नउठ्दा दैनिकी चलाउन समेत राज्यले ऋणमा भर पर्नु परेको छ । यसले कुल गार्हस्थ उत्पादनमा ऋणको अनुपात निरन्तर बढीरहेको तथ्यांकमा देखिन्छ । अहिले कै अवस्थामा राजस्व बढाउने हो भने अर्थतन्त्र सुधार र चलायमान बनाउन सरकारले बढी काम गर्नुपर्ने दाहाल बताउँछन् । 'बजारमा माग छैन, बैंकमा पैसा थुप्रिएको छ,' उनी भन्छन्, 'जब अर्थतन्त्र नै सुस्त छ भने राजस्व कसरी बढ्छ ?'

## कसरी हुन सक्छ सुधार ?

खुम्चिरहेको राजस्व र ऋणको बढ्दो भारका बीच राजस्व बढाउने हो भने सरकारले भन्सारका दरलाई वैज्ञानिक पुनर्संरचना गर्नुपर्छ । किनकी भन्सार दरमा दिने सरकारका नीतिले नेपाली अर्थतन्त्रको लागत र उपभोगको लागतमा प्रभाव पार्छ । मल्लिक समितिको प्रतिवेदनका अनुसार विश्व अर्थतन्त्र र अर्थतन्त्रको संरचनामा देखिएका संरचनात्मक परिवर्तनको आधारमा कराधारको संरक्षण, करका नयाँ क्षेत्रको पहिचान गरी करको दायरा बिस्तार गर्न ढिला भइसकेको छ । यसका लागि सरकारले आवश्यक कर कानूनमा समय सापेक्ष सुधार ल्याउनु पर्छ । सोही प्रतिवेदनले औंल्याए अनुसार अन्त:शुल्कमा

पछिल्लो ५ वर्षमा राजस्व लक्ष्य र प्राप्ति

| आर्थिक वर्ष | लक्ष्य | प्राप्ति |
|---|---|---|
| २०७६/७७ | ९ खर्ब ८१ अर्ब | ७ खर्ब ९३ अर्ब |
| २०७७/७८ | १० खर्ब ११ अर्ब | ९ खर्ब ३५ अर्ब |
| २०७८/७९ | ११ खर्ब ५१ अर्ब | १० खर्ब ६६ अर्ब |
| २०७९/८० | १२ खर्ब ४० अर्ब | ९ खर्ब ५७ अर्ब |
| २०८०/८१ | १२ खर्ब ४८ अर्ब | १० अर्ब ५८ अर्ब |

सिद्धान्त भन्दा बाहिर गई कर लगाइएको छ । यसले कर प्रणाली बोझिलो र अर्थतन्त्रको लागत बढ्न गएको छ ।

भन्सारका दर निकासी प्रवर्द्धन अनूकुल छैनन् । निकासी र पैठारी हुने मालवस्तुको मूल्य घोषणा समेत यथार्थपरक छैनन् । सीमापार अनाधिकृत चोरी निकासी पैठारी नियन्त्रण गर्न सकिएको छैन । यसले समेत कराधार कमजोर बनिरहेको समितिले औल्याएको छ । कर प्रशासनमा रहेका झण्झटले समेत कर तिर्ने आधार कमजोर बनाइरहेको अध्ययनले देखाएको छ । व्यापार सहजीकरण र सेवा प्रवाह छिटो छरितो, गुणस्तरीय मर्यादीत सेवाका रूपमा विकास गर्न नसक्दा कर तिर्नुपर्छ भन्ने मान्यता विकासमा बाधक देखिन्छ । कर विवादको सीघ्र समाधानका उपाय र संयन्त्रको अभाव रहेको समेत अध्ययनको निष्कर्ष छ । यस प्रतिवेदनले आधुनिक कर प्रशासनको व्यवस्थापन तथा विशिष्टिकृत संरचनाको अभाव रहेको भन्दै संगठन पुनर्सरचनाको आवश्यकता औल्याएको छ ।

## यी हुन मल्लिक आयोगले दिएका सुधारका उपाय

कर नीति र कर कानूनमा सुधार

करका दर, कानून र प्रक्रियामा नीतिगत स्थिरता

घरजग्गा र सेयर कारोबारको आयलाई करारोपण

मूल्य अभिवृद्धि करका छूटको सूची हटाउने

पाँच वर्षसम्म मूअक स्थिर राख्ने

भन्सार दरमा वैज्ञानिक सुधार

कर कानूनको परिपालनामा सुधार

करका दरमा स्थिरता र पुनर्संरचना

विद्युतीय सवारी पैठारी महसुलमा समायोजन

डिजिटल अर्थतन्त्रको बिस्तार र कराधार बिस्तार

कर विवाद समाधानमा सहजता

सुधारको प्रयास के हुँदैछ ?

अर्थ मन्त्रालयका अनुसार मुलुकको समग्र अर्थतन्त्र सुधार गर्न उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरिएको छ । यो समितिले दिने सुझावका आधारमा सुधारका काम थालिने मन्त्रालयले जनाएको छ । यसबीचमा राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रिय द्रुत गस्ती टोली गठन गरी परिचालन गरिएको छ । आन्तरिक राजस्व परिचालन रणनीति २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको र भन्सार प्रक्रिया थप सरलीकृत गराउन भन्सार महसुल नियमावली बनिरहेको मन्त्रालयले जनाएको छ । यसबीचमा विभिन्न भन्सार कार्यालयको क्षमता अभिवृद्धिलाई समेत जोड दिइएको मन्त्रालयले जनाएको छ ।

# दूरसञ्चारको रोयल्टी बाँडफाँटमा संघ नै उदाशीन



रञ्जित तामाङ




काठमाडौं । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दुई बर्षअघि नै दूरसञ्चार रोयल्टी संघ, प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्न संघीय सरकारलाई सिफारिस गरेको थियो । तर अहिलेसम्म संघीय अर्थ मन्त्रालयले बाँडफाँट गर्ने सुरसार नै गरेको छैन ।

अत्यन्त सीमित स्रोतका रूपमा रहने दूरसञ्चार फ्रिक्वेन्सी प्रयोगबापत सरकारका तर्फबाट नेपाल दूरसञ्चार प्राधिकरणले यस्तो रोयल्टी संकलन गर्दै आएको छ । दूरसञ्चार सेवा प्रदायकहरूले उपयोग गरेको फ्रिक्वेन्सीबापत प्राधिकरणले बार्षिक रूपमा यस्तो शुल्क संकलन गर्छ ।

२०७९ असार ८ गते नै आयोगले यस्तो रोयल्टी बाँडफाँटका लागी विभाज्य कोष खडा गर्न अर्थ मन्त्रालयलाई सिफारिस गरेको थियो । तर, अहिलेसम्म अर्थ मन्त्रालयले कुनै प्रक्रिया थालेको छैन । अहिलेसम्म तीन पटक ध्यानाकर्षण गराए पनि अर्थ मन्त्रालयले बेवास्ता गरेको आयोगको गुनासो छ ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले अहिलेसम्म कुनै निर्णय नभएको जानकारी दिए । "यसबारे बुझ्नै बाँकी छ । सायद केही समस्या भएका कारण निर्णय नभएको हुन सक्छ," भट्टराईले भने ।

अर्थ मन्त्रालयका अर्का एक अधिकारीले ऐनमा व्यवस्था नभएका कारण बाँडफाँट गर्न नसकिएको बताए । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा दूरसञ्चार रोयल्टी बाँडफाँटबारे व्यवस्था नभएको ती अधिकारी बताउँछन् । ऐनमा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानीजन्य तथा अन्य अन्य प्राकृतिक स्रोत संघमा ५० र प्रदेश र स्थानीय तहमा २५/२५ प्रतिशत बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । "प्रदेश र स्थानीय तहलाई दूरसञ्चार रोयल्टी बाँडफाँट गर्नेबारे ऐनमा व्यवस्था भइसकेको छैन । ऐन संशोधन भए बाँडफाँट गर्न समस्या छैन," ती अधिकारी भन्छन्, "अन्तरसरकारी बित्त व्यवस्थापन ऐनमा संशोधन गर्नुपर्ने यस्ता विषयहरु अरु पनि छन् । अर्थ मन्त्रालयले केही वर्ष अघिदेखि नै ऐन संशोधनमा जोड दिँदै आएको छ ।"

वित्त आयोगको पनि आफ्नै तर्क छ । ऐनमा 'पानी तथा अन्य प्राकृतिक स्रोत' को रोयल्टी बाँडफाँट गर्ने व्यवस्था छ । 'अन्य प्राकृतिक स्रोत' ऐनमा उल्लेख भएको हुँदा दूरसञ्चार रोयल्टी प्रदेश र

स्थानीय तहलाई बाँडफाँट गर्न कुनै बाधा नपर्ने आयोगको बुझाइ छ । वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले ऐनमा उल्लेख भएको 'पानी तथा अन्य प्राकृतिक स्रोत' शिर्षकको आधारमा बाँडफाँट गर्न सकिने बताए । "ऐनले अन्य प्राकृतिक स्रोतको पनि रोयल्टी बाँडफाँट गर्न सकिने व्यवस्था गरेको छ," पौडेलले भने, "दूरसञ्चार रोयल्टीलाई पनि अन्य प्राकृतिक स्रोत मानेर बाँडफाँट गर्न मिल्छ । ऐन संशोधन गर्नु पर्दैन ।"

नेपाल दूरसञ्चार प्राधिकरणले पनि दूरसञ्चार रोयल्टी प्राकृतिक स्रोत भएको स्वीकारे । प्राधिकरणका सहप्रवक्ता डा. प्रदीप पौड्याल भन्छन्, "दूरसञ्चार रोयल्टी प्राकृतिक स्रोत नै हो । तर रोयल्टी बापतको रकम कसरी खर्च गर्ने भन्ने विषय सरकारको कुरा हो ।"

दूरसञ्चार रोयल्टी संकलनको अवस्था

| आर्थिक वर्ष | आम्दानी (रूपैयाँमा) |
|---|---|
| ०७७/७८ | ३ अर्ब ७२ करोड |
| ०७८/७९ | ३ अर्ब ३६ करोड |
| ०७९/८० | ३ अर्ब ४५ करोड |

स्रोतः नेपाल दूरसञ्चार प्राधिकरण

## सिफारिसका आधारहरू

विभिन्न अध्ययन र बिज्ञहरूको सुझावका आधारमा रोयल्टी बाँडफाँट गर्न सिफारिस गरेको आयोगको दाबी छ ।

| आधार | प्रतिशत |
|---|---|
| क्षेत्रफल/भूगोल | ३० |
| बेसिक ट्रान्स रिसिभर स्टेसन (बीटएस) | ३० |
| जनसंख्या | २५ |
| मोबाइल प्रयोगकर्ता | १५ |

## अन्तराष्ट्रिय अनुभवले भन्छः प्राकृतिक स्रोत नै हो

वित्त आयोगका आयुक्त जुद्ध गुरूङका अनुसार सन् १९७३ मा अमेरिकाको सर्वोच्च अदालतले रेडियो तरङ्गलाई दुर्लभ प्राकृतिक स्रोतका रूपमा व्याख्या गरेको थियो । "आयोगले अध्ययन गर्दा अमेरिकामा अदालतले विभिन्न समयमा प्राकृतिक स्रोत नै हो भनेर किटानका साथ फैसला गरेको देखिन्छ," गुरूङ भन्छन्, "सन् १९७३ मा भने अमेरिकाको सर्वोच्च अदालतले सिमित प्राकृतिक स्रोत भनेर फैसला गरेको देखिन्छ ।"

गुरूङका अनुसार चेक रिपब्लिक, फिनल्यांण्ड, बेलायत, आयरल्याण्ड, भारत लगायतका देशहरूले कुनैले सिमित प्राकृतिक स्रोत र कुनैले महत्वपूर्ण प्राकृतिक स्रोत भनेर नीतिगत व्यवस्था गरेका छन् ।

"भारतले सन् १९५२ मै रेडियो फ्रिक्वेन्सीलाई प्राकृतिक स्रोत हो भनेर नीति बनाएको देखिन्छ । नेपालमा पनि विभिन्न नीतिहरूले प्राकृतिक स्रोतको रूपमा व्याख्या गरेको देखिन्छ," गुरूङ भन्छन्, "रोयल्टी भन्नाले प्राकृतिक स्रोतको उपयोग गरेवापत सरकारले लिने शुल्क हो । दूरसञ्चार प्राधिकरणले पनि रेडियो फ्रिक्वेन्सीवापत ४ प्रतिशत रोयल्टी उठाउँदै आएको छ ।"

प्राधिकरणले उठाउँदै आएको उक्त रोयल्टी प्रदेश र स्थानीय तहमा पनि बाँडफाँट गर्न आयोगले सरकारलाई सिफारिस गरेको हो ।

नेपालमा पनि दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य) सम्बन्धी नीति २०६९ ले सिमित र उच्च मूल्यको प्राकृतिक स्रोत भनेको छ । यसैगरि सर्वोच्च अदालतले २०७० असोज १ गतेको आदेशमा रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रम देशको महत्वपूर्ण प्राकृतिक स्रोत भएको उल्लेख छ ।

तर तहगत सरकारबीच दूरसञ्चार रोयल्टी बाँडफाँटको अभ्यास विश्वको कुनै मुलुकमा नभएको गुरूङले बताए । विश्वमा २८ वटा मुलुकमा संघीयता छ । ती राष्ट्रहरूमा पनि रोयल्टी बाँडफाँटको अभ्यास सुरु भएको छैन । "प्राकृतिक स्रोत हो भन्नेमा विवाद नभए पनि तहगत सरकारबीच दूरसञ्चार रोयल्टी बाँडफाँट गरेको अभ्यास सुरु भएको छैन," गुरूङ भन्छन्, "यदी हामीले सुरु गर्न सक्यौं भने दूरसञ्चार रोयल्टी तहगत सरकारबीच बाँडफाँट गर्ने पहिलो मुलुक नेपाल हुनेछ ।"

बाँडफाँट रोयल्टी मात्रै हुने कि, फ्रिक्वेन्सी शुल्क पनि ?

दूरसञ्चार सँस्थानले रोयल्टी र फ्रिक्वेन्सी शुल्क उठाउँदै आएको छ । आयोगका सदस्य जुद्ध गुरूङले रोयल्टी र फ्रिक्वेन्सी शुल्क फरक शिर्षक भए पनि दुवै प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त आम्दानी भएको दाबी गर्छन् । त्यसैले रोयल्टी र फ्रिक्वेन्सी शुल्क प्रदेश र स्थानीय तहलाई बाँड्नु पर्ने गुरूङ बताउँछन् ।

प्राधिकरणका सहप्रवक्ता डा. प्रदीप पौड्यालले भने रोयल्टी मात्रै प्राकृतिक स्रोत भएको तर्क गर्छन् । "प्राकृतिक स्रोतको उपयोग गरेवापत सेवा प्रदायकले रोयल्टी तिर्छन्," पौड्यालले भने, "तर फ्रिक्वेन्सी शुल्क प्राकृतिक स्रोत होइन । प्राधिकरणले सेवा प्रदायकबाट प्रत्येक वर्ष आम्दानीको चार प्रतिशत रोयल्टी संकलन गर्छ । यद्यपि प्राकृतिक स्रोतकै उपयोगबापत रोयल्टी उठेको देखिने कानुनी आधार छैन ।

उता अर्थ मन्त्रालयले भने यसबारे कुनै धारणा बनाएको छैन । अहिलेसम्म कुनै निर्णय नगरेको मन्त्रालयले रोयल्टी बाँडफाँटको बिषय अर्थमन्त्री संयोजक, प्रदेशका आर्थिक मामिला मन्त्रीहरु र स्थानीय जनप्रतिनिधी सदस्य रहेको अन्तरसरकारी वित्त परिषद्को बैठकमा पेस गर्ने तयारी रहेको छ । तर बैठक कहिले बस्छ भन्नेमा टुङ्गो लागेको छैन ।

# जिससको थाप्लोमा मुद्दाको भारीः न वकिल, न बजेट



रञ्जित तामाङ

काठमाडौं । मुद्दा लड्न न्यायिक जनशक्ति र बजेट नहुँदा जिल्ला समन्वय समिति (जिसस)हरु विगत लामो समयदेखि अन्योलमा छन् । साविकको जिल्ला विकास समिति (जिविस) देखिको मुद्दा लड्नु पर्ने जिम्मेवारी जिससको काँधमा छ ।

तर, त्यसका लागी जिससहरूसँग न बजेट छ, न न्यायिक जनशक्ति नै ! बिखलबन्दमा परेका जिससहरूले 'के गर्ने ?' भनेर सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयसँग राय मागेका थिए ।

सुरूमा मन्त्रालयले जिससहरूलाई विपक्षी बनाएर परेको मुद्दाको प्रतिरक्षा जिल्ला सरकारी वकिलको कार्यालयबाट गर्न सकिने र यस सम्बन्धमा महान्यायधिवक्ताको कार्यालयसँग सुझाव मागेको थियो । तर महान्याधिवक्ताको कार्यालयले आफ्नो जिम्मेवारी संघीय सरकार र उसले खटाएको कर्मचारी मात्रै भएको हुँदा प्रतिरक्षा गर्ने जवाफ फर्काएको थियो ।

महान्यायधिवक्ताको कार्यालयको उक्त जवाफ २०७७ चैत १६ गते नै पठाएको थियो । मन्त्रालय भने भने अहिलेसम्म पनि अन्योलमै छ । अहिलेसम्म मन्त्रालयले कुनै ठोस निर्णय गर्न सकेको छैन । "निर्णय हुन बाँकी छ । प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा मन्त्रालयले यस बिषयलाई गम्भीरताका साथ उठाउनेछ," मन्त्रालयका प्रवक्ता कमलप्रसाद भट्टराईले भने, "विद्यमान कानूनलाई संशोधन गरेर हुन्छ कि वैकल्पिक व्यवस्था गरेर हुन्छ, यो समस्याको हल गर्नेछौं ।"

## मुद्दा हारे थप अन्योलको खतरा

खासगरी ढुङ्गा गिट्टी लगायतका प्राकृतिक स्रोत परिचालन गर्ने जिल्लाहरूमा जिससविरूद्ध धेरै मुद्दाहरु परेका छन् । विगतमा ढुङ्गा गिट्टीको ठेक्का साविकको जिविसले लगाउँदै आएको थियो । यसबाहेक विकास निर्माणसँग सम्बन्धित मुद्दाहरु पनि उत्ति नै छन् । यसैगरी अहिले पनि जिससविरूद्ध मुद्दा पर्न छोडेको छैन । काभ्रेका जिल्ला समन्वय अधिकारी शान्तिराज प्रसाइँ भन्छन्, "कसैले पालिकाविरूद्ध मुद्दा हाल्नु पर्‍यो भने सरोकारै नभएको जिससलाई पनि विपक्षी बनाएर मुद्दा हाल्छन् ।" जिविस खारेज गरेर जिसस कायम भएपछि पनि ती मुद्दाहरूको प्रतिरक्षा गर्ने जिम्मा जिससकै काँधमा छ । बजेट र न्यायिक जनशक्ति अभावको अहिलेकै अवस्था रहेमा मुद्दाहरु हार्दै जाने र अदालतले कायम गरेको क्षतिपुर्ति कुन निकायबाट बेहोर्ने भन्ने थप अन्योल आउने खतरा छ । मन्त्रालयका प्रवक्ता भट्टराई भन्छन्, "क्षतिपुर्ती कसले दिने भन्ने बिषय गम्भीर छ । जिससको मुद्दाको प्रतिरक्षा कसले र कसरी गर्ने भनेर छिट्टै टुङ्गोमा पुग्छौं ।"

## हाम्रो जिम्मेवारी होइनः महान्यायधिवक्ताको कार्यालय

विगतका बर्षहरूदेखि नै धादिङ, कैलाली लगायतका जिससले सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयलाई मुद्दा लड्न आफूसँग बजेट र जनशक्ति नभएको हुँदा 'के गर्ने ?' भनेर राय मागेका थिए । मन्त्रालयले महान्यायधिवक्ताको कार्यालयलाई जिल्ला सरकारी वकिलको कार्यालयबाट जिससविरूद्ध परेका मुद्दाहरूको प्रतिरक्षा गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको थियो । तर कार्यालयले संघीय सरकारभन्दा बाहेक अरूको प्रतिरक्षा नगर्ने र जिससले कानून व्यवसायी नियुक्त गरि मुद्दा लड्न सक्ने जवाफ दिएको छ ।

संविधानको धारा ३०६, २२०, स्थानीय सरकार सञ्चालन ऐन र जिससको निर्वाचन प्रक्रियालाई औँल्याएर

प्रतिरक्षा गर्ने नसक्ने कार्यालयले बताएको छ । संविधानको धाराहरु र ऐनले जिससलाई स्पष्टसँग स्थानीय सरकारको रूपमा ब्याख्या गरिएको र जिससका पदाधिकारीहरु पनि गाउँसभा र नगरसभामा निर्वाचित जनप्रतिनिधीहरु मध्येबाटै चुनिने हुँदा जिसस स्थानीय तह भएको कार्यालयको निश्कर्ष छ । संघीय सरकारले खटाउने कर्मचारीबाहेक कसैको पनि प्रतिरक्षा गर्न नसकिने कार्यालयले स्पष्ट पारेको छ । "हाम्रो जिम्मेवारी नेपाल सरकारको मुद्दाको प्रतिरक्षा गर्ने हो । संविधान र कानूनले स्थानीय तहलाई छुट्टै सरकारको रूपमा ब्याख्या गरेको छ," महान्यायधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दहालले भने, "त्यसैले प्रदेश र स्थानीय तहको मुद्दामा प्रतिरक्षा गर्ने जिम्मेवारी हाम्रो होइन । स्थानीय तहले न्याय सेवाका कर्मचारी नियुक्त वा वकिल परिचालन गरि आफ्नो मुद्दाको प्रतिरक्षा गर्न सक्छन् ।"

स्थानीय तहको मुद्दा प्रतिरक्षा नगर्नुमा व्यवहारिक समस्या रहेको पनि दहालले बताए । संघ, प्रदेश र स्थानीय तह बीच एक आपसमा मुद्दा परे महान्यायधिवक्ताको कार्यालय अफ्ठेरोमा पर्ने दहालको निष्कर्ष छ । "स्थानीय तह वा प्रदेशले संघका बिरूद्ध पनि मुद्दा हाल्न सक्छन् । संघको बिरूद्धमा परेको मुद्दामा प्रदेश र स्थानीय तहको पक्षबाट हामीले लडिदिने कुरा हुँदैन," दहाल भन्छन् ।

दहालले भनेजस्तै आफ्नो क्षेत्राधिकारमा पर्ने यातायातमा हस्तक्षेप गरेको भन्दै बागमती प्रदेश सरकारबिरूद्ध संघीय सरकारले संवैधानिक अदालतमा मुद्दा हालेको छ । काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण ऐन जारी भए पछि बागमतीले संघविरूद्ध मुद्दा हालेको हो ।

## कसरी भयो यस्तो ?

हालको जिल्ला समन्वय समिति (जिसस)हरु २०७३ सालसम्म जिल्ला विकास समिति (जिविस) थिए । केन्द्र सरकारले जिविसमार्फत गाविस सचिवहरु परिचालन गरेर विकास निर्माणको काम र प्रशासनिक नियन्त्रण गर्दै आएको थियो । जिल्लाभरको विकास बजेट खर्च गर्ने र गाविस सचिवलाई खटनपटन गर्न पाउने हुँदा जिविस शक्तिशाली थियो । केन्द्रीय स्तरका योजना र कार्यक्रमहरु सञ्चालन पनि जिविसमार्फत नै कार्यान्वयन हुन्थ्यो । त्यसमाथी ढुङ्गा गिट्टी लगायतका प्राकृतिक स्रोतमाथी कर उठाउने अधिकार जिविससँगै थियो । त्यसबेला जिविसले नगरपालिका भित्र पनि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् अनुमति दिने गर्दथ्यो । खासगरि ढुङ्गा गिट्टीको उत्खनन् धेरै हुने ललितपुर, धादिङ, काठमाडौं, काभ्रे, रूपन्देही, नवलपरासी लगायतका जिविसहरु आर्थिक रूपमा सम्पन्न थिए । ती जिविसहरूमा स्थानीय विकास अधिकारी (एलडीओ) बनेर जान उपसचिवहरु बीच हानाथाप नै हुने गर्दथ्यो । जब नेपालको संविधान जारी भएपछि हालको ७ सय ५३ वटा स्थानीय तह कार्यान्वयनमा आयो, त्यसपछि जिविसहरूको दुर्दिन सुरु भयो । २०७३ फागुन २३ गतेदेखि गाउँपालिका र नगरपालिका कार्यान्वयन गरे पछि समन्वयकारी भूमिकामा मात्रै सिमित रह्यो । राज्यशक्तिको प्रयोग गर्न पाउने गरि कार्यपालिका, व्यवस्थापिका र सिमित न्यायिक अधिकार स्थानीय तहले पाए पछि केन्द्रकृत प्रकृतिको जिविसको औचित्य समाप्त भयो । संविधानले जिससलाई स्थानीय तह नै हो भनेर किटानका साथ भने पनि सरकारले स्थानीय तहलाई कुनै ठोस जिम्मेवारी दिएको छैन । ललितपुर जिससका प्रमुख ऋषीदेव फुयाँल भन्छन्, "कि संविधानले भनेबमोजिम स्थानीय तहको जिम्मेवारी र हैसियत दिनु पर्‍यो ! होइन भने जिसस खारेज गरे हुन्छ ।"

## के भन्छन् जिसस प्रमुखहरू ?

**खगराज भुषाल,**

जिसस प्रमुख कैलाली

साविकको जिविस छँदै हालेको मुद्दा सर्बोच्च अदालतमा बिचाराधीन छ । तर मुद्दा लड्न हामीसँग न बजेट छ, न कुनै न्यायिक जनशक्ति नै ! गत बर्षसम्म तलब भत्ता मात्रै आउँथ्यो । यस बर्षदेखि परमर्श सेवाबाट एकदुइ लाख छुट्याएर वकिल परिचालन गर्न थालेका छौं । हामीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत प्रतिरक्षा गर्न आग्रह गर्दा महान्यायधिवक्ताको कार्यालयले अस्वीकार गर्‍यो । यही अवस्था रहने हो भने जिससले मुद्दा हार्न बेर छैन । मुद्दा हारेर क्षतिपुर्ती दिनु परेको खण्डमा जिसससँग केही छैन । क्षतीपुर्ति कसले दिने भनेर अर्को अन्योल देखिने खतरा छ । त्यसैले महान्यायधिवक्ताको कार्यालय वा प्रदेशको मुख्यन्यायधिवक्ताको कार्यालयमार्फत प्रतिरक्षा गर्दा उचित देखिन्छ । यो पनि नभए संघ वा प्रदेशले मुद्दा प्रतिरक्षाका लागी बजेट विनियोजन गर्नु पर्दछ ।

**बाबुराम आर्चाय**

प्रमुख जिसस कपिलवस्तु

कपिलवस्तुमा पनि लामो समयदेखि नुल्झिएका मुद्दाहरु छन् । मुद्दा लड्न जनशक्ति र स्रोत छैन । यहाँ ढुङ्गा गिट्टी उत्खनन् गर्ने व्यवसायीहरूले धरौटी राखेको जग्गा फुकुवा हुन सकेको छैन । कतिपय व्यवसायी अदालत पुगेका छन् । कतिपय व्यवसायीले जति बर्षको भए पनि साँवा, ब्याज र जरिवाना लिएर धरौटीको जग्गा फुकुवा गर्न अनुरोध गरेका छन् । तर सावाँ, ब्याज र जरिवाना जोड्ने हो भने सावाँभन्दा कयौं गुण बढी तिर्नु पर्ने देखिन्छ । देवानी संहिता अनुसार जति बर्ष भए पनि सावाँ भन्दा दोब्बर असुल्न नहुने व्यवस्था छ । तर लागेको ब्याज र जरिवाना असूल नगरे अख्तियार, महालेखा लगायतका ठाउँमा झमेला बेर्होनु पर्ला ! त्यसैले समस्याहरु जस्ताको तस्तै छ । संघ वा प्रदेशमध्ये कसैले ठोस नीति बनाएर हल गरे उचित हुने थियो ।

# स्थानीय तहमा विद्युतीय भुक्तानी सुस्त, कतै नियत, कतै अनविज्ञ



रञ्जित तामाङ

'चेक घर्रामा राखेर बार्गेनिङ गर्न पल्किएकाहरूले विद्युतीय माध्यमबाट भुक्तानी गर्न आनाकानी गरिरहेका छन्'

- गत आर्थिक वर्षमा काठमाडौं महानगरपालिकाले १२ अर्ब ३४ करोड रूपैयाँ भुक्तानी गरेको थियो । त्यसमध्ये ७ करोड २६ लाख रूपैयाँ मात्र विद्युतीय माध्यमबाट भुक्तानी भएको थियो ।
- धादिङको रूबिभ्याली गाउँपालिकाले पनि गत आवमा विद्युतीय प्रणालीमार्फत भुक्तानी दिने तयारी गरेको थियो । तर २४ वटा भुक्तानीको प्रयास गरेकोमा सबै असफल भएको थियो ।
- बाँकेको डुडुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक कुमार पाण्डेयले त आफू विद्युतीय भुक्तानीबारे अनभिज्ञ रहेको बताए ।
- काभ्रेको तेमाल गाउँपालिकाले यही पुसदेखि विद्युतीय भुक्तानी दिन थालेको छ । तर पालिकामा भुक्तानी सम्पन्न भएको देखिए पनि दोस्रो पक्षको खातामा रकम जम्मा हुन कयौं दिन लाग्ने गरेको छ ।

उल्लेखित उदाहरणहरूले स्थानीय तहले विद्युतीय माध्यमबाट गरिने रकम भुक्तानी (ईएफटी) को अवस्था देखाउँछ । महालेखा नियन्त्रकको कार्यालयले दुई वर्षअघि नै सबै स्थानीय तहको भुक्तानी विद्युतीय माध्यमबाट गर्ने लक्ष्य राखेको थियो । तर गत असारसम्म ६८ स्थानीय तहले सुरुवात नै गरेका थिएनन् भने सुरुवात गरेकाहरूको पनि अवस्था सुस्त देखिन्छ ।

कतिपय स्थानीय तहमा नियतवश नै विद्युतीय माध्यमबाट भुक्तानी हुन सकेको छैन । दुर्गम पालिकाहरूमा इन्टरनेटको पहुँच कमजोर हुँदा विद्युतीय भुक्तानी हुन सकेको छैन । यसैगरी प्रमुख प्रशासकीय अधिकृत नभएका कारण पनि चेकबाट भुक्तानी भइरहेको छ । कतिपय पालिकाहरूमा भने विद्युतीय भुक्तानीमा कर्मचारी अभ्यस्त नहुँदा पनि समस्या देखिएको छ ।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटिएर हाल संघीय निकायको कार्यालयमा सरूवा भएका एक उपसचिवले गलत नियतका कारण पनि विद्युतीय भुक्तानी गर्न नचाहने प्रवृत्ति रहेको बताए । "दुर्गम पालिकाहरूमा स्वभाविक समस्याहरु होलान् ! तर बलियो इन्टरनेट र दक्ष कर्मचारी भएको स्थानीय तहले इएफटी नगर्नु भनेको सरासर नियत हो," ती उपसचिव भन्छन्, "चेक घर्रामा राखेर बार्गेनिङ गर्न पल्किएकाहरूले विद्युतीय भुक्तानी गर्न आनाकानी गरिरहेका छन् । नियत सफा हुने हो भने विद्युतीय माध्यमबाट भुक्तानी गर्नु गाह्रो काम होइन ।"

यसैगरि बाँकेको डुडुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक कुमार पाण्डेयले त आफू विद्युतीय भुक्तानीबारे अनभिज्ञ रहेको बताए । "यहाँ चेकबाटै भुक्तानी भइरहेको छ । विद्युतीय भुक्तानीको कुरा मलाई थाहा भएन । लेखामा बुझ्नुहोला," पाण्डेयले भने ।

काठमाडौं महनगरपालिकाले पनि विद्युतीय भुक्तानीलाई पूर्ण रूपमा लागू गर्न नसकेको स्वीकारेको छ । विद्युतीय भुक्तानीमा कर्मचारी अभ्यस्त नहुँदा विगतका बर्षहरूमा पूर्ण रूपमा विद्युतीय माध्यमबाट भुक्तानी हुन नसकेको महानगरका प्रशासन विभाग प्रमुख ध्रुव काफ्लेले बताए । "गत वर्ष विद्युतीय माध्यमबाट जति भुक्तानी गर्नुपर्थ्यो, त्यो हामीले गर्न नसकेकै हौं । चालू आवदेखि कडाइका साथ लागू गरिरहेका छौं," काफ्लेले भने, "विपद् व्यवस्थापनजस्ता भवितव्य बाहेकका भुक्तानी विद्युतीय

माध्यमबाटै गराउन जोड दिइरहेका छौँ ।"

यसबाहेक राजश्व, विपद् व्यवस्थापन, पानी, बत्तिको महशुलजस्ता भुक्तानीहरु चेकबाटै गर्नु परेको काफ्लेले बताए । कतिपय भुक्तानीमा व्यवहारिक कठिनाइ रहेको काफ्लेको अनुभव छ । "बाढी, पहिरो, भुइँचालोजस्ता विपद्मा तत्काल भुक्तानी दिनु पर्दा चेक नै काट्नु पर्ने हुन्छ । यसबाहेक कर कट्टा गरेर बुझाउने, पानी बत्तिको महशुल तिर्नेजस्ता कतिपय प्रयोजनका लागी विद्युतीय भुक्तानीको सिस्टम बनेको छैन," काफ्ले भन्छन्, "यसबाहेक अरु भुक्तानी विद्युतीय माध्यमबाट गर्न कुनै गाह्रो छैन । सामान्य अवस्थामा चेकबाट भुक्तानी दिने कामलाई रोकिसकेका छौँ ।"

काभ्रेको तेमाल गाउँपालिकाले यस वर्षदेखि विद्युतीय भुक्तानी सुरु गरे पनि प्रभावकारी हुन सकेको छैन । पालिकाबाट भुक्तानी सम्पन्न भएको कयौँ दिन पछि मात्रै दोस्रो पक्षको खातामा रकम जम्मा हुने गरेको तेमाल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत योगेन्द्रराज गुरूङले बताए । "पालिकामा भुक्तानी भइसकेको देखिन्छ । तर पाउनु पर्नेको खातामा रकम कयौँ दिन पछि मात्रै जम्मा हुन्छ," गुरूङले भने, "बैंकको समस्या हो कि सिस्टमको हो भनेर थाह पाउन बाँकी छ । एक महिना अघि मात्रै सुरु गरेको हुँदा बिस्तारै प्रभावकारी हुनेछ भन्नेमा विश्वस्त छौँ ।"

धादिङको रूबिभ्याली गाउँपालिकामा भने इन्टरनेटको समस्या छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीनकुमार गोलेका अनुसार बर्षायाममा इन्टरनेट बिच्छेद हुने गरेको छ । "रूबिभ्यालीमा बैंक गत बर्ष मात्रै पुगेको हो । अहिले पनि वायरलेस प्रविधीको इन्टरनेट चलिरहेको छ । वर्षायाममा इन्टरनेट विच्छेद हुने समस्या छ," गोलेले भने, "कर्मचारी पनि विद्युतीय भुक्तानीमा अभ्यस्त भइसकेका छैनन् । तर चालू आवदेखि हामीले विद्युतीय भुक्तानीमै जोड दिइरहेका छौँ । इन्टरनेट मात्र सहज भइदिए सबै भुक्तानी विद्युतीय माध्यमबाटै हुने थियो ।"

### कारण : प्रमुख प्रशासकीय अधिकृतको रिक्तता

स्थानीय तहको भुक्तानी विद्युतीय माध्यमबाट हुन नसक्नुमा अर्को कारण प्रमुख प्रशासकीय अधिकृतको रिक्तता देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार २ सय ५० हाराहारी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत छैनन् । खटिएका प्रशासकीय अधिकृतहरु पछि छोटो समयमै सरूवा हुने वा मन्त्रालय फर्किने प्रवृत्ति छ ।

प्रत्येक विद्युतीय भुक्तानी प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्ने व्यवस्था छ । प्रशासकीय अधिकृत नै नभए पछि चेकबाट भुक्तानी भइरहेको छ । काठमाडौं महानगरपालिकामा पनि प्रमुख प्रशासकीय अधिकृत लामो समय नटिक्ने हुँदा विद्युतीय माध्यमबाट भुक्तानी गर्न समस्या देखिएको छ । २०७९ को स्थानीय निर्वाचनयता महानगरमा ४ जना प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् । अहिलेका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं पनि पुरानो बसपार्कस्थित काठमाडौं टावरको नक्सापास विवादका कारण विदामा छन् । महानगरले अर्को प्रशासकीय अधिकृत पठाउन संघीय सरकारलाई अनुरोध गरेको छ ।

"प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको लेखा उत्तरदायी अधिकारी पनि हो । त्यसैले उसको रिक्तताका कारण पनि विद्युतीय माध्यमबाट हुने भुक्तानी सुस्त भएको हुन सक्छ," मन्त्रालयका एक अधिकारी भन्छन्, "निमित्त प्रशासकीय अधिकृतले पनि स्वीकृति दिँदा हुन्थ्यो । चेकबाट हुने भुक्तानी स्वीकृत गर्नेले विद्युतीय माध्यमबाट हुने भुक्तानी स्वीकृत गर्न नमिल्ने भन्ने त हुँदैन होला नि !"

### जो अत्याधिक भुक्तानी गर्छन्

अधिकांश स्थानीय तहमा विद्युतीय माध्यमबाट भुक्तानी प्रक्रिया सुस्त हुँदा केही पालिकाले उदाहरणीय काम गरेका छन् । विराटनगर र भरतपुर महानगरपालिका, भीमदत्त, चाँगुनारायण, टोखा, नागर्जुन, कालिका, कमलामाई दुधौली, रामेछाप, भद्रपुर, कटारी र सूर्योदय नगरपालिकाले अत्याधिक विद्युतीय भुक्तानी अत्याधिक गरेका छन् । सबैभन्दा धेरै भरतपुर महानगरपालिकाले २८ हजार २९४ वटा भुक्तानी दिएको छ । गाउँपालिकामध्ये सबैभन्दा धेरै खोटाङको ऐँसेलुखर्क गाउँपालिकाले ११ हजार २६ वटा भुक्तानी दिएको छ ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार गत आवमा देशभरका ७ सय ५३ स्थानीय तहले ४ खर्ब २३ अर्ब ७९ करोड खर्च गरेका थिए । त्यसमध्ये ३ अर्ब ५५ अर्ब ९६ करोड रूपैयाँ विद्युतीय माध्यमबाट खर्च भएको थियो ।

### यसकारण आवश्यक

विद्युतीय माध्यमबाट हुने भुक्तानीले आर्थिक लेनदेनलाई पारदर्शी बनाउने सम्बन्धित क्षेत्रका अधिकारीहरु बताउँछन् । कोष तथा लेखा नियन्त्रकको कार्यालय धादिङका प्रमुख रोसन पुन भन्छन्, "विद्युतीय माध्यमबाट हुने भुक्तानीले आर्थिक लेनदेनलाई पारदर्शी बनाउँछ । अवाञ्छित आर्थिक लेनदेनबाट खडा हुने अनौपचारिक अर्थतन्त्रलाई निरूत्साहित गर्छ । यसबाहेक सेवाप्रवाह छिटो छरितो हुन्छ ।"

# दूरसञ्चारको रोयल्टी बाँडफाँटमा संघ नै उदाशीन



रञ्जित तामाङ

काठमाडौं । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दुई बर्षअघि नै दूरसञ्चार रोयल्टी संघ, प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्न संघीय सरकारलाई सिफारिस गरेको थियो । तर अहिलेसम्म संघीय अर्थ मन्त्रालयले बाँडफाँट गर्ने सुरसार नै गरेको छैन ।

अत्यन्त सीमित स्रोतका रूपमा रहने दूरसञ्चार फ्रिक्वेन्सी प्रयोगबापत सरकारका तर्फबाट नेपाल दूरसञ्चार प्राधिकरणले यस्तो रोयल्टी संकलन गर्दै आएको छ । दूरसञ्चार सेवा प्रदायकहरूले उपयोग गरेको फ्रिक्वेन्सीबापत प्राधिकरणले बार्षिक रूपमा यस्तो शुल्क संकलन गर्छ ।

२०७९ असार ८ गते नै आयोगले यस्तो रोयल्टी बाँडफाँटका लागी विभाज्य कोष खडा गर्न अर्थ मन्त्रालयलाई सिफारिस गरेको थियो । तर, अहिलेसम्म अर्थ मन्त्रालयले कुनै प्रक्रिया थालेको छैन । अहिलेसम्म तीन पटक ध्यानाकर्षण गराए पनि अर्थ मन्त्रालयले बेवास्ता गरेको आयोगको गुनासो छ ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले अहिलेसम्म कुनै निर्णय नभएको जानकारी दिए । "यसबारे बुझ्नै बाँकी छ । सायद केही समस्या भएका कारण निर्णय नभएको हुन सक्छ," भट्टराईले भने ।

अर्थ मन्त्रालयका अर्का एक अधिकारीले ऐनमा व्यवस्था नभएका कारण बाँडफाँट गर्न नसकिएको बताए । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा दूरसञ्चार रोयल्टी बाँडफाँटबारे व्यवस्था नभएको ती अधिकारी बताउँछन् । ऐनमा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानीजन्य तथा अन्य अन्य प्राकृतिक स्रोत संघमा ५० र प्रदेश र स्थानीय तहमा २५/२५ प्रतिशत बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । "प्रदेश र स्थानीय तहलाई दूरसञ्चार रोयल्टी बाँडफाँट गर्नेबारे ऐनमा व्यवस्था भइसकेको छैन । ऐन संशोधन भए बाँडफाँट गर्न समस्या छैन," ती अधिकारी भन्छन्, "अन्तरसरकारी बित्त व्यवस्थापन ऐनमा संशोधन गर्नुपर्ने यस्ता विषयहरु अरु पनि छन् । अर्थ मन्त्रालयले केही वर्ष अघिदेखि नै ऐन संशोधनमा जोड दिँदै आएको छ ।"

वित्त आयोगको पनि आफ्नै तर्क छ । ऐनमा 'पानी तथा अन्य प्राकृतिक स्रोत' को रोयल्टी बाँडफाँट गर्ने व्यवस्था छ । 'अन्य प्राकृतिक स्रोत' ऐनमा उल्लेख भएको हुँदा दूरसञ्चार रोयल्टी प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्न कुनै बाधा नपर्ने आयोगको बुझाइ छ । बित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले ऐनमा उल्लेख भएको 'पानी तथा अन्य प्राकृतिक स्रोत' शिर्षकको आधारमा बाँडफाँट गर्न सकिने बताए । "ऐनले अन्य प्राकृतिक स्रोतको पनि रोयल्टी बाँडफाँट गर्न सकिने व्यवस्था गरेको छ," पौडेलले भने, "दूरसञ्चार रोयल्टीलाई पनि अन्य प्राकृतिक स्रोत मानेर बाँडफाँट गर्न मिल्छ । ऐन संशोधन गर्नु पर्दैन ।"

नेपाल दूरसञ्चार प्राधिकरणले पनि दूरसञ्चार रोयल्टी प्राकृतिक स्रोत भएको स्वीकारे । प्राधिकरणका सहप्रवक्ता डा. प्रदीप पौड्याल भन्छन्, "दूरसञ्चार रोयल्टी प्राकृतिक स्रोत नै हो । तर रोयल्टी बापतको रकम कसरी खर्च गर्ने भन्ने विषय सरकारको कुरा हो ।"

दूरसञ्चार रोयल्टी संकलनको अवस्था

| आर्थिक वर्ष | आम्दानी (रूपैयाँमा) |
|---|---|
| ०७७/७८ | ३ अर्ब ७२ करोड |
| ०७८/७९ | ३ अर्ब ३६ करोड |
| ०७९/८० | ३ अर्ब ४५ करोड |

स्रोतः नेपाल दूरसञ्चार प्राधिकरण

सिफारिसका आधारहरु

विभिन्न अध्ययन र विज्ञहरूको सुझावका आधारमा रोयल्टी बाँडफाँट गर्न सिफारिस गरेको आयोगको दाबी छ ।

| आधार | प्रतिशत |
|---|---|
| क्षेत्रफल/भूगोल | ३० |
| बेसिक ट्रान्स रिसिभर स्टेसन (बीटएस) | ३० |
| जनसंख्या | २५ |
| मोबाइल प्रयोगकर्ता | १५ |

अन्तराष्ट्रिय अनुभवले भन्छः प्राकृतिक स्रोत नै हो

वित्त आयोगका आयुक्त जुद्ध गुरूङका अनुसार सन् १९७३ मा अमेरिकाको सर्वोच्च अदालतले रेडियो तरङ्गलाई दुर्लभ प्राकृतिक स्रोतका रूपमा व्याख्या गरेको थियो । "आयोगले अध्ययन गर्दा अमेरिकामा अदालतले विभिन्न समयमा प्राकृतिक स्रोत नै हो भनेर किटानका साथ फैसला गरेको देखिन्छ," गुरूङ भन्छन्, "सन् १९७३ मा भने अमेरिकाको सर्बोच्च अदालतले सिमित प्राकृतिक स्रोत भनेर फैसला गरेको देखिन्छ ।"

गुरूङका अनुसार चेक रिपब्लिक, फिनल्यांण्ड, बेलायत, आयरल्याण्ड, भारत लगायतका देशहरूले कुनैले सिमित प्राकृतिक स्रोत र कुनैले महत्वपूर्ण प्राकृतिक स्रोत भनेर नीतिगत व्यवस्था गरेका छन् ।

"भारतले सन् १९५२ मै रेडियो फ्रिक्वेन्सीलाई प्राकृतिक स्रोत हो भनेर नीति बनाएको देखिन्छ । नेपालमा पनि विभिन्न नीतिहरूले प्राकृतिक स्रोतको रूपमा व्याख्या गरेको देखिन्छ," गुरुङ भन्छन्, "रोयल्टी भन्नाले प्राकृतिक स्रोतको उपयोग गरेवापत सरकारले लिने शुल्क हो । दूरसञ्चार प्राधिकरणले पनि रेडियो फ्रिक्वेन्सीवापत ४ प्रतिशत रोयल्टी उठाउँदै आएको छ ।"

प्राधिकरणले उठाउँदै आएको उक्त रोयल्टी प्रदेश र स्थानीय तहमा पनि बाँडफाँट गर्न आयोगले सरकारलाई सिफारिस गरेको हो ।

नेपालमा पनि दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य) सम्बन्धी नीति २०६९ ले सिमित र उच्च मूल्यको प्राकृतिक स्रोत भनेको छ । यसैगरि सर्वोच्च अदालतले २०७० असोज १ गतेको आदेशमा रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रम देशको महत्वपूर्ण प्राकृतिक स्रोत भएको उल्लेख छ ।

तर तहगत सरकारबीच दूरसञ्चार रोयल्टी बाँडफाँटको अभ्यास विश्वको कुनै मुलुकमा नभएको गुरुङले बताए । विश्वमा २८ वटा मुलुकमा संघीयता छ । ती राष्ट्रहरूमा पनि रोयल्टी बाँडफाँटको अभ्यास सुरु भएको छैन । "प्राकृतिक स्रोत हो भन्नेमा विवाद नभए पनि तहगत सरकारबीच दूरसञ्चार रोयल्टी बाँडफाँट गरेको अभ्यास सुरु भएको छैन," गुरूङ भन्छन्, "यदी हामीले सुरु गर्न सक्यौं भने दूरसञ्चार रोयल्टी तहगत सरकारबीच बाँडफाँट गर्ने पहिलो मुलुक नेपाल हुनेछ ।"

बाँडफाँट रोयल्टी मात्रै हुने कि, फ्रिक्वेन्सी शुल्क पनि ?

दूरसञ्चार सँस्थानले रोयल्टी र फ्रिक्वेन्सी शुल्क उठाउँदै आएको छ । आयोगका सदस्य जुद्ध गुरूङले रोयल्टी र फ्रिक्वेन्सी शुल्क फरक शिर्षक भए पनि दुवै प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त आम्दानी भएको दाबी गर्छन् । त्यसैले रोयल्टी र फ्रिक्वेन्सी शुल्क प्रदेश र स्थानीय तहलाई बाँड्नु पर्ने गुरूङ बताउँछन् ।

प्राधिकरणका सहप्रवक्ता डा. प्रदीप पौड्यालले भने रोयल्टी मात्रै प्राकृतिक स्रोत भएको तर्क गर्छन् । "प्राकृतिक स्रोतको उपयोग गरेवापत सेवा प्रदायकले रोयल्टी तिर्छन्," पौड्यालले भने, "तर फ्रिक्वेन्सी शुल्क प्राकृतिक स्रोत होइन । प्राधिकरणले सेवा प्रदायकबाट प्रत्येक वर्ष आम्दानीको चार प्रतिशत रोयल्टी संकलन गर्छ । यद्यपि प्राकृतिक स्रोतकै उपयोगबापत रोयल्टी उठेको देखिने कानुनी आधार छैन ।

उता अर्थ मन्त्रालयले भने यसबारे कुनै धारणा बनाएको छैन । अहिलेसम्म कुनै निर्णय नगरेको मन्त्रालयले रोयल्टी बाँडफाँटको बिषय अर्थमन्त्री संयोजक, प्रदेशका आर्थिक मामिला मन्त्रीहरु र स्थानीय जनप्रतिनिधी सदस्य रहेको अन्तरसरकारी वित्त परिषद्को बैठकमा पेस गर्ने तयारी रहेको छ । तर बैठक कहिले बस्छ भन्नेमा टुङ्गो लागेको छैन ।

# अर्थको बखेडाले जिविस कर्मचारीको निवृत्तिभरण रोकियो



रञ्जित तामाङ

काठमाडौं । मुलुक संघीयतामा गए पछि नीतिगत अन्योलताका कारण साविकको जिविसमा कार्यरत कार्मचारीहरूको निवृत्तिभरण करिब एक बर्षदेखि रोकिएको छ ।

गत बर्षको पुसदेखि निवृत्तिभरण रोकिँदा ७० भन्दा बढी कर्मचारीको निवृत्तिभरण रोकिएको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जनाएको छ । अवकाश प्राप्त प्रतिकर्मचारी औषतमा ५० लाख रूपैयाँको दरले निवृत्तिभरण दिनु पर्ने हुँदा ३५ करोडभन्दा बढी रकम भुक्तानी दिनु पर्ने मन्त्रालयले जनाएको छ ।

निवृत्तिभरण रोकिएका कर्मचारीहरु धाउन थाले पछि अर्थ मन्त्रालयलाई रकम निकासाका लागी पत्राचार गरेको थियो । तर अर्थ मन्त्रालयले मन्त्रिपरिषदबाट नीतिगत निर्णय गर्नु पर्ने जवाफ पठाएको थियो ।


२०७३ सालमा तत्कालिन ७५ जिल्ला विकास समिति (जिविस) हालको जिल्ला समन्वय समिति (जिसस)मा रूपान्तरण भएको थियो । साथै जिविसका कर्मचारीहरु गाउँपालिका र नगरपालिकामा समायोजन गरिएको थियो । जिविसहरूले नियमानुसार निवृत्तिभरणको रकम कर्मचारी कल्याण कोषमा जम्मा गर्दथे । जिससमा रूपान्तरण भएपछि कोषमा निवृत्तिभरणको काम विनियोजन गर्ने प्रक्रिया रोकियो ।

सुरूका ५ बर्ष कोषमा जम्मा भएको रकमले निवृत्तिभरण दिन पुगेको थियो । कोषमा रकम सकिए पछि २०७९ बैशाख १३ गते मन्त्रिपरिषदको निर्णयले निवृत्तिभरणको रकम अर्थ मन्त्रालयबाट भुक्तानी गर्ने निर्णय गरेको थियो । सोही व्यवस्थाअनुसार रकम भुक्तानी हुँदै आए पनि गत बर्ष अर्थ मन्त्रालयले मन्त्रिपरिषदबाट फेरी नीतिगत निर्णय हुनु पर्ने भन्दै निबृत्तिभरणको रकम भुक्तानी दिएको छैन ।

त्यसपछि मन्त्रालयले मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरेको थियो । त्यही बीचमा पुष्पकमल दाहाल नेतृत्वको सरकार परिर्वतन भएको थियो । सरकार परिर्वतन भए पछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयलाई गत भदौ २७ गते फेरी पत्राचार गरेको थियो । हालको केपी ओली नेतृत्वको मन्त्रिपरिषदले भने '२०७९ मै भएको नीतिगत अहिले निर्णय गर्न किन कार्यान्वयन गर्न नमिल्ने ?' भनेर फाइल मन्त्रालयमै फर्काएको थियो ।

संघीय मामिला, अर्थ र कानून मन्त्रालयको सचिवस्तरीय बैठकले यस बिषय टुङ्ग्याउने निर्ष्कषमा पुगे पनि अहिलेसम्म सचिवहरूको बैठक हुन सकिएको छैन । "पुरानै नीतिगत निर्णयका आधारमा भुक्तानी दिँदा केही फरक पर्दैन थियो । अर्थ मन्त्रालयले बखेडा झिक्नु पर्ने कारण थिएन," मन्त्रालयका एक अधिकारी भन्छन्, "सचिवज्यूहरु पनि बैठकमा बस्न पाउनु भएको छैन । सरकारले आखिर जसरी भए पनि दिनै पर्छ । बेकारमा अड्किएको छ ।"

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले पनि निवृत्तभरणको रकम भुक्तानी दिन मन्त्रिपरिषदको नीतिगत निर्णय पर्खिरहेको स्वीकारे । "गाउँपालिका र नगरपालिकामा समायोजन हुने कर्मचारीको निवृत्तिभरण दीर्घकालसम्म कर्मचारी कल्याण कोषबाटै बेहोर्ने गरि तयारी गर्नु पर्दथ्यो । तर त्यो भएन," भट्टराईले भने, "तर भुक्तानी त दिनै पर्छ । यसका लागी अर्थ मन्त्रालयले पनि प्रक्रिया पूरा गर्नै पर्ने हुँदा ढिला भएको हो ।"



# कोशी प्रदेश

## ढुङ्गा गिट्टीमा स्थानीय र प्रदेश सरकारको लडाईं

# समन्वय नहुँदा करोडौं राजस्व गुम्दै






चीना थापा

विराटनगर । गत बैशाख २९ गते इटहरी उप महानगरपालिकाका पाँच ओटा ट्रिपर डिभिजन बन कार्यालय सुनसरीले नियन्त्रणमा लियो । उप महानगरको तीन नम्बर वडा खोर्सनेखापबाट प्रहरीको सहयोगमा चालकसहितको ट्रिपरहरू नियन्त्रणमा लिएपछि उप महानगरको कार्यवाहक मेयरको जिम्मेवारीमा समेत रहेका वडा नम्बर ६ का वडाअध्यक्ष दिवस पोखरेल दलबलसहित बन कार्यालय पुगे ।

इटहरीका स्थानीयसहित बन कार्यालयमा पुगेका पोखरेलसँग डिभिजन बन अधिकृतले कुरा सम्म गर्न चाहेनन् । शौचालय जाने बहानामा कार्यालयबाट सिधै आफ्नो क्वाटर हान्निए । राती अबेरसम्म कुर्दा पनि डिभिजन बन अधिकृत कार्यालय नआएपछि पोखरेलसहितको टोलि रित्तो हात फर्कियो ।

भोलिपल्ट प्रमुख जिल्ला अधिकारी सहित बसेको वार्तामा बन क्षेत्रबाट दहतर बहतर (ढुंगा गिट्टी) संकलन नगर्ने सहमतिपछि चालक र टिपर छाडियो ।

वडाअध्यक्ष पोखरेलका अनुसार इटहरी उप महानगरपालिकाले आफ्नो क्षेत्र भित्रको दहतर बहतर अर्थात ढुंगा गिट्टी बालुवाको ठेक्का खोलेको थियो । पटक पटक ठेक्का खोल्दा पनि ठेक्का नलागेपछि उप महानगरले विकास निर्माणका लागि बन क्षेत्रमा पर्ने खोलाबाट ढुंगा गिट्टी बालुवा निकाल्न थालेपछि विवाद बढेको पोखरेल बताउँछन् ।

बाटो बनाउन र बन्दै गरेका भवनहरू पुरा गर्न मेयर र वडाअध्यक्ष खोलामै बसेर ढुंगा गिट्टी बालुवा निकालेका थिए । वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन पनि तयार थियो । नदीजन्य पदार्थ निकाल्दा डिभिजन बन कार्यालयले बन रक्षक पनि पठाएको मेयर हेमकर्ण पौडेल बताँउछन् ।

ढुंगा गिट्टी निकाल्न रोक लगाउन प्रहरी लिएर बन रक्षकको टोली उत्खनन् भएको ठाउँमा पुगेपछि इटहरीका मेयर हेमकर्ण पौडेल, वडा अध्यक्ष र स्थानीयसँग हातहालाहालको अवस्था समेत उत्पन्न भएको पौडेलले बताए ।



उक्त घटनामा प्रहरीले समेत बनलाई साथ दिएको उनको आरोप छ ।

घटनाको मुख्य विषय भने अर्कै छ । संविधान अनुसार बन र नदीजन्यजन्य पदार्थ स्थानीय र प्रदेश सरकारको साझा अधिकार सूची अन्तरगत पर्दछन् । यसबाट प्राप्त राजश्व स्थानीय र प्रदेश सरकार दुवैले प्राप्त गर्छन् । तर उल्लेखित घटनामा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रको सामग्री निकालेर स्थानीय तहले आफूखुशी प्रयोग गरेकोमा आपत्ति जनाएको थियो ।

राजश्व बाँडफाँडको विषयमा इटहरी उप महानगर र प्रदेश सरकार पर्यटन बन तथा वातावरण मान्त्रालयसँग मात्रै विवाद भएन प्रदेशका अन्य पालिकासँग पनि विवाद उत्पन्न भयो ।

यसरी विवाद हुने अर्को पालिका हो मोरङको केराबारी गाँउपालिका । इटहरीमा जस्तै केराबारीमा पनि खोला ठेक्का नलागेपछि पालिकाले आफैले दहतर बहतर निकाल्ने निर्णय गर्यो ।

राजश्व गुम्ने देखेपछि अध्यक्ष उपाध्यक्ष आफैं खोलामा बसेर ढुंगा गिट्टी निकाल्न लगाए । रातभर खोलामा बसेर मापदण्ड अनुसार कै गिट्टी बालुवा निकालेको तर प्रदेश सरकारले सहयोग नगरेको उपाध्यक्ष मनमाया मगर बताउँछिन् ।

साझा अधिकार सूचीका शीर्षकको उपयोगका सम्बन्धमा चर्किरहेका विवादका प्रतिनिधि उदाहरण हुन् यी । प्राकृतिक श्रोत साधन, बन पैदावर र नदीजन्य पदार्थको बाँडफाँडमा अहिले यस्तै किसिमका विविध समस्या देखिन थालेका छन् । यस्तै समस्याले कोशी प्रदेशका स्थानीय तह र प्रदेश सरकारबिचमा विवाद चुलिंदो छ । जसले गर्दा चालु आवको सातौं महिनासम्म पनि अधिकांश स्थानीय तहले खोला ठेक्का लगाउन सकेका छैनन् ।

## नियमावली नआउँदा ठेक्कामा समस्या

कोशी प्रदेश सरकारले वर्ष नियमावली ल्याउन ढिलाई गर्दा राजस्व बाँडफँड लगायतका विषयमा दुई तहका सरकारबीच विवाद हुने गरेको छ ।

नेपालको संविधानको धारा ६० मा राजस्व श्रोतको बाँडफाँडको व्यवस्था छ । धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती श्रोतहरूबाट राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने उल्लेख छ ।

वर्ष पैदावर बिक्री शुल्क र ढुङ्गा, गिट्टी, बालुवा शुल्क प्रदेश सरकारको राजस्व अधिकार क्षेत्रभित्र पनि पर्दछ । संविधानको साझा सूचीले दिएको अधिकार अनुसार प्रदेश सरकार र स्थानीय तह दुवैको राजस्वको हिस्सा रहने गर्दछ ।

कोशी प्रदेश सरकारले २०७७ मा नै प्रदेश वन ऐन ल्याएको भएपनि समयमै नियमावली ल्याउन नसक्दा कोशी प्रदेशको वन ऐन कार्यान्वयनमा समस्या देखिन थालेको छ । नियमावलीकै अभावका कारण स्थानीय र प्रदेश सरकारबीच मनमुटावको अवस्था समेत उत्पन्न भएको छ । धेरै कुरा बाझिएका कारण सरकारहरूबीच एकआपसमा समन्वय हुन सकेको छैन ।

नदीजन्य पदार्थको ठेक्का पालिकाले लगाउँछन् । तर, नियमावली नभएको र संघीय ऐनले निर्देशित नगरेको भनेर त्यसलाई वनले रोकिरहेको छ । पालिकाहरूलाई पनि नदिजन्य पदार्थको उत्खनन र त्यससँग सम्वन्धित काम अघि बढाउन अप्ठ्यारो भईरहेको छ ।

गत बैशाखमा इटहरी उपमहानगर सहितका स्थानीय तहमा ढुङ्गा,गिट्टी बालुवा उत्खनन्को विषयमा समस्या आएपछि तत्कालिन पर्यटन, वर्ष तथा वातावरण मन्त्री जीवन आचार्यले नियमावलीका विषयमा छलफललाई व्यापकता दिएका थिए । तर, त्यो छलफलले अझै पनि पूर्णता पाएको छैन । सरकार परिवर्तनसँगै अहिलेसम्म नियमापली आउन सकेको छैन । बन नियमावली नआँउदा राजश्व बाँडफाँडका बिषयमा स्पष्टता हुन नसकेको स्थानीय तहका मेयर उप मेयर बताँउछन् ।

कोशी प्रदेशका धेरैजसो खोला वन क्षेत्रमा पर्छ । कोशी प्रदेश पर्यटन बन तथा वातावरण मन्त्रालयका कानुन अधिकृत रमेश नेपाल नियमावलीको मस्यौदा अन्तिम चरणमा पुगेको बताउँछन् । मन्त्री तथा स्थानीय तहका प्रतिनिधि तथा सरोकारवालाहरूसँग पटक पटक छलफल गरेर सबैको सहमतिमा नियमावलीको मस्यौदालाई अन्तिम रूप दिने काम भईरहेको उनले जानकारी दिए ।

## खोला ठेक्का नै लाग्दैनन्

मिक्लाजुङ गाउँपालिका मोरङका उपाध्यक्ष तथा गाउँपालिका महासंघका कोषाध्यक्ष दिनेश पौडेल प्रदेश सरकार र स्थानीय तहबिचमा राजस्व संकलनको विषयमा विवाद धेरै हुने गरेको बताउँछन् । 'स्थानीय तहसँग समन्वय नगरिकन राजस्व वृद्धि हुने गरेको छ । जसले गर्दा स्थानीय तहको आम्दानीको प्रमुख श्रोतको रूपमा रहेको ढुङ्गा, गिट्टी, बालुवा ठेक्का लाग्न सकेको छैन' उनले भने ।

मोरङको उर्लाबारी नगरपालिकाले गत आर्थिक वर्ष ठेक्का लगाएको थियो । मापदण्डभन्दा बढी खनिएको भन्दै बनले प्रश्न उठायो र नगरपालिकाले उत्खनन रोक्न ठेकेदार कम्पनीलाई निर्देशन दियो । ठेकेदार कम्पनीले नगरपालिका विरूद्ध मुद्धा दायर गर्यो । यस्ता प्रवृत्तिले नगरपालिकाको कार्यक्षेत्राधिकार भित्र पर्ने कुनै पनि खोलाको ठेक्का लाग्न सकेको छैन ।

खोला ठेक्का नलागेपछि पालिकाहरूले अमानत मार्फत काम गरिरहेका छन् । प्रदेश सरकारलाई राजस्व पठाउने मात्र काम भएको उर्लाबारी नगरपालिकाका राजस्व शाखा प्रमुख भरत अधिकारीले बताए । 'प्रदेशले स्थानीय तहसँग छलफल नै नगरी हरेक वर्ष आर्थिक ऐनमा दररेट फरक पारिदिन्छ यसले गर्दा पनि समस्या आईरहेको छ' उनले भने, 'प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन पास गर्दा जतिको पास गरिएको छ त्यति नै ठेक्का लगाउनुपर्छ । यसमा तलमाथि गर्न पाईदैन ।



उदाहरणको लागि चार करोड रूपैयाँको स्रोत छ भने चार करोडकै ठेक्का लगाउनुपर्छ । ठेक्का लिनेले त फाईदा पनि खोजेको हुन्छ । त्यो नभईसकेपछि ठेकेदारले ठेक्का हाल्न नै नमान्ने पाइएको अधिकारीको अनुभव छ । आफूले पाउने ठाउँमा के कस्तो समस्या भईरहेको छ भनेर बुझेर प्रदेश सरकारले पनि सहजीकरण गरिदिनुपर्ने उनको भनाइ छ ।

यस्तै उदाहरण छ झापाको । जिल्लाको अर्जुनधारा नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने खोलाको ६ पटक सूचना प्रकाशित गर्दा पनि ठेक्का लागेको छैन । दुई खोलाको केही भाग ठेक्का लागेको भएपनि अरू ठेक्का लाग्न नसक्दा आम्दानी घटेको अर्जुनधारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमालले बताए । '६ करोड ५४ रूपैयाँ लाखको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन पास गरेको भएपनि अहिले २ करोडको मात्र ठेक्का लागेको छ', उनले भने, 'अरू लागेन , आम्दानी घट्यो, यसको असर विकास निर्माण देखि प्रशासनिक खर्चमा पनि पर्छ भने प्रदेश सरकारको राजस्वमा पनि असर पर्छ ।' प्रदेश सरकारले प्रभावकारी रूपमा समन्वय गर्न सक्यो भने स्थानीय तहलाई पनि केही सहज हुने रिमालको भनाई छ ।



## गुम्दै राजस्व

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेशले हरेक आर्थिक वर्षमा खोला ठेक्काबाट आउने रकमको अनुमान गर्दै आएको छ । तर, मन्त्रालयले उपलब्ध गराएको तथ्यांक हेर्दा अनुमानभन्दा निकै कम राजस्व आउने गरेको देखिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयकी राजस्व व्यवस्थापन शाखा प्रमुख तथा सूचना अधिकारी पुष्पलता उप्रेतीका अनुसार मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ मा खोला ठेक्काबाट बाँडफाँड भई प्राप्त हुने राजस्वको ४० करोड अनुमान गरेकोमा १६ करोड २५ लाख ५६ हजार




५११ रूपैयाँ ९० पैसा मात्र प्राप्त भयो ।

त्यसैगरी आर्थिक वर्ष २०७६/०७७ मा ५५ करोड अनुमान गरेकोमा १९ करोड ७५ लाख ६९ हजार २८९ रूपैयाँ ४३ पैसा प्राप्त भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा ५० करोड अनुमान गरेकोमा ३ करोड ३७ लाख ६३ हजार २८८ रूपैयाँ ९५ पैसा प्राप्त भएको छ । त्यस्तै आर्थिक वर्ष २०७८/०७९ मा १० करोड अनुमान गरिएकोमा २८ करोड ४ लाख १७१ रूपैयाँ ५६ पैसा प्राप्त भएको छ । आर्थिक वर्ष २०७९/०८० मा १५ करोड अनुमान गरिएकोमा १५ करोड ३० लाख ६५ हजार ५६४ रूपैयाँ ६७ पैसा प्राप्त भएको छ ।

अनुमान गरिएको भन्दा निकै कम राजस्व प्राप्त हुन थालेपछि अनुमान रकम नै मन्त्रालयले घटाएको देखिन्छ । पाँच आर्थिक वर्षमा ५ अर्ब २५ करोड अनुमान भएकोमा ८२ करोड ७३ लाख ५४ हजार ८२६ रूपैयाँ ५१ पैसा राजस्व प्रदेशको विभाज्य कोषमा आएको छ । ठेक्का लाग्न नसक्दा नै अनुमान गरिएभन्दा धेरै न्यून मात्र राजस्व संकलन भएको देखिन्छ । जसले गर्दा बर्षेनी ठूलो रकम राजस्व गुम्दै गएको छ ।

## नदीजन्य पदार्थको ठेक्का माग्दै प्रदेश

नदीजन्य पदार्थ साझा अधिकार सूचीमा रहेपनि यसको ठेक्का प्रदेशलाई दिनुपर्ने कोशी प्रदेशको अडान छ । स्थानीय तहबाट ठेक्का लाग्न सम्भव नभएकोले प्रदेश सरकारलाई यस्तो जिम्मेवारी दिनु उपयुक्त हुने कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की बताउनँछन् । 'स्थानीय तहबाट नदीजन्य पदार्थको ठेक्का लाग्न सम्भव छैन किनकी ठेकेदार सबै स्थानीय भएकाले निर्वाचनमा पनि हस्तक्षेप गरिहाल्छन्' उनी भन्छन् 'अब नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त गर्ने अधिकार प्रदेश सरकारमा हुनुपर्छ ।'

संविधान, ऐन, नीति जेसुकै भए पनि व्यक्तिगत विचारसँग देशको प्रणाली चल्ने अवस्था रहेको उनले बताए । प्रदेशमा एकीकृत कर संकलनका लागि छुट्टै इकाई बनाउने योजना रहेको उनले जानकारी दिए । 'प्रदेशले दिएको सुविधाबाट प्राप्त कर प्रदेशमा किन नआउने ?' उनको प्रतिपश्न छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधित ऐनबाट हटाईएको दफा ६४ जस्ताको तस्तै ल्याउन उनले संघ सरकारलाई आग्रह समेत गरे । सोही ऐनका कारण प्रदेशले प्राप्त गर्ने कर प्राप्त हुन नसकेको बुझाई कार्कीको छ ।



# अबण्डा बजेटमा राजनीतिक रजाईं





चीना थापा

विराटनगर । सार्वजनिक विद्यालयमा भौतिक पूर्वाधार विकास, भवन निर्माण, शौचालय, खानेपानी, कम्पाउण्ड वाल, फर्निचर शिर्षकमा विराटनगर महानगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा ४० लाख रूपैयाँ अबण्डा राखेर खर्च गर्यो । महालेखापरीक्षक कार्यालयले यस्तो खर्चमा प्रश्न उठाएपछि महानगरले उक्त अबण्डालाई नगर कार्यपालिकाको निर्णय बमोजिम विभिन्न २० योजना तथा कार्यक्रममा खर्च गरेको जनायो ।

खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि शिर्षक नतोकी एकमुष्ट ४ करोड ३१ लाख रूपैयाँ अबण्डा बजेट प्रस्ताव गरेपछि विवाद भएको थियो । विवादपछि बजेटलाई शीर्षकगत छुट्याएर नगरसभाबाट पारित गरिएको थियो ।

प्रदेशको अबस्था पनि त्यस्तै नै छ । कोशी प्रदेशले पछिल्लो पाँच बर्षमा मात्रै तीन अर्ब रूपैयाँभन्दा बढी अबन्डा राखेर खर्च गरेको देखिन्छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको सूचना र प्रदेशको रातो किताबमा उल्लेखित तथ्यांक अनुसार आव २०७६/७७ मा ६८ करोड रूपैयाँ अबण्डामा राखिएको थियो । त्यस्तै आव २०७७/७८ मा ४५ करोड, आव २०७८/७९ मा १३ करोड राखिँदा अबण्डा राखिँदा आव २०७९/८० मा एक करोड रूपैयाँ अवण्डा बजेट कायम भएको छ । आर्थिक बर्ष २०८०/८१ म मात्रै दुई अर्ब तीन करोड रूपैयाँ रकम विविध शीर्षकमा राखिएको छ ।

त्यसरी शीर्षक नछुट्याइउको उक्त बजेट सार्वजनिक निजी साझेदारी कार्यक्रम (कृषि उद्यम कार्यक्रम समेत), मुख्यमन्त्री युवा उद्यमशील कार्यक्रम, गरीबसँग खाद्यान्न, संघसंस्थालाई अनुदान, डाटा सेन्टर स्थापना, स्मृति प्रतिष्ठान फाउण्डेशन अध्ययन केन्द्रलाई अनुदान, विश्वविद्यालयसँगको साझेदारीतामा आर्थिक सरोकारका विषयमा अध्ययन तथा अनुसन्धानका लागि भएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ । त्यस्तै विज्ञ तथा सरोकारवालाहरूसँग बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धमा अन्तरक्रिया, मागमा आधारित गरिबी निवारण कार्यक्रम, तालिम लिई बेरोजगार अति विपन्न समूहलाई उद्यमका लागि आवश्यक प्रविधि हस्तान्तरण, संघ अनुदान फिर्ताजस्ता कार्यका लागि विविधि शिर्षकमा अवण्डा बजेट कायम गरिएको सरकारी तथ्यांकमा देखिन्छ । हरेक आर्थिक बर्षमा मुख्यमन्त्री युवा उद्यमशील कार्यक्रम, संघ संस्थालाई अनुदान, सार्वजनिक निजी साझेदारी कार्यक्रममा अबण्डा बजेट राखिएको छ ।

महालेखापरीक्षकको २०८९ को बार्षिक प्रतिवेदनमा पनि प्रदेशको बेरूजु बढ्नुको मुख्य कारण अवण्डा बजेट रहेको उल्लेख गरेको छ ।

## अबण्डा बजेट राख्नु गलत




विभागीय मन्त्रालयलहरूले एक ठाउँमा रकम राख्ने र त्यसमा पछि योजना हाल्ने गरेको देखिन्छ । एउटा शिर्षकमा हालिएको रकमबाट टुक्र्याएर तोकिएको क्षेत्रभन्दा बाहिर रकम बाँड्ने गरिएको आर्थिक मामिला तथा योजना मन्त्रालय स्रोतले जनाएको छ ।

राजनीतिक दबावका कारण सरकारले बनाएको आवधिक योजना र मध्यमकालिन खर्च संरचनालाई नै बेवास्ता गरेको देखिन्छ । हरेक पटक फेरिने मन्त्रीको स्वार्थका कारण मनपरी बजेटहरूमा निर्णय हुँदा कर्मचारीलाई पनि चित बुझेको देखिँदैन । 'आवधिक योजना बन्छ, मध्यमकालिन खर्च संरचना बनाउँछौं, तर यो यतिकै बनाएको होकी जस्तो लाग्छ, मन्त्रालयका एक कर्मचारीले भने, हामीले साचिँकै काम गर्न बनाएका हौं भने यससँग तालमेल हुने गरी बजेट कार्यक्रम बनाउनुपर्छ ।'

बजेट एकै ठाउँमा राख्दा साउन सुरू भएपछि पहिला कार्यक्रम बनाउनु पर्ने प्रवृत्तिले कामले उल्टो गति लिने बुझाई कर्मचारीको छ । मुख्यमन्त्री र अरू मन्त्री मिल्दा एकमुष्ट रकम एकै ठाउँमा राखेर अबण्डा कायम गरिदिंदा त्यस्ता कुरा कर्मचारीहरूले रोक्न सक्ने अबस्था छैन । एकमुष्ट राखिएका रकमहरू राजनीतिक स्वार्थमा जान्छ र त्यो पैसा गलत प्रयोजन पनि हुन सक्ने कर्मचारी क्षेत्रको बुझाई छ । 'न त्यसले आवधिक योजनासँग तालमेल खान्छ, न त मध्यकालिन खर्च संरचनासँग तालमेल खान्छ, ति कर्मचारीले भने, योजनाका साथ बजेट राख्दा मात्र आवधिक योजना र मध्यमकालिन खर्च संरचनासँग मिल्छ ।'

बजेटको विश्वसनीयता वृद्धि गर्ने हो भने बजेट पादर्शी हुनुपर्ने नेपाल सरकारका पूर्व अर्थ सचिव रामेश्वर खनाल बताउँछन् । 'यदि कुनै कामको निमित्त तोकेर बजेट राखियो भने त्यो पादर्शी भयो', उनले भने, 'किन भने त्यो खर्चले के काम हुन्छ भन्ने कुरा नागरिकले नी बुझ्न सक्छन् । तर, त्यही पैसा अवण्डामा राखियो भने त्यो कुन काममा खर्च गरिन्छ भन्ने कुरा बजेटले बोलेन, बजेट नबोल्ने वित्तिकै अर्थमन्त्रीको तजवीजमा अथवा सम्वन्धित मन्त्रालयको तजवीजमा भो । तजवीजि खर्च नियन्त्रण गर्नु भनेको सार्वजनिक वित्त व्यवस्थापनको एउटा महत्वपूर्ण उदेश्य पनि हो ।' अवण्डा बजेट राखियो भने तजवीजि खर्चलाई वृद्धि गर्छ र बजेट पादर्शी पनि नहुने उनको भनाई छ ।

## सुधारको छैन खास योजना

पूर्व आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बो आर्थिक मामिला तथा योजना मन्त्रालयमा अबण्डाको रूपमा थोरै रकम रहनुलाई सामान्य रूपमा लिनु पर्ने बताउँछन् । बिषयगत मन्त्रालयहरूले भने अबण्डामा धेरै रकम राख्नु भनेको वित्तीय अनुशासन विपरित हुने उनी बताउँछन् ।

बजेट निर्माण गर्ने मार्गदर्शन, बजेट कार्यान्वयन गर्ने निकायहरू नहुँदा हिजोका दिनमा धेरै अबण्डामा राख्ने गरिएको बिषयलाई अहिले आएर त्यसैलाई निरन्तरता दिईनु नहुने उनको तर्क छ । 'बजेट निर्माण गर्ने चरणमा नै अबण्डा रकम नराख्नु भनेर पत्राचार गरेको हुन्थ्यो, उनले भने, अबण्डामा बजेट राख्ने बिषय भनेको बजेट निर्माण गर्ने कर्मचारीको दक्षता र कार्यान्वयन गर्ने निकायको क्षमतासँग जोडिने बिषय पनि हो ।' प्रदेश सरकारको आफ्नै संरचनाहरू बनिसकेको अवस्थामा या स्थानीय तहहरूलाई पनि सिधै बजेट पठाएर बजेट कार्यान्वायन गर्न सकिने अबस्थामा अबण्डामा रकम राख्न नहुने उनको तर्क छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सुचनना अधिकारी पुष्पलता उप्रेतीले कोशी प्रदेशमा अबण्डा रकम कतिपय बाध्यताको रूपमा रहेको स्वीकार गरिन् । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारका आकस्मिक कामहरू कहिलेकाँही गर्नु पर्ने अवस्था आउने भएकोले त्यस्ता बिषयलाई ठूलो रूपमा लिन नहुनेमा उनको जोड छ । अहिलेसम्म कसरी गयो भन्दापनि यसलाई कसरी सुधार गरेर जाने भन्ने बारेमा मन्त्रालयले गृहकार्य गरिरहेको उनको भनाई छ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २१ मा विभिन्न कार्यालयहरूमा विभाजन गर्नु पर्ने रकम लेखाउत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिक भित्र विनियोजन गरिसक्नु पर्ने व्यवस्था छ । अबण्डा बजेटबाट आर्थिक बर्षको अन्त्यमा राजनीतिक स्वार्थमा केन्द्रित भएर बजेट वितरण गर्ने प्रचलनको रूपमा हेर्ने गरिएको छ । एउटा शिर्षक दिएर एक मुष्ट रकम राख्ने र त्यसको आधारमा आफ्ना पार्टीका कार्यकर्तालाई सो रकम वितरण गर्ने गरिएको यस अघिका तथ्यहरूले समेत पुष्टि गर्दै आएका छन् ।

# सरकार फेरिए पिच्छे नाम फेरिने अस्पताल, उद्घाटनमै लाखौं गुम्यो





चीना थापा

कोभिडको महामारी फैलिएपछि तत्कालीन सरकारले २०७६ साल चैत ७ गते प्रदेश निर्देशन समितिको निर्णयअनुसार प्रदेश सरकारले ५० शैयाको कोशी अस्पताललाई कोभिड-१९ उपचार केन्द्र बनाएर सञ्चालनमा ल्याएको थियो। उक्त समयमा जीवन घिमिरे सामाजिक विकासमन्त्री थिए । स्वास्थ्य क्षेत्र सामाजिक विकास मन्त्रालयले हेर्दै आएको थियो ।

कोरोना महामारीको बेला प्रदेश सरकारले करोडौं रकम खर्च गरेर नेशनल ट्रेडिङ लिमिटेडको पुरानो गोदाम घरमा पनि अस्पताल सञ्चालनमा ल्याएको थियो। कोभिड नियन्त्रण नहुँदै फेरि प्रदेश सरकारले कोशी अस्पतालको कोभिड-१९ उपचार केन्द्रलाई प्रादेशिक प्रसूति तथा स्त्रीरोग अस्पतालमा विकास गर्ने प्रारम्भिक अध्ययनका लागि १२ लाख रूपैयाँ छुट्याइएको थियो ।

तत्कालीन सामाजिक विकासमन्त्री उषाकला राईको पालामा प्रसूति तथा स्त्रीरोग केन्द्र बनाउने तयारी भए पनि उनी मन्त्रीबाट हटेपछि सो योजना अलपत्र पर्‍यो । त्यति बेलाको सरकार ढलेपछि फेरि जयराम यादव स्वास्थ्यमन्त्री हुँदा संक्रामक रोग उपचार सघन केन्द्रको गुरूयोजनाका लागि १५ लाख रूपैयाँ विनियोजन गरिएको थियो ।

२०७९ साल भदौ ३१ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार असोज २ गते सो अस्पताललाई सङ्क्रामक रोग तथा सघन उपचार केन्द्रको नाममा सञ्चालनमा ल्याइएको थियो। सरकारले डाक्टर तथा चिकित्सकको दरबन्दी दिँदै विशेषज्ञ डाक्टरसहितको ओपीडी सेवासमेत सञ्चालनमा ल्याएको थियो ।

अस्पताल सञ्चालनमा ल्याए पनि बिरामी नआएको भन्दै कोशी प्रदेशका हालका मुख्यमन्त्री केदार कार्की नेतृत्वको सरकारले शैलैजा आचार्य हृदयरोग केन्द्रका रूपमा २०८० माघ ८ गते उद्घाटन गरेर आफ्नो एक सय दिनको उपलब्धिमा समावेश गर्यो ।

बनिरहेको अस्पताल मर्मतका लागि ५ करोड ५० लाख बजेट विनियोजन गरेको कोशी प्रदेश सरकारले उद्घाटनमा मात्र

१० लाख रूपैयाँ खर्च भएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

कोभिड उपचार केन्द्र बनाउँदा १७५ जनाको दरबन्दी रहेकोमा पछि ६१ हुँदै अहिले सो अस्पतालमा ४२ जनाको दरबन्दी रहेको छ । दरबन्दीअनुसार अहिले कोही पनि मुटुरोगसम्बन्धी विशेषज्ञ डाक्टर भने छैनन् । यसअघि उद्धव थापा मुख्यमन्त्री भएका बेला त्यसलाई संक्रामकसँगै जलन अस्पताल सञ्चालनको योजना बनाएका थिए ।

मुख्यमन्त्री कार्कीले प्रतिस्थापन विधेयकबाट चालू आर्थिक वर्षका लागि ल्याएको बजेटमार्फत शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालनको घोषणा गरेका थिए । स्वास्थ्य मन्त्रालय मुख्यमन्त्री कार्कीले आफैँसँग राखेका थिए । हाल प्रदीप सुनुवार स्वास्थ्य मन्त्री बनेका छन् । मन्त्री नै पिच्छे फरकफरक निर्णय गरेर एउटै ठाउँमा विभिन्न नाम दिँदै अस्पताल उ□ाटन गर्ने क्रम चलिरहेको छ ।

सरकार आएपिच्छे नीति परिवर्तन र प्राथमिकता परिवर्तन गरेर एकै ठाउँमा बर्षेनी नयाँ उपचार केन्द्र स्थापना हुनुलाई कर्मचारीहरूले अस्थिर सरकार हुँदाको परिणाम भएको बताएका छन् ।

मुख्यमन्त्री कार्कीले कोशी प्रदेशका हृदय रोगका बिरामीलाई उपचारमा संघीय सरकारको एक लाख र प्रदेश सरकारको एक लाख गरी दुई लाख सहयोग गरिने बताए । उनले अब कोशीसँगै मधेस प्रदेशका मुटु रोगीले उपचारका लागि काठमाडौं र भारतसम्म धाउनुपर्ने बाध्यतको अन्त्य भएको दाबी गरे । मुख्यमन्त्री कार्कीले भने सार्वजनिक कार्यक्रमहरूमा यो उपचार केन्द्रले प्रदेश मात्र नभएर भारतका बिरामीलाई पनि सेवा दिने भएकाले उपचार केन्द्र राम्रो हुने बताए ।

## एक अर्बको उपकरण प्रयोगविहिन

दातृ निकायको सहयोग र सरकारको लगानीमा खरिद गरिएका उपकरण तथा सामग्रीलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुनै योजना प्रदेश सरकारले बनाएको छैन ।

कोशी प्रदेशको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रका दुई अर्बभन्दा बढी मूल्यका स्वास्थ्य उपकरण थन्काएर हृदय रोग केन्द्र बनाइएको हो ।

कोभिड महामारीमा दातृ निकाय र नागरिक तहबाट दुई अर्बभन्दा बढीको लगानीमा कोशी कोभिड-१९ उपचार केन्द्र निर्माण गरिएको थियो । कोशी कोभिड उपचार केन्द्रलाई एक बर्ष अघि सङ्क्रमण रोग तथा सघन उपचार केन्द्रका रूपमा रूपान्तरण गरिएको थियो ।

नागरिक स्तरबाट संकलन भएको आर्थिक सहयोगबाट सङ्क्रमण रोग तथा सघन उपचार केन्द्र हाता भित्र रहेको उत्तर पट्टीको अस्पताल भवनमा ३६ वटा भेन्टिलेटर, २१ वटा आईसीयू , ४७ वटा एचडीयूको व्यवस्था गरिएको थियो । यससँगै दक्षिणतर्फ रहेको अर्को भवनमा स्वीस सरकारले ९६ शैयाको बेग्लै अस्पताल भवन निर्माण गरेर आवश्यक उपकरण उपलब्ध गराएको थियो ।

स्वीस सरकारले भवन निर्माणबाहेक १ सय ५० सिलिन्डर क्षमताका दुईवटा अक्सिजन प्लान्ट, फोहोर व्यवस्थापन, २१ ओटा आइसीयू, ४७ ओटा एचडीयू, मर्चरी र दुईवटा वाटर ट्रिटमेन्ट प्लान्टको व्यवस्था पनि गरिदिएको थियो । गरेको थियो । यो सगै स्वीस सरकारले भवनमा २१ वटा आइसीयू र ४७ वटा एचडीयूको व्यवस्था गरिएको थियो ।

नागरिक केयर सेन्टरका अध्यक्ष पवन सारडासरकार परिवर्तनसंगै अस्पतालबाट प्रभावकारी सेवा प्रदान गर्न भन्दा पनि नाम परिवर्तन गर्ने दौडमा सरकार लागेको आरोप लगाउँछन् । राजनीतिक स्वार्थका कारण लाखौं रकम त सरकारले एउटै अस्पताल फरक नाममा उद्घाटन गर्दैमा सकेको भन्दै उनले राजस्वको दुरूपयोग भइरहेको बताए ।

## स्वास्थ्य संस्थालाई राजनीतिकरण गलत

जनस्वास्थ्य विज्ञहरू नयाँ मन्त्री आएपिच्छे नीति र प्राथमिकता परिवर्तन गरेर एकै ठाउँमा बर्षेनी नयाँ उपचार केन्द्र स्थापना हुनुलाई अस्थिर सरकार हुँदाको परिणाम भएको बताउँछन् । यसअघि एउटा रोगको उपचार भइरहेको ठाउँमा त्यसलाई अर्कोमा रूपान्तरण गर्नु गलत भएको उनीहरूको भनाइ छ । जनस्वास्थ्य विज्ञ डा. नवराज सुब्बासरूवा रोगको उपचार हुने गरी धेरै खर्च गरिसकेको अवस्थामा अर्को अस्पताल सञ्चालन गर्दा फेरि सरूवा रोगको प्रकोप फैलिएमा पुनः सञ्चालन गर्न समस्या हुने बताउँछन् ।


सरूवा रोगको प्रकोपको उच्च जोखिममा रहेको हाम्रोजस्तो देशमा सरकारी स्तरमा रहेको अस्पताललाई सोही रूपमा अध्यावधिक र संरक्षण गरेर राख्नुपर्ने आवश्यकता रहेको उनको बुझाइ छ । 'प्रकोप फैलिएको खण्डमा त्यस्तै संरचना पुनः बनाउन गाह्रो हुन्छ । जोगाएर राख्नुपर्ने बेलामा रूपान्तरण गर्नु जनस्वास्थ्यको दृष्टिकोणले बुद्धिमानी हैन' उनी भन्छन् ।

पहिले सर्ने रोगको उपचार गराउने गरी संरचना तयार गरेको ठाउँलाई नसर्ने रोगको उपचार केन्द्र बनाउँदा उपयुक्त नहुने उनको तर्क छ । अब नसर्ने रोगको उपचार हुन थालेपछि लाखौं रूपैयाँमा जोडिएका पहिलेका बेड के गरिन्छ भन्ने प्रश्न उठेको छ । 'हृदयरोग उपचार केन्द्र सञ्चालनसँगै अब एक बिरामीबाट अर्कोमा संक्रमण सर्न नदिने 'एन्टीप्रेसर' बेडको उपयोगिता सकियो । मुटु रोगका बिरामीको उपचार गराउँदा त्यस्ता बेड प्रयोगमा आउँदैनन्,' अस्पतालका एक कर्मचारी भन्छन् ।

# घाटा बजेटले थुप्रिदैं बक्यौता, नयाँ कार्यक्रम नै प्रभावित



चीना थापा




विराटनगर । विराटनगर महानगरपालिकाले चालु आर्थिक बर्ष २०८०/८१ मा ४ अर्ब ४७ करोड आठ लाख ४९ हजार आय व्ययसहितको बजेट ल्यायो । यो विवरण सार्वजनिक गर्दासम्म विराटनगर महानगरपालिकाको बजेट घाटा एक अर्ब बढी थियो । आन्तरिक ऋण लिने उद्देश्यले ठूलो आकारमा ल्याईएको बजेटको असर अहिलेसम्म परिरहेको छ । आर्थिक बर्ष २०७९/८० को निर्माणको मात्र ४७ रूपियाँ करोड दायित्व आएको थियो । त्यसैको असरले चालु आर्थिक वर्षमा नगर स्तरीय योजना नै राख्न नपाएको महानगरको आँकलन छ ।

केही आयोजनाका लागि आन्तरिक ऋण लिने उदेश्य भएपनि लिन नसक्नु र आन्तरिक अनुमानित आय पनि कम भएकाले विराटनगर महानगरपालिकाका कतिपय योजनाको भुक्तानी अझै हुन सकेको छैन । विराटनगर महानगरपालिका स्रोतका अनुसार आगामी आर्थिक बर्ष २०८१/८२ सम्म कुनै नयाँ योजना ल्याउन सक्ने अवस्थामा महानगर देखिएको छैन । पहिलाको घाटा बजेटको असर दोस्रो कार्यकालको अहिलेसम्म पनि परिरहेको छ । पछिल्लो २ बर्षमा विराटनगर महानगरपालिका घाटा मै चलेको छ । विराटनगर महानगरपालिकाका उपप्रमुख शिल्पा निराला कार्कीले यसअघि निर्वाचित भएर आएका नेतृत्वले ल्याएको बजेटबाट एक अर्ब बढी घाटा रहेकोमा त्यो तिर्दैमा यो दुई बर्षको अवधि बितेको बताईन् । 'सुरुमा आउँदा करिब एक अर्बको हाराहारीमा घाटा बजेट थियो', उनले भनिन्, 'हामीलाई त्यो तिर्नकोलागि पनि आन्तरिक आम्दानी नै प्रयोग गर्नुपर्ने भएकोले अहिले पनि त्यो तिर्ने क्रम सकिएको छैन ।' उपप्रमुख कार्कीका अनुसार पहिलादेखि नै घाटा बजेटको बक्यौता रहेको कारण नयाँ कार्यक्रमहरू ल्याउन सकिएको छैन । घाटा बजेटको असर आउने नयाँ कार्यक्रम आउन सकेको छैन भने पुराना योजनाको बक्यौता तिर्न नसक्दा महानगरको आलोचना हुँदै आएको छ । घाटा बजेट ल्याउँदा तत्कालिन मेयर भिम पराजुली र उपमेयर इन्दिरा कार्की रहेका थिए ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम महानगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरि उत्पादनशिल, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ ।

कोशी प्रदेशका कुनै पनि स्थानीय तहले आन्तरिक ऋण लिएको देखिँदैन । घाटा बजेट बनाउने, स्रोत संकलन हुन नसक्ने, ऋण पनि लिन नसक्दा घाटा बजेटको दर उच्च देखिन्छ । वित्त आयोगको प्रतिवेदन (२०७९) अनुसार कतिपय स्थानीय तहले आफ्नो बजेट

वक्तव्यमा केही आयोजनाका लागि कर्जा प्रवाह भएको उल्लेख गरे पनि त्यसलाई सहजीकरण गर्ने ऐन-नियम नहुँदा कुनै पनि पालिकाले आयोजनाकोलागि ऋण प्राप्त गर्न सकेका छैनन् ।

## प्रदेशमा पनि उस्तै

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा ४० अर्ब ८९ करोड ९९ लाखको बजेट ल्यायो । जसमा ५ अर्ब नेपाल सरकारसँग ऋण लिने अनुमानित बजेट प्रस्तुत गरेको थियो । तर कोशी प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्न सकेन ।

स्थानीय तह र प्रदेशमा स्रोत नपुगेपछि अनुदान वा ऋणको रूपमा संघीय सरकारसँग लिने गरि 'न्युन वित्त' राखिएको थियो । यो प्रचलन सबैतिर हुन्छ । संघीय सरकारले उपलब्ध गराउने अन्य कुनै अनुदानबाट काटिने गरि त्यसरी ऋण लिन सकिने व्यवस्था अनुसार संघीय सरकारबाट कोशी प्रदेश सरकारले ऋण लिने उल्लेख गरेको थियो । तर त्यो रकम पनि सरकारले लिएन । ऋण लिने भनिएपनि नलिँदा घाटा बजेट देखिने गरेको छ भने अरू आन्तरिक आम्दानी र राजश्व संकलनको बिवायको तादम्यता नमिल्दा सरकारका बजेटहरू घाटा देखिने गरेको कोशी प्रदेशका पूर्व आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले बताए ।

सामान्यतया सरकारले दुई किसिमले घाटा बजेट बनाउने गरेको छ । पहिलो, प्रदेशको स्रोत अनुमान बढाउने र अर्को नगद मौज्दात यति रकम रहन्छ भनेर अनुमान बढी गर्दा घाटा बजेट हुने गरेको देखिन्छ । यो क्रम संघीयता सुरू भएसँगै सुरु भएको हो । मौज्दात रहने रकमभन्दा धेरै अनुमान गर्यो भने पनि त्यो घाटाको रूपमा नै रहने गरेको छ ।

अहिले प्रदेशको सबैभन्दा ठूलो समस्या भनेको केन्द्रले बाँडफाड गरेर प्रदेशलाई उपलब्ध गराउने राजश्वको रकम हो । केन्द्रले जुन सिलिङ उपलब्ध गराएको हुन्छ त्यो रकम ७० देखि ८० प्रतिशतको हाराहारीमात्र आउने गरेको र बाँकी २० देखि २५ प्रतिशत त्यो राजश्व बाँडफाँडबाट घाटा हुँदै आएको आङ्बो बताउँछन् । 'प्रदेश र स्थानीय तहलाई सबैभन्दा बढी समस्या परेको संघले बाँडफाँड गर्ने राजश्वको अनुमानले पारेको छ, उनले भने, त्यो प्रस्तावित रकम प्रदेश र स्थानीय तहमा नआउँदा घाटा बढेको छ ।'

आन्तरिक राजश्व र नगद मौज्दात एकदमै न्युन घाटा हुने गरेको भएपनि राजश्व बाँडफाँडबाट आउने राजश्वको अनुमान भन्दा कम आउँदा प्रदेश र स्थानीय तह निरन्तर घाटामा जाँदै आएका छन् । संघले ठूलो मात्रामा राजश्वको अनुमान गर्ने, त्यही अनुसारको बाँडफाँडको प्रस्ताव गर्ने, त्यसैको आधारमा प्रदेश र स्थानीय तहले बजेट बनाउँदा अनुमान गरिए अनुसारको राजश्व संघले उठाएर पठाउन नसक्दा त्यहाँ घाटा भईरहेको उनको भनाई छ ।

जुन् हिसाबले संघीय सरकारको लक्ष्य अनुसार प्रदेशले बजेट बनाएको छ, त्यसको आधारमा झण्डै दुई अर्ब बजेट आउन नसक्ने अवस्था छ । प्रदेश र स्थानीयले कार्यक्रम सम्झौता गरिसकेको अवस्थामा भुक्तानी दिन नसक्दा त्यस्तो अवस्थामा पुँजीगत र विकास खर्चमा प्रत्यक्ष असर गर्ने उनको ठम्याई छ ।

वित्त आयोगले प्रदेश र स्थानीय सरकारका लागि आफ्नो स्रोतको कुल राजस्वको १२ प्रतिशत र सरकारको माथिल्लो तहबाट राजस्व बाँडफाँडको रूपमा प्राप्त हुने रकमको सिमा तोकेको छ । यी व्यवस्था भएपनि सरकारले आन्तरिक ऋण परिचालनलाई व्यवहारमा ल्याउन सकेका छैनन् । भाषामा ऋण दिने प्रावधान भनिए पनि यी कानुनी व्यवस्था प्रादेशिक र स्थानीय तहहरूले ऋण लिनै नसक्ने गरी नियन्त्रणकारी भएको सरोकारवालहरूले बताएका छन् ।

संघ सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग तोकेको सिमा भित्र बसेर ऋण लिईरहेको र प्रदेश र स्थानीय तहले ऋण लिन नसकेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालान्नद पौडेलले बताए । "पाँच बर्षसम्म ऋण सिफारिस गर्दा पनि ऋण लिन नसक्नुको पहिलो कारण भनेको स्थानीय र प्रदेश सरकारले ऋणहरू लिने प्रक्रियागत बन्दोबस्त संघीय कानुनबाट गर्दिनुपर्ने छ" उनले भने, "संघीय कानुन ल्याउनुपर्छ भनेर हाम्रो सिफारिसमा धेरै पटक भन्यौ । कानुन पनि आयो । तर त्यसलाई अझै पनि कतिपय प्रक्रियाहरू चाहिँ प्रत्यायोजित विधायन अधिकार संसदले नेपाल सरकारको क्याविनेटलाई प्रत्यायोजिन गरेर बनाउनुपर्ने नियम अहिलेसम्म नबनेका कारण ऋण लिन सकिरहेका छैनन् ।"

कानुन बनेपछि अर्थ मन्त्रालय अन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले पनि नियम नबन्दा काम गर्न गर्न नसक्दा पनि यस्तो समस्या देखिएको उनले बताए । यद्यपि कार्यालयको काम सुधार हुँदै गएकोले भविष्यमा यसको समाधान हुन सक्ने सम्भावना उनी देख्छन् ।

स्थानीय र प्रदेश सरकारले ऋण लिनुपूर्व नेपाल सरकारसँग स्वीकृति लिनुपर्ने व्यवस्था संघीय कानुनमा गरेको अवस्थालाई उनी तेस्रो कारणका रूपमा औंल्याउँछन् । "संघिय कानुन अनुसार प्रक्रिया पुर्याउनुपर्ने हुन्छ । तर, मूलत : ऋणपत्रहरू जारी गर्ने होकी, बैंकहरूसँग कसरी लिने त्यसको ग्यारेन्टीहरू संघमा कति हुन्छ, त्यसको प्रक्रियागत कुराहरू पनि प्रस्ट हुनुपर्ने देखिन्छ । त्यो कुरा प्रस्ट पार्नुपर्छ भनेर आयोगको तर्फबाट भनेका छौं । त्यो कुरा आयोगले तोक्ने हैन" उनले भने ।

आयोगले प्रदेश र स्थानीय सरकारले उठाएको राजस्व र संघ सरकारबाट राजस्व बाडफाँड भइजाने राजस्व समेत

गरेर त्यसको कूल योगफलको १२ प्रतिशत भित्र बसेर आन्तरिक ऋण बार्षिक हिसाबले उठाउन सकिने सीमा तोकिसकेको उनले जानकारी दिए ।़ यो कानुन कार्यान्वयनको लागि नियम नबनेकाले आगामी आर्थिक बर्ष पनि ऋण लिन सक्ने अवस्था आफूले नदेखेको उनले बताए ।

कोशी प्रदेश सरकारले पहिलो आर्थिक वर्ष २०७४/७५ मा कुनै पनि आन्तरिक राजस्वको लक्ष्य राखेको थिएन । दोस्रो आवमा २०७५/७६ मा ३५ अर्ब ९३ करोड ६० लाखको बजेट बनाएको प्रदेश सरकारले आन्तरिक राजस्वको लक्ष्य ३ अर्ब ६६ करोड ७८ लाख राखेको थियो ।

यस्तै आव २०७६/७७ मा ४२ अर्ब २० करोड ४ लाखको बजेट ल्याएको प्रदेश सरकारले आन्तरिक राजस्वको लक्ष्य भने ३ अर्ब ८६ करोड राख्यो । उक्त लक्ष्य बढाउँदै आव २०७७/७८ मा ४० अर्ब ८९ करोड ९९ लाखको बजेट ल्याएको प्रदेश सरकारले आन्तरिक राजस्वको स्रोतबाट ४ अर्ब ७५ करोड ७ लाख ४७ हजार असुल गर्ने जनाएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा अघिल्लो आर्थिक वर्षको भन्दा झन्डै ८ अर्ब कम ३२ अर्ब ४६ करोड ९२ लाखको बजेट ल्याएको प्रदेश सरकारले आन्तरिक राजस्वको स्रोतको अनुमानपनि केही कम गर्दै ४ अर्ब ९ करोड ७७ लाख उठाउने लक्ष्य राखेको थियो । यस्तै चालु आर्थिक वर्षमा प्रदेश सरकारले ३९ अर्ब ७३ करोड ८३ लाखको बजेट ल्याउँदा आन्तरिक राजश्वबाट ४ अर्ब ९८ करोड ४५ लाख प्राप्त हुने अनुमान गरेको छ ।

## लक्ष्य बढी, संकलन कम

चालु आर्थिक वर्षको बजेट बाहेकका सबै आर्थिक बर्षको बजेटबारे विश्लेषण गर्दै महालेखा परीक्षकको प्रतिवेदनमा जम्मा राजस्व लक्ष्य ७० अर्ब ५४ करोड २४ लाख ६३ हजार रहेकोमा ४९ अर्ब २५ करोड २२ लाख ७६ हजार संकलन भएको देखिएको छ ।

यो पाँच वर्षमा राजस्व असुली प्रतिशत औसत ६९.८१ प्रतिशत मात्रै छ । महालेखाले भनेको छ, 'राजस्व असुलीमा वृद्धि गर्न कानुनी तथा प्रशासनिक क्षेत्रमा सुधार गर्नुपर्दछ ।' महालेखाको प्रतिवेदनलाई आधार मान्ने हो भने पनि प्रदेश सरकारले राजश्व संकलनको अंक बढी राख्ने र संकलन कम हुँदा लक्ष्य बढी राखिएको देखिन्छ । बजेटमा बढी देखाउने कार्यान्वायन र भुक्तानीमा समस्या हुने प्रवृतिले विकास निर्माणसँगै भुक्तानीमा जटिलता देखिँदै आएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयमा मात्र ११ अर्ब बढी सम्झौता भएका र भुक्तानी गर्न सकेको देखिँदैन । अघिल्लो बर्ष यो संख्या १७ अर्बको हाराहारीमा रहेको थियो ।

# प्रदेशको औचित्य स्थापित गर्दै कोशी, पूर्वाधारमा उल्लेख्य लगानी, नतिजा सुखद्



चीना थापा




पाँच बर्षअघि विराटनगरबाट विराटचोकसम्मको २२ किलोमिटर यात्रा पूरा गर्न एक घण्टा बढी लाग्थ्यो । विराटनगरबाट दुहवी, इटहरी हुदै विराटचोक जानु पर्ने बाध्यता थियो । तर अहिले विराटनगरबाट विराटचोक निस्कन निजी सवारी साधन हुनेलाई बढीमा आधा घण्टा पर्याप्त हुन्छ ।

'घिनाघाट–विराटचोक सडक निर्माण भएपछि निकै सहज भएको छ, विराटनगरका राम सापकोटाको अनुभव छ 'पूर्वी क्षेत्रमा जागिर गर्नेहरू समयमा नै गन्तव्यमा पुग्छन् । जामको समस्या टरेको छ ।'

बिहान १० बजे कार्यालयमा पुग्न डेढ/दुई घण्टा अगाडि विराटनगरबाट निस्कनुपर्ने बाध्यता रहेकाहरूलाई अहिले सजिलो भएको छ । 'अहिले त आधा घण्टा अगाडि निस्कियो भने आनन्दले मोरङको पूर्वी क्षेत्र पुगिन्छ । पूर्वतिर जानको लागि पनि निकै सहज भएको छ', सापकोटाले भने ।

यात्राका लागि मा होइन उत्पादित कृषिवस्तु बजारसम्म ल्याउन पनि किसानहरूलाई यो सडकले सहज बनाएको छ । तीन चरणमा विभाजन गरी २०७६ सालदेखि निर्माण सुरू गरिएको यो सडक विराटनगर भित्रने तथा बाहिरिने वैकल्पिक सडकको रूपमा रहेको छ जुन् सडक कोशी प्रदेश सरकारको गौरवको आयोजना पनि हो ।


यो सडक विराटनगर प्रवेश गर्ने कोशी राजमार्गको विकल्पको रूपमा रहेको छ । प्रदेश सरकारको १ अर्ब ४० करोडको लगानी रहेको विराटचोक-घिनाघाट चार लेन सडक प्रदेशको पहिलो र नमुना सडक आयोजना हो ।

कोशी प्रदेश सरकारले विगत पाँच आर्थिक बर्षमा र चालु आर्थिक बर्षको दोस्रो चौमासिकसम्ममा ४७ वटा बहुबर्षीय सडक निर्माण सम्पन्न गरेको छ । यसबीचमा ४ सय किलोटिमर सडकको ट्रयाक खुला गरिएको पनि कोशी सरकारले जनाएको छ ।

कोशी प्रदेश सरकारले समीक्षा अवधिमा एक हजार ३८ किलोमिटर सडक मर्मत गरेको छ भने एक हजार २२८ किलोमिटर सडक ग्राभेल गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ । त्यस्तै एक हजार १३२ किलोमिटर कच्ची सडक निर्माण गरेको र १७ किलोमिटर सडक आरसीसी/पीसिसि गरिएको भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी आयुष जोशीले जानकारी दिए । यसबीचमै ४३ किलोमिटर सडक सोलिङ्ग गरिएको र पाँच सय ९ किलोमिटर सडक कालोपत्रे गरिएको मन्त्रालयले जनाएको छ ।

## कुन जिल्लामा कस्ता योजना ?

सरकारले चालु आर्थिक बर्षको दोस्रो चौमासिक सम्ममा




एक सय ६४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको छ भने ९६ ओटा  वटा मोटरेबल पुल निर्माण सम्पन्न गरेको सूचना अधिकारी जोशीले जानकारी दिए ।

उनका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले कोशी प्रदेशका १४ जिल्ला हेर्ने गरी ७ वटा पूर्वाधार विकास कार्यालय मार्फत काम गरिरहेको छ । जसमा पूर्वाधार विकास कार्यालय, मोरङ अन्तर्गत २४ वटा बहुबर्षीय सडक र ७ वटा बहुबर्षिय पुल निर्माणाधिन अवस्थामा रहेका छन् ।

त्यस्तै पूर्वाधार विकास कार्यालय, झापा अन्तर्गत १८ वटा बहुबर्षिय सडक र १७ वटा लबहुबर्षिय पुल निर्माणाधिन अवस्थामा रहेका छन् भने पूर्वाधार विकास कार्यालय, पाँचथर अन्तर्गत सात वटा बहुबर्षिय सडक र पाँच वटा बहुबर्षिय पुल निर्माणाधिन अवस्थामा छन् ।

त्यसैगरी पूर्वाधार विकास कार्यालय, संखुवासभा अन्तर्गत चार वटा बहुबर्षिय सडक र चार वटा पुल निर्माणधिन अवस्थामा छन् भने पूर्वाधार विकास कार्यालय, भोजपुर अन्तर्गत नौ वटा बहुबर्षिय सडक र नौ वटा बहुबर्षिय पुल निर्माणाधिन अवस्थामा छन् । पूर्वाधार विकास कार्यालय, उदयपुर अन्तर्गत चार वटा बहुबर्षिय सडक र चार वटा बहुबर्षिय पुल निर्माणाधिन अवस्थामा छन् । पूर्वाधार विकास कार्यालय, ओखलढुंगा अन्तर्गत छ वटा बहुबर्षिय सडक र सात वटा बहुबर्षिय पुल निर्माणाधिन अवस्थामा छन् ।

## प्रदेशको प्रहरी पूर्वाधार

कोशी प्रदेश सरकारले विगत पाँच आर्थिक बर्ष र चालु आर्थिक बर्षको दोस्रो चौमासिक सम्ममा १३ वटा प्रहरी भवन निर्माण सम्पन्न गरेको छ । संघीय सरकारको मातहतमा रहेको प्रहरीलाई प्रदेश सरकारले पूर्वाधारमा राम्रो लगानी गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरिक्षक चन्द्र कुबेर खापुङ्गले प्रदेश सरकारको लगानीले प्रहरीको काम कारवाहीमा निकै सघाउ पुगेको बताए ।

'प्रदेश सरकारले स्थानीय तथा संघीय सरकारको पुलको काम गर्ने पनि हो । प्रहरी औपचारिक रूपमा समायोजन नभईसकेको भएपनि काम त प्रदेशमा नै बसेर गरिरहेको छ', उनले भने, 'प्रदेश प्रहरी कार्यालयको भवन पनि प्रदेश सरकारको नै लगानीमा बनेको हो । यसले अहिले हामीले काम गर्न सहज भएको छ । भवन निर्माणसँगै मर्मतको लागि पनि सरकारले निकै सहयोग गरेको छ ।'

**कोशी प्रदेश सरकारको आवास ,भवन तथा सहरी विकास तर्फको भौतिक प्रगति**

| | निर्माण सम्पन्न | निर्माणाधिन संख्या |
|---|---|---|
| सामुदायिक भवन/ सभाहल निर्माण | 12 | 163 |
| सरकारी भवन निर्माण | 9 | 21 |
| खेलकुद पूर्वाधार निर्माण | 3 | 8 |
| एकीकृत वस्ती विकास | 5 | 13 |
| जनता आवास कार्यक्रम | 276 | 982 |
| सहरी सडक (ढलान) | 8.83 | 13.67 |
| सहरी सडक (कालोपत्रे) | 2.5 | 2 |
| पार्क निर्माण | 6 | 9 |
| बसपार्क निर्माण | 3 | 4 |
| गेट /भ्युटावर निर्माण | 2 | 3 |
| प्रहरी भवन निर्माण | 13 | 0 |
| अन्य पूर्वाधार निर्माण | 10 | 38 |
| अस्पताल भवन | 0 | 4 |


Chart: मीना थापा • Source: भौतिक पूर्वाधार विकास मन्त्रालय • Created with Datawrapper

सरकारले प्रहरी बाहेक १२ वटा सामुदायिक भवन र सभाहल  निर्माण सम्पन्न गरेको छ भने १६३ वटा सामुदायिक भवन निर्माणाधिन अवस्थामा रहेका छन् । नौ वटा सहकारी भवन निर्माण सम्पन्न भएका छन् भने २१ वटा सरकारी भवन निर्माणाधिन अवस्थामा छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले दिएको जानकारी अनुसार चार वटा अस्पताल भवन निर्माणाधिन अवस्थामा रहेका छन । तीन वटा खेलकुद पूर्वाधार निर्माण सम्पन्न भएको छ भने आठ वटा खेलकुद पुर्वाधार निर्माणाधिन अवस्थामा छन् । त्यस्तै एकीकृत बस्ती विकास अन्तर्गत पाँच वटा निर्माण सम्पन्न भएको  छ ।  १३ वटा निर्माणाधिन अवस्थामा  छन्  ।

जनता आवास कार्यक्रम अन्तर्गत २७६ वटा घर निर्माण सम्पन्न भएका छन् भने ९८२ वटा निर्माणाधिन अवस्थामा रहेका छन् ।  कोशी प्रदेशमा तीन वटा बसपार्क निर्माण सम्पन्न भएको छ भने ४ वटा बसपार्क निर्माणाधिन अवस्थामा रहेको छ । दुई वटा प्रवेशद्वार तथा भ्युटावर निर्माण सम्पन्न भएको छ भने तीन ओटा वटा निर्माणाधिन अवस्थामा रहेको छ । अन्य पुर्वाधार निर्माणमा दश ओटा परियोजना सम्पन्न भइसकेको छ भने ३८ वटा निर्माणाधिन अवस्थामा छन् । छ वटा पार्क निर्माण सम्पन्न भएको र नौ वटा पार्क निर्माणाधिन अवस्थामा रहेको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिए ।

**भौतिक पूर्वाधार विकास मन्त्रालयको सात आर्थिक बर्षको विनियोजन बजेट तथा खर्चको अवस्था**

चालु आर्थिक बर्ष २०८०/०८१ को तेस्रो चौमासिक सम्मको मात्र खर्चको विवरण तथ्यांकमा देखाईएको छ ।




Source: भौतिक पूर्वाधार विकास मन्त्रालय

## वित्तीय प्रगति सुधारोन्मुख

भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी आर्थिक बर्ष २०७८/०७९ मा वित्तिय प्रगति गरेको छ । ९ अर्ब ८६ करोड विनियोजित बजेट रहेकोमा ९ अर्ब १९ करोड बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ । जसमा ९३.२ प्रतिशत वित्तिय प्रगति हासिल गरेको छ ।

मन्त्रालयले आर्थिक बर्ष २०७४/०७५ मा २ अर्ब ६४ करोड बजेट विनियोजन रहेकोमा १ अर्ब ६५ करोड खर्च गरेको थियो । अर्थात् ६२.५ प्रतिशत वित्तिय प्रगति गरेको थियो । यो आर्थिक बर्षमा सबैभन्दा कम वित्तिय प्रगति भएको बर्ष पनि हो ।

त्यसैगरी आर्थिक बर्ष २०७५/०७६ मा ६ अर्ब ९७ करोड बजेट विनियोजन रहेको मन्त्रालयले ५ अर्ब ६ करोड बजेट खर्च गरेको थियो । जसमा ७२.६ प्रतिशत वित्तिय प्रगति गरेको थियो ।

आर्थिक बर्ष २०७६/०७७ मा २२ अर्ब ११ करोड बजेट विनियोजन रहेको मन्त्रालयले १६ अर्ब ४६ करोड बजेट खर्च गरेको थियो । सो आर्थिक बर्षमा ७४.४५ प्रतिशत वित्तिय प्रगति हासिल गरेको मन्त्रालयले जनाएको छ । आर्थिक बर्ष २०७७/०७८ मा ११ अर्ब ९ करोड बजेट विनियोजन रहेकोमा ७ अर्ब ३६ करोड मात्र खर्च गरेको थियो । जसमा वित्तीय प्रगति ६६.३७ प्रतिशत मात्र रहेको छ ।

आर्थिक बर्ष २०७९/०८० मा १० अर्ब २६ करोड बजेट विनियोजन रहेको भौतिक विकास मन्त्रालयले ८ अर्ब ७९ करोड बजेट खर्च गरेको थियो । जसमा ८५.७० प्रतिशत वित्तिय प्रगति प्राप्त गरेको थियो । चालु आर्थिक बर्ष २०८०/०८१का लागि १२ अर्ब ६५ करोड बजेट विनियोजन रहेको मन्त्रालयले तेस्रो त्रैमासिक सम्ममा ३ अर्ब ९३ करोड खर्च गरिसकेको छ । जसमा वित्तिय प्रगति ३१.०६ प्रतिशत रहेको छ । आर्थिक बर्षमको अन्त्यसम्ममा बढ्ने छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की प्रदेशको संरचना बनेसँगै प्रदेश सरकारले भौतिक पूर्वाधार विकासको क्षेत्रमा उल्लेख्य काम गरेको बताउँछन् । "प्रदेशको आयस्रोतले भ्याएसम्म काम गरिरहेका छौं, उनले भने, "सिमित स्रोत साधन र आम्दानी हुँदाहुँदै पनिसरकारले अघि बढाएका योजना कि त सम्पन्न भईसकेका छन् । कि त सम्पन्न हुने चरणमा छन् । अलपत्र भने छैनन् ।"

प्रदेश सरकारको औचित्य नभएको हल्लाहरू चलाई रहँदा बढीरहँदा भौतिक विकास निर्माणले यो भ्रमलाई चिर्ने प्रयास गरेको छ । स्थानीय तह र संघीय सरकारबीचको पुलको काम गरिरहेको प्रदेश सरकारले आफ्नो मातहतमा आईनसकेको प्रहरीमा पनि धेरै लगानी गरेको मुख्यमन्त्री कार्कीले बताए ।

संघियता लागु भएसँगै स–साना आयोजनाका लागि केन्द्रिय सरकार गुहार्नुपर्ने बाध्यता हटेको छ । भौतिक निर्माणको क्षेत्रमा कोशी प्रदेश सरकार अब्बल देखिएको छ । प्रदेशको आवश्यकतालाई मध्यनजर गर्दै आवश्यकता अनुसारको लगानीमा अझ ध्यान दिन सके धेरै काम हुन सक्छ । नेताको स्वार्थभन्दा माथि उठेर जनताको समस्यामा ध्यान दिन सके प्रदेश सरकारको औचित्य पुष्टि हुन धेरै समय कुर्नु पर्ने अबस्था छैन ।

# लैङ्गिक उत्तरदायी बजेट :
# महानगर सबल, प्रदेश कमजोर





**चीना थापा**

विराटनगर । विराटनगर महानगरपालिकाले आर्थिक बर्ष २०७९/०८० मा महिलाको क्षमाता विकासको लागि १९ लाख ५० हजार बजेट विनियोजन गरेकोमा १७ लाख १९ हजार ७९९ रूपैया खर्च गर्यो ।

महिला जनप्रतिनिधिहरूको लागि लैङ्गिक हिंसा जनप्रतिनिधिको भूमिका स्थानीय सरकार सञ्चालन ऐन नेतृत्व विकास क्षमता विकास तालिम, ओसिएसी व्यवस्थापन सहयोग, पिछडिएका समुदायका महिला सचेतनाजस्ता कार्यक्रम महानगरको प्राथमिकतामा परे । यसबाहेक महानगरले एकल महिला लक्षित कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) र लैङ्गिक उत्तरदायी बजेट (जिआरबी) सम्वन्धि अभिमुखिकरण, सिमा क्षेत्र तथा प्रभावित क्षेत्रमा मानव बेचविखन तथा ओसार पसार र हिंसा प्रभावितहरूको सहयोगको लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना लगायतमा खर्च गरेको छ ।

त्यस्तै आर्थिक बर्ष २०८०/०८१ मा ५७ लाख ४ हजार बजेट महिला लक्षित कार्यक्रमका लागि विनियोजन गरेकोमा ५३ लाख ५१ हजार ७५ रूपैया खर्च गरेको महानगरको तथ्यांकमा छ । महानगरले उक्त रकम दिवसीय कार्यक्रम, जेण्डर अडिट, सिमा क्षेत्रमा मानवबेचबिखन सचेतना कार्यक्रम, लैङ्गिक हिंसा रोकथामका लागि परिवार

सम्वाद कार्यक्रममा पनि खर्च गरेको छ। लैङ्गिक समानता नीति निर्माण, ओसीएमसी व्यवस्थापन, पिछडिएका समुदायका महिलाहरूको सशक्तिकरणका लागि सचेतना कार्यक्रम, लैङ्गिक हिंसा निवारण कोषको निरन्तरता, घटना व्यवस्थापन सम्वन्धि समाजसेवी तथा प्रशिक्षण एवं अभिमुखिकरण कार्यक्रम र किशोरीहरूको लागि आत्मरक्षा कार्यक्रम लगायतका कार्यक्रममा बजेट खर्च गरेको छ ।

महानगरले उक्त आर्थिक बर्षमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य योजनाका लागि ४५ लाख ७४ हजार बजेट विनियोजन गरेको थियो। जसमा ३० लाख २० हजार ७८६ रूपैया खर्च गरेको छ। विराटनगर महानगरको १, ६, १२, १४ र १५ वडामा विगत ३ वर्षदेखि परियोजना सञ्चालन भइरहेको महानगरको महिला तथा बालबालिका शाखाकी प्रमुख मञ्जु लोहनीले जानकारी दिइन्। उनका अनुसार यस परियोजना मार्फत वडाहरूमा लैङ्गक हिंसा पिडितहरूको अवस्था घर दैलोमा गई खोजी कार्य गरी महिलाहरूलाई लैंङ्गिक हिंसाको बारेमा मनोशिक्षा र सचेतना कार्यक्रमका साथै लैङ्गिक हिंसा पिडितको अवस्था हेरी कानुनी सल्लाह दिने गरिएको छ । आवश्यकता अनुसार सहयोगका लागि न्यायिक समिति, प्रहरी कार्यालय, वडा कार्यालय, एकद्धार संकट व्यवस्थापन केन्द्र (ओ.सि.एम.सी.) सुरक्षित आवास गृहका साथै मनोसामाजिक परामर्शमा सहयोग गर्ने गरेको छ ।

विराटनगर महानगरपालिकाले महिला लक्षित कार्यक्रमको लागि मात्र आर्थिक बर्ष २०७४/०७५ मा २४ लाख ७३ हजार २ सय रूपैया बजेट निवियोजन गरेको थियो भने आर्थिक बर्ष २०७५/०७६ मा २२ लाख विनियोजन गरेको देखिन्छ । यस्तै आर्थिक बर्ष २०७६/०७७ मा १८ लाख बजेट विनियोजन गरेको महानगरले आर्थिक बर्ष २०७७/०७८ मा १९ लाख ५० हजार बजेट विनियोजन गरेको थियो । आर्थिक बर्ष २०७८/०७९ मा १० लाख बजेट विनियोजन गरेको थियो। यो पाँच आर्थिक बर्षमा विनियोजित बजेट कति खर्च भयो भन्ने तथ्यांक महानगरसँग छैन।

महानगरकी सूचना अधिकारी अनिता न्यौपानेले कतिपय कार्यक्रमहरू एकै खालको भएको बताउँदै महिलाको कार्यक्रमको बजेट प्राय सबै खर्च हुने गरेको बताईन्। महानगरको समग्र प्रगति प्रतिवेदन आईसकेपछि अन्यको छुट्टै राख्न सक्ने व्यवस्था नभएका कारण पनि अगाडिका आर्थिक बर्षको खर्चको विवरण उपलब्ध गराउन नसकेको बताईन । महिला लक्षित धेरै कार्यक्रम वडा तहबाट पनि हुने भएकाले महिलाको क्षेत्रमा कति खर्च भयो यकिन तथ्यांक नभएको उनले बताईन । "समग्रमा महिलाको क्षेत्रमा धेरै रकम खर्च भएको छ " उनले भनिन् ।

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदनका अनुसार लैङ्गिक उत्तरदायित्व बजेट निर्माण तथा खर्चमा विराटनगर महानगरपालिका कोशी प्रदेशकै अग्रस्थानमा रहेको छ ।

## कमजोर कोशी

कोशी प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित ९ वटा मन्त्रालय छन् । जसमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालयले महिला लक्षित बजेट विनियोजन गरेका हुन्छन् । यी मन्त्रालयहरूमा पनि महिलाको लागि कति रकम छुट्याईयो, कहाँ कहाँ खर्च भयो भन्ने यकिन तथ्यांक देखिँदैन ।

सामाजिक विकास मन्त्रालयले दिएको जानकारी अनुसार, आर्थिक बर्ष २०८०/०८१ मा महिलाका लागि मात्र विनियोजन गरेको बजेट १ करोड १४ लाखमा ८६ लाख ४८ हजार ९३७ रूपैया खर्च भएको छ । आर्थिक बर्ष २०७९/०८० मा सामाजिक विकास मन्त्रालयले १ करोड ९० लाख ५० हजार बजेट विनियोजन गरेको थियो । जसमा केही कार्यक्रम संघीय सरकारको अनुदानमा पनि सञ्चालन भएको थियो ।

मन्त्रालयले दिएको जानकारी अनुसार उक्त बजेट कोशी प्रदेशका पत्रकार महिलाका लागि लेखनवृत्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायका व्यक्तिहरूलाई सीपमूलक तालिम सञ्चालन र व्यवसाय सञ्चालन अनुदान, स्थानीय तहहरूको साझेदारीतामा एकल महिला समूहलाई उद्यमशिलता व्यवसाय तालिममा खर्च गरेको छ । व्यवसाय सञ्चालन अनुदान, स्थानीय तहमा विपन्न दलित, आदिवासी र सीमान्कृत महिलाहरूका लागि आर्थिक आत्मानिर्भर कार्यक्रम (स्थानीय तहहरूको साझेदारीमा), अन्तराष्ट्रिय महिला दिवस लगायत विभिन्न दिवसीय कार्यक्रम पनि भएका छन् ।

स्थानीय तह तथा सुरक्षा निकायसँगको समन्वयमा लैङ्गिक हिंसा विरूद्धको सचेतना कार्यक्रम, सामाजिक विकास संस्थाहरूसँगको साझेदारितामा लैङ्गिक अभियान तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम कार्यान्वयन भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । सामाजिक विकास संस्थाहरू र तालिम प्रदायक निकायहरूको लागत साझेरीमा कार्यक्रम सञ्चालन, संसदीय पत्रकार महिलाहरूको लागि क्षमता अभिवृत्ति कार्यक्रम, स्वरोजगार मूलक कार्यक्रम सञ्चालन, प्रदेशस्तरीय दलित समूदायका संस्थाहरू मार्फत जातीय विभेद तथा छुवाछुत विरूद्ध अभियान सञ्चालन, उत्कृष्ट महिला उद्यमीलाई प्रोत्साहन तथा सहयोग कार्यक्रम अन्तर्गत सम्मान लगायतका कार्यक्रम सञ्चालन गरेको तथ्यंकमा देखिन्छ ।

संघीय सरकारको अनुदानमा राष्ट्रपति महिला उद्यमी टेवा पुँजी तथा प्रविधि सहयोग कार्यक्रम पनि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले सञ्चालन गरिरहेको छ ।

सामाजिक विकास मन्त्रालयका

सूचना अधिकारी प्रदिप गौतमका अनुसार सामाजिक विकास मन्त्रालयले चार आर्थिक बर्षमा महिलाका क्षेत्रमा गरेको खर्च यकिन छैन । 'हामीसँग दुई आर्थिक बर्षको मात्र तथ्यांक छ, उनले भने, समग्रमा मन्त्रालयको प्रगति प्रतिवेदन बनाईसकेपछि छुट्टाछुट्टै विवरण राख्ने गरिएको छैन ।' छुट्टा छुट्टै विवरण राख्न सफ्टवेयर पनि नभएकाले विवरण राख्न समस्या भएको बताए ।

## प्रत्यक्षमा न्यून बजेट

कोशी प्रदेश सरकारको लैङ्गिक उत्तरदायी बजेटको बारेमा अध्ययन अनुसन्धान गरेका पूर्व प्रमुख सूचना आयुक्त एवं नेपाल सरकारका पूर्व सचिव कृष्णहरि बाँस्कोटाले तयार पारेको प्रतिवेदनमा कोशी प्रदेश सरकारको आर्थिक बर्ष २०७७/०७८ मा प्रत्यक्ष लाभको बजेट १४.३२ प्रतिशत मात्र देखिन्छ । अप्रत्यक्ष लाभको बजेट ६१.१८ प्रतिशत रहेको थियो । तटस्थ बजेट २४.५० प्रतिशत रहेको थियो ।

त्यस्तै आर्थिक बर्ष २०७८/०७९ मा प्रत्यक्ष लाभको बजेट, अप्रत्यक्ष लाभको बजेट र तटस्थ बजेट शुन्य थियो भने आर्थिक बर्ष २०७९/०८० मा प्रत्यक्ष लाभको बजेट ४०.६४ प्रतिशत र अप्रत्यक्ष लाभको बजेट ४५.५६ प्रतिशत तथ्यांकमा देखिन्छ । तटस्थ बजेट १३.८० प्रतिशत रहेको थियो । त्यसैगरी आर्थिक बर्ष २०८०/०८१ म प्रत्यक्ष लाभको बजेट ३१.१० प्रतिशत रहेको थियो भने अप्रत्यक्ष लाभको बजेट ५५.५५ प्रतिशत रहेको थियो । तटस्थ बजेट १३.३५ प्रतिशत रहेको थियो । चालु आर्थिक बर्ष अर्थात आर्थिक बर्ष २०८१/०८२ का लागि प्रत्यक्ष लाभको बजेट २७.२८ प्रतिशत रहेको छ भने अप्रत्यक्ष लाभको बजेट ६८.६९ प्रतिशत रहेको छ ।

बाँस्कोटाका अनुसार महिलाको क्षमता अभिबृद्धि (अंकभार २०), महिलाको योजना तर्जमा र कार्यान्वयनमा सहभागिता (अंकभार २०) , लाभको बाँडफाँडमा महिलाको हिस्सा (अंकभार ३०), महिलाको रोजगार/आय अभिवृद्धिमा सहयोग (अंकभार २०) र महिलाको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा कमी ल्याउने (अंकभार १०) लैङ्गिक उत्तरदायी बजेटका सूचकहरू हुन् । यही सूचक अनुसार सरकारले बजेटको बर्गीकरण गर्नुपर्ने हुन्छ । जसमा महिलालाई ५० प्रतिशत भन्दा बढी लाभ पुग्ने क्रियाकलापलाई प्रत्यक्ष लाभ मानिन्छ भने महिलालाई २० देखि ५० प्रतिशतसम्म लाभ पुग्ने क्रियाकलाप अप्रत्यक्ष लाभ मानिन्छ । महिलालाई २० प्रतिशत भन्दा न्युन लाभ पुग्यो भने तटस्थ मानिन्छ ।

सुरुमा स्थायी सरकार हुँदा लैङ्गिक उत्तरदायी बजेट आईरहेको कोशी प्रदेशमा सरकार परिवर्तन भईरहने खेलसँगै यसमा पनि असर पुगेको बाँस्कोटाले बताए । सरकार परिवर्तनसँगै लैङ्गिक उत्तरदायी बजेट बनाउन कोशी प्रदेश सरकार चुकेको बताए ।उनले कोशी प्रदेश सरकारले लैङ्गि उत्तरदायी बजेट घटाउँदै लगेको समेत बताए ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बजेटलाई लयमा ल्याउने प्रयास भईरहेको बताए । उनले २०७८ सालदेखि नै प्रदेश सरकारको बजेट बिग्रिएको बताए । "प्रदेशको बजेटलाई सन्तुलनमा ल्याउने काम भईरहेको छ", उनले भने, "अबको दुई बर्षसम्ममा बजेट सन्तुलनमा आउँछ । प्रदेश सरकार लैङ्गिक उत्तरदायी बजेटमा प्रतिबद्ध रहेको छ । बजेटलाई पुनरावलोकन गरेर भएपनि हामी लैङ्गिक उत्तरदायी बजेट बनाउँछौं ।"

२०७८ सालको जनगणना अनुसार कोशी प्रदेशमा ४९ लाख ७२ हजार ०२१ जनसंख्या रहेकोमा महिलाको संख्या २५ लाख ४४ हजार ०८५ अर्थात ५१.२८ प्रतिशत रहेको छ । कोशी प्रदेशको प्रथम आवधिक योजना २०७६/७७–२०८०/८१ ले लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै महिला विकास सूचकांकमा सुधार गर्ने लक्ष्य लिएको थियो । जसका लागि महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण गर्ने, लैङ्गिकतामा आधारित हिंसा न्युनिकरण गर्ने र निर्णायक तहमा महिलाको समानुपातिक अवसरको सिर्जना गर्ने उदेश्य रहेको छ । उल्लिखित लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार र कोशी प्रदेशका १३७ वटै स्थानीय तहले लैङ्गिक उत्तरदायी बजेट निर्माणमा ध्यान दिन जरूरी दिएको भने देखिएन ।

# आन्तरिक स्रोत पहिचानमै अलमलियो कोशी

विराटनगर, २१ पौष । प्रदेश सरकार गठन भएपछिको सात वर्षसम्म पनि प्रदेश सरकारले लक्ष्यअनुसार आन्तरिक आम्दानी हासिल गर्न सकेको छैन । सरकारले निर्धारण गरेकै आन्तरिक राजश्व आयको लक्ष्य प्राप्ती नहुँदा सरकारलाई स्रोतको चाप बढ्दै गइरहेको छ ।

कोशी प्रदेशको पछिल्ला पाँच वर्षको तथ्याङ्क अनुसार प्रदेश सरकारले १६ अर्ब ५२ करोड २० लाख रूपैयाँमात्र आन्तरिक आम्दानी गरेको छ । तर, प्रदेश सरकारले सो अवधिमा २१ अर्ब ८५ करोड ८४ लाख राजश्व आयको लक्ष्य निर्धारण गरेको थियो ।

कोशी प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक बर्ष २०७६/०७७ मा तीन अर्ब ६६ करोड ७८ लाख राजश्व संकलन गर्ने लक्ष्य राखेको प्रदेश सरकारले २ अर्ब २८ करोड १ लाख रूपैया मात्र संकलन गरेको थियो । त्यसैगरी आव २०७७/०७८ मा ३ अर्ब ८४ करोड ९९ लाख राजश्व संकलन गर्ने लक्ष्य राखेकोमा सरकारले २ अर्ब ७६ करोड ३३ लाख राजश्व संकलन गरेको थियो ।

कार्यालयका अनुशार आव २०७८/०७९ मा ४ अर्ब ७५ करोड ७ लाख रूपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा ३ अर्व ४९ करोड ६९ लाख रूपैयाँ मात्र संकलन भएको छ ।

त्यस्तै आव २०७९/८० मा ४ अर्ब ९८ लाख रूपैयाँ लक्ष्य अनुमान गरिएकोमा ३ अर्ब ८१ करोड ६३ लाख संकलन भएको थियो । गत आवमा भने प्रदेश सरकारले लक्ष्यको धेरै नजिक आन्तरिक राजस्व संकलन गरेको देखिन्छ । कार्यालयका अनुसार गत आका लागि उक्त शीर्षकमा ४ अर्ब ५७ करोड ७८ लाख आन्तरिक राजश्व उठाउने लक्ष्य राखेकोमा ४ अर्ब १६ करोड ५४ लाख रूपैयाँ राजश्व संकलन भएको छ ।



जुनु भट्टराई

प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका राजश्व ब्यवस्थापन शाखाकी शाखा अधिकृत पुष्पलत्ता उप्रेती विगतका वर्ष प्रदेशमा राजस्वको अधिकार प्रक्षेपण गर्ने 'टुल्स' नभएकाले लक्ष्यको तुलनामा कम असुल भएपनि प्रदेशको राजस्वको श्रोत, करको दायरा र राजस्वका अधिकारका क्षेत्रलाई सन्तोषजनक मान्नुपर्ने बताउँछिन् ।

कृषिमा राम्रो सम्भावना बोकेको कोशी प्रदेशले कृषिमा लगाइने करको बारेमा स्प्रष्ट निति नबन्नाले कृषिबाट राम्रो कर संकलन गर्न नसकेको सरकारी अधिकारीहरू बताउछन् । बिगत ३ बर्षअघि मात्र कृषिमा कर लगाउन सक्ने निति बनेपछि भने कृषि ज्ञान केन्द्रले कृषि आयकर संकलन गर्दै आएको छ । कृषि करबाट प्रदेश सरकारले हालसम्म १ लाख २० हजार मात्र राजश्व संकलन भएको लेखा परिक्षक कार्यलका सुचना अधिकारी ऋषिकुमार खनालले जानकारी दिए ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव शंकर नेपाल कृषि क्षेत्रमा कस्तो कृषिलाई व्यावसायिक कर लगाउने, कस्तालाई कृषि आयकर लगाउने भन्ने स्पष्ट निती नभएका कारण प्रदेश सरकारले कृषिबाट सोचेजस्तो राजश्व संकलन गर्न नसकेको बताउँछन् । उनले कृषि आयमा प्रदेश सरकारले कुनै कर संकलन नगरेकाले पनि आयको स्रोत खुम्चिन गएको बताए ।

आन्तरिक आम्दानी वृद्धि गर्ने लक्ष्य तोकिए पनि त्यसलाई पूरा गर्न असफल भएको स्वीकार गर्दै उनले भने "हामी यस आर्थिक वर्षमा नीति र योजना सुधारमा ध्यान केन्द्रित गर्दैछौ । डिजिटल राजस्व प्रणाली लागू गर्ने र कर संकलनको निगरानी सुधार गर्ने कामलाई प्राथमिकता दिएको उनले बताए ।

## मुख्य स्रोत सवारी कर

प्रदेश सरकारको आन्तरिक आम्दानीको मुख्य आम्दानीको क्षेत्र सवारी कर बापतको राजस्व देखिएको छ । एकल कर प्रशासन अन्तर्गत सवारी साधन करको

दर संकलनको कार्य प्रदेश सरकारले गर्छ । यसरी संकलित कर रकमको ६० प्रतिशतले हुने रकम प्रदेश सरकार र ४० प्रतिशतले हुने रकम स्थानिय सरकारलाई बाँडफाँड हुने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा छ ।

## पर्यटन र पदयात्राबाट शुन्य

विगत तीन आर्थिक बर्षसम्म प्रदेश सरकारले हरेक वर्ष पर्यटनबाट १० लाख राजश्व संकलन गर्ने लक्ष्य राखेपनि पर्यटनबाट कुनै राजस्व संकलन हुन सकेको छैन ।

कोशी प्रदेशको पर्यटन क्षेत्रलाई समृद्धि र विकासको एक प्रमुख आधार बनाउने सरकारी घोषणा गरिएको लामो समय भइसक्दा पनि यस क्षेत्रबाट अपेक्षित राजश्व उठाउन सकेको छैन । प्रदेश सरकारका अनुसार, पर्यटकीय संरचनाको अभाव, समन्वयको कमजोरी, र ठोस नीति तथा कार्यान्वयनको अभावले यस क्षेत्रमा सकारात्मक नतिजा दिन नसकेको हो ।

पूर्व पर्यटन मन्त्री समेत बनिसकेका जिवन आचार्य सरकारको प्राथमिकतामा पर्यटन क्षेत्रको दीर्घकालीन योजना नपर्नु नै प्रमुख चुनौती रहेको बताउँछन् । उनी भन्छन् "हामीसँग प्रचुर सम्भावना छ, तर तिनलाई व्यवस्थित गर्ने ठोस कार्यनीति र प्रतिबद्धता सरकारमा नदेखिएका कारण पर्यटनबाट आन्तरिक आम्दानी बढाउन नसकिएको हो ।'

पर्यटन व्यवसायी भने कोशी प्रदेशले पर्यटनको लागि डिजिटल प्रणालीमार्फत अनुमति दिने प्रक्रिया सुरू गरेर राजस्वको आधार बढाउन सक्ने बताउँछन् ।

प्रदेश सरकारले एकीकृत रणनीति अपनाएर पदयात्रा मार्गहरूको व्यवस्थापन, विज्ञापन, र पर्यटकलाई आकर्षित गर्न सफल हुन सके दीगो रूपमा राजस्व प्राप्त गर्न सक्ने मोरङका पर्यटन व्यवसायी पुन्य भट्टराई बताउँछन् ।

## समन्वय जरुरी

संविधानले दिएको अधिकार अनुसार प्रदेश सरकार र स्थानिय तह दुवैको हिस्सामा पर्ने राजश्व सम्बन्धमा समन्वय नहुँदा दुवैको राजस्वको हिस्सा अपेक्षित रूपमा संकलन हुन सकेको छैन ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ऋषि कुमार खनाल स्थानिय सरकारले जति संकलित राजश्व बुझायो त्यहिं नै आधिकारिक भएको र त्यसको अनुमगन गर्ने कुनै निकाय नभएको बताउँछन् ।

# गैरकानुनी कर असुल्दै प्रदेश र स्थानीय सरकार



जुनु भट्टराई

विराटनगर । सरकारले पटके सवारी कर रोक्न ७७ वटै जिल्लालाई निर्देशन दिएपनि कोशी प्रदेशका ठाउँठाउँमा ढाट राखेर पटके कर असुल्ने क्रम अझै रोकिएको छैन । सरकारको निर्देशन विपरित जबरजस्ती लिइने पटके करका कारण यातायात व्यवसायी हैरानीमा परेका छन् ।

संघीय सरकार, गृह मन्त्रालयसहित प्रधानमन्त्री कार्यालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पटके कर रोक्न लिखित निर्देशन दिएको थियो । तर स्थानीय तहले कोशीका १४ वटै जिल्लामा पटके कर असुलिरहेका छन् । विशेष गरेर राजमार्गमा पटके कर लिने गरिएको छ ।

प्रदेश तथा स्थानीय तहमा लगाइएका करहरूको अध्ययन तथा विश्लेषण गरी करको उपयुक्तता एवम् कुनै समस्या भएकोमा समाधानका उपाय समेत पहिल्याउन' संघीय सरकारले २०७५ साल साउनमा गठन गरेका् समितिले स्थानीय सरकारले उठाउने सवारीसाधन कर तथा पटके सवारी करले दोहोरो करको समस्या निम्त्याएको ठहर गर्दै यस्तो कर खारेज गर्ने व्यवस्था गर्न सरकारलाई सुझाव दिएको थियो ।

समितिले बुझाएको प्रतिवेदनमा सवारीधनीले सवारीसाधनको पैठारी भन्सार महसूल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर तथा इन्धनमा लाग्ने कर र सवारी दर्ता एवम् नवीकरण शुल्कको माध्यमबाट सिर्जना हुने करको भार बेहोरिसक्ने भएकाले संविधान र कुनै पनि कानूनमा नभएको पटके सवारी करको भार थप गर्नु युक्तिसङ्गत नहुने उल्लेख गरिएको थियो ।

सवारी दर्ता, नवीकरण शुल्क तथा सवारी कर प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयमार्फत लिइरहेको छ । वित्त ऐनको दफा ६ (क) अनुसार प्रदेशले सवारीसाधनबाट उठाएको कर प्रदेश विभाज्य कोषमा जम्मा गर्छ । हरेक तीन महीनामा त्यसरी जम्मा भएको कुल रकमको ४० प्रतिशत प्रदेशका १०९ वटै पालिकालाई बाँडफाँट गर्दै आएको छ ।

स्थानीय तहहरूले निजी, सार्वजनिक, ढुवानी तथा विदेशी पर्यटक चढ्ने यातायातका साधनलाई जबरजस्ती रोकेर कर उठाइरहेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कोशी प्रदेश संयोजक सरोज श्रेष्ठले सवारी प्रवेश कर, सवारी पटके कर, सरसफाई शुल्क भन्दै विभिन्न नाममा बिल भिडाएर कर उठाउने गरेको बताए । स्थानीय तहले टेन्डर प्रक्रियामार्फत ठेकेदारसँग सम्झौता गरेर राजमार्गमा ढाट राख्दै खुलेआम कर उठाइरहेको पनि श्रेष्ठ बताउँछन् । निर्देशनविपरीत देशभरका सबै पालिकाहरूले जबरजस्ती कर संकलन गर्दा समेत सरकारले नियन्त्रण नगरेको बताए ।

व्यवसायीका अनुसार काकडभिट्टाबाट धरान र विराटनगरसम्म पुग्ने एउटा यात्रु बसले एक हजार ५ सय रूपैयाँ पटके कर बुझाउनु परिरहेको छ ।

मनपरि शुल्क

यातायात व्यसायीहरूका अनुसार एउटा सवारीसाधनले न्यूनतम ५० देखि अधिकतम ५ सय रूपैयाँसम्म तिनुपर्ने अवस्था छ । सबैभन्दा बढी कर संखुवासभाको मकालु गाउँपालिकाले ५ सय र खाँदबारी नगरपालिकाले २ सय रूपैयाँ पटके कर लिने गरेका छन् । निजी तथा भाडाका बस, ट्रक, ट्र्याक्टर, लरीलाई एक पटकमा २० रूपैयादेखि १०० रूपैया कर लिन्छन् । निजी तथा भाडाका कार, जीप, भ्यानलाई एक पटकमा ५० रूपैयाँ कर लगाउने गरेको पाइन्छ ।

भाडाका सवारी र मालवाहक सवारीले कर बुझाउने क्रममा न्यूनतम ६० रूपैयादेखि ५ सय रूपैयासम्म प्रत्येक पालिकालाई बुझाउँदै आएका छन् । कानुनले नै व्यवस्था गरे अनुसार पटके सवारी कर राजमार्ग तथा सहायक राजमार्गमा संकलन गर्न नपाउने व्यवस्था विपरित प्रदेश र स्थानीय तहले कर उठाइरहेको व्यवसायीहरूको गुनासो छ ।

कोशी प्रदेशका सबैजसो जिल्लाका

पालिकाले कुनै न कुनै हिसाबले सवार ीसाधनमा पटके कर असुलि रहेका छन् । व्यवसायीको चर्को बिरोधपछि पछिल्लो समयमा इनरूवा नगरपालिकाले भने राजमार्गमा ढाट राखेको ढाट हटाइसकेको छ । दुहबी इनरूवाको बाटोमा भने अहिले पनि कर उठाइरहेको छ ।

इनरूवा नगरपालिकाका नगरप्रमुख केदार भण्डारी नगरपालिकाले नगरको बाटो हुदै जाने हाइवेमा आफूहरूले कर नउठाएको दाबी गरे । ठूला सवारीले नगरभित्रका सडक बिगार्ने र प्रदूषण गर्ने भएकाले कर लिनुपर्ने बाध्यता रहेको समेत उनले बताए ।

प्रदेशका १४ जिल्लाका पालिकाको शिशेषगरि चिचिला गाउपालिका संखुवासभा, मकालु गाउँपालिका संखुवासभा, खाँदबारी गाउँपालिका संखुवासभा, धनकुटा नगरपालिकाको कार्यालय, सागुरीगढी गाउपालिका वडा नं ६ भेडेटार धनकुटाले खुलेआम रूपमा बिभिन्न शिर्षकमा चर्को पटके कर असुल गरिरहेका छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालयकी सूचना अधिकारी पुष्पलत्ता उप्रेती राजमार्गमा सवारी पटके कर उठाउन गैरकानुनी भएकाले कसैले पनि पटके कर उठाउन नपाइने बताउँछिन् ।

'ढाट राखेर पटके कर असुल्ने कार्य कानुनविपरीत हो, र यसलाई नियन्त्रण गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिइएको छ' उनले भनिन् ।

### आन्दोलनको तयारी

नेपाल यातायात ब्यवसायी महासंघ कोशी प्रदेशले गैरकानुनी रूपमा जथाभावी रूपमा असुल्दै आएको सवारी पटके करको विरोधमा सडक आन्दोलन गर्ने तयारी गरेको छ ।्‌ हरेक तहमा प्रतिवेदन पेश गरिसकेको र त्यसको कार्यान्वयन नभएपछि आन्दोलनलाई अन्तिम विकल्प बनाएको महासंघका कोशी प्रदेश संयोजक श्रेष्ठले बताए ।

# टुक्रे बजेटको 'रोग', बजेटबाटै पाँच हजारसम्म विनियोजन

विराटनगर । कोशी प्रदेशको सुर्योदय नगरपालिका २ इलाममा रहेको चामेकल सिचाई योजनाको नाममा आर्थिक वर्ष २०८०/ ८१ को आर्थिक बजेटमार्फत प्रदेश सरकारले उक्त सिचाई योजनाको नाममा ५ हजार पनि बजेट विनियोजन गर्यो ।

त्यस्तै जोगमाई सिचाईं योजना जोगमाई गाउँपालिका वडा नम्बर २ को नाममा पनि ५ हजार पनि विनियोजन भएको थियो ।

त्यस्तैगरि नन्दा खानेपानी आयोजना मेचीनगर २ झापाको नाममा खानेपानी तथा सरसफाई डिभिजन कार्यलयद्वारा खर्च हुने गरि १० हजार बजेट विनियोजन गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट र रातो किताबमा उल्लेख भए अनुसार प्रदेश सरकारले सुर्योदय नगरपालिका २ मा रहेको चामेकली सिचाई योजनाजस्तै ६२ वटा कार्यक्रम तथा आयोजनाका नाममा १० हजारका दरले बजेट विनियोजन गरेको छ । भने सयौको सङ्ख्यामा ५० हजारदेखि १ लाखका बजेट कार्यक्रम र परियोजनाको नाममा बिनियोजन गरिएको छ । पालिकास्तरबाट नै सम्पन्न गर्न सक्ने कार्यक्रम तथा परियोजनाका लागि पनि प्रदेश सरकारले बिनियोजन गरेको साना टुक्रे बजेटका यी केही उदाहरण मात्र हुन ।

टुक्रे बजेट विनियोजन गर्ने संघिय सरकारको प्रवृत्ति प्रदेश सरकारमा पनि सरेको छ । कतिसम्म भने प्रदेश सरकारले केही हजारका कार्यक्रमलाई पनि बजेटमा ठाँउ दिएको पाइएको छ ।



जुनु भट्टराई

पालिका स्तरबाटै सम्पन्न गर्न सकिने साना परियोजना तथा कार्यक्रमहरूका लागि प्रदेश सरकारले आफै टुक्रे बजेट विनियोजन गर्दा प्रदेशको सिगों बजेट प्रणालीमा असन्तुलन मात्र होइन कामको गुणस्तरमा गिरावट आउने बिज्ञहरू बताउछन् । स्थानीय सरकारहरूले त झन 'संघीयता र विकेन्द्रीकरणको मर्म विपरीत' भएको आरोप समेत लगाएका छन् ।

## राजनीतिक स्वार्थ प्रेरित

कोशी प्रदेश सरकारद्वारा हरेक वर्ष टुक्रे योजनाहरूका लागि ठूलो रकम छुट्याइने गरेको छ । यो प्रवृत्तिले दीर्घकालीन विकासभन्दा तत्कालिन राजनीतिक फाइदा र क्षेत्रीय असन्तुलनलाई बल दिएको विज्ञहरूले बताएका छन् । यस्ता योजनाहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेको देखिएको छ, जसले आर्थिक स्रोतहरूको दुरूपयोग मात्र गरेको छ ।

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेशका प्रदेश सचिव संकर नेपाल योजनाहरु छोटा-छोटा टुक्रामा बाँडिनुको मुख्य कारण राजनीतिक दबाब पनि एक महत्वपुर्ण कारण रहेको बताउँछन् । उनी भन्छन्, 'सांसद र स्थानीय नेताहरूले आफू अनुकूलका साना योजना थप्न दबाब दिन्छन्, जसले समग्र विकासको अवधारणामा खलल पुर्‍याउँछ।"

योजना निर्माण गर्दा दीर्घकालीन सोचको अभावले आर्थिक स्रोत प्रभावकारी रूपमा परिचालन हुन सकिरहेको छैन। "टुक्रे बजेटले तत्कालिन समस्या समाधान गर्न सक्छ, तर प्रदेशको समग्र विकासमा कुनै ठोस योगदान दिन सक्दैन," उनले थपे ।

कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगर प्रदेश सरकारले ट्क्रे बजेट विनियोजन गर्दा प्रदेश सरकारको बजेट प्रणालीमा निकै असर पर्ने गरेको स्विकार्छन् ।' तर बजेट स्थानिय नेतृत्वको माग अनुसार दबाबका कारण पनि टुक्रे बजेट विनियोजन गर्नुपर्ने बाध्यता आउने तर्क राख्छन् ।

त्यस्ता ५/१० हजारका बजेट स्थानिय सरकारले नै पुरा गर्न सक्छन्, त्यति मात्र उहाँहरूको माग पनि नहोला, तर थोरै बजेटले धेरै स्थानिय तहको माग सम्बोधन गर्नतिर ध्यान दिंदा बजेट विनियोजनमा यस्तो समस्या आउछ – मन्त्री मगरले भने । प्रदेश सरकारको बजेटको आकारअनुशार

टुक्रे बजेट बजेट बिनियोजन हुदा बजेटको सदुपयोग नहुने र दिर्घकालिन उपलब्धी पनि नदेखिने देखिएकोले अगामी बर्षदेखि 'योजना बैक' बनाएर बजेट बनाउने योजना रहेको उनले बताए ।

## बजेट विनियोजनमै समस्या

प्रदेश सरकारको बजेट प्रणालीमा टुक्रे बजेट विनियोजनका कारण दीर्घकालीन योजना निर्माण र कार्यान्वयनमा अवरोध पुगेको छ । प्रदेश सरकारको मझौला संरचना निर्माण र दिगो परियोजना बिकासलाई प्राथामिकता दिनुपर्ने बजेटलाई टुक्राएर बाढ्दा वजेटको दुरूपोग हुनुको साथै दिर्घकालिन योजनाहरू ओझेलमा पर्ने गरेको अर्थविद्हरू बताउछन् ।

त्रिभुवन विश्वविद्यालयको सेन्ट्रल फर इकोनमिक डेभलोपमेन्ट एण्ड एडमिनिस्ट्रेशन (सेडा )का कार्यकारी निर्देशक प्रा. डा. अर्जुन कुमार बराल मुलुक सघिय संरचनामा गइसकेपछि कुन तहको सरकारले कस्तो तहको बजेट बनाउने भन्ने कुरामा अझै पनि स्पष्ट हुन नसकेकोले संघियताको मर्म विपरित बजेट विनियोजन भइरहेको बताउँछन् ।

'संघिय सरकार र प्रदेश सरकारको टुक्रे बजेट विनियोजन एकदमै गलत अभ्यास हो, यस्तो बजेटको कुनै उपलब्धी हुँदैन, जनताले तिरेको करको दुरूपयोग हो, प्रा डा. बराल भन्छन्, 'पालिकाले गर्न सक्ने ५/ १० हजारका बजेटमा संघियताको मर्म विपरित संघिय सरकार होस या प्रदेश सरकार सहभागी हुनु आवश्यक छैन ।'

## हुँदैन समन्वय

आर्थिक बर्ष २०८०/८१ को बजेटमा प्रदेश सरकारले तिरीङ खानेपानी आयोजना मेचीनगर ४ बाँकेका लागि खानेपानी तथा उर्जा मन्त्रालय अन्तरगत खर्च गरिने गरि १० हजार बजेट विनियोजन गर्यो । तर त्यहि स्थानिय तहमा छुट्याइएको बजेटबारे मेचीनगर नगरपालिकाका नगरप्रमुख नै जानकार छैनन् । प्रदेश सरकारले स्थानिय सरकारसगं कसरी समन्वय गरिरहेको छ भन्ने कुरा यसैलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपालप्रसाद बुढाथोकी प्रदेश सरकारले तिरिङ खानेपानी आयोजनाका लागि १० हजारको बजेट के का लागि बिनियोजन गर्यो त्यो बारे आफुहरूलाई केही जानकारी नभएको बताए ।

सुर्योदय नगरपालिका इलामका उपमेयर दुर्गा कुमार बराल आफ्नो नगरपालिकाको सिचाई योजनाको नाममा प्रदेश सरकारले ५ हजार बजेट विनियोजन गरेको हाँस्यास्पद भएको बताउँछन् । 'साना बजेट पनि प्रदेश सरकारले विनियोजन गर्नु भनेको संविधानको भावना र मर्म विपरित हो' उनले भने । विकास परियोजनाका लागि आवश्यक बजेट ठूलो रकममा उपलब्ध नगराई साना साना टुक्रामा बाँडेर मात्र पठाइने गरेको उनको गुनासो छ ।

संघीयता नेपालमा नया अभ्यास भए पनि, यसको कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरूलाई समाधान गर्न सशक्त राजनीतिक नेतृत्व र स्पष्ट नीतिगत मार्गनिर्देशन आवश्यक देखिएको संबिधानबिदहरू बताउछन् । संघीय सरकार र प्रदेश सरकार र स्थानिय सरकार बिचको सन्तुलनले मात्रै संघीयताको मर्मलाई वास्तविक रूप दिन सक्ने भएकाले संघ र प्रदेशको स्पष्ट कार्यविभाजन, नीति र प्रशासनिक सुधार नै संघीयताको सफलताको मुख्य आधार बन्न सक्ने बिज्ञहरूको ठहर छ ।

# राजनीतिक अस्थिरताले पाँच बर्षसम्म अलमलियो लगानी प्राधिकरण



जुनु भट्टराई

विराटनगर । विराटनगर महानगरपालिकामा २५ तले व्यावसायिक भवन बनाउने योजनासहित डेढ बर्षअघि महानगरपालिका र प्रदेश लगानी प्रधिकरणबीच सम्झौता भयो । तीन बर्षभित्र निर्माण पूरा गर्ने लक्ष्य राखिएको यो आयोजनाका लागि महानगरपालिकाले जग्गा उपलब्ध गराउने र प्राधिकरणले लगानीकर्ता खोज्ने सहमति भएको थियो । तर, चार अर्ब ४० करोड लगानी अनुमान गरिएको आयोजना निर्माणको काम अहिलेसम्म पनि सुरू हुन सकेको छैन ।

आयोजना निर्माण ढिला भएपछि दोषारोपण सुरू भएको छ । महानगरले प्राधिकरणलाई दोषी देखाउन थालेको छ ।

विराटनगरमा नगरबस सञ्चालन गर्न प्राधिकरणले लगानीकर्ता खोज्ने यस्तै प्रकृतिको अर्को समझदारी पनि भएको थियो । दुई पटक रूट परीक्षण भइसकेको यो परियोजना पनि यी दुई निकायको समनव्य नहुँदा ज्यूँकात्यूँ छ । पटक पटक रूट परिक्षण भइसकेको परियोजनामा पनि प्रकृया अगाढि नबढाएका कारण परिक्षकामा ढिलो हुने देखेपछि महानगरले नगर बस सञ्चालन गर्ने सझदारीसहितके कागजात फिर्ता मागेको छ ।

बिराटनगर महानगरपालिकाले सम्झौता भएको लामो समयसम्म पनि प्रकृया अगाडी नबढेपछि महानगर आफैले प्रकृया अगाढि बढाउने भन्दै सबै कागजपत्र फिर्ता पठाइदिन प्राधिकरणलाई पत्रचार समेत गरिसकेको महानगरपालिकाका योजना महाशाखा प्रमुख अर्जुन थपलियाले जानकारी दिए ।

लगानी प्राधिकरण बनेपछि कोशी प्रदेशमा प्रशस्त लगानी भित्रने आशा कसरी बीचमै अलपत्र परिरहेका छन् भन्ने प्रतिनिधि उदाहरण हुन् यी ।

पाच बर्षमा एउटामात्रै सफल

लगानी प्राधिकरण शुरू भएदेखि हालसम्म भेडेटार स्काई वाक, विराटनगर नगरबस सञ्चालन, विराटनगर ब्यवसायिक भवन निर्माण, बर्जुताल पर्यटन पूर्वाधार, सगरमाथा केबुलकार परियोजना र उउयपुरमा क्लीङ्कर परियोजना अघि बढाइएको थियो । समझदारी अनुसार निर्माण नै सकिनुपर्ने समय पुगेको परियोजनाहरू अहिलेसम्म परियोजना विकास सम्झौता (पीडीए)को अवस्थासम्म आइपुगेको लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाले जानकारी दिए । प्राधिकरणसमेतको संलग्नतामा सुरू भएका परियोजनामध्ये अहिलेसम्म भेडेटार स्काइ वाकमात्र सम्पन्न भएको छ । २० करोड रूपैयाँ लागतमा निर्माण भएको परियोजना अहिले सञ्चालनमा छ । प्रति टिकेट ५ प्रतिशत रोयल्टी प्राप्त गर्ने प्रदेशले यसलाई पहिलो सफल परियोजना 'ब्रेक थ्रु'को रूपमा लिएको छ ।

लगानी परियोजनाहरू समझदारी अनुसार अघि बढ्न नसकेपछि औचित्यको प्रश्न खेपेरिहेको प्राधिकरणका कार्यकारी निर्देशक कोइराला भने चुनौतिबीच पनि काम गरिरहेको बताउँछन् । स्थापनाको पाँच बर्षमा करिब ८५ अर्ब ६७ करोड रूपैयाँ लगानीका परियोजना भित्र्याउने काम भइरहेको उनको दाबी छ । उनका अनुसार पिडिएको चरणमा ४६ अर्ब ३६ करोडका पाँच ओटा परियोजना छन् । जस अन्तर्गत विराटनगर नगरबस सञ्चालन, व्यावसायिक भवन, बर्जुताल पर्यटन पूर्वाधार, सगरमाथा केबुलकार र उदयपुरमा क्लीङ्कर उत्पादनसँग सम्बन्धित परियोजना छन् ।

यसबाहेक ग्रिन हाइड्रोजन र केमीकल फर्टिलाइजर, कोशी पोडवे प्रोजेक्ट, काकडभिट्टा बसपार्क, विराटनगर एमएसडब्लु, काकडभिट्टा भद्रपुर एमएसडब्लु प्रोजेक्ट र सबै पहाडी जिल्लामा कोदाको रक्सी परियोजना छलफलको चरणमा रहेको प्राधिकरणले जनाएको छ ।

## राजनितिक अस्थिरताले निम्त्यायो




## चुनौती

प्राधिकरणको मुख्य उद्देश्य विदेशी तथा आन्तरिक लगानी आकर्षण गर्नु हो । तर, कोशी प्रदेशमा देखिदै आएको राजनीतिक अस्थिरता र कानुनी अड्चनका कारण लगानी प्राधिकरणलाई आफ्नो काम अगाडि बढाउनमा ठूलो चुनौती भोग्नु परेको प्राधिकरणका निर्देषक डा. कोइराला बताउछन् ।

'प्राधिकरण एक स्वायत्त सस्था त हो तर प्राधिकरणले गर्ने हरेक काम प्रकृयागत रूपमा अगाडि बढाउनुपर्ने हुन्छ, आफुले एजेन्डा बनाएर तयार गर्यो समितीमा पेश गर्न बैठक नै बस्न पाउदैन अनि कसरी प्रकृया अगाडि बढ्छ ? डा. कोइराला उल्टै प्रश्न गर्छन ।

प्राधिकरणको गठन भएपछि कोभिड तथा ४ वटा सरकार परिवर्तनका कारण एकातिर समयमै बैठक बस्न नसक्नु अर्कातिर प्राधिकरणसगं कर्मचारीको पनि अभाव भएका कारण योजना अनुशार प्राधिकरणले काम गर्न नसकेको डा. कोइराला बताउछन् ।

सरकार परिवर्तन हुँदा प्राथमिकताहरु पनि परिवर्तन हुने भएकाललगानीकर्ताहरूलाई आकर्षण गर्न कठिन हुनुको साथै कानुनी अवरोधहरूले प्राधिकरणको काममा असर पुर्याएको कोइराला बताउछन् । निर्देशक डा. कोइराला भन्छन्, "हाम्रो कानुनी प्रक्रियाहरु पनि केही लामो र जटिल छन्, जसकारण कुनै पनि निर्णय कार्यान्वयन गर्ने बेलामा कानुनी अड्चनका कारण लगानी प्रक्रिया लामो समयसम्म अड्किन सक्छ । त्यसैले पनि हामीले सोचेअनुशारको काम गर्न सकिरहेका छैनौ ।'

प्राधिकरणसगं धेरै ठुला परियोजना भए पनि कानूनी प्रक्रिया र नीति केही जटिल भएकाले जसले गर्दा प्रतिबद्धता अनुसारको लगानी समयमै आउन कठिनाई हुने गरेको कारण उदेश्यअनुशारको काम समयमै गर्न नसकिएको बताउछन् । कानुनी प्रक्रियालाई सरल बनाउन सके प्रदेशमा ठूला परियोजना ल्याउन सकिने र रोजगारी र आर्थिक वृद्धिलाई समेत टेवा पुर्याउने उनको धारणा छ ।

प्रदेशको राजनीति अस्थिर हुनुका कारण नीति निर्माणमा निरन्तरता र स्थायित्वको अभाव छ । यसले नीति, कानुन, र लगानीका योजनाहरूको दिशामा अनिश्चितता निम्त्याउने तर लगातार बदलिने सरकार र नयाँ प्राथमिकताले पनि लगानीकर्ताहरूलाई अनिश्चित बनाउँने भएकाले पनि लगानीकर्ताहरूमा लगानीको लागि उत्साह नदेखिएको अनुभव प्राधिकरणको छ । त्यसैले राजनीतिक र कानुनी संरचनामा स्थायित्व ल्याउन सकियो भने कोशी प्रदेशमा लगानी वातावरण सुधार हुने र विभिन्न परियोजनाहरूलाई गति मिल्ने सम्भावना रहेको प्राधिकरणको विश्लेषण छ ।

हालका वर्षहरूमा नेपालले विदेशी लगानी आकर्षणका लागि प्रयास गर्दै आएको भए पनि थुप्रै चुनौतीहरू छन् जसले गर्दा लगानीकर्ताहरूले गरेका प्रतिबद्धता यथार्थमा कार्यान्वयनमा नआएको देखिन्छ । नेपालको राजन। ीतिक अस्थिरता र नीतिगत अन्योलताले लगानीकर्ताको उत्साहमा नकारात्मक प्रभाव पारेको छ। थुप्रै लगानीकर्ताहरू

प्रशासनिक झन्झट, इजाजत प्रक्रिया, र भन्सार तथा कर प्रणालीमा देखा पर्ने अवरोधका कारण लगानीको निर्णयमा पुनर्विचार गर्नुपर्ने अवस्था आएको उद्योग व्यवसायीहरू बताउछन् ।

यता सरोकारवालहरू भने प्रधिकरणले परियोजना निर्माणपूर्व हुने तयारीको काम प्रभावकारी ढङ्गले नगरिएका कारण राम्रा परियोजना भएपनि लगानी भित्राउन नसकेको बताउछन् ।

निजी साझेदारीको लागि परियोजनाका आधारमा लगानीकर्तासमक्ष लगानी आह्वान गर्न परियोजना सोकेस र सूचीकृत गर्दा आर्थिक पाटो मात्रै नभई वित्तीय विश्लेषण पनि भइसकेको हुनुपर्छ, बिराटनगरका एक उद्योगी भन्छन् ,'अनुमानित जोखिम कति छ, त्यसलाई न्यूनीकरण कसरी गर्न सकिन्छ, ग्यारेन्टी संयन्त्र के हुन्छ, जोखिम वहन व्यवस्थापन के हुन्छ, नाफा कति हुन्छ, परियोजना आकर्षक छैन भने त्यसलाई के सहुलियत दिएर आकर्षित गर्न सकिन्छ भन्ने जस्ता कुरा नसोची प्रस्ताव माग गर्न सकिदैन ।'

अर्थशास्त्री डा. भेषप्राद धमला अहिलेसम्म कुन परियोजना कसरी अघि बढेको छ भन्ने बारेमा छलफल नै नभएको बताउँछन् । 'कसैले कुनै फायलमा हालेर थन्क्याएर राखेको छ भनेँ थाहा भएन, उनले भने, तर प्रदेशमा लगानी भित्र्याउने, लगानीको वातावरण बनाउने र योजना बनाउने कुराहरू सबैलाई थाहा भएर गर्दा राम्रो ।'

दोस्रो आबधिक योजना बनाउने काममा पनि भुमिका निर्वाह गरेका धमलाले जुनसुकै योजना बनाउँदा ग्रासरूट बुझ्नु पर्ने, कसरी सेवा सुबिधा नागरिकलार्य सदने, त्यसले समग्र अर्थतन्त्रमा कसरी टेवा पुर्‍याउँछ भन्ने कुरामा योजना बनाउनु भन्दा पहिला नै छलफल हुनु पर्ने उनको तर्क छ ।

बृहत अध्ययनबिना पीपीपीका परियोजना अघि बढ्न नसक्ने भएकाले प्राधिकरणले हामी सहजीकरण गरिदिन्छौं, प्लान्ट बन्नुपूर्व नै विद्युत् वा सडक बनिसक्छ भन्ने अनुभूति दिलाउन सक्नुपर्ने उद्योग ब्यवसायीहरूको भनाइ छ ।

## लगानी सम्मेलनको तयारी

कोशी प्रदेशको लगानी प्राधिकरणले स्थापना भएको ५ बर्षपछि बल्ल लगानी सम्मेलन गर्ने तयारी हुँदैछ । कोशी प्रदेशका पहिलो मुख्यमन्त्री तथा प्रदेश लगानी प्राधिकरणका पहिलो अध्यक्ष शेरधन राईले लगानी प्राधिकरण स्थापना भएसँगै कोशी प्रदेशमा लगानी भित्र्याउन लगानी सम्मेलन गर्ने घोषणा गर्दै आए ।


उनी मुख्यमन्त्रीबाट बाहिरिएपछि पटक पटक मुख्यमन्त्रीहरू निरन्तर फेरिँदै गए । उनीहरूले पनि लगानी सम्मेलन गर्छौ भन्न छाडेनन् । शेरधन राईको बर्हिगमन पछि भिम आचार्य, राजेन्द्र राई, उद्धव थापा, हिक्मत कार्की र केदार कार्कीसम्म आउँदा लगानी सम्मेलन हुन सकेन ।

२०७६ माघमा गठन भएको लगानी प्राधिकरणले अहिलेसम्म एउटा पनि खुल्ला छलफल समेत गरेको छैन । प्राधिकरणको बैठक बस्ने र केही परियोजनाहरू स्वीकृत गर्ने बाहेकका काम हुन सकेको देखिँदैन । लगानी प्राधिकरणले आफ्नो भुमिकालाई प्रभावकारी बनाउनु पर्नेमा त्यस्तो हुन नसकेकोमा ब्यवसायीलाई पनि मन परेको छैन । उद्योगी भिम घिमिरेले लगानी प्राधिकरणले जति गर्नु पर्ने हो त्यो अनुसारको काम गर्न नसकेको बताए । अहिलेसम्म कसैसँग समन्वय समेत नगरेको उनको ठम्याई छ । ' लगानीका लागि संस्थाले खेल्नु पर्ने भुमिका खेलेको छैन, कुन निजी क्षेत्रसँग उहाँहरू सल्लाह लिएर काम गर्दै हुनुहुन्छ, कसले सल्लाह सुझाव दिन्छ भन्ने अहिलेसम्म थाहा छैन, उनले भने, साँच्चीकै लगानीको वातावरण बनाउने भए विराटनगरका ठुला ब्यवसायीहरूलाई बेलाउने छलफल गर्ने कामै भएन, हामी सहयोग गर्न तयार छौ ।'

उद्योग संगठनको ३ बर्ष र सिएनआईको कोशी प्रदेशको ३ बर्ष अध्यक्ष हुँदासम्म पनि एक पटक पनि लगानीको बिषयमा छलफल नभएको बताए । लगानी प्राधिकरण उद्योगी ब्यवसायीसँग प्रत्यक्ष ठोक्किएर छलफल गरेमा ब्यवसायी सहयोगीको भुमिकामा लगानी कर्ता खोज्नेदेखि लगानी सम्मेलन सफल पार्न तयार रहेको बताए । पछिल्ला दिनमा लगानी सम्मेलन गर्ने भन्ने बारेमा भएका छलफल भने सकारात्मक रहेको ब्यवसायीको भनाई छ ।

२०८१ गत असोज १३ गते बसेको मन्त्रिपरिषदको बैठकले अप्रदेश लगानी सम्मेलन आयोजना गर्न वधारणा पत्र पारित गरेपछि ५ बर्षपछि लगानी सम्मेलन हुन लागेको हो । कोशी प्रदेश सरकारले आगामी माघ ११, १२ र १३ गते गर्ने कोशी प्रदेश लगानी सम्मेलनको तयारी सुरू गरेको छ । कोशी प्रदेश लगानी सम्मेलनकोलागि मुख्यमन्त्रीको संयोजकत्वमा मुल आयोजक समिति ठन गरिएको छ।

विभिन्न क्षेत्रमा लगानीको सम्भावना उजागर गर्नु, स्थानीय र अन्तर्राष्ट्रिय लगानीकर्ताहरूसँग समन्वय गरी प्रदेशको आर्थिक विकासलाई प्रवर्द्धन गरि नयाँ परियोजनाहरूमा लगानी आकर्षित गर्नु मुख्य उदेश्य राखेको छ। लगानी सम्मेलनमा प्रिफिजिबीलिटीबाट कोशी प्रदेशमा उपलब्ध प्राकृतिक स्रोत साधन, भौतिक पूर्वाधार, ऊर्जा, पर्यटन, कृषि, र अन्य उद्योगहरूमा लगानीका भित्र्याउने तयारी सरकारको रहेको कोशी प्रदेशका मुख्यमन्त्री तथा लगानी प्राधिकरणका अध्यक्ष हिक्मतकुमार कार्कीले बताए । प्रदेश संरचना स्थापना भएको ७ बर्षमा पनि हुन नसकेको लगानी सम्मेलन पहिलो पटक गर्न लागिएकोले लगानीको प्रसस्त भित्रिने उनको दाबी छ। सम्मेलनबाट दिगो आर्थिक वृद्धि र रोजगार सृजनामा टेवा पुग्ने बताए ।



# मधेश प्रदेश

## सुस्त गतिमा छोरी शिक्षा बिमा

# ६ वर्षमा १६ हजार छोरीको पनि भएन बिमा






मो. इन्तेखाब आलम

जनकपुरधाम । मधेश प्रदेश सरकारको लोकप्रिय कार्यक्रम 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम यतिबेला अलपत्र जस्तै भएको छ ।

कार्यक्रम अन्तर्गत साईकल वितरण, लोकसेवा तयारी कक्षा, दलित मुस्लिम तथा विपन्न वर्गका किशोरीलाई छात्रवृति वित्तरण, छोरी बीमा लगायत कार्यक्रम सञ्चालनमा थियो । तर, अहिले छोरी शिक्षा बीमा मात्रै सञ्चालनमा छ । त्यही कार्यक्रम पनि प्रभावकारी नभएको गुनासो आउन थालेको छ ।

बजेट, प्रचार प्रसारको अभाव तथा स्थानीय तहहरूसँग समन्वय नहुदाँ छोरी शिक्षा बिमा कार्यक्रम प्रभावकारी हुन सकेको छैन । मधेश प्रदेशका तत्कालिन मुख्यमन्त्री लालबाबु राउतले आर्थिक २०७५/०७६ देखि उक्त कार्यक्रम सुरू गरेका थिए । त्यतिबेला मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयबाटै सञ्चालन भएको उक्त कार्यक्रमबाट पाँच हजार ६ सय ६६ जना छोरीको शिक्षा बीमा गरिएको थियो । साईकल खरिदमा अनियमितता भएको विषय बाहिर आएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गरेपछि उक्त कार्यक्रम २०७८ सालदेखि शिक्षा विकास निर्देशनालयले सञ्चालन गर्दै आएको छ ।

निर्देशनालयमा उक्त कार्यक्रम आएदेखि गति लिन सकेको छैन । आर्थिक वर्ष २०७८/०७९ देखि आर्थिक वर्ष २०८०/०८१ सम्म तीन आर्थिक बर्षमा निर्देशनालयले मात्रै १० हजार २ सय ८७ जनाको छोरी शिक्षा बीमा गरेको छ । यसरी छ वर्षमा मात्र १५ हजार ९ सय ५३ जना छोरी शिक्षा बीमामा गरिएको छ ।

जनता समाजवादी नेपालका प्रदेश सासद अब्दुल कलाम अजादले प्रदेश

सरकारले लोकप्रिय कार्यक्रम मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रमलाई राम्रोसँग सञ्चालन हुन नसकेको बताए । सरकारले व्यवस्थित रूपमा कार्यक्रम अघि बढाउन नसक्दा योजना अनुसार यो कार्यक्रम प्रभावकारी हुन नसकेको उनको भनाई छ ।

छोरी शिक्षा बीमा कार्यक्रम मधेश प्रदेशका पिछडिएका समुदाय दलित, आदिवासी , जनजाति , मुस्लिम र गरिब परिवारहरूलाई ध्यानमा राखेर प्रदेश सरकारले छोरी शिक्षा बीमा कार्यक्रम सञ्चालनमा ल्याएको निर्देशनालयका किशोरी कापरले बताए । स्थानिय तह र प्रदेश सरकारको समन्वय र सहकार्य नहुँदा शिक्षा बीमामा कमी आएको उनी स्विकार गर्छन् ।

प्रदेशमा अधिकांश गरिब परिवारका अभिभावकहरूले वेबसाइट र अनलाईन जस्ता समाजिक सञ्जाल प्रयोग गर्न नजान्ने र गाउँ घरमा अनलाइन फारम भर्ने सुविधा नहुँदा पनि बीमा कार्यक्रम प्रभावित हुन पुगेको कापरको भनाई छ । अनलाइनबाटै फारम भरेर यस कार्यक्रम सामेल हुन सक्ने भएपनि प्रचार प्रसारको अभावमा छोरी जन्मेपछि सर्वसाधारणले समयमा बीमा गराउन सकिरहेका छैनन् ।

छोरी शिक्षा बीमामा अहिलेसम्म मधेश सरकारले ५९ करोड ७५ लाख ६१ हजार रूपैयाँ खर्च गरेको निर्देशनालयले जनाएको छ । छोरी शिक्षा बीमामा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयले २१ करोड २२ लाख र निर्देशनालयले ३८ करोड ५३ लाख रूपैयाँ खर्च गरेको छ ।

प्रदेश सरकारले छोरी शिक्षा बीमा आर्थिक वर्ष २०७८ साल माघ १ गते देखि जन्मिएका प्रत्येक बालिकाको लागी छोरी शिक्षा बीमा कार्यक्रम सञ्चालनमा ल्याएको थियो । उक्त बीमा मार्फत एक बालिकाको बीमा गर्दा प्रदेश सरकारले ३७ हजार ४ सय ५७ रूपैयाँ २० बर्ष सम्मका लागी ग्लोबल आईएमई बैंकमा मुद्दती बीमा गर्दै आइरहेको सूचना अधिकारी कापरले बताए ।

शिक्षामा छोरीको पहुँच बढाउन तथा बालविवाह लगायतका सामाजिक विकृति रोक्ने उद्देश्यले सञ्चालित बीमा कार्यक्रममार्फत प्रदेशभरका छोरीहरूले २० वर्षपछि ३ लाख रूपैयाँ पाउने छन् । त्यसका लागि किशोरी कम्तिमा कक्षा १२ सम्मको अध्ययन गरेको हुनुपर्छ ।

किशोरीको २० वर्ष नपुग्दै बिहे गराएको अवस्थामा बैंकले दिने ३ लाख रूपैयाँबाट बञ्ति हुने कार्यविधि रहेको कापरले बताए । बेटी बचाउ बेटी पढाउ कार्यकरमहरूका अधिकांश परियोजनाहरु शुरूमा नै विवादित हुँद' यसको असर छोरी शिक्षा बिमामा पनि परेको मुख्य मन्त्री तथा मन्त्रीपरिषद कार्यालयका सूचना अधिकारी जय कुमार राउतले बताए ।

मधेश प्रदेशमा वरमवार सरकार परिवर्तन हुनु र अर्को सरकारको नीति नियम परिवर्तनका कारण छोरी शिक्षा बिमा लगायतका कार्यक्रम अपेक्षा अनुसार प्रभावकारी हुन नसकेको राउतको भनाई छ । सुरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयबाटै सञ्चालन भएको यस कार्यक्रम अहिले सम्बन्धित प्रदेशका मन्त्रालयहरूमार्फत कार्यान्वयन हुने गर्छ ।

# महोत्तरीको रौजा मजार सरिफ सौन्दर्यीकरण योजना अलपत्र



मो. इन्तेखाब आलम



जनकपुरधाम । मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत महोत्तरीको रौजा मजार सरिफ सौन्दर्यीकरण योजना लामो समयदेखि अलपत्र परेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा सुरू गरिएको मजार सरिफ सौन्दर्यीकरण योजना प्रदेश सरकारको उदासिनताको कारण लामो समयदेखि अलपत्र परेको हो । तत्कालिन सरकारले महोत्तरीको बल्वा नगरपालिकामा पर्ने रौजा मजारको सौन्दर्यीकरणको लागि ११ करोड ९० लाखको योजना कार्यान्वयन अघि बढाएको थियो ।

योजना अन्तर्गत मजार सरिफमा मस्जिद ,धर्मशाला, पर्खाल, शौचालय सहितको संरचना बनाउने तयारी थियो । तर अहिलेसम्म २० प्रतिशत पनि भौतिक प्रगति हुन सकेको छैन ।

रौजा मजार समितिका अध्यक्ष मो.सलीम राइनका अनुसार अहिलेसम्म उक्त योजना अन्तर्गत दुई करोड मुल्य बराबरको पनि काम हुन सकेको छैन । योजना सुरू गर्न भएका केहि संरचना भत्काइए पनि प्रदेश सरकारले उक्त योजनाको बजेट विनियोजन नगरिदिंदा काम अगाडी बढ्न नसकेको उनले बताए । सम्बन्धित निकायलाई काम सुचारु गर्न बारम्बार ताकेता गरेपनि कुनै सुनुवाई नभएको उनको गुनासो छ ।

प्रदेश सरकारले बजेट उपलब्ध नगराउँदा ठेकेदारले करिब तीन वर्षदेखि काम नै ठप्प गरेका छन् । काम ठप्प हुँदा बनिसकेका संरचना पनि काम नलाग्ने हुन थालेको राइनले बताए ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी उदित कुमार ठाकुरले उक्त परियोजनाको फाइल सम्बन्धित जिल्लामा रहेको भौतिक पूर्वाधार विकास कार्यालयलाई जिम्मा लगाएको बताए । मन्त्रालयलाई यसबारे केहि जानकारी नभएको उनको भनाई थियो ।

मुख्यमन्त्री स्वच्छता अभियानका कतिपय परियोजनाहरू अख्तियारले अनुसन्धान गरिरहेकोले मजार निर्माणको कार्यमा समेत प्रभावित भएको भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीका उक्त परियोजना हेर्न कमलेश यादव बताउँछन् । तर मजार समितिका अध्यक्ष राईनले भने रौजा मजार समितिको सौन्दर्यीकरण योजनामा अख्तियारमा कुनै उजुरी नपरेको र प्रदेश सरकारले बजेट नै निकास नगर्दा ठेकेदारले कार्य ठप्प गरेको दाबी गरे ।।

महोत्तरीको उक्त परियोजना प्रदेश २ 'क' निर्वाचन क्षेत्रभि पर्दछ । उक्त क्षेत्रका सांसद जैनुल राईनले परियोजनाका लागि बारम्बार मुख्यमन्त्रीलाई ताकेता गरेपनि कुनै चासो नदेखाएको बताए ।

धार्मिक तथा ऐतिहासिक महत्वको रौजा मजार सौन्दर्यीकरण भएमा सो क्षेत्रको पर्यटन प्रर्वद्धनमा उल्लेखनीय टेवा पुग्ने पुर्व प्रदेश सांसद मञ्जु यादवले बताईन् । सरकारकै उदासिनताका कारण काम अघि बढ्न नसकेको उनको भनाई छ ।

# राजनीतिक अस्थिरताले मधेशको खर्च कमजोर





मो. इन्तेखाब आलम

जनकपुरधाम । जनसंख्याको अनुपातमा संघीय सरकारले मधेशलाई पर्याप्त बजेट नदिएको भन्दै मधेशका मुख्यमन्त्री र मन्त्रीहरूले संघीय सरकारको आलोचना गर्छन् । तर, आफैंले बनाएको बजेट खर्च गर्न भने मधेश सरकार एकदमै कमजोर देखिएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को कात्तिक मसान्त पूरा हुँदासम्म मधेश सरकारको कुल विनियोजनको खर्च २.७ प्रतिशत बजेट मात्रै खर्च गर्न सकेको छ ।

मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारका लागिग चालु आर्थिक वर्षमा कुल ४१ अर्ब ९३ करोड ३८ लाख रूपैयाँ बजेट विनियोजन भएकोमा कात्तिकसम्म केवल एक अर्ब १५ करोड १२ लाख रूपैयाँ मात्रै खर्च भएको छ ।

कार्यालयका अनुसार मधेश सरकारले चालुतर्फ १५ अर्ब ३६ करोड ११ लाख रूपैयाँ बजेट विनियोजन गरेकोमा समीक्षा अवधिसम्म ७.२० प्रतिश्त र पूँजीगततर्फ २६ अर्ब ५७ करोड २६ लाख रूपैयाँ विनियोजन भएकोमा ०.१६ प्रतिशतमात्रै बजेट खर्च भएको छ ।

## निकायगत खर्च नै कमजोर

प्रदेश सरकार अन्तर्गत रहेका मन्त्रालय र विभिन्न निकायहरूकै खर्च कमजोर पाइएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रदेश सभाका लागि चालुतर्फ ३७ करोड ८५ लाख र पूँजीगततर्फ १० करोड ५० लाख विनियोजन भएकोमा समीक्षा अवधिसम्म कुल १६.१८ प्रतिशत खर्च भएको छ । प्रदेश लोक सेवा आयोगका लागि चालुतर्फ ९ करोड ६१ लाख र पूँजीगततर्फ २६ करोड ४ लाख विनियोजन भएकोमा ५.४४ प्रतिशतमात्रै खर्च भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयकोका लागि चालुतर्फ ४३ करोड ७० लाख र पूँजीगततर्फ ९ करोड ३९ लाख विनियोजन भएकोमा कुल ३.९४ प्रतिशत बजेट मात्रै खर्च भएको छ ।

कार्यालयका अनुसार खर्च प्रगतितर्फ अर्थ मन्त्रालयले १०.६३, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयले ०.९६ प्रतिशत, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले २.८६, ऊर्जा सिंचाई तथा खानेपानी मन्त्रालयले १.४६ प्रतिशत मात्रै बजेट खर्च गरेका छन् । त्यस्तै, गृह, सञ्चार तथा कानुन मन्त्रालयले २.८७, वन तथा वातावरण मन्त्रालयले ८.२४ प्रतिशत खर्च गरेका छन् ।

## अस्थिर राजनीतिले खर्च कमजोर

मधेश प्रदेश सरकारको खर्च कमजोर हुनुमा राजनीतिक अस्थिरता र नेतृत्वको खर्च गर्ने दृढ प्रतिबद्धता नहुनुलाई कारण देखाउन थालिएको छ । छोटो समयमै सरकारमा हुने फेरबदलले अपेक्षा अनुसार खर्च हुन नसकेको मधेश प्रदेश अर्थ मन्त्रालयका सूचना अधिकारी सुदर्शन भट्टराई बताउँछन् ।

बजेट खर्च गर्ने सबै जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुने भएपनि छिटो छिटो हुने फेरबदलले खर्च नै प्रभावित

हुन पुगेको उनको बुझाइ छ , नेतृत्वको अक्षमताले पनि बजेट प्रदेशको विकास खर्च हुन नसकेको जनता समाजवादी पार्टीका प्रमुख सचेतक रामअशिष यादवको आरोप छ । नेतृत्वले प्राथमिकताप्राप्त क्षेत्रमा बजेट विनियोजन नगरी टुक्रे र असारे योजनामा बजेट छर्दा प्रभावकारी खर्च हुन नसकेको उनको भनाई छ ।

कार्यविधि तथा मापदण्ड बनाउन हुने ढिलाइ तथा चाडपर्वका कारण प्रदेशको बजेट खर्चले गति लिन नसकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव जय कुमार घिमेरेले बताए । राजनीतिक अस्थिरता र सचिवहरूको पनि बारम्बार सरुवा हुनुले विकासको बजेट खर्च कम हुने गरेको उनले बताए ।

मन्त्रालयहरूले टुक्रे योजनालाई प्राथमिकतामा मधेश प्रदेशमा विकास बजेट खर्च निकै चिन्ताजनक अवस्थामा रहेको विज्ञहरू बताउँछन् ।

विगत पाँच बर्षको चालु र पुँजीगत खर्चको तथ्यांकलाई टेबलमा राख्ने

| आर्थिक वर्ष | कुल बजेट | चालुतर्फ खर्च | पुँजीगततर्फ खर्च | जम्मा खर्च प्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| २०७६/२०७७ | ४४१४.२७ | ९६८.१८ | ८२६.९६ | १७९५.१४ | ४०.६७ |
| २०७७/२०७८ | ३४४४.३४ | ८६४.०६ | १३९०.५० | २२५४.५६ | ६५.४६ |
| २०७८/२०७९ | ३४८८.७८ | १०३३.६० | ११९२.४४ | २२२६.०४ | ६३.८१ |
| २०७९/२०८० | ४७२४.१८ | १०७७.०५ | १६२२.४८ | २६९९.५३ | ४२.५८ |
| २०८०/२०८१ | ४४११.१९ | ९२९.०८ | १५२८.७७ | २४५७.८५ | ५५.७५ |

मधेश प्रदेशको विनियोजित बजेट र खर्च विवरण करोडमा

# मधेशभर शित भन्डार निर्माण अलपत्र



मो. इन्तेखाब आलम




जनकपुरधाम । मधेशका विभिन्न जिल्लामा शितभन्डार निर्माण गर्न सम्झौता भएको पाँच वर्ष पूरा हुँदा पनि कुनै प्रगति हुन सकेको छैन । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मै कृषि उपजको व्यवस्थापनका लागि प्रदेशभर एक अर्ब ७९ करोड ९३ लाख रूपैयाँ लगानीमा आठ ओटा शित भन्डार निर्माण गर्ने योजना अघि सारेको थियो ।

सम्झौता भएको लामो समय पूरा हुँदा अहिलेसम्म प्रदेश सरकारले जिल्ला सहकारी संघ राजविराजलाई १ करोड ४ लाख र जनहित कृषक समूह लक्ष्मीनिया धनुषालाई ८१ लाख ३९ हजार रूपैयाँ मात्र भुक्तानी गरेको कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत अमर चन्द मन्डलले जानकारी दिए ।

प्रदेश सरकारले पर्साको विरगञ्जमा ५ हजार मेट्रिक टन क्षमताको शितभन्डार निर्माणका लागि सम्झौता गरेपनि अहिलेसम्म निर्माण स्थलमा माटो खन्ने काम मात्र भएको छ । विरगञ्जमै अर्को शीत भन्डार निर्माणका लागि आव २०७५/०७६ मा सम्झौता भएकोमा कम्पाउण्ड वाल मात्रै बनेको छ ।

बाराको सिम्रौनगढमा निर्माण सम्झौता भएको शीत भण्डारको अहिलेसम्म फाउण्डेशनको काम मात्रै भएको छ । रौतहटको गरूडा नगरपालिका -१ जयनगर स्थित राष्ट्रिय हर्बल प्रोसेसिङ्ग प्रा.लिले निर्माण गर्ने शीत भण्डारको अवस्था पनि दयनीय छ । सर्लाहीको बरहथवा नगरपालिका-५ मा लवकुश बचत तथा ऋण सहकारी संस्थाले तीन वर्षमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने शीत भण्डार पछिल्लो चार वर्षमा माटो फिलिङ्ग र फाउडेशनको काम मात्रै भएको छ । सप्तरीको राजविराज नगरपालिकाको भल्हीस्थित जिल्ला सहकारी संस्थाले ३ हजार मेट्रिक टन क्षमताका शीत भण्डार निर्माणलागि सम्झौता गरेकोमा उल्लेख्य प्रगति भएको छैन ।

सिरहाको लहान नगरपालिकाको पडरियास्थित निर्माणाधिन शीत भण्डारको निर्माण कार्य लामो समयदेखि ठप्प छ । शुभ नारायण कृषि व्यवसाय फर्म मलेखपुर सप्तरीले सो सम्झौता अनुसार शीत भण्डारको कार्य अगाडी बढाउन सकेको छैन । धनुषाको लक्ष्मीनिया गाउँपालिका-३ स्थित जनहित कृषक समुह र प्रदेश सरकार बीच आर्थिक वर्ष २०७५/०७६ सालमै एक हजार मेट्रिक टन क्षमताको शीत भण्डार निर्माण गर्ने सम्झौता भएकोमा फाउण्डेशन तयार भएर पिलर मात्र बनेको अवस्थामा छ ।

प्रदेश सरकारको महत्वकांक्षी योजना भएपनि लामो समयदेखि अलपत्र हुँदा प्रदेश सभाको कृषि तथा भुमि व्यवस्था समितिले यसमा बारम्बार चासो देखाउँदै आएको छ । तर पिनर्माणले भने गति लिन सकेको छैन । समितिले शीत भण्डारको कार्य प्रगतिको चेक चाँज गरि तत्काल गर्न र गराउन भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको निर्देशन दिएको थियो । त्यसैगरि, कामको मूल्याङ्कन गरी भुक्तानी प्रक्रिया अघि बढाउन म्याद थप गरि योजनालाई सम्पन्न गर्न समितिले सुझाव दिएको थियो ।

शीत भण्डारको अनियमितताबारे खबर सार्वजनिक भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दीबासले सबै फाइल लगेपछि अध्ययन अनुसन्धान गरेर फिर्ता पठाइदिएको कृषि प्रसार अधिकृत मन्डलले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा प्रदेश सरकारले शीत भण्डार निर्माणका लागि बजेट समेत विनियोजन गरेको छैन ।

बजेट पनि विनियोजन हुन छाडेपछि निर्माण कार्य झन् अन्योलमा परेको छ । जनता समाजवादी पार्टी नेपालका मधेश प्रदेश प्रमुख सचेतक राम अशिष यादव शित भन्डार निर्माण नहुँदा किसानहरू मर्कामा परेको बताउँछन् ।

लक्ष्मीनिया गाउँपालिकाका हरि नरायण साहका अनुसार शित भण्डार निर्माण नहुँदा कृषि उपज राख्ने समस्या भइरहेको गुनासो गर्छन् ।

# मधेशमा दुई अर्बका शीतभण्डार निर्माण अलपत्र





हदिश खुद्दार

जनकपुरधाम । १४ बैशाख । प्रदेशको गौरव योजना मानिएको आठवटा शीतभण्डार निर्माणमा प्रदेश सरकारकै खेलौँची, चार वर्षसम्म एउटै निर्माण हुन सकेन

मधेश प्रदेश सरकारको करिब दुई अर्ब रूपैयाँको महत्वाकांक्षी परियोजना शीतभण्डार निर्माण तथा सञ्चालन पाँच वर्षदेखि अलपत्र बनेको छ । मधेश सरकारले आर्थिक वर्ष ०७५/७६ मा कृषिउपज वस्तुलाई सही तरिकाले भण्डारण गर्न प्रदेशका विभिन्न स्थानमा एक अर्ब ७९ करोड ९३ रूपैयाँबराबरको शीतभण्डार निर्माणका लागि सम्झौता गरेको थियो । तर, शीतभण्डार निर्माणको काम अहिलेसम्म पनि अघि बढ्न सकेको छैन ।

प्रदेश सरकारले वीरगन्ज महानगरपालिका- २६ सुगौलीमा पाँच हजार मेट्रिकटन क्षमताको शिवम् एग्रो इन्डस्ट्रिज एवं शीतभण्डार निर्माणका लागि आव ०७५/७६ मा २७ करोड ८२ लाख ९९ हजार २१० रूपैयाँको सम्झौता गरेको थियो । सम्झौताअनुसार आव ०७७/७८ मै उक्त शीतभण्डारको निर्माण कार्य सम्पन्न गर्नुपर्ने थियो । तर, अहिलेसम्म उक्त शीतभण्डार निर्माणस्थलमा खाल्डो खनाइएको र शीतभण्डारको लेआउट डिजाइनको काम मात्रै भएको छ ।

**डा. शरणकुमार पाण्डेय**
सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

शीतभण्डार प्रदेशको गौरवको योजना भए पनि यो धेरै गिजोलिएको छ । अख्तियार र महालेखापरीक्षकको प्रतिवेदनमा विगतमा दिएको भुक्तानीलाई बेरूजुमा राखिएको छ । त्यसकारण यो विषयमा प्रदेश सरकारले शीतभण्डार निर्माण गर्ने वा नगर्ने विषय कुनै ठोस निकास दिनु आवश्यक छ । यो

योजनामा प्रदेश सरकारको झन्डै दुई करोड रूपैयाँ फसेको छ । विगतमा गल्ती गर्ने कर्मचारीलाई कारबाही गरेर असुल गर्ने कि योजनालाई अगाडि बढाउने भन्ने अन्योल छ ।

पर्साकै वीरगन्ज महानगरपालिकामा ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजले निर्माण गर्ने शीतभण्डारको निर्माण कार्य पनि चार वर्षदेखि अलपत्र अवस्थामा छ । शीतभण्डार निर्माणका लागि आव ०७५/७६ मा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजबीच १७ करोड ११ लाख ५८ हजार ४८ रूपैयाँमा सम्झौता भएको थियो । चार हजार पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि तीन वर्षको समयसीमा राखिए पनि अहिलेसम्म निर्माण क्षेत्रमा पर्खाल लगाउने काम मात्रै भएको छ ।

बाराको सिम्रौनगढ नगरपालिका–३ स्थित अमन मत्स्य फार्मले निर्माण गर्ने शीतभण्डारको अहिलेसम्म आधारभूत (फाउन्डेसन)को काम मात्रै पूरा भएको छ । उक्त शीतभण्डार निर्माणका लागि २४ करोड ७४ लाख ८४ हजार २५८ रूपैयाँमा दुवै पक्षबीच सम्झौता भएको थियो । तीन हजार मेट्रिकटन क्षमताको उक्त शीतभण्डार निर्माणको अवधि तीन वर्ष नै तोकिएको थियो । यो शीतभण्डार मुख्यमन्त्री सरोजकुमार यादवको हो । रौतहटको गरूडा नगरपालिका– १ जयनगरस्थित राष्ट्रिय हर्बल प्रोसेसिङ प्रालिले निर्माण गर्ने जिम्मा पाएको शीतभण्डारको अवस्था झन् बिजोग छ । उक्त शीतभण्डारका लागि प्रदेश सरकार र हर्बल प्रोसेसिङबीच २६ करोड ८५ लाख ११ हजार ४५६ रूपैयाँमा सम्झौता भएको थियो । आव ०७७/७८ को असार मसान्तसम्म अर्थात् तीन वर्षभित्र काम सम्पन्न गर्नुपर्ने दुवै पक्षबीच सम्झौता भए पनि अहिलेसम्म शीतभण्डार निर्माणमा कुनै प्रगति भएको छैन ।

सर्लाहीको बरहथवा नगरपालिका– ५ मा लवकुश बचत तथा ऋण सहकारी संस्थाले तीन वर्षमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने शीतभण्डारको पछिल्लो चार वर्षमा माटो फिलिङ र फाउन्डेसनको काम मात्रै भएको देखिन्छ । एक हजार पाँच सय मेट्रिकटन क्षमता भएको उक्त शीतभण्डारका लागि प्रदेश सरकार र संस्थाबीच आव ०७५/७६ मै १८ करोड ३५ लाख ७५ हजार ३४ रूपैयाँमा सम्झौता भएको थियो ।

सप्तरीको राजविराज नगरपालिकाको भल्हीस्थित जिल्ला सहकारी संस्थाले तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि आव ०७५/७६ मै सम्झौता गरेको थियो । ३१ करोड पाँच लाख ३६ हजार ७७९ रूपैयाँको लागतमा बन्ने शीतभण्डारका लागि संघीय सरकारको सहकारी विभागले ६० प्रतिशत, प्रदेश सरकार र संस्था स्वयंले २०–२० प्रतिशत खर्च व्यहोर्ने गरी सम्झौता गरिएको थियो । सम्झौताअनुसार आव ०७६/७७ मा संस्थाले सहकारी विभागबाट सात करोड १७ लाख सात हजार ७० रूपैयाँ र प्रदेश सरकारबाट एक करोड चार लाख १५ हजार १८८ रूपैयाँ भुक्तानीसमेत पाइसकेको छ । तर सञ्चालनमा आउन सकेको छैन ।

सिराहाको लहान नगरपालिकाको पडरियास्थित निर्माणाधीन शीतभण्डार होस् अथवा धनुषाको लक्ष्मीनिया गाउँपालिकास्थित जनहित कृषक समूहले निर्माण गर्ने भनिएको शीतभण्डार, प्रदेश सरकारको सहयोगमा निर्माण सम्झौता भएका कुनै पनि शीतभण्डारको प्रगति सन्तोषजनक छैन । प्रदेशका गौरवको योजना भनिएको शीतभण्डार योजना लामो समयदेखि अलपत्र रहे पनि त्यसमा न सरकारको चासो छ, न सम्बन्धित संस्थाको । भुक्तानी पाउनुअघिसम्म केही फर्महरु भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकै परिसरमा धर्ना बसेका थिए । तर, धनुषाको जनहित कृषक समूह ८१ लाख ३१ हजार र सप्तरीको जिल्ला सहकारी संघ राजविराजले एक करोड चार लाख भुक्तानी पाएपछि अहिले मौन छन् ।

भुक्तानी हुनुअघि प्रदेश सभाको पहिलो कार्यकालमा कृषि तथा भूमि व्यवस्था संसदीय समितिले शीतभण्डारको विषयमा चासो देखाएको थियो । समितिले १७ साउन ०७६ मा शीतभण्डार योजनाका सम्पूर्ण कागजात माग गरेर अनुसन्धान सुरू गरे पनि कोभिडका कारण त्यो रोकिन पुग्यो । समितिले अनुसन्धान गर्न नसके पनि कामलाई निरन्तरता दिन कृषि मन्त्रालयलाई निर्देशन दियो । तर, मन्त्रालयले यसलाई अघि बढाउन सकेन । पछि २३ माघ ०७८ मा समितिले तत्कालीन प्रदेश सांसद मदन सेन श्रीवास्तवको संयोजकत्वमा समिति गठन गरी शीतभण्डारको स्थलगत अनुगमन गर्ने निर्णय गरेको थियो ।

## अदालतको आदेशले मात्रै भुक्तानी

धनुषाको लक्ष्मीनियामा शीतभण्डार निर्माण गर्ने जनहित कृषक समूह भुक्तानी नपाएपछि सर्वोच्च अदालतसम्म पुगेको छ । समूहका अध्यक्ष ललितनारायण यादव सम्झौताअनुसारको भुक्तानी नपाएपछि उच्च अदालत जनकपुरधाम हुँदै सर्वोच्च अदालतसम्म पुगेका थिए । कृषक समूहका सदस्यसमेत रहेका प्रदेश सांसद शेषनारायण यादव सर्वोच्च पुगेपछि मात्र भुक्तानी पाएको बताउँछन् । 'सर्वोच्चले पीडित किसानको पक्षमा आदेश गरेपछि मात्रै पहिलो किस्ताको रकम पायौँ,' उनले भने । भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपाने विगतमा भएको कमीकमजोरीलाई सुधार गरी अगाडि बढ्ने कि प्रदेश सरकारले गरेको लगानी असुल गर्ने भन्ने विषयमा प्रदेश सरकारको मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने बताउँछन् ।

## कहाँ कुन अवस्थामा छन् शीतभण्डार ?

पर्साको वीरगन्ज महानगरपालिका–२६ सुगौलीस्थित शीतभण्डार – खाल्डोमात्र खनिएको

पर्साकै वीरगन्ज महानगरपालिकामा निर्माणाधीन शीतभण्डार – पर्खाल मात्र लगाइएको

बाराको सिम्रौनगढ नगरपालिका– ३ स्थित शीतभण्डार – फाउन्डेसनको काम भएको

रौतहटको गरूडा नगरपालिका– १ जयनगरस्थित शीतभण्डार – कामै सुरू नभएको

सर्लाहीको बरहथवा नगरपालिका– ५ स्थित शीतभण्डार – माटो फिलिङ गरिएको

सप्तरीको राजविराज नगरपालिकाको भल्हीस्थित शीत भण्डार – सुरू नै नभएको

सिराहाको लहान नगरपालिकाको पडरियास्थित शीतभण्डार – खाल्डो खनिएको

धनुषाको लक्ष्मीनिया गाउँपालिकामा निर्माणाधीन शीतभण्डार – पिलर ठडिएको

## सुरुवातमै प्राविधिक त्रुटि

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आव ०७५/७६ कै नीति तथा कार्यक्रममा प्रदेशका कृषकको समस्यालाई मध्यजनर गर्दै प्रदेशका आठ जिल्लामा एक–एक शीतभण्डार निर्माण गर्ने कार्यक्रम समावेश गरेको थियो । सोही आर्थिक वर्षको बजेटमा प्रदेश सरकारले शीतभण्डार निर्माणका लागि दुई करोडको दरले १६ करोड रूपैयाँ विनियोजन पनि गरेको थियो । बजेटमा भएको योजना कार्यान्वयनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सूचना प्रकाशित गरी शीतभण्डार निर्माणका लागि इच्छुक कृषि फर्म वा कृषि सहकारी संस्थालाई आह्वान गरियो ।

सूचनामा शीतभण्डारका लागि दुई करोड रूपैयाँ प्रदेश सरकारले अनुदानमा दिने उल्लेख थियो । सोही सूचनाका आधारमा करिब एक दर्जनभन्दा बढी कृषि फर्म तथा कृषक समूहहरूले शीतभण्डार निर्माणका लागि आवेदन दिएका थिए । त्यसमध्ये आठवटा फर्म र कृषक समूह छनोट गरियो । छनोट भएका फर्म वा समूहहरूले आ–आफ्नो क्षमताअनुसार शीतभण्डारको डिपिआर तयार गराई प्रस्ताव मन्त्रालयमा बुझाए । फर्महरूले अनुमान गरेभन्दा दश गुणा बढी खर्च हुने गरी प्रस्ताव गरेपछि प्रदेश सरकारले आगामी वर्षमा पनि शीतभण्डारको थप बजेट विनियोजन गर्ने गरी छनोट भएका सबै फर्मसँग सम्झौता गरेको थियो । मधेश प्रदेशका तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साह भन्छन्, 'प्राविधिक कमजोरी भयो । सूचनामा दुई करोड उल्लेख भयो, तर शीतभण्डारको लागत त्योभन्दा धेरै गुणा बढी देखियो । अर्को सूचना जारी गर्नुभन्दा पहिला शीतभण्डारको डिपिआर तयार गर्नुपर्ने थियो, तर त्यो काम पछि गरियो ।' त्यसवेला यस विषयमा कर्मचारीलाई पनि ज्ञान र अनुभव नभएकाले कमजोरी भएको उनको बुझाइ छ । त्यसलाई सुधार गरेर अगाडि बढ्न सक्ने अवस्था रहे पनि अख्तियारमा उजुरी परेपछि छानबिनमै धेरै समय लागेकाले योजना अलपत्र परेको उनको भनाइ छ ।

# भवन अलपत्र पार्ने ठेकेदारलाई कामभन्दा बढी भुक्तानी

- दुई करोड ७४ लाखमा ठेक्का लागेको कृषि निर्देशनालयको भवन अलपत्र पार्ने कम्पनीलाई तीन करोड ३३ लाख भुक्तानी
- मत्स्य केन्द्रको भवन बनाउन दुई करोड ८६ लाखको सम्झौता भए पनि निर्माण कम्पनीलाई दुई करोड ८९ लाख भुक्तानी





हदिश खुद्दार

जनकपुरधाम । १० जेठ, निर्माणाधीन कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको भवन निर्माण ६ वर्षदेखि अलपत्र छ । आर्थिक वर्ष ०७५/०७६ मा मधेश प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनकपुरधाम–८ स्थित बागबानीको जग्गामा कृषि विकास निर्देशनालय र पशुपन्छी मत्स्य विकास निर्देशनालयको भवन बनाउन बजेट विनियोजन गरेको थियो । सोहीअनुसार मन्त्रालय र निर्माण कम्पनी जयधन्जय रावानी जेभीबीच दुवै भवनको निर्माण सम्झौता भएको थियो । कृषि मन्त्रालय र निर्माण कम्पनीबीच १९ कात्तिक ०७६ मा १४ महिनाभित्र निर्माण सक्ने सम्झौता भएको थियो । कृषि विकास निर्देशनालयको भवन भ्याटसहित दुई करोड ७४ लाख ४४ हजार ६६५ मा र पशुपन्छी मत्स्य विकास निर्देशनालयको भवन भ्याटसहित दुई करोड ८६ लाख ७२ हजारमा सम्झौता भएको थियो ।

सम्झौताअनुसार काम नगरेपछि कम्पनीले बारम्बार म्याद थप गरी निर्माणको समय लम्ब्याउँदै आएको छ । अन्तिमपटकको सम्झौताअनुसार कम्पनीले २० असार ०८० भित्र निर्माण सक्नुपर्थ्यो । तर, अझै २० प्रतिशत काम बाँकी रहेको मन्त्रालयका

इन्जिनियर रामकुमार यादवले बताए । तर, कम्पनीले भुक्तानी भने निर्माण गरेकोभन्दा धेरै पाइसकेको उनको भनाइ छ । दुई करोड ७४ लाख ४४ हजारमा ठेक्का लागेकोमा निर्माण कम्पनीले अहिलेसम्म तीन किस्तामा तीन करोड ३३ लाख ७९ लाख ९४८ रूपैयाँ भुक्तानी पाइसकेको छ । ठेकेदार र मन्त्रालयका तत्कालीन सचिव नम्रता सिंहको मिलेमतोमा थप रकम भुक्तानी दिइएको आरोप छ ।

तत्कालीन सचिव सिंहले सार्वजनिक खरिद ऐनविपरीत बजेटमा २३.३४ प्रतिशत रकम थप गरी भुक्तानी दिएको पाइएको छ । ऐनअनुसार सहसचिवस्तरका कर्मचारीले बजेट अपुग भएमा बढीमा १५ प्रतिशतसम्म थप भुक्तानी दिन सक्ने प्रावधान छ । मत्स्य केन्द्रको भवनको अवस्था पनि उस्तै छ । सम्झौता दुई करोड ८६ लाखको भए पनि निर्माण कम्पनीले दुई करोड ८९ लाख भुक्तानी पाइसकेको छ । तर, भवन निर्माण अधुरै छ । ठेकेदार कम्पनीले भने मन्त्रालयकै कारण निर्माणमा ढिलाइ भएको जिकिर गरेको छ ।

## भवनको डिपिआरमै समस्या

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष ०७४/७५ मा काठमाडौंको आरके डिजाइन नामक एक कन्सल्टेन्सीसँग दुवै भवनको डिजाइन र इस्टिमेट गराएको थियो । त्यसबापत मन्त्रालयले ३६ लाख भुक्तानी गरेको थियो । मन्त्रालयसँग प्राविधिक नरहेकाले भवनको निर्माणको अनुगमनका लागि भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका इन्जिनियर रूद्रनारायण दासलाई जिम्मेवारी दिएको थियो । तर, इन्जिनियर दासले भवनको डिजाइनमा समस्या भएको नदेखाएर प्राविधिक हिसाबले मस्यौदा डिजाइनमै निर्माण सुरू गर्न निर्देशन दिए ।

आधुनिक भवन भए पनि दुवै भवनमा बत्ती, शौचालय कोठाको डिजाइन गरिएको थिएन, पछि त्यसलाई थप गरिएको छ । भवनको कार्यालयजस्तो डिजाइन गर्नुपर्ने त्यस्तै गरिएको थियो, कृषि मन्त्रालयका एक कर्मचारीले बताए । भवन लामो समयदेखि अलपत्र रहनुमा इन्जिनियर दासको ठूलो हात रहेको उनको भनाइ थियो । सरकारी सुविधा खाएर ठेकेदार कम्पनीलाई सहयोग गरेको उनको आरोप छ ।

# मधेश सरकारले पठाएन स्थानीय तहलाई अनुदान रकम

- समपूरक, विशेष र ससर्त अनुदानबापतको रकम ढिला आउँदा हरेक वर्ष अर्बभन्दा बढी फ्रिज






हर्दिश खड्गार

जनकपुरधाम । १७ जेठ, मधेश प्रदेशका पालिकाहरूले प्रदेश सरकारबाट चालू आवमा पाउनुपर्ने कुनै पनि अनुदान अहिलेसम्म पाएका छैनन् । सरकारी वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीय तहले प्रदेश सरकारबाट ससर्त, विशेष र समपूरक अनुदान पाउँछन् । चालू आवको सकिन डेढ महिना मात्रै बाँकी हुँदा पनि मधेश सरकारले स्थानीय तहलाई पहिलो किस्ताअन्तर्गतको ससर्तका एक अर्ब ६३ करोड ५७ लाख, विशेष अनुदानका ४२ करोड ७५ लाख र समपुर अनुदानको २८ करोड ४० लाख पठाएको छैन ।

प्रदेश सरकारले दुई अर्ब ३४ करोड ७२ लाख निकासा नगर्दा मधेशमा एक सय ३६ स्थानीय तहको विकास प्रभावित भएको छ । गत आर्थिक वर्षमा पनि प्रदेश सरकारले अन्तिम समयमा मात्रै रकम पठाउँदा अधिकांश स्थानीय तहले उक्त रकम सदुपयोग गर्न सकेनन् । स्थानीय तहले समपूरक अनुदान सडक, सिँचाइलगायतका भौतिक पूर्वाधारमा आयोजनाको प्रकृति हेरेर कुल लागतको ७० प्रतिशत रकम निकासा गर्न सक्छ । ससर्त अनुदानको पहिलो किस्ता भदौभित्र निकासा हुनुपर्ने व्यवस्था मधेस प्रदेश ससर्त अनुदानसम्बन्धी कार्यविधि ०७८ मा छ । ससर्त अनुदान प्रदेश सरकारले तोकेको आयोजनामा खर्चनुपर्छ ।

त्यसैगरी, समपूरक अनुदानको कार्यविधिमा प्रदेश सरकारले निकासा गर्ने

समपुरकको बजेट स्थानीय तहले टेण्डर मार्फत मात्र कार्य गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष सकिन डेढ महिना मात्रै रहेको अवस्थामा स्थानीय तहले बजेटको सदुयोग गर्न कठिन हुने देखिएको छ ।

### यस्तो छ प्रदेशले स्थानीय तहलाई दिने अनुदान

मधेश सरकारले प्रदेशको एक मात्र वीरगन्ज महानगरकालाई विशेष अनुदानबापत एक करोड र समपुरक तर्फ ५० लाख विनियोजन गरेको छ । त्यस्तै, उपमहानगरपालिकाहरु जनकपुरधाम, कलैया र सिमरालाई ७५ लाखको दरले विशेष अनुदान र ५० लाखको दरले समपूरक बजेट विनियोजन गरेको छ । विशेष अनुदानबापत नगरपालिकाका लागि २१ करोड ८० लाख र समपूरक अनुदानबापत एक अर्ब ४६ करोड रकम विनियोजन गरेको छ । गाउँपालिकाका लागि विशेष अनुदानतर्फ १७ करोड ७० लाख र समपूरकतर्फ एक अर्ब १८ करोड रकम बजेट विनियोजन गरेको छ । प्रदेश सरकारले ससर्ततर्फ महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका लागि एकमुस्ट एक अर्ब ६३ करोड ५७ लाख विनियोजन गरेको छ ।

### प्रदेशको राजस्व रोक्का गर्ने चेतावनी

प्रदेश सरकारले दिनुपर्ने अनुदान समयमा नपठाउँदा फ्रिज हुने गरेको स्थानीय तहका जनप्रतिनिधिहरुको गुनासो छ । जनकपुरधाम उपमहानगरपालिका मेयर मनोजकुमार साहले प्रदेशबाट पाउनुपर्ने बजेटको अनुभूति गर्न नपाएको उनले बताए । 'गत वर्ष ३ असारमा प्रदेशले विशेष र समपूरकको बजेट पठायो । आर्थिक वर्षको अन्त्यतिर पठाएपछि त्यो बजेट हामीले चलाउनै सकेनौँ । 'समपूरकको बजेटमा निर्माण गरिने योजना टेन्डरमार्फत मात्र गर्नुपर्ने प्रावधान छ, उनले भने, 'कुनै पनि योजनाको टेन्डर प्रक्रियामा जदाँ एक महिनाभन्दा बढी समय लाग्छ । यतिको कम समयमा टेन्डर कसरी गर्ने ? सम्झौता कसरी गर्ने र काम कसरी समयमा गर्ने ? त्यसकारण हामीले त्यो योजना नै चलाउन सकेनौँ । र रकम फ्रिज हुन पुग्यो ।'

त्यसैगरी, गणेशमान चारनाथ नगरपालिकाकी उपप्रमुख तुलसा कुमारी पाण्डेयले पनि प्रदेशले ढिलो गरी पठाउने कारण ससर्त, विशेष र समपूरकको बजेट हरके वर्ष फ्रिज हुने बताइन् । प्रदेशले त्यही राजस्वबाट दिने अनुदान काम नलाग्ने समयमा उपलब्ध गराएमा स्थानीय तहले पनि प्रदेशलाई राजस्व नबुझाउने उनले चेतावनी दिइन् ।

यता, अर्थ मन्त्रालयका सचिव सुभाष चन्द्र सिवाकोटीले समपूरक र विशेष अनुदान पठाइरहेको बताए । समपूरक र विशेष अनुदानको लागि स्थानीय तहले पेस गरेका कागजात अधुरा रहेकाले पुनः पठाउन ताकेता गरेको उनको भनाइ छ ।

# मधेशको आन्तरिक आम्दानी वृद्धिदर निराशाजनक : साधारण खर्च धान्न पनि संघीय बजेटकै भर




**आफ्नै कर्मचारी नहुँदा खर्च र आयमा पछि परेका छौं**



प्रदेश सरकारले संघबाट कर्मचारी लिएर काम गर्नुपर्ने बाध्यता छ। सरकारले नीति-निर्माण र बजेट ल्याउने हो। त्यसको कार्यान्वयन गर्ने दायित्व कर्मचारीको हुन्छ। प्रदेशको आफ्नो कर्मचारी छैन। संघको कर्मचारी कुन वेला सरुवा हुन्छ, ठेगान पनि हुँदैन। त्यसकारण बजेट खर्च र आन्तरिक आयमा प्रदेश सरकार पछि परेको छ।

● **मोहम्मद समिम**
गृह, सञ्चार तथा कानुनमन्त्री, मधेश प्रदेश

जनकपुरमा **हदिश खुद्दार**



हदिश खुद्दार

संघीयता लागू भएको सात वर्ष बितिसक्दा पनि मधेश प्रदेशले साधारण खर्च जुटाउन संघीय बजेटमै भर पर्दै आएको छ । मधेशको आन्तरिक आय वृद्धिदर पनि सन्तोषजनक नभएको अर्थविद्हरूले टिप्पणी गरेका छन् । आन्तरिक राजस्व संकलनका लागि नीतिगत व्यवस्था भइसके पनि प्रदेश सरकारको उदासीनताले नतिजा आउन नसकेको हो । आन्तरिक राजस्व बढाउने उद्देश्यसहित प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७९ जारी गरिएको छ । तर, आन्तरिक राजस्व संकलनको वृद्धिदर भने निराशाजनक छ ।

मधेश प्रदेशको अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष ०७८/७९ मा तीन अर्ब ५४ करोड नौ लाख रूपैयाँ आन्तरिक राजस्व संकलन भएको थियो । गत आव ०७९/८० मा अघिल्लो वर्षभन्दा २४ करोड ६ लाख रूपैयाँ बढेर तीन अर्ब ७८ करोड १५ लाख रूपैयाँ आम्दानी भएको अर्थ मन्त्रालयले जनाएको छ । गत आवमा प्रदेशले कुल ४७ अर्ब दुई करोड ५० लाख रूपैयाँको बजेट ल्याएकोमा चालूतर्फ मात्रै २० अर्ब ७५ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

सरकारले संकलन गर्दै आएको राजस्वले मातहतका कर्मचारी, प्रदेश सभा सदस्यलगायतको तलब-भत्ता र कर्यालय सञ्चालन खर्च धान्न पनि नसकिएको मधेश प्रदेश अर्थ मन्त्रालयका निमित सचिव अजयकुमार लाल कर्णले स्वीकार गरे । 'बजेटको

अनुपातमा हाम्रो आन्तरिक आम्दानी नगण्य छ । नयाँ संरचना भएकाले पनि अहिले संघकै बजेटमा भर पर्नुपर्ने अवस्था छ,' उनले भने, 'तर, यो मधेश प्रदेशको मात्र नभई सबै प्रदेशको साझा समस्या हो ।'

कर्णले प्रदेश सरकार गठनको ६ वर्ष भइसक्दा पनि सरकार व्यवस्थित रूपमा सञ्चालन हुन नसक्दा राजस्व संकलनमा असर परेको दाबी गरे । त्यस्तै, कर्मचारी अभावका कारण विभिन्न महाशाखा पनि छुट्याउन नसकेको उनको भनाइ छ । यद्यपि, प्रदेश सरकारले आफ्नो आय वृद्धि गर्न स्रोत पहिचान गर्ने कार्यलाई अगाडि बढाइरहेको उनले जानकारी दिए । अर्थविद्हरूले भने बर्सेनि सार्वजनिक हुने बजेट नै खर्च गर्न मधेश सरकार असमर्थ भइरहेकाले आन्तरिक राजस्व संकलनमा सुधार गर्न पनि चासो नदिएको आरोप लगाएका छन् । अर्थविद् डा. सुरेन्द्र झाले संघले दिएको बजेटसमेत खर्च गर्न मधेश प्रदेशले नसकिरहेको बताउँछन् । 'जुन सरकारले आफ्नो बजेट खर्च गर्न सकिरहेको छैन, त्यसो सरकारले आन्तरिक आम्दनी बढाउनेतर्फ ध्यान दिन्छजस्तो लाग्दैन,' उनले भने ।

प्रदेशको खर्च गर्ने क्षमता कमजोर हुँदा पनि आय संकलनमा सुधार नभएको विज्ञको भनाइ छ । प्रदेशले पाँच वर्षयता सबैभन्दा बढी आव ०७७/७८ मा कुल विनियोजनको ६५ प्रतिशत मात्रै खर्च गर्न सकेको थियो भने ०७६/७७ मा कुल विनियोजित बजेटको ४० प्रतिशत मात्रै खर्च भएको थियो ।

यसैगरी, आव ०७५/७६ मा ५१.७३ प्रतिशत, आव ०७४/७५ मा ५६.२७ र आव ०७९/८० मा ४२ प्रतिशत बजेट मात्रै खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ । संघीय सरकारले उपलब्ध गराएको बजेट पनि खर्च नगर्दा आन्तरिक आयको क्षेत्र विकास हुन नसकेको अर्थविद् झा बताउँछन् । 'प्रदेशले पाएको बजेट कुनै उद्योग कलकारखाना, शिक्षा, स्वास्थ्य, कृषिसहितका क्षेत्रमा योजना बनाएर खर्च गरेको भए राजस्व संकलनको क्षेत्र पनि विस्तार हुन्थ्यो,' उनी भन्छन्, 'तर, प्रदेश सरकारको नेतृत्व यो विषयमा चुकेको छ ।

प्रदेश सरकारका प्रवक्तासमेत रहेका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले कर्मचारीको अभावमा योजनाअनुसारको बजेट खर्च हुन नसकिरहेको दाबी गरे । 'प्रदेश सरकारले अझै पनि अधिकांश कर्मचारी संघबाट लिएर काम गर्नुपर्ने बाध्यता छ,' उनले भने, 'सरकारले नीति-निर्माण र बजेट ल्याउने हो । त्यसको कार्यान्वयन गर्ने दायित्व कर्मचारीको हुन्छ । प्रदेशको आफ्नो कर्मचारी छैन । संघको कर्मचारी कुन वेला सरूवा हुन्छ, ठेगान पनि हुँदैन । त्यसकारण बजेट खर्च र आन्तरिक आयमा प्रदेश सरकार पछि परेको छ ।'

## आफ्नै कर्मचारी नहुँदा खर्च र आयमा पछि परेका छौं

**मोहम्मद समिम,** गृह, सञ्चार तथा कानुनमन्त्री, मधेश प्रदेश

प्रदेश सरकारले संघबाट कर्मचारी लिएर काम गर्नुपर्ने बाध्यता छ । सरकारले नीति-निर्माण र बजेट ल्याउने हो । त्यसको कार्यान्वयन गर्ने दायित्व कर्मचारीको हुन्छ । प्रदेशको आफ्नो कर्मचारी छैन । संघको कर्मचारी कुन वेला सरूवा हुन्छ, ठेगान पनि हुँदैन । त्यसकारण बजेट खर्च र आन्तरिक आयमा प्रदेश सरकार पछि परेको छ ।

# मधेशका आयोग र प्रतिष्ठान नाम मात्रैका

## पदाधिकारीको सेवा–सुविधामा मात्रै वार्षिक करोडौँ खर्च, प्रगति शून्य



■ मोहम्मद समिम
मधेस प्रदेश, प्रवक्ता

प्रदेश संरचना पुनर्गठन कार्यदलको प्रतिवेदनअनुसार जनलोकपाल आयोगलाई खारेज गरी 'प्रदेश सुशासन विधेयक' ल्याउने र प्रदेश आमसञ्चार प्रधिकरण ऐन ल्याएर मधेश मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण र चलचित्र प्रवर्द्धन बोर्डलाई मर्ज गर्ने तयारी भइरहेको छ ।



■ रोशन जनकपुरी
राजनीतिक विश्लेषक

एकातिर काम नै गर्न नसक्ने, अर्कोतिर त्यसमाथि सोही प्रकृतिको अर्को संस्था गठन गर्नु कार्यकर्ता व्यवस्थापनको उद्देश्य मात्र पुष्टि हुन्छ । संघीयतालाई संस्थागत गर्ने नाममा सत्ता पक्षले आवश्यकता र औचित्य नै नबुझी हचुवाका भरमा कार्यकर्तालाई व्यवस्थापन गर्न यस्ता निकाय गठन गरेका हुन् ।





हर्दिश खुद्दार

जनकपुरधाम । ६ फागुन, योजना र सही व्यवस्थापन रणनीतिविना स्थापना गरिएका मधेश प्रदेशका आयोग तथा प्रतिष्ठानहरु छोटो समयमै औचित्यहीन बन्न पुगेका छन् । संघीयतालाई संस्थागत गर्ने उद्देश्यले आवश्यकता र दायित्व नै ख्याल नगरी हचुवाका भरमा गठन गरिएका त्यस्ता आयोग, प्रतिष्ठान, समिति तथा बोर्डहरूले बर्सेनि करोडौँ खर्च गरे पनि खर्चअनुसारको लाभ दिन सकिरहेका छैनन् ।

त्यस्ता आयोग र प्रतिष्ठानलाई काम गर्ने वातावरण बनाइदिन प्रदेश सरकारले वर्षौंसम्म कानुनी उल्भन सल्टाउने प्रयास नगर्दा ती निकायको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ । सबै प्रतिष्ठान र आयोगमा नियुक्त गरिएका पदाधिकारीको सेवा–सुविधामा मात्रै प्रदेश सरकारले वार्षिक करोडौँ रकम खर्च गरिरहेको छ । तर, ती संस्थाले गरेका क्रियाकलाप उपलब्धिमूलक हुन नसकेको स्वयं सरकारका प्रतिनिधिहरूले स्वीकार गरेका छन् । लक्ष्यअनुसारको काम हुन नसक्दा त्यस्ता संस्था सत्तापक्षले आफ्ना कार्यकर्ता भरणपोषण केन्द्रका रूपमा विकास गरिरहेको आरोप लाग्ने गरेको छ ।

### करोडौँ खर्चको भारी

मधेश प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले प्रदेश जनलोकपाल आयोग, नीति तथा आयोजना आयोग, मधेश प्रज्ञा प्रतिष्ठान, आमसञ्चार प्राधिकरण, मधेश मिडिया काउन्सिल, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड, दलित विकास समिति, मधेश सहिद प्रतिष्ठान, प्रदेश अनुसन्धान तथा ग्रामीण प्रशिक्षण केन्द्र, प्रदेश लोकसेवा आयोगसहितका प्रतिष्ठान तथा आयोग गठन गरेको थियो । यस्ता संस्थामाथि सरकारको करोडौँ लगानी भए पनि देखिने काम केही हुन सकेको छैन ।

प्रदेश तथा प्रदेशभित्रका स्थानीय तहमा हुने आर्थिक अनियमितताको खोजबिन, अनुसन्धान गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित जनलोकपाल आयोगले अहिलेसम्म सामान्य उजुरीमाथि अनुसन्धान गर्ने क्षमता बनाएको छैन । आयोगमा ४० वटा उजुरी परेका छन् । तर, अहिलेसम्म एउटा पनि सुनुवाइ हुन सकेको छैन । आयोगको

ऐनमा अध्यक्षलाई उच्च अदालतका मुख्य न्यायाधीश र सदस्यहरूलाई उच्च अदालतका न्यायाधीशसरह सुविधा तोकिएको छ । सरकारको उदासीनता र आयोगसँग डराएका कारण उद्देश्यअनुसार काम गर्न नसकिएको आयोगका सदस्य राजकिशोर साहले बताए । आयोगलाई चुस्त बनाउने विषयमा सरकारसँग बारम्बार छलफल भए पनि प्रगति हुन नसकेको उनको भनाइ छ । 'न कार्यालय प्रमुख छ, न लेखा अधिकृत छ, एकजना मात्रै कम्प्युटर अपरेटरबाट चलाइरहनुपरेको छ,' उनले भने ।

आयोग प्रतिनिधि उदाहरण भए पनि मधेश प्रदेशका अधिकांश आयोग र प्रतिष्ठानमा यस्तै किसिमको समस्या छ । आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेको दलित समुदायको समग्र विकासका लागि गठन गरिएको दलित विकास समिति गठन भएको दुई वर्षसम्म पनि उपलब्धि शून्य छ । कार्यविधिको अभावमा समितिले काम गर्न नसकेको समितिका उपाध्यक्ष रामप्रवेश बैठा बताउँछन् । यद्यपि, समितिका पदाधिकारीले सेवा–सुविधा भने नियमित लिइरहेका छन् । समितिका उपाध्यक्षलाई प्रदेश सचिवसरह तथा सदस्यहरूलाई बैठक भत्ता र समितिका अध्यक्षको आदेशअनुसार भ्रमण गरेको खण्डमा भ्रमण भत्तासहित सेवा–सुविधा दिने व्यवस्था छ । पदाधिकारीको सेवा–सुविधा तथा कार्यालय व्यवस्थापनमा अहिलेसम्म करिब दुई करोड खर्च भएको समितिका कार्यालय प्रमुख उपसचिव दिलीप ठाकुरले जानकारी दिए ।

## एउटै कामका लागि फरक निकाय

प्रदेशमा सञ्चालित सञ्चारमाध्यम तथा स्थानीय लोकसंस्कृति तथा कलाकारको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले ०७७ सालमा प्रदेश सञ्चार ऐन ल्यायो । सोही ऐनका आधारमा आमसञ्चार प्राधिकरण, मधेश मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड पनि गठन भयो । यी तीनै निकाय गठन भएको तीन वर्षभन्दा बढी समय भइसक्दा पनि आवश्यक कार्यविधि र निर्देशिका अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । अहिलेसम्म काउन्सिलले पत्रकार आचारसंहिता र बोर्डले सल्हेससम्बन्धी एक वृत्तचित्र मात्र निर्माण गरेको छ ।

लाखौँ रकम खर्च गरेर काउन्सिलले बनाएको आचारसंहिता केन्द्रको प्रेस काउन्सिलले नै बनाएको जस्तो छ । आचारसंहिताको नक्कल रहेको भन्दै आलोचनासमेत भएको थियो । काउन्सिलको मुख्य कार्य भनेको सञ्चारमाध्यमको निगरानी, पत्रपत्रिकाको वर्गीकरण गर्ने हो । तर, अहिलेसम्म कार्यविधि नै नबनेपछि काउन्सिलले पनि आमसञ्चार प्राधिकरणले गर्दै आएको जस्तो सञ्चारकर्मीको क्षमता अभिवृद्धिसम्बन्धी तालिम आयोजना गर्दै आएको छ । विश्वका अन्य मुलुकमा एउटा मात्रै प्रेस काउन्सिल हुने भए पनि मधेश प्रदेशमा दुईवटा छन् । तर, काम भने हुन नसकेको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव बताउँछन् ।

यस्तै, लोक संस्कृति तथा कलाकारको संरक्षण प्रवर्द्धन गर्न गठन गरिएको चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड कार्यविधि, निर्देशिकाको अभावमा औचित्यविहीन बन्दा प्रदेश सरकारले उस्तै प्रकृतिको मधेश प्रज्ञा प्रतिष्ठान नामक अर्को निकाय गठन गरेको छ । प्रतिष्ठानले भाषा, साहित्य, कला संस्कृति, कलाकारको संरक्षण प्रवर्द्धनको क्षेत्रमा काम गर्दै आएको प्रतिष्ठानका कार्यालय प्रमुख दानीकान्त झाले बताए । चलचित्र बोर्डका अध्यक्ष धर्मेन्द्र मरबैता बोर्ड स्थापनाको उद्देश्य ठीक भए पनि सरकारको सहयोग नहुँदा लक्ष्यअनुसार काम गर्न नसकिएको बताउँछन् । एकातिर काम नै गर्न नसक्ने, अर्कोतिर त्यसमाथि सोही प्रकृतिको अर्को संस्था गठन गर्नु कार्यकर्ता व्यवस्थापनको उद्देश्य मात्र पुष्टि हुने राजनीतिक विश्लेषक रोशन जनकपुरी बताउँछन् । संघीयतालाई संस्थागत गर्ने नाममा सत्ता पक्षले आवश्यकता र औचित्य नै नबुझी हचुवाका भरमा कार्यकर्तालाई व्यवस्थापन गर्न यस्ता निकाय गठन गरेको उनको आरोप छ ।

## केही आयोग र प्रतिष्ठान मर्ज र खारेजीको तयारी

बर्सेनि करोडौँ खर्चअनुसारको उपलब्धि नहुँदा प्रदेश सरकारले केही आयोग र प्रतिष्ठानलाई खारेज तथा मर्ज गर्ने तयारी गरेको छ । २१ वैशाख ०८० मा बसेको मन्त्रिपरिषद्को बैठकले आयोग तथा प्रतिष्ठानलाई खारेज तथा मर्ज गर्ने उद्देश्यले प्रदेश संरचना पुनर्गठनबारे प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।



# बागमती प्रदेश

# उपभोक्ता समिति नाममै सिमित, कार्य सम्पन्नपछि गुमनाम






सुनिल श्रेष्ठ

नुवाकोट – उपभोक्ता समितिमार्फत् विकास निर्माणका लागि नेपालमा बर्षेनि अर्बौं खर्च हुन्छ । स्थानीय तहले करोडौँ रूपैयाँ संघीय सरकारबाट अनुदान पाउँछन् र आफ्नो क्षेत्रभित्र हुने निर्माणसम्बन्धी अधिकांश विकास कार्य उपभोक्ता समितिबाट गराउँछन् । तर, उपभोक्ता समितिबाट हुने कामहरू कम गुणस्तर र निगरानीविहिन हुने पाइएको छ ।

विदुर नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा कुल एक अर्ब ११ करोड ५३ लाख ५६ हजार रूपैयाँको बजेट विनियोजन गरेको थियो । जसमा करिब २५४ भन्दाबढी योजनाहरु उपभोक्ता समितिबाट गरिने नीति, योजना, कार्यक्रम र बजेट समावेश भएको स्थानीय राजपत्रमा उल्लेख छ ।

यस्तै, आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाका १३ वटैमा २८८ योजनाहरूमार्फत् नौ करोड ५४ लाख १९ हजार ५८० रूपैयाँ उपभोक्ता समितिबाट बजेट विनियोजन गरिएको नगरपालिकाका योजना प्रमुख हरिप्रसाद प्याकुरेलले जानकारी दिए। गत आवमा नगरपालिकाले क्षेत्रगततर्फ सडक, सिँचाइ, खानेपानी, भवन, मठमन्दिर, खेलकुदलगायतका योजनाहरू सञ्चालन प्रक्रिया योजनाको विवरणअनुसार ३८७ ओटा योजना रहेकोमा उपभोक्ता समितिमार्फत् उपभोक्ता समितिमार्फत् २८८ योजना सञ्चालन भएको थियो । यसैगरी कुल योजना ४२३ ओटा रहेकोमा ४०३ ओटा योजनाको सम्झौता भएको थियो। सम्झौता भइ भुक्तानीको लागि पेश नभएका योजना १६ र सम्झौता नभएका योजना २० रहेको प्रगति विवरणमाछ ।

नगरपालिकाले सङ्घ, प्रदेश र स्थानीयकै विनियोजित बजेट वा सहयोगबाट वडागत विकास योजनामा पनि उपभोक्ता समिति गठन प्रक्रिया अगाडि बढाएको छ । नगरपालिकाले गत आर्थिक वर्ष २०८०/०८१ मा एक अर्ब १२ करोड २३ लाख



*बिदुर-१२ चारघरे नयाँ चौतारादेखि भदुवार टोल जोड्ने बाटोमा जोखिमयुक्त काठको टेकोलाई विस्थापन गरि ढलानको पुलको अनुगमनमा उपप्रमुख प्रभा बोगटी*

९८ हजार रूपैयाँको बजेट विनियोजन गरेको थियो ।

स्थानीय तहमा सङ्घीय सरकारबाट स्थानीय तह हस्तान्तरण, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानअन्तर्गत विनियोजन हुने बजेट र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानले योजनाको प्रभावकारिता र निरन्तताको लागि स्थानीय उपभोक्ताको सक्रिय सहभागितामा उपभोक्ता समिति गठन हुने विदुर नगरपालिकाका उपप्रमुख प्रभा बोगटीले जानकारी दिईन् । "स्थानीयबाटै गठन भएको उपभोक्ता समितिमा दावी विरोध भए सोहीअनुसार समाधानको लागि स्थानीय टोलमै पठाउँछौँ", उनले भनिन् "त्यसपछि मात्र उपभोक्ता समिति गठन प्रक्रियालाई मान्यता दिन्छौँ ।" केहि प्राविधिक त्रुटीको कारणले योजना सम्झौता भएतापनि उपभोक्ता समितिकै निगरानी र जनसहभागितामाले योजना सम्पन्न भएको उनले बताईन् ।

"उपभोक्ता समितिमार्फत सञ्चालित योजनाको सार्वजनिक परीक्षण र सुनुवाइको व्यवस्था अवलम्बन गरी सम्पन्न योजनाको सञ्चालन र मर्मतसमेत समितिले गर्ने गरी हस्तान्तरण गर्नुपर्ने भएतापनि योजना सम्पन्नपछि उपभोक्ता समितिको कार्य सम्पन्न हुन्छ", नगरप्रमुख राजन श्रेष्ठले भने, "मितव्ययिता, गुणस्तर वा दिगोपन अभिवृद्धि हुने भए मात्र उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । तर योजना सम्पन्नपछि योजनामा स्थानीयको अपनत्वमा कमि छ ।"

चालुआवदेखि उपभोक्तामार्फत् योजना सम्पन्नपछि स्थानीय तहले उपभोक्तालाई हस्तान्तरण कार्यक्रम अघि बढाईने उनले बताए। यस चालुआवको योजनाहरूमा उपभोक्तालाई पूर्ण जानकारी दिएर मात्र योजना सुरू गर्ने उनले बताए ।

योजनाको सुरू, मध्य र अन्तिममा अनुगमन हुन्छ । केही उपभोक्ता समितिले प्रक्रिया पुरा गरेर योजना पुरा गर्छन् । केहीले राजनैतिक दल, जनप्रतिनिधिको आड र स्थानीयताको भरमा योजनाको भुक्तानी समयमा मात्र कागजी प्रक्रिया पुरा गर्ने गरिएको विदुर नगरपालिका वडा नम्बर १ का अध्यक्ष लेनिन रञ्जितले बताए ।


मानव श्रमको प्रयोग गर्ने कुरा लागत अनुमानमा भएतापनि अनाधिकृत रूपमा ठुला मेसिनहरू प्रयोग गर्ने गरिएको, स्थानीय श्रोत, साधन, सीप र प्रविधिको प्रयोगमा बेवास्ता गरिएको, केही योजनामा गुणस्तर कायम गर्न नसकिएको नगरपालिकाका प्राविधिक शाखाका प्रमुख इञ्जिनियर उत्तम शाहले जानकारी दिए। उक्त योजनामा सम्झौता रकमभन्दा कम भुक्तानी दिएको उनले जानकारी दिए। "नगरपालिकासँग योजना सामग्रीको सुक्ष्म परीक्षण मापन गर्ने कुनै पनि उपकरण नहुदाँ असहज भएको छ" उनले भने "परीक्षणको लागि सडक बोर्ड र पूर्वाधार कार्यालयमा पठाईने गरिएको छ ।"

उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्दा अनियमितता हुने आरोप लाग्दै आएतापनि अहिले समितिले गरेका योजनाको गुणस्तर र दीर्घकालिनमा

भने बढावा आएको नुवाकोट नागरिक समाजका अध्यक्ष बद्री त्रिपाठीले बताए । कतिपय ठाउँमा दलका कार्यकर्तालाई पोस्न उपभोक्ता समिति बनाएर योजना दिने पनि गरिएको समेत पाइएको उनले बताए । उपभोक्ता समितिका सदस्यहरूको श्रमदान भनि उल्लेख गरिएको योजनामा कुनै पनि श्रम नपर्ने भएकोले त्यो सच्चिनुपर्ने उनले बताए ।

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनको तथ्यांकअनुसार विदुर नगरपालिकाले आव २०७९/८० मा योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा ६४.२४ प्रतिशत अंक प्राप्त गरेको थियो। तर, उपभोक्ता समितिबाट गरिएका योजनाहरू दीर्घकालिन र अवनत्व स्थानीयले लिएको भन्दा पनि कामकाजमा योजना पुरा भएको देखिएको छ । यसैगरी कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा ६५.५२ प्रतिशत, लेखांकन तथा प्रतिवेदनमा ८८.२४ प्रतिशत, अनुगमन, मुल्यांकन तथा लेखापरीक्षणमा ५० प्रतिशत र राजस्व व्यवस्थापनमा ६४.७१ प्रतिशत प्राप्त गरेको थियो ।

यसैगरी स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको तथ्यांकअनुसार विदुर नगरपालिकाले ६१.२५ प्रतिशत प्राप्त गरेको थियो। समग्र स्थितिमा ६७.८६ प्रतिशत, प्रक्रियागत स्थिति ६७.६५ प्रतिशत र परिमाणात्मक स्थिति ५३.३३ रहेको छ । नगरपालिकाले वार्षिक बजेट तथा योजना व्यवस्थापनमा ६८.१८ प्रतिशत, वित्तीय एवम् आर्थिक व्यवस्थापनमा ७५ प्रतिशत र सहकार्य, समन्वयमा १६.६७ प्रतिशत गरी अन्य सात विषयगतमा स्व-मूल्यांकनका अंक प्राप्त गरेको थियो ।




© डबली खबर

# करोडौंको लगानी वेबारिसे





सुनिल श्रेष्ठ

२८ पुस, नुवाकोट । सम्बन्धित निकायको गैरजिम्मेवारीले नुवाकोटमा करोडौँका आयोजना बेवारिसे बनेका छन् । कतिपय आयोजना निर्माणको उद्देश्यभन्दा फरक तरिकाले प्रयोगमा ल्याइएको छ ।

त्यसैको उदाहरण हो बेलकोटगढी नगरपालिकाको चिम्टेश्वर क्षेत्रमा करीब तीन करोडको लागत रहेका ७० फिट अग्लो दृश्यावलोकन स्थल (भ्यूटावर) ।

प्रदेश सरकारले स्थानीय तहको पहिलो कार्यकालमा निर्माण सुरू गरेको भएतापनि भ्यूटावर नीतिगत रूपमा हस्तान्तरण नभएको नगरप्रमुख जगतबहादुर गुरूङले बताए ।

"प्रदेश सरकारलाई बारम्बार ताकेता गर्दा पनि भ्यूटावरको स्वामित्व नगरपालिकालाई अहिलेसम्म दिन नसकिरहेको अवस्था छ", नगरप्रमुख गुरूङले भने "नगरलाई नीतिगत रूपमा हस्तान्तरण नहुँदा भ्यूटावर संरक्षण र निर्माणको निरन्तता हुन सकेको छैन ।"

निर्माण अपुरो रहेको टावरको प्रयोग रेखदेख एवं सञ्चालन गर्ने निकायका अभावमा अहिले बेवारिसे अवस्थामा पुगेको नगरप्रमुख गुरूङले बताए ।

चिम्टेश्वर विकास समिति तथा वडा नम्बर २ का अध्यक्ष रामचन्द्र तिमिल्सिनाले स्थानीय सरकारको क्षेत्राधिकारभित्र निमार्ण भएको संरचनाको चासो रहेको भ्यूटावरमा यसवर्ष चिम्टेश्वर पर्यटन विकास शिर्षकमा १० लाख बजेट विनियोजन भएको जानकारी दिए । सोहिअनुसार भ्यूटावरको मर्मतमा खर्च गरेर चिम्टेश्वर क्षेत्रको गरीमा बढाउन आफु लाग्ने बताए । "विदेशी पर्यटकको उचाई अनुसारको प्रवेशद्वार, वर्षामा पानी भित्र पस्ने, शौचालय अव्यवस्थित लगायतका प्राविधिका त्रुटी यथावत् नै छ । तापनि केही मर्मतासम्भार गरी यसवर्ष सञ्चालनमा ल्याउने प्रक्रियामा लागेका छौं ।"

मदन भण्डारी भ्यूटावर नामकरण दिएको भ्यूटावर २०८७ को जेठ मसान्तसम्ममा नै काम सम्पन्न गर्ने गरी २०७७ पुस १७ गते भ्यूटावरको पूर्व आन्तरिक मामिला तथा कानुनमन्त्री केशवराज पाण्डे र बेलकोटगढी नगरपालिकाको निवर्तमान नगरप्रमुख राजेन्द्ररमण खनालले संयुक्तरूपमा शिलान्यास गरेका थिए ।

# सिमचौरको घुमाउनेमा निर्माण भएको बधशाला



त्यस्तै, विदुर नगरपालिका-४ सिमचौरको घुमाउनेमा निर्माण भएको बधशाला सञ्चालन पनि अन्यौल बनेको छ । सुविधासम्पन्न बधशाला नगरपालिकाको वेवास्ताका कारण अलपत्र र जीर्ण बनेको छ ।

करिब ४ रोपनीमा निर्माण भएको बधशाला दुई करोड रूपैयाँको लागतमा संघीय सरकारको थप एक करोड गरी तीन करोड रूपैयाँको लगानी निर्माण गरिएको थियो । मुख्य संरचनाहरू सबै निर्माण भएपनि नगरपालिकाले बधशाला सञ्चालनमा चासो नदेखाउँदा करोडौंको सम्पत्ति जिर्ण हुन थालेको पूर्व वडासदस्य वसन्त रिजाल बताउँछन् ।

वधशाला सञ्चालनको लागि भौतिक पूर्वाधार पूर्ण भएपनि सफा नगरपालिका निर्माणको लागि बधशाला निर्माण गर्नुपर्ने योजनासहित नगरपालिकाले यसको सुरू गरेको थियो । वधशाला सञ्चालनको लागि भौतिक पूर्वाधार पूर्ण भएपनि सफा नगरपालिका निर्माणको लागि बधशाला निर्माण गर्नुपर्ने योजनासहित नगरपालिकाले यसको सुरू गरेको थियो ।

तर, बधशाला सञ्चालनको लागि नगरपालिकाले नै पहल नगर्दा करोडौंको लगानीको उपयोग हुन सकेको छैन । अर्कोतर्फ सदरमुकाम विदुर र आसपास क्षेत्र अस्वस्थ्य मासुको बिक्री वितरणले मानव स्वास्थ्यमा प्रतिकुल असर पुगिरहेको छ ।

विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले बधशाला सञ्चालनका सम्बन्धमा सरोकारवालासँगको छलफल भइरहेका जानकारी दिए । 'म नगरपालिकामा आउनुभन्दा पहिले नै यो वधशाला निर्माण भइसकेको हो' प्रमुख श्रेष्ठले भने- 'यसै आर्थिक वर्षभित्रमा बधशाला सञ्चालनको लागि भौतिक संरचना मर्मत गर्न आवश्यक ३० लाख बजेट विनियोजन गरिएको छ । सोहिअनुसार बधशाला सञ्चालनमा आउनेछ ।' बाह्य भौतिक संरचना निर्माण सकिएको झण्डै तीन वर्ष पुग्दासम्म बधशाला सञ्चालनमा आउन सकेको छैन । निर्माण सकिएको लामो समयसम्म भवन सञ्चालनमा नआउँदा भित्ता चर्किएका छन् । बधशालाका लागि ल्याइएका उपकरणसमेत काम नलाग्ने हुँदै गएका छन् ।

बधशाला नहुँदा कारण नुवाकोटको विदुर, बट्टार, त्रिशूली, कोलोनी तथा आसपासका बजारहरूमा दैनिक बिक्री हुने मासुमध्ये ७५ प्रतिशत अस्वस्थकर रहेको छ ।

## "कोसेली घर" प्रहरीको क्वार्टरमा

विदुर नगरपालिका-४ बट्टार बसपार्कमा निर्माण भएको कोसेली घर अस्थायी प्रहरीचौकी घर भएको छ ।

नगरपालिकाले उपलब्ध गराएको जग्गामा दुई तलाको कलात्मक शैलीमा कोसेली घर निर्माण भएको थियो । निर्माण सम्पन्न भएको तीन वर्ष बितिसक्दा पनि सञ्चालनमा आलटाल भईरहेको छ ।

नगरपालिका र तत्कालिन घरेलु तथा साना उद्योग कार्यालय नुवाकोटको लागत साझेदारीमा निर्माण भएको भवनको कुल लागत ८५ लाख थियो । नगरपालिका र जिल्लाका लघु उद्यमी तथा कृषकले उत्पादन गरेको सामग्री प्रदर्शनी र बिक्री गर्ने र विकास निर्माणलाई आर्थिक उपार्जनमा जोड्ने उद्देश्यले निर्माण गरिएको थियो । उपभोक्तमार्फत गर्दा १५ लाख कम लागतमा बनेको थियो ।

नगरप्रमुख श्रेष्ठले भने, 'कोसेली घरको पनि केहि महिनामै सञ्चालन ल्याउन पाँचलाख बजेट नीतिगत निर्णय भइसकेको छ । प्राविधिक टोलीले कार्य गरिरहेको छ ।'

०७९ मा सम्पन्न भएको कोसेली घरको नगरपालिकाले २२ लाख र घरेलु तथा साना उद्योग कार्यालयले ४८ लाख लगानी गरेको थियो ।

# निजी जग्गामा सरकारी बजेट, सर्वसाधारणलाई सडकको तिरो






सुनिल श्रेष्ठ

नुवाकोट – उपभोक्ता समितिबाट हुने प्रायः योजना निजी जग्गामा हुने गरेको पाईएको छ । स्थानीय सरकारले व्यक्तिगत प्लटिङको बाटो खोल्न बजेटसमेत दिएको पाइएको छ । निजी बाटो बनाउन सरकारले जग्गा र बजेट दिएको अनुसन्धानबाट खुलेको हो ।

विदुर नगरपालिकाले लगत कट्टा नै नगरी उपभोक्ता समितिमार्फत् बजेट खन्याउँदा यस्तो भएको सरोकारवाला बताउँछन् । नगरपालिकाले लगत कट्टा प्रक्रियालाई अघि नबढाउँदा स्थानीय सरकारलाई नै उपभोक्ता समिति बाधक बन्न थालेको संकेत देखिन थालेको छ ।

## सामुदायिक भवनमा गैरसरकारी संस्था

विदुर नगरपालिका वडा नम्बर ४ विदुर स्थित जेष्ठ नागरिक विश्रामस्थलसहितको सामुदायिक भवनमा अहिले एक गैरसरकारी संस्थाको कार्यालय बनेको छ । साहित्य संगम नुवाकोटले उक्त भवनमा नगरपालिकाको बजेटमा विभिन्न सीपमुलक कार्य गर्दै आईरहेको थियो भने अहिले पुस्तकालयसँगै संस्थाले कार्यालय भवन पनि सञ्चालन गर्दै आईरहेको छ ।

जेष्ठ नागरिक विश्रामस्थल उपभोक्ता समितिका अध्यक्ष ठाकुर अधिकारीले भने समाजमा पढ्ने बानी बसाल्न पुस्तकालयसहितको कार्यालय खोल्न समितिको बैठकले निर्णय गरेको बताए । सामुदायिक भवन संस्थालाई दिन नहुने विषयमा उनले अनविज्ञता प्रकट गरे ।

## प्राधिकरणको जग्गामा लगानी

नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको जग्गामा स्थानीय सरकारको लगानी भएको छ ।

विदुर नगरपालिकाको वडा नं. १ र ९ को सिमानामा पर्ने इन्टेकमा पकेट बगैंचा र चौतारामा खुल्ला व्यायामशाला निर्माण भएको छ । केही समझदारी र सिफारिसमा स्वामित्व प्राधिकरणको रहने गरी वातावरण

राम्रो देखिने भएकोले उक्त स्थानमा संरचना बनाउन दिईएको नेपाल विद्युत प्राधिकरण नुवाकोट शाखाका इन्द्रबहादुर जिसीले बताए ।

अहिले पकेट बगैंचामा राखिएको कंक्रिट कुर्सी बिग्रेका छन् भने बगैंचा संरक्षणको आवश्यक देखिएको छ । यसै गरी खुल्ला व्यायामशालामा भने उचित व्यवस्थापनको खाँचो छ ।

यस्तै, विनपा-४ बट्टारको हावाघरमा पनि उस्तै लगानी भएको छ । खुल्ला व्यायामशाला र किरियापुत्री भवन निर्माण भएको छ । किरियापुत्री भवनमा भने वर्षेनी बजेट विनियोजन हुँदै आईरहेको छ ।

खुल्ला क्षेत्र रहेकोले वडाबासीको स्वास्थ्यको लागि उपभोक्ता समितिमार्फत् अघिल्लो कार्यकालमा खुल्ला व्यायामशाला निर्माण गरिएको विदुर नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष निलमबाबु ढुंगेलले बताए । दुरूपयोगभन्दा पनि उक्त स्थान सबै मानिसहरूको आवतजावत हुने र सबै वडाबासीको मागमा संरचना बनाईएको उनले बताए । यसैगरी किरियापुत्री भवनलाई बहुमुखी भवन यानकी धर्मशालाको रूपमा रूपान्तरण गर्नुपर्ने जरूरी रहेको उनले बताए । जसले गर्दा समाजका कुनै पनि धार्मिक तथा सामाजिक कार्य प्रयोगमा ल्याउन सहज हुनेछ ।

वडाअध्यक्ष ढुङ्गेल निजी जग्गामा सरकारी बजेटबाट विकास निर्माण गर्न नमिल्ने बताउँछन् । वडामा पहुँचको आधारमा नगरस्तरीय बजेटमार्फत् दुई योजना केहि समुहले उपभोक्ता समिति गठन गरेर कार्य भएको उनले जानकारी दिए । नगरबासी वा वडाबासीको भूगोलको रक्षा गर्नु नगरपालिकाको भएतापनि व्यक्ति विशेष नभएर समुदाय वा उपभोक्ता समितिमार्फत हुनुपर्ने बताए ।

## सर्वसाधारणलाई सडकको तिरो

विदुर नगरपालिका वडा नम्बर २ विदुरस्थित हुलाक कार्यालयदेखि पानी ट्यांकी जानेसम्म बस्ति विस्तारसँगै सडक बनेको छ । सडक बनेतापनि सडकको लागतकट्टा नै नगरी नगरस्तरीय बजेटले सडक ढलान भएको छ ।



यस्तै, राधाकृष्ण मन्दिर जाने बाटो, भिमसेन माध्यमिक विद्यालयबाट राते माटे डाँडा जाने बाटो, बट्टार आदर्शमार्ग जाने बाटो, नुवाकोट बुढी भैरवी तल्लो कुवापानी मोटरबाटोलगायतका योजनाहरू उदाहरण हुन् । जिल्लामा स्थानीय सरकारको विनियोजित बजेटबाट कुनै पनि योजनामा लागतकट्टा हुदैँनन् ।

२ नम्बरका वडा अध्यक्ष दिपक कायस्थले नीतिगत निर्णय नहुदाँ लगतकट्टा नगरी योजनाहरूमा वडास्तरीय र नगरस्तरीय बजेट विनियोजन गरिएको बताए । लगतकट्टा गर्दा प्राविधिक त्रुटी एकातर्फ छ भने व्यवहारिक अर्कोतर्फ रहेको उनले भने । समुदाय वा उपभोक्ताले नै लगतकट्टाको लागि माग गरे वडाले त्यसको कार्यन्वयन गरिने उनले बताए ।

सडक विकाससँगै नागरिकको जग्गामा सरकारी बजेट पर्ने यो नयाँ होईन । नागरिक आफ्नो घरआँगनमा सडक बनेकोमा खुशी छन् । तर, खुशीसँगै सार्वजनिक सडक बनेपछि पनि भूमिकर तिर्नुपर्ने बाध्यता पनि छ । नगरपालिकाले सडकको जग्गा लगतकट्टा नगर्दा भने एक त जग्गा गएको छ भने सडकको पनि भूमिकरको तिरो तिरिरहेको छ ।

सडक विस्तारको क्रममा परेको खेतीयोग्य जमिन सडकमा परे पनि व्यक्तिकै नाममा लालपुर्जा छ। जग्गा भोगचलनबाट बञ्चित भए पनि नागरिकले नियमित तिरो तिरिरहेकै छन् ।

समुदायका लागि सडकको नाममा राज्यको रकम लगानी केहि उपभोक्तामार्फत् भएको विदुर नगरपालिका-२ का अध्यक्ष दिपक कायस्थले स्वीकार गरेका छन् । यस आवमा यस्ता किसिमको योजनाहरू उपभोक्ता समिति र नगरस्तरीय योजनाबाट आफ्नो वडामा नहुने बताए ।

यस्तै, पाँच दशकअघि बनेको पासाङल्हामु राजमार्गले ओगटेको सर्वसाधारणको जग्गाको लगत कट्टा नहुँदा

समस्या भएको छ । सडकले ओगटेको जग्गाको स्थानीयले पूर्ण मुआब्जा पाएका छैनन् । उल्टै तिरो तिर्नुपरेको उनीहरूको गुनासो छ । अझै त्रिदेशीय राजमार्गले पनि पिरोलेको छ ।

सार्वजनिक सडक ऐन २०३१ अनुसार सडक निर्माण तथा विस्तार गर्दा आवश्यक पर्ने जग्गा प्राप्त गर्दा आवश्यक मुआब्जा वितरण गरिने उल्लेख छ । यस्तै, सडक छेउका जग्गावालाबाट विकास कर असुल गर्ने व्यवस्था समेत ऐनमा तोकिएको छ । तर, त्यसअनुसार कार्यान्वयन नहुँदा सर्वसाधारणले सडकको तिरो समेत आफैं तिर्नुपरेको गुनासो पोख्दै आएका छन् ।

सडक ऐनमा भएको व्यवस्था अनुसार राष्ट्रिय राजमार्गको हकमा मुख्य सडकको बीचभाग देखी दायाँबायाँ २५ मिटर सहायक राजमार्गमा १५ मिटर र सहरी राजमार्गमा १० मिटर जग्गा अनिवार्य रूपमा छोड्नुपर्ने छ ।

### लगतकट्टाको लागि बजेट विनियोजन

सडक डिभिजन, मालपोत र नापीलाई स्थानीय तहसँग समन्वय गरी राजमार्ग, शहरी विकासअन्तर्गतका सडक, ढल तथा नालीको व्यक्तिको नाममा रहेको जग्गालाई लगतकट्टा गरी सरकारको बनाउन निर्णय भएको विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले बताए ।




नगरको पछिल्लो नगर बैठकबाट पारित भएको निर्णयअनुसार नगरका दुई वडाहरू १ र ५ बाट सरकारी बजेट पर्ने योजनामा लगतकट्टा गरी मात्र कार्य अघि बढाईने छ । चालुआर्थिक वर्ष र विगतका योजनाहरूको समेत लगत कट्टा गरिने कार्य परीक्षणको लागि ती दुई वडाहरूमा तीन लाख रूपैँया बजेट विनियोजन गरिसकेको उनले जानकारी दिए । तर त्रिदेशीय राजमार्ग, मुख्य सडक, शाखा सडकलगायतमा प्रमुख समस्या रहेको छ । जग्गा कित्ताकाट गर्न बजेटको अभाव भएको उनको भनाइ छ ।

नगरपालिका क्षेत्रभित्र निर्माण भएका सार्वजनिक संरचनाहरूको नक्सापास, यो जनामा बजेट, मर्मतलगायतका कार्यमा समेत लगतकट्टा कार्यलाई तदाकरूताका साथ कार्यन्वयन गरिने उनले बताए ।

चालुआर्थिक वर्षमा यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, खाने पानी तथा सरसफाई र अन्य शिर्षकमा विदुर नगरपालिकाको वडा नम्बर १ र ५ मा ७० लाख र ७५ लाख बजेट विनियो जन गरिएको छ ।



# पालिकाहरूले बढाउन सकेनन् खर्चको गति





सुनिल श्रेष्ठ

सुनील श्रेष्ठ, १२ फागुन, नुवाकोट । चालू आर्थिक वर्ष २०८१/०८२ मा पनि नुवाकोटका १२ पालिकाको बजेट कार्यान्वयन सुस्त देखिएको छ । पालिकाहरूले गत अर्धवार्षिकको अवधिमा विनियोजित कुल विकास र चालू बजेटमध्ये २४ दशमलव ८२ प्रतिशत मात्र खर्च गरेका छन् ।

नुवाकोटका १२ वटै स्थानीय तह असारे विकासको मानसिकताबाट अझै मुक्त हुन नसकेको पुष्टि भएको देखिएको छ । १०४ शिर्षकमा बजेट विनियोजन भएकोमा नौ शिर्षकमा कुनै पनि खर्च नभएको देखिएको छ ।

कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च, पदाधिकारी कल्याण कोष खर्च, मृत कर्मचारीको सुविधा तथा सहायता भै परी आउने चालु खर्च, अनुसन्धान तथा विकास सम्बन्धी खर्च, भैपरी आउने पूँजीगत, वित्तीय, अन्य संस्थामा शेयर लगानी र अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानीमा बजेट विनियोजन भएतापनि कुनै पनि खर्च भएको छैन ।

चालू आवका लागि पालिकाहरूको चालू र पुँजीगत गरी कुल बजेट रू. सात अर्ब एक करोड ६२ लाख ३९ हजार दुई सय २५ विनियोजित भएकोमा यो अवधिमा रू. एक अर्ब ७४ करोड १८ लाख ४३ हजार नौ सय ९० मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) नुवाकोटका प्रमुख राजनकुमार फुयालले जानकारी दिए ।

पालिकाले बाँकी अवधिमा विनियोजित कुल बजेटको ७५ प्रतिशत अर्थात् रू. पाँच अर्ब २७ करोड ४३ लाख ९५ हजार दुई सय ३४ खर्च गर्नुपर्छ ।

पालिकाहरूले कुल विकास बजेटको जम्मा नौ दशमलव नौ प्रतिशत अर्थात् रू. २३ करोड २५ लाख ९२ हजार पाँच सय ९६ मात्र खर्च गरेका छन् । १२ पालिकालाई कुल

विकास बजेट रू. दुई अर्ब ५५ करोड ९७ लाख ४३ हजार आठ सय २० विनियोजन भएको कार्यालयले जानकारी दिएको छ ।

चालू वर्षका लागि चालूतर्फ चार अर्ब ४५ करोड ६४ लाख ९५ हजार चार सय पाँचमध्ये पुस मसान्तसम्म रू. एक अर्ब ५० करोड ९२ लाख ५१ हजार तीन सय ९३ खर्च भएको छ । यो कुल विनियोजित बजेटको ३३ दशमलव ८७ प्रतिशत हो ।

स्थानीय सरकारले समयमै योजना सम्झौता गरेतापनि असारमसान्तमा भुक्तानी दिने गरेकाले बजेट खर्च नदेखिने अडिटर्स एसोसिएसन नेपाल (अडान) नुवाकोटका अध्यक्ष गोपालबहादुर सापकोटाले बताए ।

शिवपुरी गाउँपालिका अध्यक्ष गोविन्द थपलियाले गाउँपालिकाले हरेक योजना समयमै सम्पन्न गर्न प्रयत्न गरेको भए पनि उपभोक्ता तथा ठेकेदारको ढिलासुस्तीको कारण समयमै बजेट खर्च नहुने समस्या रहेको बताए । उनले भने, "योजना सम्झौता समयमै हुने भए पनि भुक्तानी समयमै लिन नआउने समस्याले बजेट खर्च नदेखिएको हो ।"


विकास बजेट खर्च कम हुनुले नुवाकोटका १२ वटै स्थानीय तह असारे विकासको मानसिकताबाट अझै मुक्त हुन नसकेको पुष्टि हुन्छ । एक वर्षभित्र सम्पन्न गर्नुपर्ने योजनाको समयमै सम्झौता, काम सम्पन्न र भुक्तानी दिन यहाँका स्थानीय तह अझै गम्भीर बन्न सकेका छैनन् । महालेखाको आव २०७९/०८० को प्रतिवेदनमा उल्लेख गरिएअनुसार जिल्लाका स्थानीय तहले असारमा सर्वाधिक खर्च गर्दै आएका छन् ।

सदरमुकामसमेत रहेको विदुर नगर पालिकाले चालू आवको पुस मसान्तसम्म कुल विनियोजित विकास बजेट रू. ४१ करोड ८७ लाख २५ हजारमध्ये रू. पाँच करोड २७ लाख ४८ हजार दुई सय ८० अर्थात् १२ दशमलव ६० प्रतिशत खर्च गरेको छ । त्यस्तै बेलकोटगढी नगर पालिकाले विनियोजित विकास बजेट रू. ३४ करोड ६१ लाख १० हजारमध्ये यो अवधिमा रू. तीन करोड ६२ लाख १२ हजार चार सय ६ मात्र अर्थात् १० दशमलव ४६ प्रतिशत मात्र खर्च गरेको कार्यालयको तथ्यांक छ ।

## नुवाकोटका स्थानीय तहको बजेट कार्यान्वयन

तथ्यांक अर्धवार्षिक, २०८१

कुल खर्च




स्रोत: कोष तथा लेखा नियन्त्रक कार्यालय नुवाकोट • डबली खबर




## साझा कानुन नबन्दा स्रोत परिचालन

# राजस्व र लाभ यकिनमा समस्या



केशव समर्पण

१३ साउन २०८१ । हेटौंडा– संघीयता अभ्यास सुरू भएको सात वर्ष भइसक्दा पनि कानुनी रूपमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । कानुनले तोकेको एकल अधिकार सूचीका केही कानुन निर्माण गरे पनि साझा अधिकार सूचीका कानुन नबन्दा प्रदेश र स्थानीय सरकारलाई अझै पनि आफ्नो औचित्य पुष्टि गर्नुपर्ने चुनौती छ ।

संघीय सरकारले कानुन नबनाउँदा प्रदेशले साझा अधिकारको सूचीका कानुन बनाउन सकेका छैनन् । संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँडसम्बन्धी व्यवस्था छ । यसमा संघ, प्रदेश र स्थानीय गरी तीन तह हुने व्यवस्था छ । यसैअनुसार राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था गरिएको छ । सोहीबमोजिम बागमती प्रदेश सरकारले एकल अधिकार सूचीका कानुन निर्माण गरी कार्यान्वयन गरिरहेको छ । केही साझा अधिकारको सूचीमा रहेका कानुन निर्माण भए पनि पर्याप्त कानुन बनाउन नसकिएको प्रदेश सरकारको भनाइ छ ।

संविधानको अनुसूची ६ मा प्रदेशको २१ वटा अधिकार क्षेत्र तोकिएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनेको छ । प्रदेशलाई प्रदेश प्रहरी प्रशासन, प्रदेश तथ्यांक, रेडियो–टीभी सञ्चालन, स्वास्थ्य सेवा, प्रदेश लोकमार्ग, लोकसेवा, अनुसन्धान ब्यूरो गठनलगायत अधिकार छन् । प्रदेशले मूलतः यी कानुन बनाएका छन् । तर, संविधानको अनुसूची–७ मा संघ र प्रदेशबीच साझा अधिकारका २५ विषय छन् । वस्तु तथा सेवाको आपूर्ति, फौजदारी तथा देवानी कार्यविधि, शान्ति सुरक्षाको व्यवस्था, सम्पत्ति प्राप्ति, जनसंख्या व्यवस्थापन, पर्यटन, खानेपानी तथा सरसफाइ, वैज्ञानिक अनुसन्धान, भूमि नीति र रोजगार संघ र प्रदेशको साझा अधिकारका विषयभित्र पर्छन् ।

प्रदेशले एकल अधिकारका कानुन बनाए पनि साझा अधिकार सम्बन्धी कानुन निर्माणमा भने जटिलता देखिएको छ । संघीय कानुनलाई टेकेर त्यस कानुनसँग नबाझिने गरी प्रदेश र स्थानीय तहले साझा अधिकार सूचीका कानुन निर्माण गर्नुपर्ने भनी संघ, प्रदेश स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध ऐन) २०७७ मा व्यवस्था गरिएको छ । सोहीअनुसार संघले कानुन नबनाइर्दिंदा प्रदेशमा समस्या भएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकी प्रवक्ता मनुका घिमिरेले बताइन् । बागमती प्रदेशले स्थापनायता ६३ वटा मूल कानुन निर्माण गरी कार्यान्वयन गरिरहेको छ । यसबीचमा १४ वटा अध्यादेश जारी भएकोमा ४ वटा प्रतिस्थापन भएको थियो भने ६ वटा निष्क्रिय भए । ३ वटा अध्यादेश भने कानुनमा परिणत भएका थिए । यस्तै प्रदेशमा २५ वटा नियमावली, २ वटा विनियमावली, ८ वटा निर्देशिका, ५५ वटा कार्यविधि, १० वटा मापदण्ड र ७ वटा आदेश जारी भएको कानुन मन्त्रालयकी प्रवक्ता घिमिरेले बताइन् ।

प्रदेशले बनाएका ६३ वटा कानुनमध्ये केही कानुन साझा अधिकारको क्षेत्रभित्र पर्ने देखिन्छ । प्रदेशले जारी गरेको प्रदेश विपद् व्यवस्थापन ऐन, खेलकुद विकास ऐन, प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, वातावरण संरक्षण ऐन, अन्तर प्रदेश वासिन्दाको सुरक्षा, व्यवहार र सुविधा ऐन र स्थानीय सेवा गठन र सञ्चालन ऐन स्ता ऐनहरू संघ र प्रदेशको साझा अधिकारका सूचीमा पर्दछन् । प्रदेश स्थापना भएपछि एक अध्ययनले प्रदेशमा ९९ वटा कानुनको पहिचान गरिए पनि हालसम्म ६३ वटामात्र बनेका छन् ।

बागमती प्रदेशका उपन्यायाधिवक्ता उदयचन्द्र अधिकारीले संघीय सरकार र प्रदेश सरकार दुवै उदासीन भएकाले साझा अधिकारको सूचीको कानुन बन्न नसकेको तर्क गरे । राजनीतिक नेतृत्वमा पनि संघीयताको पूर्ण कार्यान्वयनमा गहिरो चासो नदेखिएको उनको भनाइ छ । 'राजनीतिक नेतृत्वले जुन किसिमको तदारूकता देखाउनुपर्ने हो, त्यो देखाएको छैन, प्रदेशले पनि संघीय सरकारकै मुख ताकेर बस्ने प्रवृत्ति हटेको छैन । यसले पनि असर गरेको छ,' अधिकारीले भने, 'संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ ले एकल अधिकारका कानुन र साझा अधिकारका कानुन कसरी बनाउने, सीमा र अधिकार के हुने भन्ने विषय प्रष्ट उल्लेख गरेको छ । सोही ऐनको पनि कार्यान्वयन हुन सकेको छैन ।'

संघीय सरकारले पनि साझा अधिकारका सूचीका कानुन निर्माण गरिदिए प्रदेश र स्थानीय तहलाई सहज हुने भन्दै अधिकारीले प्रदेश सरकारलाई पनि साझा अधिकारका कानुन बनाउन भने रोक नभएको बताए । कानुन निर्माणले गति नलिने हो भने संघीयता कार्यान्वयनमै समस्या हुने उनले बताए । 'कानुन बनाउने र कानुनको कार्यान्वयनबाट नै संघीयता कार्यान्वयन हुने हो, यसरी कानुन निर्माणमै ढिलाइ गर्ने हो भने संघीयता नै कमजोर हुँदै जान्छ । प्रदेशका निकायहरू पनि सशक्त हुन सकेका छैनन्,' अधिकारीले भने ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा उपसचिव दिनेश भट्टराईले प्रशासनिक संघीयता कमजोर भए वित्तीय संघीयता पनि कमजोर हुने भन्दै आवश्यक साझा अधिकारका कानुन निर्माण र कार्य जिम्मेवारीका साथ कार्य विस्तृतीकरण पनि स्पष्ट गर्नुपर्ने धारणा व्यक्त गरे । प्राकृतिक स्रोतको विषय तीनै तहको साझा अधिकारको सूचीमा राखिए पनि प्राकृतिक स्रोत के हो भन्ने स्पष्ट नभएका कारण आयोगले काम गर्ने क्रममा समस्या भइरहेको उनले बताए । 'अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रोयल्टी बाँड्नको लागि पर्वतारोहण, वन, खानी खनिज र विद्युत, पानी र अन्य भनेर लेखेको छ । अन्य भनेको के हो भनेर खुलेको छैन । त्यसैले हामीले भनेका छौं कि प्राकृतिक स्रोतसम्बन्धी छाता ऐन बनाउनुपर्‍यो र वन, खानीलगायत विभिन्न सेक्टरसम्बन्धी छुट्टाछुट्टै ऐन बनाउनुपर्छ,' उनले भने, 'यति बनाउन सकियो भने प्राकृतिक स्रोतको न्यायोचित बाँडफाँटमा सहज हुने थियो । यो काम हुन सकेको छैन । साझा अधिकारको सूचीको कानुन बनाउन सरकारले तदारूकता नदेखाउँदा हामीमा यो समस्या छ ।'

संविधानमा तीन तहको सरकारबीच साझा अधिकारको सूचीमा रहेका विषय एकल अधिकारमा पनि उल्लेख छ । प्रदेश वा स्थानीय तहले एकल अधिकारको प्रयोग कतिसम्म गर्ने र कुन तहपछि त्यो विषयमा साझा अधिकारको सूची आकर्षित हुने भनी उल्लेख नभएका कारण समस्या भइरहेको भट्टराईको बुझाइ छ । राजनीतिक, प्रशासनिक र वित्तीय गरी तीनवटै आयाम मजबुत भएमा मात्र संघीयता कार्यान्वयन प्रभावकारी हुने उनको भनाइ छ । साझा अधिकारका कानुन निर्माण नहुँदा स्रोत परिचालन, राजस्व खर्च, लाभको विषय यकीन गर्न आयोगलाई अप्ठ्यारो भइरहेको भट्टराईले बताए ।

प्रदेश सरकारका गतिविधि नियालिरहेका अधिवक्ता ऋषि केबीले राजनीतिक उथलपुथल र फेरबदलले कानुन निर्माणमा प्रत्यक्ष असर परिरहेको बताए । तीन तहका सरकारबीच नै पर्याप्त समन्वय र सहकार्य नहुँदा कानुन निर्माणमा अपेक्षाकृत प्रगति हुन नसकेको उनको भनाइ छ । 'समाजलाई निर्दिष्ट गर्ने माध्यम नै कानुन हो । कानुन नै बनेन भने समाज नियमित ढंगले अघि बढ्न सक्दैन । राज्यप्रति नागरिकमा वितृष्णा उत्पन्न हुँदै जान्छ । यसमा सरकारले बेलैमा ध्यान दिनु जरूरी हुन्छ,' उनले भने । नेपालमा कानुन निर्माणका क्रममा सरकारी विज्ञहरूका साथै बार एसोसिएसनलगायत कानुनका ज्ञाताहरूलाई पनि समेट्नुपर्ने उनको सुझाव छ ।



# ५0 करोडको धुलो दूध कारखाना सञ्चालनमा ढिलाइ



**केशव समर्पण**

३० वैशाख २०८१ । हेटौँडा- हेटौँडा- बागमती प्रदेश सरकारले प्रदेश राजधानी हेटौँडामा करिब ५० करोड रूपैयाँ खर्चिएर धुलो दूध तथा बटर उत्पादन गर्ने कारखाना स्थापना भए पनि सञ्चालनमा आउन सकेको छैन । मोडालिटी तय नहुँदा सञ्चालनमा आउन नसकेको हो । करिब तीन वर्ष लगाएर हेटौँडा-१० स्थित सिसौघारीमा दुई बिगाहा जग्गामा तयार भएको धुलो दूध कारखाना कुन मोडलमा सञ्चालन गर्ने भन्नेबारे प्रदेश सरकार नै अन्योलमा छ ।

उद्योग सञ्चालनका लागि आवश्यक जनशक्ति, लागत रकम, सञ्चालनको मोडल, कच्चा पदार्थलगायतका विषयमा मन्त्रालय र बोर्ड अन्योलमा देखिएका हुन् । कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले सञ्चालन मोडलबारे विभिन्न चरणमा लामो छलफल गरे पनि अहिलेसम्म सञ्चालन मोडालिटी टुंगो लाग्न सकेको छैन । निर्माण कम्पनीले चार महिनाअघि नै कारखाना निर्माणको काम पूरा गरिसकेकोमा तीन महिनासम्म दुग्ध विकास संस्थान (डिडिसी) ले प्लान्टको परीक्षण उत्पादनसमेत गरिसकेको छ ।

गत माघ, फागुन र चैतमा डिडिसीले प्लान्टमा करिब १० लाख लिटर दूधको पाउडर उत्पादन गरेको डिडिसीका हेटौँडा आयोजना प्रमुख राजीव खनालले बताए । 'प्लान्टको परीक्षण गरेर सहयोग गरिदिन हामीलाई आग्रह भएबमोजिम हामीले ३ महिनासम्म परीक्षण उत्पादन गरेर हेर्‍यौं, तोकिएको क्षमताकै प्लान्ट बनेको छ' उनले भने,'तर, त्यहाँ केही कमजोरीहरू भेटियो, हामीले दुग्ध विकास बोर्डलाई लेखेर दिएका छौं ।'

कन्ट्रोल रूम स्थापना नगरिएको, परीक्षण ल्याबको व्यवस्था नभएको, गोदामघर नभएको, जेनेरेटरको व्यवस्था नभएको जस्ता कमजोरीहरू डिडिसीले पहिल्याएको छ । डिडिसीले तीन महिनासम्मको परीक्षण उत्पादन गरेपश्चात हाल प्लान्ट बन्द अवस्थामा छ । उत्पादित धुलो दूध भण्डारण गर्ने गोदामसमेत नभएकाले डिडिसीले आफ्नै भण्डारणमा लगेको छ । कारखाना स्थापना गर्दा बटर भण्डारण गर्ने ३५ मेट्रिक टन क्षमताको कोल्डस्टोर बनाइएको भएपनि धुलो दूध भण्डारण गर्ने कक्ष भने बनाइएको छैन ।

सम्झौता बमोजिम काम सम्पन्न भएता पनि प्लान्ट कुन मोडलमा सञ्चालन गर्ने भनेर टुङ्गो नलागेकाले निर्माण कम्पनी इजी इन्फ्रा प्रालिले प्रदेश दुग्ध विकास बोर्डलाई औपचारिक रूपमा प्लान्ट हस्तान्तरणसमेत गर्न पाएको छैन । 'हामीले सम्झौतामा भएबमोजिमको काम टुङ्ग्याइसकेका छौं । केही थोरै रकमबाहेक सबै भुक्तानी पनि लिइसकेका छौँ । तर, कुन मोडलमा सञ्चालन गर्ने भन्ने टुङ्गो नलगाउँदा औपचारिक हस्तान्तरण गर्न भने बाँकी छ' निर्माण कम्पनीका उत्तम पौडेलले भने ।

कारखानाबाट दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमता रहेको छ । नियमित रूपमा सञ्चालनमा आएमा प्लान्टबाट प्रतिदिन ५ मेट्रिक टन र प्रतिवर्ष एक हजार पाँच सय टन धुलो दूध उत्पादन हुने बताइएको छ । बागमती प्रदेश सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गत रहेको प्रदेश दुग्ध विकास बोर्डको ४७ करोड लगानीमा धुलो दूध कारखाना स्थापना भएको हो ।

एक वर्षभित्र सम्पन्न गर्नेगरी इजी इन्फ्रा प्रालिसँग २०७७ पुस १ गते ४१ करोड २२ लाख ७१ हजार रूपैयाँमा ठेक्का सम्झौता गरिएता पनि कोरोना महामारी र अन्य विविध कारणले तीन पटक म्याद थप गरी कारखाना तयार गरिएको हो । सुरूमा ४१ करोड २२ लाख रूपैयाँ अनुमान गरिएता पनि पछि काम बढेकाले कारखानाको लागत ४७ करोड पुगेको प्रदेश दुग्ध विकास बोर्डले जनाएको छ । कारखाना निर्माणको काम सम्पन्न भए पनि कारखानाम्म पुग्ने सडक निर्माण, प्लान्ट वरपर माटो भरेर सम्याउनेलगायतका काम भने बाँकी नै छ ।

ती कामका लागि करिब एक करोड रूपैयाँको मूल्यांकन गरी ठेक्का लगाइएको प्रदेश दुग्ध विकास बोर्डकी निमित्त निर्देशक डा.सजिता ज्ञवालीले बताइन् । कारखाना सञ्चालन मोडलबारे धेरैपटकको छलफलपछि सार्वजनिक निजी साझेदारी (पिपिपि) मोडलमा जाने भन्नेबारे बोर्डले निर्णय गरेता पनि यो नै अन्तिम निर्णय भने नभएको ज्ञवालीले बताइन् । 'पाउडर प्लान्ट सञ्चालन गर्नका लागि हामीले सार्वजनिक निजी साझेदारी मोडल ठिक हुन्छ भनेर निर्णय चाहिँ गरेका छौँ तर, यो निर्णय अन्तिम भने होइन, पछि अन्य विकल्प पनि आउनसक्छ । सञ्चालनको कार्यविधि बनाई मन्त्रिपरिषद्बाटै निर्णय गर्नुपर्छ' उनले भनिन् ।

प्लान्ट सञ्चालन गर्नका लागि दूध ट्यांकर, मेकानिकल इन्जिनियर, डेरी टेक्निसियनलगायतका जनशक्ति डिडिसीसँग रहेकाले उसैलाई प्लान्ट हस्तान्तरण गर्नेबारे पनि छलफल चलाइएको थियो । तर, प्रदेश सरकारले करोडौं खर्चेर बनाएको संरचनाबाट आम नागरिकले प्रत्यक्ष पाउने लाभको विषयमा प्रश्न उठेपछि त्यसबारे निर्णय हुन सकेको छैन । धुलो दूध कारखाना स्थापनासँगै बागमती प्रदेशसहित अन्य प्रदेशका दुग्ध किसानले उत्पादन गरेका दूधको सहज बजारीकरण हुने प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको दाबी छ ।

मन्त्रालयका सचिव राजेन्द्र कोइरालाले दूध कारखाना सञ्चालन मोडालिटी टुङ्गो लाग्न ढिलाइ भएको स्वीकार गरे । कसरी सञ्चालन गर्ने भन्नेबारे पटकपटक छलफल गरिएता पनि कुनै निष्कर्ष ननिस्किएको उनले बताए । 'कारखाना सञ्चालनबारे पूर्ण मोडालिटी तयार गर्न विज्ञ समूहसहितको समिति बनाउनुपर्ने निष्कर्षमा हामी पुगेका छौँ' उनले भने 'तर, विज्ञ समिति बनाउने काम भने अघि बढिसकेको छैन । केही समयमा नै समिति बनाउने काम हुन्छ ।'

कारखानासम्म पुग्ने सडक, कारखानाभित्र फिलिङ गर्नेलगायतका कामका लागि बजेटको सुनिश्चितता गरी काम सुरू भइसकेको र अन्य काम गर्न बजेट अपुग देखिएमा अर्को वर्ष पुनः थप बजेट विनियोजन गरिने उनले बताए । दुग्ध कारखाना सञ्चालनपछि स्थानीयले पाउने रोजगारी, स्थानीय दुग्ध किसानले पाउने लाभलगायतका बारेमा विज्ञ समिति बनेपछि त्यसैले टुङ्गो लगाउने सचिव कोइरालाको भनाइ छ । कारखानाको डीपीआर बनाउँदा किन सञ्चालन मोडालिटी नबनाइएको भन्ने प्रश्नमा सचिव कोइरालाले अघिल्ला पदाधिकारीले के गरे भन्नेबारे आफूलाई जानकारी नभएको जवाफ दिए ।




# राजस्व बाँडफाँटको नसुल्झिएको कथा



केशव समर्पण

६ फागुन २०८० । हेटौंडा– प्रदेश सरकार र स्थानीय तहबीच सुरूदेखि राजस्व बाँडफाँटको विषयमा रहेको मतभेद पाँच वर्षसम्म पनि सुल्झिएको छैन । दुई निकायबीच ढुंगा गिट्टी बालुवाको कर बाँडफाँटमा प्रदेश र स्थानीय तहबीच पटकपटक जुहारी चल्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको संशोधनपछि विवाद झनै बढेको छ ।

संशोधनपछि प्रदेशलाई राजस्व बाँडफाँड गर्नुपर्ने कानुनी बाध्यता हटेको बुझाइ स्थानीय तहको छ । प्रदेश सरकारको दबाबकै बीच स्थानीय तहले राजस्व बाँडफाँट नियमित गरिरहेका छन् । स्थानीय तहका अधिकारीहरू भने यसमा कानुनी बाध्यता हटिसकेको तर्क गर्छन् । स्थानीय तहले असुल गरेको राजस्व बाँडफाँट गर्नुपर्ने ऐनमा व्यवस्था नभएको राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला बताउँछन् ।

उनका अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले असुल गरेका कतिपय राजस्व प्रदेशलाई बाँडफाँट गर्नुपर्ने उल्लेख थियो । तर यो ऐन २०७५ मा संशोधन भएपछि बाँडनु पर्ने भन्ने अनिवार्यता हटेको छ । ऐन संशोधन भएपछि पनि प्रदेशले दर निर्धारण गरिरहेको र पुरानै प्रक्रियाअनुसार राजस्व बाँडफाँट भइरहेको छ । तर, यो कानुनी अनिवार्यता नभएको गर्तौलाको भनाइ छ । संविधानको धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन सक्ने व्यवस्था गरेको छ ।

ती स्रोतहरूबाट राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने भनी उल्लेख छ । तर स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले ढुंगागिट्टी बालुवामा चार प्रकारका राजस्व प्रदेशलाई ४० प्रतिशत बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको थियो । सोही ऐनलाई टेकेर प्रदेश सरकारहरूले स्थानीय तहलाई राजस्व बाँडफाँट गर्न ताकेता गर्दै आएका थिए । ऐन संशोधन गर्ने क्रममा संकलित राजस्व प्रदेशलाई बाँड्नुपर्ने भन्ने वाक्यांश हटाइएको छ ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव लक्ष्मीकुमार रिजाल आफूहरूले संविधानअनुसार ढुंगागिट्टी बालुवाको दर निर्धारण गर्ने गरेको दावी गर्छन् । कानुन अनुसार प्रदेश सरकारलाई बाँडफाँटबापत प्राप्त हुनुपर्ने ४० प्रतिशत राजस्व नियमित रूपमा स्थानीय तहले जम्मा गर्नुपर्ने उनले बताए । स्थानीय तहले राजस्व संकलनलाई प्रभावकारी र नियमित गर्न के गरिरहेका छन् भन्नेबारे आफूहरूले अनुगमनसमेत गर्ने गरेको रिजालले बताए ।

## राजस्वमा सुधार

राजस्व बाँडफाँडमा विवाद देखिए पनि स्थानीय तहहरूले संकलन गरेको ढुंगा गिट्टी बालुवाको राजस्व, विज्ञापन कर र मनोरञ्जन कर असुलीमा सुधार देखिएको छ । स्थानीय तहहरूले बाँडफाँट गर्नुपर्ने राजस्व रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी आफूहरूले ६० प्रतिशत र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्छ ।

बागमती प्रदेशले चालु आर्थिक वर्षको ६ महिनामा ढुंगा गिट्टी बालुवा दहत्तर बहत्तर बिक्रीबाट २५ करोड ५८ लाख रूपैयाँ आम्दानी गरिसकेको छ । चालु आर्थिक वर्षमा सोबापत एक अर्ब रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा पुस मसान्तसम्ममा २५.५९ प्रतिशत हासिल भइसकेको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी होमनाथ रिजालले जानकारी दिए ।

यसैगरी विज्ञापन करको बाँडफाँटबाट प्रदेश सरकारले बितेको ६ महिनामा ५५ लाख ९५ हजार रूपैयाँ स्थानीय तहबाट प्राप्त गरेको छ । चालु आर्थिक वर्षमा प्रदेशले विज्ञापन कर बाँडफाँटबाट एक करोड ७५ लाख रूपैयाँ प्राप्त हुने अनुमान गरेकोमा पुस मसान्तसम्ममा ३१.९८ प्रतिशत लक्ष्य हासिल भएको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

त्यस्तै मनोरञ्जन करको बाँडफाँटबाट प्रदेशमा एक करोड ३५ लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा ७ लाख ६८ हजार रूपैयाँ अर्थात अनुमानको ५.७७ प्रतिशत मात्र प्राप्त भएको छ । प्रदेशले लगाएको दरअनुसार नै आफूहरूले ढुङ्गागिट्टी बालुवाको ठेक्का लगाउने गरिएको र त्यसबापत प्राप्त राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने गरिएको मकवानपुरको राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए ।



# बागमतीमा करोडौं लगानीका शीत भण्डार अलपत्र



**केशव समर्पण**

४ असार २०८१ । हेटौंडा- प्रदेश सरकार स्थापनाको सुरूवाति वर्षमा कार्यविधि र सञ्चालन मोडालिटी नै नबनाई गरिएको करोडौं रूपैयाँ लगानीको असर अहिले देखिन थालेको छ । मुलुक संघीय संरचनामा गइसकेपछि २०७४ सालमा स्थापित बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ सालमा सुरू गरेको शीत भण्डार बनाउने योजनाले पाँच वर्ष बित्दा पनि मूर्त रूप पाउन सकेको छैन ।

मौसमी तरकारी र फलफूललाई निश्चित समयसम्म भण्डारण गरेर राखी बेमौसममा बेच्दा किसानले राम्रो आम्दानी गर्नसक्ने सोचका साथ प्रदेशभर १२ वटा शीत भण्डार स्थापना सुरू गरिएकोमा अझै पनि धेरैको काम सम्पन्न हुन सकेको छैन । विभिन्न जिल्लामा निर्माण थालिएको १२ वटा शीतभण्डारमध्ये दुईवटाको अझै काम सुरू हुन सकेको छैन भने चारवटा अझै निर्माणाधीन छन् । निर्माण सकिएका ६ वटा शीत भण्डार पनि स्थानीय तहमा हस्तान्तरण गरिएका छैनन् । सम्बन्धित स्थानीय तहकै पूर्ण स्वामित्व रहने गरी २०७८ सालमै शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गरिए पनि कार्यान्वयन भएको छैन ।

प्रदेश सरकार र साझेदार स्थानीय तह/संस्थाले बनिसकेका, बन्दै गरेका र निर्माण नै सुरू नभएका १२ शीत भण्डारका लागि हालसम्म ७६ करोड ३२ लाख निर्माण कम्पनीलाई भुक्तानी दिइसकेका छन् । शीत भण्डार निर्माणमा प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमशः ७० र ३० प्रतिशतका दरले लागत बेहोर्ने र प्रदेश र निजी क्षेत्रको साझेदारीमा ५०-५० प्रतिशत रकम बेहोर्ने सम्झौता भएको थियो । निर्माण भइसकेका र निर्माण कार्य चलिरहेका शीत भण्डारका साझेदारले सम्झौताअनुसार १९ करोड १० लाख रूपैयाँ भुक्तानी दिन बाँकी रहेको प्रदेश कृषि मन्त्रालयले जनाएको छ ।

तत्कालीन प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यमा 'एक जिल्ला, एक शीत भण्डार' अवधारणा ल्याएको थियो । मौसमी तरकारी र फलफूलले लागत मूल्यसमेत नपाएर खेर फाल्नुपर्ने अवस्थाको अन्त्यका लागि प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजी क्षेत्रको साझेदारीमा १२ वटा शीत भण्डार निर्माणको काम सुरू गरेको थियो ।

प्रदेशको तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय)ले साझेदार संस्थासँगको सहकार्यमा एक वर्षभित्र निर्माण सक्ने गरी २०७६ असार २५ गते आठवटा, ३० असारमा दुईवटा र माघ १३ मा थप दुई शीत भण्डार निर्माणका लागि ठेकेदार कम्पनीसँग सम्झौता गरेको थियो ।

नौ जिल्लाका १२ स्थानीय तहमा १२ वटा शीत भण्डार बनाउन तत्कालीन अवस्थामा कुल एक अर्ब ६ करोड ७३ लाख रूपैयाँमा ठेक्का लागेको थियो । सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको जिरी र भीमेश्वर, नुवाकोटको विदुर र बेलकोटगढी, रामेछापको मन्थली, सिन्धुलीको सुनकोशी, रसुवाको कालिका, काभ्रेको बनेपा, चितवनको खैरहनी र धादिङको बेनीघाट रोराङ गाउँपालिकामा शीत भण्डार बनाउन प्रदेश मन्त्रालयले सम्झौता गरेको थियो ।

पहिलो चरणमा ईजी इन्फ्रा प्रालिसँग ठेक्का सम्झौता गरिएकामध्ये सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७, सिन्धुपाल्चोककै इन्द्रावती गाउँपालिका-७, दोलखाको जिरी नगरपालिका-५, रामेछापको मन्थली नगरपालिका-१ र सिन्धुलीको सुनकोशी गाउँपालिका-५ मा पाँच-पाँच सय मेट्रिकटन र रसुवाको कालिका गाउँपालिका-२ मा तीन सय मेट्रिकटन क्षमताको शीत भण्डार निर्माण सम्पन्न भइसकेका छन् ।

सिन्धुपाल्चोकको लिसंखुपाखरमा पाँच करोड ३५ लाख १७ हजार, इन्द्रावतीमा पाँच करोड ३५ लाख ४९ हजार, रामेछापको मन्थलीमा पाँच करोड ३० लाख ९५ हजार, सिन्धुलीको सुनकोशीमा पाँच करोड ३० लाख ८० हजार, दोलखाको जिरीमा पाँच करोड ३७ लाख १६ हजार र रसुवाको कालिकामा तीन करोड ७० लाख ३५ हजार रूपैयाँको ठेक्कामा शीतभण्डार निर्माण भएको प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ ।

२०७७ सालमै सम्पन्न गर्नेगरी सम्झौता भएता पनि ती शीत भण्डार निर्माण गर्न निर्माण कम्पनीले दुई पटक म्याद थपेर सम्पन्न गरेको थियो । शीत भण्डार निर्माण सकिएता पनि त्यसलाई सञ्चालनका लागि प्राविधिक जनशक्ति व्यवस्थापनलगायत समग्र सञ्चालन कार्यविधि नहुँदा साझेदार संस्थालाई हस्तान्तरण हुन सकेको छैन ।

दोलखाको जिरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरूषोत्तम



सापकोटाले जिरीमा शीत भण्डार निर्माण भएको एक वर्ष बितिसक्दासमेत सञ्चालन हुन नसक्दा किसानका उत्पादन भण्डारण गर्न नपाइएको बताए । 'शीत भण्डार निर्माणको काम सकिएको छ, शीत भण्डार चलाउनका लागि स्थानीयबाट ठूलो दबाब आइरहेको छ तर, प्रदेश सरकारले हस्तान्तरण नै गरेको छैन, प्राविधिक व्यवस्थापन कसरी गर्ने पनि थाहा छैन,' उनले भने । शीत भण्डार सञ्चालनका लागि आफूहरूले प्रदेश मन्त्रालयमा अनुरोध गरेको तर, कुनै प्रतिक्रिया नआएको उनले बताए । 'हाम्रोतिर विशेषगरी किबी र आलु उत्पादन हुन्छ, कात्तिकतिर किबी भण्डारण गर्न पर्‍यो भनेर किसानले दबाब दिएका थिए, अहिले आलुको सिजन छ,' उनले थपे ।

केही साझेदार संस्थाले दिनुपर्ने भुक्तानी रोकिएकाले निर्माण भइसकेको शीत भण्डार हस्तान्तरण हुन नसकेको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको भनाइ छ । मन्त्रालयका प्रवक्ता सुजन कँडेलले बनिसकेका शीत भण्डार सञ्चालन गर्नेबारे पटकपटक छलफल भइरहेको र केही प्राविधिक पक्ष मिलाउन बाँकी रहेकाले हस्तान्तरण हुन नसकेको बताए । 'केही प्रक्रिया बाँकी छन्, त्यो पूरा गरेर हामी स्थानीय तहमा शीत भण्डार हस्तान्तरण गर्नेछौँ, शीत भण्डार कसरी सञ्चालन गर्ने भनेर हामीले २०७८ सालमै कार्यविधि बनाइसकेका छौँ,' कँडेलले भने । बनेका शीत भण्डार सञ्चालन गर्ने प्रक्रिया सुरू नभइरहेका बेला दुईवटा शीत भण्डार निर्माणको काम भने पाँच वर्ष बितिसक्दा पनि सुरू भएको छैन ।

दोलखाको भीमेश्वर नगरपालिका–८ मा चार करोड ८६ लाख ८१ हजार रूपैयाँमा शीत भण्डार निर्माण सम्झौता भएता पनि जग्गा नै हाइटेन्सन लाइनको मापदण्डभित्र परेपछि निर्माण कार्य रोकियो । मन्त्रालय र साझेदार संस्थाले भने निर्माण कम्पनीलाई ३९ लाख ६२ हजार २४८ रूपैयाँ भुक्तानी पनि दिइसकेका छन् । सो शीत भण्डार दुई सय मेट्रिकटन क्षमताको बनाउने योजना थियो ।

त्यस्तै, काभ्रेको बनेपा नगरपालिका–७ मा साझेदार संस्था कृषि बजार मल्टिपर्पसले निर्माणस्थल नै उपलब्ध गराउन नसकेपछि तीन सय मेट्रिकटन क्षमताको शीत भण्डार निर्माणको काम सुरू भएको छैन । सो शीत भण्डार निर्माणका लागि तीन करोड ६४ लाख ५६ हजार रूपैयाँको ठेक्का सम्झौता भएको थियो । निर्माण हुन नसकेका शीत भण्डारका विषयमा छानबिन भइरहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले दोस्रो चरणमा चितवनको खैरहनी नगरपालिका–९ र धादिङको बेनीघाट रोराङ गाउँपालिका–७ मा १५–१५ सय मेट्रिकटन क्षमताका शीत भण्डार बनाउन ईजी इन्फ्रा प्रालिसँगै कुल २५ करोड ७८ लाख ८१ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेकोमा २२ करोड ५५ लाख ९९ हजार रूपैयाँ भुक्तानी भइसकेको छ । निर्माणको म्याद गुज्रेको लामो समय भइसक्दा पनि विद्युत जडान, परीक्षणलगायत काम बाँकी नै छ ।

खैरहनीको शीत भण्डारका लागि साझेदार संस्था श्री साना किसान कृषि सहकारी, चितवनले पनि निर्माण कम्पनीलाई दुई करोड ५० लाख भुक्तानी दिइसकेको छ । सो काम पनि सम्पन्न भएको छैन । खैरहनी नगरपालिकाका उपप्रमुख कविता उप्रेतीले शीत भण्डारको अवस्था भद्रगोल रहेको बताइन् । मापदण्डअनुसारको काम नभएको भनी अख्तियारमा समेत उजुरी पुगेको भन्ने सुन्नमा आएको उनले बताइन् । प्रदेशले आफूहरूलाई हस्तान्तरण नगरिसकेकाले त्यहाँको अन्य अवस्थाबारे जानकारी नभएको उप्रेतीले बताइन् ।

तेस्रो चरणअन्तर्गत नुवाकोटका विदुर नगरपालिका–५ र बेलकोटगढी नगरपालिका–१० मा पाँच–पाँच हजार मेट्रिकटन क्षमताका शीतभण्डार बनाउन २०७६ माघमै ठेक्का सम्झौता भएकोमा हालसम्म ६० प्रतिशत मात्रै काम सम्पन्न भएको छ । सरकार–निजी साझेदारीमा निर्माणका लागि कुल ४० करोड २५ लाख ४९ हजार रूपैयाँमा रसुवा कन्स्ट्रक्सनसँग शीत भण्डार निर्माणको ठेक्का सम्झौता गरिएको थियो ।

प्रदेश सरकारले सम्बन्धित स्थानीय तहलाई शीत भण्डार हस्तान्तरण गरिसकेपछि सम्बन्धित स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा शीत भण्डार सञ्चालक समिति गठन हुने कार्यविधिले तोकेको छ । सो सञ्चालक समितिले शीत भण्डार सञ्चालन तथा व्यवस्थापन, शुल्क निर्धारणलगायतको काम गर्ने कार्यविधिमा उल्लेख छ ।




## औपचारिकतामा सीमित प्रदेश योजना आयोग

# बजेटमा खल्तीबाटै हालिन्छन् योजना



केशव समर्पण

१५ चैत २०८० । हेटौंडा- हेटौंडा- सरकारमा बस्नेहरूको स्वार्थका कारण बागमती प्रदेशमा नीति तथा योजना आयोगको भूमिका औपचारिकतामा सीमित गराइएको छ । अध्ययन र विश्लेषणका आधारमा नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्यांकन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग गर्ने उद्देश्यले योजना आयोग स्थापना गरिएको थियो ।

आयोगले बनाएका मार्गदर्शन, सिद्धान्त र प्राथमिकता केन्द्रित योजना बनाउन सरकारले ध्यान नदिएपछि आयोग राजनीतिक भर्ती केन्द्र र औपचारिकतामा मात्र सीमित बनेको हो । बागमती प्रदेशले २०७५ मा प्रदेश नीति तथा योजना आयोग स्थापना गरेको थियो । आयोग स्थापनाकै वर्ष पञ्चवर्षीय योजना बनाउनुका साथै दीर्घकालीन प्रभाव पार्ने आयोजना छनोट र प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने परियोजना बैंक स्थापना गर्ने काम सुरू गरिएको थियो ।

तर, पाँच वर्ष बितिसक्दा न पञ्चवर्षीय योजनाअनुरूप प्रगति भएको देखिन्छ, न त परियोजना बैंक नै बन्यो । यद्यपि, सरकार प्रमुख अर्थात् मुख्यमन्त्री नै आयोगको अध्यक्ष हुने व्यवस्था छ । योजना आयोग स्थापना गरिए पनि हचुवाको भरमा नेता, मन्त्री र कार्यकर्ताको रूचिका योजनामा मात्र बजेट विनियोजन गर्ने क्रम नरोकिएपछि प्रदेश नीति तथा योजना आयोगका संस्थापक उपाध्यक्ष खिमलाल देवकोटाले एक वर्ष नबित्दै २०७६ असारमा राजीनामा बुझाएर पन्छिएका थिए ।

'पहिलो कुरा त आयोगमा धेरै सदस्य बनाएर ठूलो झुण्ड बनाउनु आवश्यक नै छैन । अर्को कुरा योजना आयोगले बनाएको नीति र योजना कार्यान्वयन नगर्ने हो भने यो संस्था नै किन आवश्यक रह्यो र ? त्यति धेरै पदाधिकारी र कर्मचारीलाई किन पाल्नुपर्‍यो ?' देवकोटाले भने, 'त्यतिखेर म उपाध्यक्ष नियुक्त भएपछि धेरै काम गर्ने प्रयास गरें । अर्थमन्त्रीसँग पनि मेरो निकै रस्साकस्सी भयो । अन्ततः हामीले बनाएका नीति र योजना कार्यान्वयन नै नहुने, नेताकै खल्तीका योजनामा मात्र हाल्ने प्रवृत्ति नरोकिएपछि मैले छोडेर हिंडें ।'

२०७६-७७ को बजेटमा प्रदेशका ६६ वटा निर्वाचन क्षेत्रमा प्रदेशस्तरीय दीर्घकालीन र बहुवर्षे योजना छनोट गरी प्रत्येक निर्वाचन क्षेत्रमा ८० करोड रूपैयाँ विनियोजन गर्ने

गरी आयोगले दिएको सुझावलाई आर्थिक मामिला मन्त्रालयले बेवास्ता गरेपछि तत्कालीन उपाध्यक्ष देवकोटाले राजीनामा दिएका थिए । उनले राजीनामा दिएपछिको ४ वर्षमा ४ जनाले आयोग उपाध्यक्षको भूमिका निर्वाह गरिसके । तर, आयोगले तयार गरेको कार्यक्रमको कार्यान्वयन पक्षमा भने सुधार आउन सकेको छैन ।

आयोगले आर्थिक वर्ष २०७६-७७ देखि २०८०-८१ सम्मको योजना समेटेर पञ्चवर्षीय आवधिक योजना बनाएको थियो । 'स्वस्थ, सु-संस्कृति र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश' भन्ने दीर्घकालीन सोच राखी पञ्चवर्षीय योजना बनाइएकोमा आवधिक योजनाले लिएका रणनीति र कार्यनीतिको अवस्था निकै कमजोर रहेको योजनाको मध्यावधि समीक्षामार्फत निक्योल गरिएको छ । प्रथम पञ्चवर्षीय योजनामा प्रदेशका दीर्घकालीन सोचका ३१ वटा लक्ष्य सूचकमध्ये ८ वटा सूचकमा केही सन्तोषजनक प्रगति देखिए पनि बाँकी सूचकको प्रगति निराशाजनक रहेको मध्यावधि समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा भनिएको छ, 'योजनाको लक्ष्य प्राप्तिमा तथ्यांकीय आधार कमजोर हुनु, अन्तर सरकार समन्वय र सहकार्य, प्रतिकूल आर्थिक अवस्था एवं प्रकोपको असर, कमजोर संस्थागत संरचना, विकासका मुख्य चालकअनुसार कार्यक्रम र स्रोतसाधन विनियोजन नहुनुजस्ता प्रमुख समस्याहरू देखिएका छन् ।'

प्रतिवेदनअनुसार पञ्चवर्षीय योजनाले ४ वटा रणनीति र ३२ वटा कार्यनीति तय गरेकोमा १६ वटा कार्यान्वयन नै सुरू भएका छैनन् । बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नरविक्रम थापा पनि आयोगको भूमिका प्रभावकारी देखिन सरकारले नीति कार्यान्वयन पक्ष बलियो बनाउनुपर्ने तर्क गर्छन् ।

'पञ्चवर्षीय योजना र मध्यमकालीन खर्च संरचनाको आधारलाई टेकेर बजेट निर्माण गर्ने र बजेट निर्माणका बेला आयोगले दिएको मार्गदर्शनको कार्यान्वयन हुँदामात्र प्रदेशको दीर्घकालीन विकास सम्भव छ,' थापा भन्छन्, 'म आइसकेपछि योजना आयोगको भूमिका प्रभावकारी बनाउन लागिपरेका छौं । अघिल्लो वर्ष हामीले कृषि अनुदानको मोडालिटी परिवर्तन गर्न सफल भयौं । अब हामी टुक्रे योजनालाई निरूत्साहित गर्न कार्यविधि तयार गर्दैछौं ।'

आगामी वर्षबाट ५० लाखभन्दा तलका योजना स्थानीय तहले नै सञ्चालन गर्ने र ५० लाखमाथिका योजनामात्रै प्रदेश सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी कार्यविधि निर्माण भइरहेको थापाले बताए । पाँच वर्षअघि नीति तथा योजना आयोग स्थापनाकै वर्षदेखि प्रदेशका दीर्घकालीन आयोजना छनोट र प्राथमिकीकरण गरी परियोजना बैंक स्थापना गर्ने योजना अघि सारिए पनि हालसम्म त्यसको कार्यान्वयन हुन सकेको छैन ।

परियोजना बैंकमा दर्ता भएका योजनाहरूलाई प्राथमिकीकरण गरी पालैपालो बजेट विनियोजन गर्ने उद्देश्यले परियोजना बैंकको काम सुरू भएता पनि हालसम्म त्यसले पूर्णता पाउन सकेको छैन । समपूरक, सशर्त र विशेष अनुदानको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले स्थानीय तहहरूसँग प्रस्ताव माग गरी निश्चित मापदण्डका आधारमा योजना छनौट गर्ने गरिए पनि अन्य योजना भने सम्बन्धित मन्त्रालयका मन्त्री र कर्मचारीले स्वेच्छिक छनोट गरी सिफारिस गर्ने गरेका छन् ।

करिब सात महिनाअघि आर्थिक मामिला मन्त्रालयको सचिवको भूमिकामा आएका प्रकाश दाहालले प्रादेशिक तहमा योजना छनोट र बजेट निर्माण प्रक्रिया फरक पाएको अनुभव सुनाए । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले बजेट कसरी बनाउने भन्नेबारे स्पष्ट प्रक्रिया तोकेको छ तर, प्रदेश तहमा बजेट निर्माणको प्रक्रियामा राजनीतिक प्रक्रिया हावी हुँदो रहेछ,' सचिव दाहालले भने ।

आर्थिक कार्यविधि ऐनमा पनि नीति तथा योजना आयोगको भूमिका स्पष्ट नभएको उनले बताए । सैद्धान्तिक रूपमा प्रदेश आवधिक योजनाले प्रादेशिक प्राथमिकता निर्धारण गर्ने, लगानीका प्राथमिकताका क्षेत्र, रणनीति, प्रदेशको विकासको लक्ष्य तय गरेर त्यसमा आधारित भई मध्यमकालीन खर्च संरचना तय हुनुपर्नेमा त्यस्तो अभ्यास प्रदेशमा नदेखिएको मन्त्रालयका सचिव दाहालको भनाइ छ । प्रदेशमा आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियालाई व्यवस्थित गर्नको लागि मन्त्रालयले बजेट तर्जुमा निर्देशिकाको मस्यौदा तयार गरेको छ । निर्देशिका कार्यान्वयन भएमा आवधिक योजनाको लक्ष्यअनुरूप बजेट निर्माणले निरन्तरता पाउने मन्त्रालयको दाबी छ । कस्तो योजना हाल्ने, कसरी छनोट गर्ने, कति बजेटको योजना कसरी कार्यान्वयन गर्ने भन्ने कुरा निर्देशिकामा स्पष्ट गरिएको सचिव दाहालले बताए ।

मन्त्रालयहरूबाट बजेट प्रस्ताव आइसकेपछि योजना र बजेटलाई अन्तिम रूप दिन नीति तथा योजना आयोगका प्रतिनिधिहरूसँग पनि छलफल गरिने आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता तथा उपसचिव लक्ष्मीकुमार रिमालले बताए । स्रोत अनुमान समितिको बैठकमा पनि योजना आयोगका प्रतिनिधि राख्ने गरिएको रिमालको भनाइ छ । योजना छनोट र बजेट विनियोजनको कार्यविधि बिनै खल्तीकै योजनालाई बजेट विनियोजन गर्दा विकासले सही दिशा लिन नसक्ने नीति तथा योजना आयोगका उपाध्यक्ष थापाको बुझाइ छ ।

दीर्घकालीन प्रभाव पार्ने खालका आवश्यकताका आधारमा योजना छनोट गरी योजना बैंकमा राख्ने र त्यसै योजनाहरूलाई बजेट विनियोजन गर्दै जाने योजनाका साथ परियोजना बैंकको कार्य अघि बढे पनि प्राविधिक समस्याका कारण त्यो सफल हुन नसकेको थापाले बताए । परियोजना बैंक स्थापनाको लागि सफ्टवेयर निर्माणको काम भइरहेकोमा प्राविधिक कारण काम हाल स्थगित भएको उनको भनाइ छ ।



# गण्डकी प्रदेश

## प्रदेशमा पनि केन्द्रकै रोग :

# विकास योजनाको ठेक्कापट्टा हुन्छ, काम हुँदैन

ठेक्कापट्टा लगाउने तर काम भएरनभएको रेखदेख नगर्ने प्रवृत्तिले गण्डकी प्रदेश सरकारका विकास योजना पनि वर्षौंदेखि अलपत्र छन् ।



*सात वर्षदेखि पोखराको फिर्केखोलामा अलपत्र परेको निर्माणाधीन पुल ।*



**दुर्गा राना मगर**

पर्यटकीय नगरी पोखराको जिरो किलोमिटरबाट ६ लेनमा तिव्र गतिमा आउने सवारीसाधन फिर्के खोला नजिकै सडक साघुँरिएको मेसो नै पाउँदैनन्। रातिको समयमा त दुर्घटनामै पर्छन्। स्थानीयका अनुसार, सानोठूलो दुर्घटना भएको कुनै दिन हुँदैन।

यसको कारण हो, फिर्के खोलाको पुल। पोखराको जिरो किलोमिटरदेखि विन्ध्यावासिनीसम्म ६ किलोमिटरको दूरीमा २०७३ सालमा नै ६ लेनको सडक बनेको थियो। तर मध्यभागमा पर्ने फिर्के खोलामा आठ वर्षसम्म पनि पुल निर्माण हुन सकेको छैन।

फिर्के खोलामा देशकै नमूना पुल निर्माण गर्ने भन्दै शान्ति आरोग्य जेभीलाई २०७५ सालमा ठेक्का दिइएको थियो। ३० महीनामा निर्माण सक्ने गरी जिम्मेवारी पाएको ठेकदारले तीन पटक म्याद थपिसक्दा पनि काम पूरा गर्न सकेको छैन। अहिले यो विषय अदालतसम्म पुगेको छ।

बहुवर्षीय आयोजना अन्तर्गत बागलुङको कुश्मिसेरा-राङखानी सडक आयोजनाको अवस्था पनि अलपत्र छ। २०७६ असोजमा दुई वर्षभित्र निर्माण सक्ने गरी २४ करोड ५८ लाख रूपैयाँमा सडक निर्माणको ठेक्का सम्झौता भएको थियो। तर ठेकेदारको लापरवाहीका कारण हालसम्म पनि सडक निर्माणले पूर्णता पाउन सकेको छैन।

मनाङको थोंचेमा दूधखोलामाथि २०७३ सालमा बनाउने भनिएको पुलको अवस्थामा



*बाग्लुङको कुस्मिसेरा-राङखानी सडक ।*

पनि लथालिङ्ग छ। २०७४ सालमा पुल बनाइसक्ने योजनाका साथ अघि बढेको निर्माण कार्य आठ वर्षसम्म पनि पूरा भएको छैन।

यस्तै पर्वतको मिलनचोक-ठाटनेरी सडक, स्याङजाको मिर्मी-रानीघाट, वालिङ-काफलडाँडा-रामपुर, मर्स्याङ्दी नदीको पुल, गोरखाको नारेश्वर-ताकुकोट सडक खण्ड पनि अलपत्र अवस्थामै छन्। गण्डकी प्रदेशका यस्तै कयौं विकास निर्माणका योजना समस्याग्रस्त अवस्थामा छन्।

यी जस्तै अन्य सडक, पुल, झोलुंगे पुल, भवन लगायतका योजना प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहत छन्। यी योजना वर्षौदेखि अलपत्र परेका छन्। जसले गर्दा मन्त्रालयको प्रगति वर्षेनी न्यून हुन्छ।

कहिले सरकारी निकाय त कहिले ठेकेदारको लापरवाही र ढिलासुस्तीले भौतिक संरचना निर्माण कार्यमा ढिलासुस्ती हुने गरेको छ। यसले एकातिर योजनाको लागत बढ्दै जाने गरेको छ भने अर्कातिर सर्वसाधारणले सास्ती खेप्नु परिरहेको छ।

## खर्च गर्नै सकस

गण्डकी प्रदेशको सबैभन्दा बढी बजेट र कार्यक्रम सम्हाल्ने मन्त्रालय हो, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय। चालु आर्थिक वर्ष २०८१/८२ मा पनि प्रदेश सरकारले भौतिक पूर्वाधार मन्त्रालयका लागि १२ अर्ब ७० करोड १६ लाख ६६ हजार रूपैयाँ विनियोजन गरेको छ। यो प्रदेश सरकारको कुल बजेटको एक तिहाइभन्दा बढी हो।

गण्डकी सरकारले चालु आर्थिक वर्षका लागि ३२ अर्ब ९६ करोड ८५ लाख ७५ रूपैयाँको बजेट ल्याएको छ। त्यसमध्ये ३८ प्रतिशत हिस्सा यसै मन्त्रालयको छ। प्रदेशभर मन्त्रालय मातहत १९ कार्यालय छन्। चालु आथिर्क वर्षका लागि मन्त्रालय अन्तर्गत एक हजार ९३० वटा वार्षिक विकास कार्यक्रम पनि छन्।

गण्डकी प्रदेश सरकारले प्रदेश गौरव, प्रादेशिक लोकमार्ग, स्थानीय तहको केन्द्र जोड्ने सडक, एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम ल्याएको छ। यससँगै साना-ठूला सडक-पुल निर्माणको कार्यलाई प्राथमिकता दिने घोषणा यसअघि नै गरेको छ।

गण्डकी सरकारले प्रदेशका दुई वटा स्थानीय तह गोरखाको चुमनुब्री र मनाङको नार्पा भूमि गाउँपालिकाको प्रशासनिक केन्द्रलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने योजनालाई प्राथमिकता राखेको छ। त्यस्तै, प्रदेशको गौरवकै आयोजनामा रहेको उत्तर-दक्षिण सडक अन्तर्गत भिमाद-डेढगाउँ-झ्यालबास-दुम्कीबास-त्रिवेणी सडकखण्ड र मनाङ मर्स्याङ्दी सडक आयोजनालाई सम्पन्न गर्न विशेष जोड दिने भनिएको छ। यीमध्ये केही प्रथम पञ्चवर्षीय योजनामा राखिएका थिए। तर, दोस्रो पञ्चवर्षीय योजना शुरु हुँदा पनि गति लिन सकेको छैन।

यसरी घोषणा गरिएका आयोजनाका लागि विनियोजित बजेट खर्च गर्न पनि भौतिक पूर्वाधार मन्त्रालयलाई हम्मेहम्मे नै

पर्ने गरेको छ। गत आर्थिक २०८०/८१ मा विनियोजित विकास बजेटको ७१.७४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। जुन अघिल्लो वर्षको तुलनामा केही सुधार भए पनि पर्याप्त होइन। मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा ८१.२३ प्रतिशत, २०७८/७९ मा ७४.४५ प्रतिशत र २०७९/८० मा ५७.४४ प्रतिशत मात्र खर्च गरेको थियो।

पुंजीगत खर्च विवरण (रू हजार)

| आ.व | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २०७६/७७ | १६६८८९९८ | ११७२३८६९ | ७०.२५ |
| २०७७/७८ | १८२५४९०५ | १४८२८०२८ | ८१.२३ |
| २०७८/७९ | ९२५१७३८ | ६८८८३७७ | ७४.४५ |
| २०७९/८० | १३०५०८४७ | ७८१६४८३ | ५७.४४ |
| २०८०/८१ | १२१८२३०५ | ८७९२२८ | ७१.७४ |

गत आर्थिक वर्षको बजेट केलाउँदा पनि भौतिक पूर्वाधार मन्त्रालयको खर्चको अवस्था प्रष्ट हुन्छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले यो मन्त्रालयका लागि १२ अर्ब ६० करोड ३३ लाख १३ हजार रूपैयाँ विनियोजन गरेको थियो। जसमा ७१.३ प्रतिशत मात्रै खर्च भएको छ।

भौतिक पूर्वाधार मन्त्रालयले चालुतर्फ ४२ करोड १० लाख आठ हजार र पुँजीगततर्फ १२ अर्ब १८ करोड २३ लाख पाँच हजार छुट्याएको थियो। त्यसमध्ये चालुतर्फ २८ करोड ९२ लाख २८ हजार आर्थत ६८.४५ प्रतिशत मात्रै खर्च भएको छ। त्यस्तै, पुँजीगततर्फ आठ अर्ब ७९ करोड २२ हजार रूपैयाँ आर्थत ७१.७४ प्रतिशत मात्रै खर्च भएको छ।

खर्च गर्न नसक्नुमा सरकारी अधिकारीले ठेकेदारलाई दोष दिने गरेका छन्। भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता उपसचिव प्रदीपकुमार रेग्मी पनि निर्माण कम्पनीलाई नै दोष दिन्छन्। "ठेकेदारबाट हुने ढिलाइले खर्च गर्न नसकिएको हो," मन्त्रालयका प्रवक्ता समेत रहेका रेग्मी भन्छन्, "शुरूमा सम्झौता गर्दा ठेकेदारबारे थाहा हुँदैन, तर पछि विविध कारण ढिलाइ हुने गरेको छ।"

## अस्थिरताले अलपत्र

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले मन्त्रालयको जिम्मेवारी सम्हालेको दुई महीना पुगेको छ। केसीसँगै प्रदेश संरचना शुरु भएयता आठ मन्त्री फेरिसकेका छन्। जसमा तीन पटक त स्वतन्त्र सांसद राजिव गुरूङ (दीपक मनाङे) नै मन्त्री बनेका थिए।

प्रदेश सरकारको अस्थिरताको असर मन्त्रालयले गर्ने कार्यमा पर्दै आएको सरकारी अधिकारी बताउँछन्। अर्कातिर, खर्च क्षमता नहुँदा पनि विकास आयोजना अलपत्र पर्ने गरेका छन्। महालेखा परीक्षकको प्रतिवेदनले पनि त्यस्तै कमजोरी औंल्याएको छ। महालेखाले मन्त्रालयको खर्च प्रतिशत घट्दै जानुको कारण पहिचान गरी स्वीकृत अनुसारको कार्यक्रम सञ्चालन गर्न र खर्च गर्ने दक्षता अभिवृद्धि गर्न सुझाएको छ।

मन्त्रालयका सचिव कमलकुमार अधिकारी अहिले पूराना अलपत्र परेका आयोजनालाई पूर्णता दिने नै मन्त्रालयको प्राथमिकतामा रहेको बताउँछन्। अधिकारी कुनै एउटा कारणले मात्र आयोजना अलपत्र नपरेको बताउँदै भन्छन्, "कुनै आयोजनामा बजेट विनियोजनको समस्या त कुनैमा ठेकेदारको लापरवाही रहने गरेको छ।"

## ढिलोको ठेक्कापट्टा

विकास आयोजनाको काम समयमै नसकिनु र खर्च नहुनुमा ढिलो गरेर ठेक्कापट्टा लगाउने प्रवृति पनि देखिएको छ। महालेखा परीक्षकको प्रतिवेदनले मन्त्रालयको ४८ प्रतिशत ठेक्का अन्तिम चौमासिकमा भएको देखाउँदै समयमै खरीद सम्झौता नभएको औंल्याएको छ। जबकि, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ ले सम्पूर्ण खरीद काम कारबाही प्रथम चौमासिकमा सम्पन्न गरिसक्नुपर्ने समय सीमा तोकेको छ।

आर्थिक वर्ष २०७९/८० मा मन्त्रालयका कुल दुई हजार १०६ योजना कार्यान्वयनमा गएका थिए। जसमध्ये ५८७ योजनाको ठेक्का भएकोमा ५१ वटा योजनाको मात्रै प्रथम चौमासिकमा सम्झौता भएको थियो। त्यस्तै, दोस्रो चौमासिकमा २५१ वटा योजना र तेस्रो चौमासिकमा २८५ योजनाको ठेक्का सम्झौता भएका देखिन्छ।

त्यस्तै, समयमै खरीद सम्झौता नहुँदा पनि तोकिएको समयमा काम सम्पन्न नहुने गरेको पाइएको छ। यससँगै निर्माण गरिएका संरचनाको गुणस्तर कमजोर हुने जोखिम कायमै रहेको महालेखा परीक्षकको प्रतिवेदनको ठहर छ।

ऐनमा नै टेण्डर प्रक्रिया लामो हुनुले पनि आर्थिक वर्षको अन्त्यमा काम गर्ने अवस्था सिर्जना हुने गरेको मन्त्रालयका प्रवक्ता रेग्मी सुनाउँछन्। जसले गर्दा प्रगति कम देखिने गरेको बताउँदै उनी भन्छन्, "हाम्रा ऐनहरूमा नै 'लुपहोल' छन्, जसले गर्दा आर्थिक वर्षको अन्त्यमा बल्ल काम अघि बढ्छन्। अनि रकमान्तर गर्नुपर्ने अवस्था आँउछ।"

त्यसो त आर्थिक वर्ष २०७९/८० को बजेट १२ अर्ब ९४



गोरखाको नारेश्वर-ताकुकोट सडकखण्ड ।

करोड आठ लाख ४७ हजार भएकोमा रकमान्तरबाट एक अर्ब ६ करोड २३ लाख ६६ हजार थप भएको थियो। जसले गर्दा यो मन्त्रालयले अन्तिममा १४ अर्ब ३२ लाख १३ हजार रूपैयाँ चलाउन पाएको थियो।

अझ आर्थिक वर्षको अन्तिम महीनामा समेत रकमान्तर गरिएको थियो। महालेखाको प्रतिवेदनअनुसार, रकमान्तर भएर असार महीनामा मात्र ९० करोड १० लाख ८० हजार रूपैयाँ अर्थात् कुल रकमान्तरको ८५ प्रतिशत थपिएको थियो।

## फितलो अनुगमन

विकास योजनाहरू समयमै सम्पन्न हुनुका पछाडि सरकारी निकायको फितलो अनुगमन पनि देखिएको छ। सम्बन्धित निकालय समयमै रेखदेख नगर्ने र अन्तिम समयमा मात्रै निर्माण कम्पनीलाई कस्ने गरेको जानकारहरू बताउँछन्।

प्रदेश सरकारको कामबारे अध्ययन गरिरहेका अधिवक्ता गिरिधारी सुवेदी सरकारी आयोजनामा अनुगमन र प्रभावकारी मूल्यांकनको आवश्यकता रहेको औंल्याउँछन्। खरीद योजना र सम्झौता भए अनुरूप कार्यसम्पादन भए/नभएबारे बुझ्ने नगरिएको, म्याद थप गर्न पाउने विषय निर्माण व्यवसायीले आफ्नो हितमा मात्र प्रयोग गर्ने गरेकाले समस्या भइरहेको सुवेदी बताउँछन्।

अर्कातिर, बहुवर्षीय योजनामा असार मसान्तमा काम गरेको देखाएर सरकारी अधिकारी ठेकेदारको मिलेमतोमा रकम निकास गर्ने प्रवृति पनि देखिएको छ। सुवेदी पनि यस्तो समस्या रहेको बताउँछन्। "बहुवर्षीय योजना छन् भने प्रत्येक वर्ष कति काम भयो, नभएको/भए भुक्तानी रोक्नुपर्छ, तर अहिले असार मसान्तमा काम गरेजस्तो गरेर भुक्तानी लिने पनि गरिएको छ," उनी भन्छन्।

प्रदेशका योजनाको अध्ययन गर्दा कार्यप्रगतिको विषयमा सम्बन्धित मन्त्रालयले नियमित अवलोकन नगर्ने गरेका कारण योजनाहरू अलपत्र हुने र समयमा नसकिने गरेको देखिएको सुवेदी बताउँछन्। उनी भन्छन्, "हाम्रोमा अनुगमनको पाटो नै फितलो भयो। सम्बन्धित मन्त्रालयले अनुगमन गर्नु जरूरी छ।"

# गण्डकीमा पर्यटकको घुइँचो, सरकारको राजस्व खाता भने रित्तै

देशकै चर्चित पर्यटकीय गन्तव्य रहेको गण्डकी क्षेत्रमा बाह्रै महीना पर्यटकको घुइँचो लागे पनि प्रदेश सरकारको खातामा आउने राजस्व भने नगण्य छ ।

दुर्गा राना मगर



आन्तरिक तथा वाह्य पर्यटकको रोजाइमा पर्दै आएको मर्दी पदयात्रा क्षेत्रमा प्रायः बाह्रै महीना चहलपहल हुन्छ । पर्यटकको आगमनले पदमार्गमा रहेका व्यवसाय पनि फस्टाएका छन् । तर, मर्दी पदयात्रा क्षेत्रका व्यवसायबाट सरकारलाई सुको पनि राजश्व आउँदैन ।

त्यसको कारण हो, मर्दी पदमार्गका व्यवसाय गत सात वर्षदेखि नवीकरण हुन सकेका छैनन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मा पर्ने मर्दी पदयात्रामा पर्यटन व्यवस्थापन समितिसँग ८२ व्यवसायी आबद्ध छन् ।

एक्याप, स्थानीय र प्रदेश सरकारको विवादले नवीकरणको प्रक्रिया रोकिँदा एकातर्फ राजश्व गुमिरहेको छ भने अर्कोतर्फ बनेका संरचनाबारे हट्ने कि राख्ने भन्नेबारे निर्णय हुन सकेको छैन । जसका कारण प्राकृतिक सम्पदाको पनि उचित संरक्षण हुन सकेको छैन ।

एक्यापका प्रमुख रविन कडरिया राजश्व बाँडफाँड, संरक्षण, नवीकरण लगायतका विषय छिट्टै निष्कर्षमा पुग्ने बताउँदै आएका छन् । तर, लामो समय हुँदा पनि यो विदा टुंगिएको छैन ।

मर्दी पदमार्ग एउटा उदाहरण हो । गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यमा स्थानीय, प्रदेश र संघीय सरकारबीच धेरै ठाउँमा विवाद नै छ । जसले गर्दा पर्यटन क्षेत्रमा रहेका व्यवसायबाट उठ्नुपर्ने राजश्व संकलन गर्नबाट गण्डकी सरकार चुकिरहेको छ ।

## पर्यटन नै आधार

गण्डकी प्रदेशको अर्थतन्त्रको मुख्य आधार पर्यटन क्षेत्रलाई मानिन्छ । प्रशस्तै पर्यटकीय गन्तव्य हुनुले गण्डकी प्रदेशको अर्थतन्त्रको मुख्य जग पर्यटन बनेको पनि छ । लामो तथा छोटो दूरीका पदमार्ग र त्यसबाट उठ्ने राजश्वले प्रदेशको आम्दानीमा महत्त्व राख्छ ।

नेपाल राष्ट्र ब्यांक, पोखरा कार्यालयले गरेको अध्ययनले पर्यटनले यस क्षेत्रको अर्थतन्त्र चलायमान बनाइरहेको देखाएको छ । राष्ट्र ब्यांकले आर्थिक वर्ष २०८०/८१ मा 'गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकहरूको बसाई तथा खर्चको प्रवृत्ति' सम्बन्धी अध्ययनले गरेको थियो । अध्ययनमा गण्डकी प्रदेश घुम्न आउने विदेशी पर्यटक औषतमा १२ दिने बस्ने गरेको देखिएको थियो ।

यस्तै, पर्यटकको भारित औसत दैनिक खर्च आठ हजार ३५५ अर्थात् ६२.८९ अमेरिकी डलर रहेको अध्ययनले बताउँछ । जसमा ट्राभल कम्पनीमार्फत् प्याकेजमा घुम्न आउने पर्यटकको औषत दैनिक खर्च ११ हजार ८६६ रुपैयाँ अर्थात् ८९ अमेरिकी डलर रहेको उल्लेख छ । स्वतःस्फुर्त रूपमा घुम्न आउने पर्यटकले भने गण्डकीमा दैनिक सात हजार २१७ रूपैयाँ अर्थात् ६२ अमेरिकी डलर दैनिक खर्च गर्ने गरेको अध्ययनले देखाएको छ ।

चर्चित पर्यटकीय गन्तव्य रहेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) गण्डकी प्रदेशमै पर्छन् । अन्नपूर्ण क्षेत्रमा त पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । ऋफ पछिल्ला वर्षमा त विदेशी पर्यटकको संख्या पनि बढ्दै आएको छ ।



एम्यापका अनुसार, सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना विदेशी पर्यटकले भ्रमण गरेका छन् । त्यसमध्ये दक्षिणएशियाली मुलुकका एक लाख ३२ हजार ९४ जना र अन्य मुलुकका एक लाख ११ हजार ९५१ जना छन् ।

यो संख्या सन् २०२३ मा एक लाख ९१ हजार ५५८ थियो । सन् २०२२ मा एक लाख २९ हजार ७३३ जना विदेशीले अन्नपूर्ण क्षेत्र पुगेका थिए । कोभिड-१९ का कारण त्यसअघि दुई वर्ष भने पर्यटकको संख्या घटे पनि पछिल्लो समय आगमन बढेको छ । अन्नपूर्ण क्षेत्र पुग्ने विदेशभन्दा आन्तरिक पर्यटक झन बढी छन् ।

तर, अन्नपूर्ण क्षेत्र घुम्ने पर्यटकबाट उठ्न राजश्व भने गण्डकी प्रदेश सरकारले पाउँदैन । यो क्षेत्रबाट प्राप्त हुने राजश्व राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) मार्फत संघीय सरकारको खातामा जाने गरेको छ ।

यी बाहेक पनि गण्डकीका कास्की, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, गोरखा लगायतका जिल्लामा रहेका दर्जनौं पदमार्गमा पर्यटकको आवतजावत सबै याममा भइरहन्छ । त्यसमा पनि अन्नपूर्ण आधारशिविर, मनाङ, मुस्ताङ, खोपरा, मर्दी हिमाल, खुमै डाँडा लगायतका पदमार्गमा त घुइँचो नै हुन्छ । तैपनि प्रदेश सरकारको खातामा आउन पर्यटनको राजश्व भने न्यून छ ।

## सधैं अपूरो लक्ष्य

गण्डकी प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रम मार्फत् अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र मनास्लु संरक्षण क्षेत्र आयोजनालाई प्रदेश सरकार मातहत ल्याउने जनाउँदै आएको छ । त्यसअनुरूप, संघीय सरकारसँग पहल गर्दै आएको छ ।

यसलाई संघीय सरकार भने सकारात्मक देखिँदैन । संघीय सरकारले गत वर्ष एकयाप र एमक्यापलाई राष्ट्रिय प्रकृति संरक्षण कोषकै मातहतमा राख्ने



निर्णय गरेको छ । २०८० पुस ५ मा बसेको मन्त्रिपरिषद्को बैठकले २०८५ असार मसान्तसम्म एक्याप र एमक्यापको जिम्मेवारी कोषलाई सुम्पिने निर्णय गरेको थियो ।

त्यसयता पनि संघ, प्रदेश र स्थानीय सरकारबीच विवाद चलिरहेकै छ । यसबाहेक प्रदेश सरकारले आफैले उठाउन सक्ने पर्यटन क्षेत्रबाट प्राप्त हुने राजश्व पनि उठाउन चुकिरहेको छ । पर्यटकीय क्षेत्रमा सञ्चालित व्यवसाय करको दायरामा आउन सकिरहेका छैनन् । जसले गर्दा वार्षिक लक्ष्य पनि हासिल गर्न सकेको छैन ।

पछिल्ला पाँच वर्षमा गण्डकी सरकारले पर्यटन क्षेत्रबाट उठाउनुपर्ने राजश्व लक्ष्य भेटाउन सकेको छैन । प्रदेश सरकारको आन्तरिक स्रोत विवरणमा पर्यटन/पदयात्रा शीर्षकका आम्दानी लक्ष्यअनुसार प्राप्त नभएको देखिएको छ ।

आर्थिक मामिला मन्त्रालयले प्रकाशन गरेको आर्थिक सर्वेक्षण २०८१ अनुसार गत आर्थिक वर्ष २०८०/८१ को फागुनसम्मको तथ्यांकअनुसार, गण्डकी सरकारले १२ लाख आम्दानी गर्ने लक्ष्य राखेको थियो । तर, दुई लाख ३९ हजार अर्थात् जम्मा १९.९२ प्रतिशत मात्र आम्दानी गरेको छ ।

त्यसभन्दा अघिल्लो वर्षको अवस्था पनि फरक छैन । आर्थिक वर्ष २०७९/८० मा १७ लाख राजश्व संकलन गर्ने लक्ष्य राखेको थियो । तर, चार लाख ३१ हजार अर्थात् २५.३७ प्रतिशत मात्रै राजश्व उठाउन सक्यो । त्यस्तै, २०७८/७९ मा प्रदेश सरकारले २० लाख लक्ष्य राखेकोमा चार लाख चार हजार अर्थात् २०.२ प्रतिशत मात्रै राजश्व संकलन गरेको थियो ।

आर्थिक मामिला मन्त्रालयका अनुसार, आर्थिक वर्ष २०७७/७८ मा ६५ लाख रूपैयाँ राजश्व संकलन गर्ने लक्ष्य राखिएको थियो । तर, जम्मा पाँच लाख ५१ हजार अर्थात् ८.४७ प्रतिशत मात्रै राजश्व संकलन भयो । त्यसपछिका वर्षमा प्रदेश सरकारले राजश्व संकलनको लक्ष्य घटाएको थियो । तर, त्यो पनि पूरा गर्न सकेको छैन ।

त्यसअघि आर्थिक वर्ष २०७६/७७ मा भने राजश्व संकलनमा लक्ष्य नभेट्याए पनि आशा जागेको थियो । प्रदेश सरकारले २० लाख राजश्व संकलन गर्ने लक्ष्य राखेकोमा १४ लाख ५० हजार अर्थात् ७२.५ प्रतिशत रकम प्राप्त गरेको थियो । लक्ष्य अनुसारको आम्दानी गर्न नसक्दा प्रदेश सरकार निरन्तर घाटामा छ ।

प्रदेश सरकारको तथ्यांकअनुसार, गण्डकीका ११ जिल्लामा चर्चित ११० वटा पर्यटकीय गन्तव्य छन् । यसमा लामो दूरी र छोटो दूरीका पदमार्गको मापदण्ड छुट्टिन अझ बाँकी छ । मापदण्ड नबनेकै कारण प्रदेश सरकारले आफ्नो अधिकारको प्रयोग गर्न सकेको छैन ।

प्रदेश सरकारका अधिकारीहरु पनि मापदण्ड नबन्दा पर्यटन क्षेत्रबाट राजश्व संकलन गर्न समस्या भएको बताउँछन् । गण्डकीको उद्योग तथा पर्यटन मन्त्रालयका सूचना अधिकारी विमलप्रसाद गौतम भन्छन्, "अहिले हाम्रा मापदण्डहरु बनिसकेका छैनन् । मापदण्ड नहुँदा प्रदेश सरकारले राजश्व उठाउन सक्ने अधिकार भए पनि त्यसको प्रयोग गर्न सकिरहेका छैनौं ।"

संघ, प्रदेश र स्थानीय सरकारको अधिकारबारे स्पष्ट नीति र जिम्मेवारी नहुँदा पनि गण्डकी सरकार राजश्वको लक्ष्य प्राप्त गर्न चुकिरहेको गौतमको भनाइ छ । "प्रदेशमा आउने पर्यटकको स्पष्ट संख्या समेत हामीसँग छैन । अहिले त्यसको तथ्यांक राख्ने प्रयासमा छौं," उनी भन्छन्, "जनशक्ति पनि कम छ ।"

प्रदेश सरकारको राजश्व गुमिरहेको विषयमा सरकारी अधिकारीहरु पनि जानकार छन् । पछिल्लो वर्षमा भएको कमजोरी सच्याउने प्रयास भइरहेको उनी बताउँछन् । गौतम भन्छन्, "राजश्व गुमाइरहेका छौं भन्ने थाहा छ । त्यसैले अहिले राजश्व उठाउनका लागि काम गर्ने प्रयास गरिरहेका छौं ।"

क्याप्सन :

१) मर्दी पदयात्रामा पर्यटक ।

२) अन्नपूर्ण क्षेत्र ।

३) सूर्योदयमा घान्द्रूङबाट देखिएका बायाँबाट क्रमशः अन्नपूर्ण दक्षिण, हिमचुली र माछापुच्छ्रे ।

४) पर्यकटीय गाउँ सिक्लेस ।

५) मुस्ताङ ।



# हचुवामा गौरव आयोजना, पैसा नजुट्दा अलपत्र

सरकारले हचुवाका भरमा घोषणा गरेका प्रदेश गौरवका आयोजना प्राविधिक कठिनाइ र बजेट अभावमा कतिपय अधुरै छन् भने कतिपय अलपत्र छन् ।




*गण्डकी प्रदेशले अघि सारेका दीर्घकालीन योजना र मुख्यमन्त्रीको कार्यालय ।*



**दुर्गा राना मगर**

प्रदेश सरकार गठनसँगै आएको पहिलो बजेटमै प्रदेश गौरवका आयोजना घोषणा गर्ने लहर चल्यो । कति प्रदेश सरकारले त प्रदेशका रूपान्तरणकारी आयोजना भनेरै ठूलठूला आयोजना बनाउने उद्घोष गरे । त्यहि अनुसार, बजेटमा पनि योजना समावेश गरिए ।

गण्डकी प्रदेश सरकारले पनि २०७६ सालमा प्रथम पञ्चवर्षीय योजना ल्याएर प्रदेश गौरव आयोजना र रूपान्तरणकारी आयोजना घोषणा गरेको थियो । तर, गण्डकी सरकारले शुरु गर्ने लक्ष्य राखेका ठूला आयोजना पाँच वर्ष बितिसक्दा पनि केही अधुरै छन् भने केही अलपत्र परेका छन् ।

गण्डकीको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१) मा प्रदेश गौरवका आयोजना भनेर २३ वटा योजना सार्वजनिक गरिएको थियो । जसमा प्रदेश सरकारको बजेट कार्यान्वयन गरिने १३ वटा आयोजना थिए ।

त्यस्तै, नेपाल सरकारसँग स्रोत माग गरेर कार्यान्वयन गर्ने भनेर पाँच वटा ठूलो योजना राखिएका थिए । तिनलाई प्रदेशका रूपान्तरणकारी आयोजना निएको थियो । यससँगै नेपाल सरकारले कार्यान्वयन गर्ने दुई र निजी क्षेत्रबाट बनाइने तीन

| क्रम संख्या | प्रदेश गौरवका आयोजनाहरुको नाम | आयोजनाको उद्देश्य | आयोजना कार्यान्वयन गर्ने मन्त्रालय |
|---|---|---|---|
| क. प्रदेशको बजेटबाट सार्वजनिक क्षेत्रले निर्माण गर्ने प्रदेश गौरवका आयोजनाहरु | | | |
| १ | प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण आयोजना । | करिब १,२६० किलोमिटर लामो सडक निर्माण गर्न ट्र्याक नभएको ठाउमा ट्र्याक खोल्ने, मौसमी सडक भएकोलाई ग्राभेल गर्ने र ग्राभेल भएकोलाई कालोपत्रे गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| २ | एकीकृत् प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना । | प्रदेशका सबै मन्त्रालय र अन्य प्रदेश स्तरीय कार्यलय एकै ठाउमा अटाउने नमुना प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| ३ | मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना । | प्रदेश सभाका प्रत्येक निर्वाचन क्षेत्रका कम्तिमा दुई गाउँमा जलवायु अनुकूलन नमुना कृषि प्रणाली विकास गरी कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय । |
| ४ | गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना । | चीन सरकारको सहकार्यमा सार्वजानिक–निजी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनर्भिर बनाउने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय । |
| ५ | स्याउमा आत्मनिर्भर हुने आयोजना । | मनाङ्ग, मुस्ताङ्ग, गोर्खा, लमजुङ्ग र म्याग्दी जिल्लाको उत्तरी भागमा स्याउ खेतीको विस्तार गरी स्याउमा प्रदेशलाई आत्मनिर्भर बनाउने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय । |
| ६ | घरवास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना । | ग्रामीण क्षेत्रमा गरिबी निवारण र पर्यटन क्षेत्रको विविधिकरण गर्न घरवास (होमस्टे) को विस्तार र सुदृढीकरण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| ७ | नवलपुरको लोकाहाखोलामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना । | औद्योगिक क्षेत्र निर्माण गरी आयात प्रतिस्थापन गर्ने मझौला तथा ठुला उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आह्वान गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| ८ | गण्डकी विश्व विद्यालय स्थापना र सञ्चालन आयोजना । | प्रदेशमा उत्पादन र उत्पादकत्व बृद्धि गरी प्रदेशलाई औद्योगीकरणमा लैजान सघाउने उच्चस्तरको दक्ष जनशक्ति उत्पादन गरी शिक्षालाई बजारसँग जोड्ने । | सामाजिक विकास मन्त्रालय । |
| ९ | गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना । | प्रदेशलाई औद्योगीकरणमा लैजान सघाउने मध्यम स्तरको प्राविधिक तथा व्यावसायीक जनशक्ति उत्पादन गरी शिक्षालाई बजारसँग जोड्ने । | सामाजिक विकास मन्त्रालय । |
| १० | प्रदेश क्रिकेट मैदान निर्माण आयोजना । | पोखरा महानगरपालिकाको पशुपतिघाटमा क्रिकेट मैदानको निर्माण गरी खेल पर्यटनको प्रवर्द्धन गर्ने । | सामाजिक विकास मन्त्रालय । |
| ११ | सूचना प्रविधि पार्क निर्माण आयोजना । | पोखरा महानगरको जामुनबोटमा सूचना प्रविधि निर्माण र सञ्चालन गरी डिजिटल गण्डकी प्रदेश बनाउने र प्रदेशलाइ अन्तर्राष्ट्रिय बजारसँग जोड्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय । |
| १२ | प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना । | प्रदेश प्रहरी तालिम केन्द्र निर्माण गरी प्रहरी प्रशासन लाई दक्ष बनाउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय । |
| १३ | ईगभरनेन्स आयोजना । | ईगभरनेन्स लागु गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । |

*पाँच वर्षअघि घोषणा गरिएका प्रदेश गौरवका आयोजना ।*

योजना पनि प्रदेश गौरवका आयोजनामा समावेश थिए ।

तर, पाँच वर्ष बितिसक्दा पनि ती आयोजना अघि बढ्न नसकेपछि केहीलाई दोस्रो पञ्चवर्षीय योजना (२०८०/८१ देखि २०८५/८६) मा दोहोऱ्याइएको छ भने केही योजनाको भविष्य अन्योलमा छ ।

## नाममै सीमित योजना

गण्डकी सरकारले प्रदेशका सबै मन्त्रालय र अन्य प्रदेश स्तरीय कार्यालय एकै ठाउँमा अटाउने नमुना प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने योजना अघि सारेको थियो । तर, पाँच वर्ष बितिसस्क्दा पनि अधुरै छ ।

प्रशासनिक केन्द्रसँगै प्रदेशले शुरु गर्ने घोषणा गरेको गण्डकी गाई फार्म तथा दूग्ध विकास आयोजना, नवलपुरको लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण योजनाको काम पनि अघि बढ्न सकेको छैन । त्यति मात्र नभएर संघीय सरकारसँगको समन्वयमा प्रदेशको रूपान्तरणकारी योजनाका रूपमा घोषणा गरिएका पाँच योजना पनि अघि बढ्न सकेका छैनन् ।

प्रदेशको रूपान्तरणकारी आयोजनामा एक खर्ब रूपैयाँभन्दा बढी लागत अनुमान गरिएको उत्तरगंगा जलाशयुक्त विद्युत् आयोजना राखिएको थियो । तर, प्राविधिक जटिलताले निर्माण कार्य शुरु हुन सकेको छैन ।

कास्की र तनहुँको सीमाना पर्ने तल्लो पुडिटार क्षेत्रमा चार अर्ब रूपैयाँको लागत अनुमान गरिएको औद्योगिक क्षेत्र निर्माणको कार्य पनि अलपत्र छ । चीन र भारतलाई जोड्ने सडक सञ्जालका रूपमा रहेको पोखरा–डेडगाउँ, दुम्किबास, त्रिवेणी सडक निर्माणको आयोजनाको कार्यप्रगति पनि सुस्त छ । यो सडक निर्माण आयोजनाको लागत अनुमान करीब चार अर्ब ४० करोड रूपैयाँ छ ।

प्रथम रणनीतिक योजनाले अघि सारेका १३ वटा प्रदेश गौरवका योजना गण्डकी सरकारकै बजेटबाट निर्माण गरिने भनिएको थियो । जसमा पोखरादेखि स्थानीय तहका केन्द्रमा जोड्ने सडक निर्माण, एकीकृत प्रदेश प्रशासनिक केन्द्र निर्माण, मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना, गण्डकी गाई फार्म तथा दूग्ध विकास आयोजना छन् । त्यस्तै, स्याउमा आत्मनिर्भर हुने आयोजना, घरबास होमस्टे बिस्तार सुदृढीकरण आयोजना र नवलपुरको लोकाहाखोलामा प्रदेशस्तरीय औद्यगिक क्षेत्र निर्माण आयोजना समेटिएका छन् ।

पाँच वर्षअघि घोषणा गरिएका प्रदेश गौरव ओयोजनामा गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालन आयोजना, गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना, प्रदेश क्रिकेट मैदान निर्माण आयोजना र सूचना प्रविधि पार्क निर्माण आयोजना छन् । प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना र ई–गभर्नेन्स आयोजना पनि गौरवकै आयोजनामा थिए ।

यी आयोजनाले सात वटा क्षेत्रमा समृद्धि ल्याउने बताइएको थियो । पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार, मानव विकास र सुशासन क्षेत्रका लागि समृद्धिको संवाहक मानिएको थियो ।

अहिले भने यी आयोजना हचुवाको भरमा घोषणा गरिएको जस्तो देखिएको प्रदेश सरकारकै अधिकारीहरु बताउने गरेका छन् । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि औचित्य पुष्टि गर्न नसकेका प्रदेशका संरचनालाई घटाउने बताउँदै आएका छन् ।



*मुख्यमन्त्री सुरेन्द्र पाण्डेलाई प्रतिवेदन बुझाउँदै नीति आयोगको टोली ।*

त्यसका लागि मुख्यमन्त्री पाण्डे अध्ययन कार्यदल नै गठन गरेका छन् । तर, त्यो कार्यदलले नै सक्रिय हुन सकेको छैन ।

## किन अघि बढेन योजना?

प्रदेश सरकारले घोषणा गरेका आयोजना मुख्यत स्रोत सुनिश्चितताको अभावले नै थन्किएको जानकारहरु बताउँछन् । उनीहरूका अनुसार, आयोजना कार्यान्वयनका लागि स्रोत ख्याल नगरी घोषणा गरिँदा समस्या भएको हो ।

महालेखा परीक्षकको कार्यालयले पनि योजना छनोटमा सोचविचार गर्न नसकिएको औल्याएको छ । महालेखा परीक्षकको प्रतिवेदनमा भनिएको छ, 'छनोटको आधारसहितको मापदण्डको अभावमा हाल प्रदेश सरकारले पहिचान गरेका गौरवका आयोजनाहरु उपयुक्त आधारमा पर्याप्त विश्लेषण गरी छनोट भएको छैन ।'

यससँगै प्रदेश सरकारले योजना कार्यान्वयनका लागि समन्वय गर्न नसकेको पनि प्रतिवेदनमा उल्लेख छ । 'आयोजनाहरूको कार्यान्वयनमा पर्याप्त अनुगमन तथा मूल्यांकन, अन्तर निकाय, अन्तर सरकार समन्वय तथा सहकार्य, बजेट व्यवस्थापन, ठेक्का व्यवस्थापन, जग्गा व्यवस्थापनमा समन्वय भएको छैन,' महालेखा परीक्षकको कार्यालयले भनेको छ ।

त्यस्तै, प्रदेश गौरवका आयोजना छनोटको आधारमा पनि महालेखाले प्रश्न गरेको छ । आयोजनाको क्षेत्र, भौगोलिक आवश्यकता, प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय रूपमा सम्भाव्यता अध्ययन, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लागत, लाभ विश्लेषण लगायतका आधारमा तथा मापदण्ड निर्धारण गरेर प्रदेश गौरवका आयोजनाहरु पहिचान एवं छनोट नगरिएको प्रतिवेदनले औल्याएको छ ।

गण्डकी नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष गिरिधारी शर्मा पौडेलले भने प्रथम पञ्चवर्षीय योजनाका कार्यक्रमहरु सबै अलपत्र नभएको र केही राम्रो शुरूआत भएको दाबी गर्छन् । "गण्डकी विश्वविद्यालय, वातावरणमैत्री नमुना कृषि गाउँ योजना, पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण, गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना लगायतका काम शुरु भएका छन्," शर्मा भन्छन्, "केही आयोजना प्राविधिक जटिलताले रोकिएका हुन् ।"

स्रोत सुनिश्चित हुन नसक्नु, योजनाको वर्गीकरणमा समस्या, जग्गा प्राप्तिका लागि संघ सरकारको भर पर्नुपर्ने अवस्था, सरकार परिवर्तनसँग आयोजना प्राथमिकीकरण नहुनु लगायतका कारणले प्रदेश गौरवका आयोजनाहरु निरन्तर अघि बढ्न नसकेको उनको भनाइ छ । "नयाँ सरकार फेरिएसँगै नयाँ प्राथमिकताका कार्यक्रम आउँदा

| | | | |
|---|---|---|---|
| ख. नेपाल सरकारसँग स्रोत माग गरिएका रुपान्तरणकारी प्रदेश गौरवका आयोजनाहरु | | | |
| १४ | पोखरा, डेडगाउं, दुम्किबास, त्रिवेणी सडक निर्माण आयोजना । | मुस्ताङ्गको कोरला देखि नवलपुरको त्रिवेणीसम्म पुरा प्ररदेशलाई जोडने सडक। प्रदेशको दक्षिणि क्षेत्रमा औद्योगीकरण गर्न सघाउने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| १५ | उत्तरगंगा जलाशयुक्त विद्युत् आयोजना । | बाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत् आयोजना निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगीकरण गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय । |
| १६ | फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना । | फेवातालको क्षेत्र निर्धारण गर्ने, दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दायाबायां सौन्दर्यकरण गरी पर्यटक आकर्षण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| १७ | कास्की र तनहुंको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना । | कास्की र तनहुंको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रको करिब २८०० रोपनी क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण गरी निजीक्षेत्रलाई उद्योग खोल्न आमन्त्रण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| १८ | मुटु, मृगौला र क्यान्सरको एकीकृत् प्रदेश अस्पताल निर्माण आयोजना । | प्रदेशको राजधानी पोखरमा मुटु, मृगौला र क्यान्सरको एकीकृत् प्रदेश अस्पताल निर्माण गरी जनतालाई स्वास्थ सेवा सहज रुपमा उपलब्ध गराउने । | सामाजिक विकास मन्त्रालय । |

*प्रदेश सरकारले घोषणा गरेका रुपान्तरणकारी आयोजना ।*

आयोजनाको कार्यान्वयनमा असर पर्छ," पूर्व उपाध्यक्ष शर्मा भन्छन्, "आयोजनाका लागि बजेट सुनिश्चितता गर्नुभन्दा आफ्ना निर्वाचन क्षेत्रहरूमा बजेट वितरण गर्ने परिपाटीका कारण पनि प्रदेश गौरव आयोजनाको कार्यान्वयनमा ढिलाइ हुने गरेको छ ।"

मुख्यतः स्रोत सुनिश्चितता र कानूनी जटिलताले समस्या भइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका सूचना अधिकारी प्रवीण ढकाल बताउँछन् । प्रदेश गौरवका आयोजना अलपत्र पर्नुको कारण खुलाउँदै ढकाल भन्छन्, 'आयोजनाहरूका लागि स्रोत सुनिश्चित गर्न समस्या भइरहेको हो ।"

यससँगै सरकारबीच समवन्यमा पनि कमि देखिएको उनको भनाइ छ । "जग्गा प्राप्ति, संघ र स्थानीय सरकारसँगको समन्वयमा जटिलता पनि भएको हो," ढकाल भन्छन्, "तैपनि प्रदेश सरकारका कार्यक्रम पुनः लयमा फर्काउन प्रयास गरिरहेका छौं ।"

## थपिए नयाँ योजना

गण्डकी नीति तथा योजना आयोगले यसै वर्ष दोस्रो पञ्चवर्षीय योजना जारी गरेको छ । जसमा आठ वटा भागमा विभाजन गरेर प्रदेश समुन्नितका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना शीर्षकमा पहिलेको योजनाभन्दा नयाँ योजना थपिएका छन् ।

यसमा प्रदेश सरकारको लगानीमा हुने कार्यक्रम तथा आयोजना, प्रदेश तथा स्थानीय तह साझेदारी कार्यक्रम तथा आयोजना र संघ प्रदेश साझेदारी कार्यक्रम तथा आयोजना भनेर वर्गीकरण गरिएको छ । त्यस्तै, संघ प्रदेश स्थानीय तह साझेदारी कार्यक्रम तथा आयोजना, अन्तर प्रदेश साझेदारीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना, निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना र वैदशिक सहयोगका लागि प्रस्तावित कायक्रम तथा आयोजना गरि आठ भागमा प्रदेशका ठूला आयोजनालाई बाँडिएको छ ।

प्रदेश सरकारले आफ्नै लगानीमार्फत कार्यान्वयन हुने योजनामा बहुउद्देश्यीय नदी जलाशय निर्माण आयोजना, मनाङ-नासोङ प्रांगारिक कृषि विकास आयोजना, एकीकृत प्रदेश तथ्यांक प्रणाली विकास आयोजना, विश्वविद्यालय र विद्यालय तथा समुदाय साझेदारी कार्यक्रम छन् । लोकाहाखोला औद्यागिक क्षेत्र पूर्वाधार विकास आयोजना, प्रमुख टारमा आधारित कृषि तथा सिँचाइ विकास आयोजना र पर्यटकीय स्याटेलाइट गन्तव्य विकास तथा विस्तार आयोजना पनि प्रदेशकै स्रोतबाट अघि बढाउने सूचीमा छन् ।

यसैगरी, अन्तर स्थानीय तह जोड्ने सडक तथा सडकपुल निर्माण आयोजना, कोराला-पोखरा-भिमाद-डेढगाउँ-दुम्कीबास-त्रिवेणी सडक विकास आयोजना र मध्यपहाडी लोकमार्ग केन्द्रित

कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित औद्योगिक विकास आयोजनालाई पनि प्रदेश सरकारले नै कार्यान्वयन गर्ने भनेर राखिएको छ । यीमध्ये केही आयोजना प्रथम पञ्चवर्षीय योजनामा कार्यान्वयवन गर्न नसकिएपछि दोहोरिएका हुन् ।

गण्डकीको नीति तथा योजना आयोगका उपाध्यक्ष कृष्णप्रसाद देवकोटा दोस्रो पञ्चवर्षीय योजनामा समेटिएका योजना कार्यान्वयन हुने बताउँछन् । पूराना योजना पूरा नहुँदै नयाँ योजना थपिएको विषयमा उपाध्यक्ष देवकोटा भन्छन्, "प्राथमिकताका आधारमा नयाँ योजना ल्याइएको हो ।"

यस पटक कार्यान्वयनमा जाने तयारी नै गरेर प्रदेशका सबै आयोजनालाई आठ वटा भागमा विभाजन गरेर काम गरिएको उनको भनाइ छ । प्रत्येक आयोजनाका सूचकहरु तयार गरिएको र प्रत्येक वर्ष अनुगमन तथा मूल्यांकन गरिने उनी बताउँछन् । उपाध्यक्ष देवकोटा भन्छन्, "प्रदेशले गर्न सक्ने, संघ सरकारसँग मिलेर गर्ने, स्थानीय सरकारसँग समन्वय गर्ने लगायत गरेर आठ क्लस्टरमा बाँडेका छौं । कार्यान्वयनका लागि सूचकहरु तयार पारेका छौं । जसबाट प्रत्येक वर्ष कति काम सकियो भनेर हेर्न सहज हुनेछ ।"

## प्रदेशको घट्दो आय

प्रदेश सरकारले जारी गर्ने प्रत्येक वर्षको बजेट एकातिर र प्रदेशले आम्दानी गरिरहेको रकमको आँकडा फरक छ । गण्डकी सरकारले लक्ष्य अनुसार आम्दानी गर्न नसक्दा प्रदेशमाथि वित्तिय भार थपिँदै गएको छ ।

पछिल्ला पाँच आर्थिक वर्षको बजेट र आम्दानी हेर्दा प्रदेश सरकार घाटामै रहेको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा गण्डकी सरकारले २४ अर्ब दुई करोड ३३ लाखको बजेट ल्याएको थियो । तर, २१ अर्ब आठ करोड २२ लाख अर्थात् ८७.७५ प्रतिशत मात्रै स्रोत जुटाउन सक्यो ।

यस्तै, आर्थिक वर्ष २०७६/७७ मा ३२ अर्ब १३ करोड ४७ लाखको बजेट अनुमान थियो । जसमा ९०.४७ प्रतिशत अर्थात २९ अर्ब सात करोड २५ लाख मात्रै आय भयो । आर्थिक वर्ष २०७७/७८ को अवस्थामा पनि खासै फरक आएन । ३४ अर्ब ८४ करोड २१ लाखको बजेट विनियोजन भएकोमा २९ अर्ब ३० करोड २६ लाख अर्थात् ८४.१० प्रतिशत मात्र प्रगति हुनसक्यो । त्यस बाहेकका आयोजना कार्यान्वयनमा लैजाने अवस्था रहेन ।

यसैगरी, गण्डकी सरकारले आर्थिक वर्ष २०७८/७९ मा ३० अर्ब पाँच करोड ६७ लाखको अनुमानित बजेट ल्याएको थियो । सरकारले २७ अर्ब चार करोड ६१ लाख अर्थात् ८९.९८ प्रतिशत मात्रै स्रोत जुटाउन सकेपछि बाँकी योजना कागजमै सिमित बने । आर्थिक वर्ष २०७९/८० मा सरकारको आय स्रोत झन घट्यो । ३५ अर्ब ९० करोड ९० लाखको बजेट ल्याएकोमा २७ अर्ब १० करोड ४७ लाख अर्थात् ७५.४८ प्रतिशत मात्र प्रगति हुनसक्यो ।

यो क्रम अझै पनि उस्तै छ । गत आर्थिक वर्ष २०८०/८१ मा त बजेट घटाउँदा पनि आयस्रोत जुटाउन सकेन । प्रदेश सरकारले ३३ अर्ब ४२ करोड ७२ लाखको बजेट ल्याएकोमा २३ अर्ब ८१ करोड १६ लाख अर्थात् ७१.२३ प्रतशत मात्रै प्रगति भएको थियो ।

विगतको आयस्रोतलाई हेरेर सरकारले चालु आर्थिक वर्षमा झन बजेटको आकार घटाएको छ । आर्थिक वर्ष २०८१/८२ का लागि गण्डकी सरकारले ३२ अर्ब ९३ करोड ८५ लाख रूपैयाँको बजेट ल्याएको छ । यसका लागि पनि स्रोत सुनिश्चित नभएको सरकारी कर्मचारी नै बताउँछन् ।

गण्डकीको आर्थिक मामिला मन्त्रालयका सचिव डिल्लिराम रिज्याल प्रदेशको राजश्व बढ्न नसकेकाले आयोजनाहरूका लागि स्रोतको कमी भएको बताउँछन् । "नयाँ फाइलहरु आएका छन्, तर आवश्यकता हो/होइन भनि छनोट गरेर सम्बन्धित मन्त्रालयको बजेट सिलिङबाटै कटौती गर्ने योजना छ," अर्थसचिव रिज्याल भन्छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सूचना अधिकारी ढकालले भने स्रोत जुटाउने प्रयास भइरहेको बताउँछन् । सरकार प्रदेशको आर्थिक भारलाई कम गर्दै लैजाने प्रयासरत रहेको उनको भनाइ छ । उनी भन्छन्, "प्रदेशका आयोजना कार्यान्वयनका लागि स्रोत लगायतका थुप्रै समस्या भइरहे पनि प्रदेश सरकारले केही गर्दै नगरेको भन्ने होइन ।"

# गण्डकीमा स्वार्थ अनुसार संरचना
# न बजेट न त प्रभावकारी कार्यक्रम

प्रदेश सरकारले राजनीतिक स्वार्थ अनुसार संरचना निर्माण गर्दा एकातिर तिनको प्रभावकारिता देखिएको छैन भने अर्कातिर आर्थिक भार थपिंदै आएको छ।



*गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पूर्व मुख्यमन्त्री खगराज अधिकारी लगायत सत्तारूढ दलका नेता ।*



**दुर्गा राना मगर**

स्थापनाको ६ वर्ष पूरा भइसक्दा पनि गण्डकी प्रदेश सरकारले लक्ष्य अनुरूप आर्थिक गतिविधि अगाडि बढाउन सकेको छैन। आत्मनिर्भर प्रदेश बनाउने सार्वजनिक प्रतिबद्धताका बावजूद प्रदेश सरकार बर्सेनि घाटा बजेट ल्याउन बाध्य छ।

प्रदेश सरकारले एकातिर आन्तरिक आय बढाउन सकेको छैन भने अर्कातिर दायित्व बढ्दै जाँदा घाटा बजेट ल्याइरहेको छ। स्रोतको दायरा विस्तार गर्न नसकेको सरकार फेरि पनि नयाँ संस्था र प्रतिष्ठान स्थापनामा केन्द्रित देखिन्छ।

निरन्तर घाटामा हुँदा पनि राजनीतिक स्वार्थ अनुसार मन्त्रालय, निकाय, प्रतिष्ठान, समिति स्थापना गरिँदै आएका छन्। यस्ता सरकारी निकायले एकातर्फ प्रभावकारी कार्यक्रम ल्याउन सकेका छैनन् भने अर्कातिर प्रदेशमाथि आर्थिक भार पनि थपिँदै गएको छ।

## औचित्यविहीन संरचना

प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्य सहित पाँच वर्षअघि गण्डकीमा दुग्ध विकास बोर्ड स्थापनाको परिकल्पना गरिएको थियो। २०७५ साउन ३० मा गण्डकी प्रदेश सभाबाट गण्डकी दुग्ध विकास बोर्ड सम्बन्धी ऐन, २०७५ पारित भएको थियो। ऐन बने पनि त्यस अनुसार कार्यक्रम अघि बढेन।

प्रदेश सरकारले ऐन बनाएको चार वर्षपछि पूर्व मुख्यमन्त्री खगराज अधिकारी नेतृत्वको मन्त्रिपरिषद् बैठकले गत २०७९ फागुन ११ मा तिलक महतलाई बोर्डको उपाध्यक्षमा नियुक्त ग�र्‍यो। महतले २०७९ देखि २०८० असारसम्म तलब सुविधा पनि लिए। तर बोर्डले कुनै कार्यक्रम अघि बढाउन सकेन। कुनै कार्यक्रम र बजेट समेत नपाएको बोर्डको ऐन अनुसार पोखरामा रहने भनेको कार्यालय नै बन्न सकेको छैन।

कामै गर्न नसकेपछि एक वर्षयता बोर्डका उपाध्यक्ष महतले सेवासुविधा पनि लिन छोडेका छन्। २०८० असारयता उपाध्यक्ष महतले तलब सुविधा नलिएको गण्डकीको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयकी सूचना अधिकारी ज्योति क्षेत्रीले जानकारी दिइन्।

प्रदेश दुग्ध विकास बोर्ड जस्तै विभिन्न समयमा राजनीतिक स्वार्थ अनुसार स्थापना भएका बोर्ड, आयोग, प्रतिष्ठान लगायतले प्रभावकारी भूमिका निर्वाह गर्न सकिरहेका छैनन्। जसले प्रदेश सरकारलाई आर्थिक भार त परेको छ नै, प्रदेशकै औचित्यमाथि पनि प्रश्न उठ्दै गएको पूर्व मन्त्रीहरु बताउँछन्।

प्रदेशमा रहेका ताल र तालको जलाधार क्षेत्रको संरक्षण, ताल क्षेत्रको नक्सांकन लगायत कार्य गर्ने उद्देश्यले २०७६ सालमा ताल संरक्षण तथा प्राधिकरणको स्थापना गरिएको थियो। वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना गरिएको प्राधिकरणले झन्डै साढे चार वर्षमा कुनै काम गर्न सकेको छैन।

चार वर्षको अवधिमा काम गर्ने अवस्था नभएपछि दुई जना कार्यालय प्रमुखले त राजीनामा नै दिए। हाल प्राधिकरण प्रमुखको जिम्मेवारीमा शम्भुकुमार मिश्र छन्।

यसअघि कार्यालय प्रमुख रहेकी कल्पना देवकोटाले कर्मचारी संख्या कम र बजेट पनि कम भएका कारण प्रभावकारी रुपमा काम गर्न नसकेको गुनासो गर्दै आएकी छन्। तालको सुन्दरीकरण भन्दै नक्�शांकन, तार(जाली लगाउने लगायत पूर्वाधारका काम बाहेक अन्य काम हुन सकेको छैन। हाल सात जना कर्मचारी रहेको प्राधिकरण प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्न सकिरहेको छैन।

प्रदेशका लागि सीपयुक्त जनशक्तिको उत्पादन गर्न प्रदेशको आफ्नै प्रतिष्ठान हुनुपर्ने उद्देश्यले २०७७ सालमा गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम प्रतिष्ठान (जीटीईभीटीए) को स्थापना गरियो। तर प्रतिष्ठान स्थापनाको झन्डै चार वर्षमा एउटा पनि प्रभावकारी कार्यक्रम गर्न सकेको छैन।

अर्कातिर, संघीय सरकार मातहत रहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सीटीईभीटी) को प्रदेशस्तरीय कार्यालय पनि पोखरामा छ। सीटीईभीटीको प्रदेश कार्यालय सरहको काम जीटीईभीटीएको हो। प्रदेशमा एकै प्रकृतिका दुई कार्यालय राखिएका छन्।

प्रदेश सरकारले स्थापना गरेको जीटीईभीटीएले आफ्नो औचित्य पुष्टि गर्न सकेको छैन। सीटीईभीटीसँगको सहकार्यमा केही तालीम बाहेक अन्य प्रभावकारी काम गर्न नसकिएको प्रतिष्ठानका कर्मचारी नै बताउँछन्।

प्रतिष्ठानले छोटो तथा लामो अवधिका तालीमका लागि एकीकृत प्राविधिक ग्राम विकास परियोजनाको काम अघि बढाएको छ। स्याङ्जाको फेदीखोलामा परियोजनाको काम अघि बढेको भए पनि गति लिन सकेको छैन।

प्रदेशको स्थापनापछि प्रदेश खेलकूद परिषद्, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रज्ञा प्रतिष्ठान, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, गण्डकी विश्वविद्यालय, प्रेस रजिस्ट्रार लगायत संरचना स्थापित छन्। मुख्यमन्त्री तथा मन्त्रीहरुले आफ्ना मान्छेलाई रोजगारी दिन यस्ता संरचना स्थापना गरे पनि कामकाज भने हुन सकेको छैन। सबैजसो संरचनाको अवस्था उस्तै छ, केही व्यक्तिलाई रोजगारी दिने।

## गण्डकी प्रदेशमा स्थापना गरिएका संरचना

- प्रदेश नीति तथा योजना आयोग
- मुख्य न्यायाधिवक्ताको कार्यालय
- प्रदेश लेखा नियन्त्रक कार्यालय
- पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
- पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
- कृषि विकास निर्देशनालय
- कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालीम केन्द्र
- स्वास्थ्य निर्देशनालय
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
- स्वास्थ्य तालीम केन्द्र
- शिक्षा विकास निर्देशनालय
- प्रदेश वन निर्देशनालय
- पूर्वाधार विकास निर्देशनालय
- गण्डकी विश्वविद्यालय
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
- गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम प्रतिष्ठान
- गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान
- गण्डकी प्रज्ञा प्रतिष्ठान
- प्रदेश लोक सेवा आयोग

*स्रोत : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

प्रदेश सरकारले स्थापना गरेका यस्ता १९ वटा संरचना प्रभावकारी हुन नसकेको पूर्व मुख्यमन्त्री तथा मन्त्रीहरु पनि स्विकार्छन्। पूर्व मुख्यमन्त्री खगराज अधिकारी काम गर्न नसकेका संरचनाबारे समीक्षा गर्नुपर्ने बताउँछन्। "प्रदेश सरकारका संरचनाको सान्दर्भिकता र औचित्य पुष्टि भए मात्रै अगाडि बढाउनुपर्छ। ती संरचनाले औचित्य पुष्टि गर्न नसकेमा पक्कै समीक्षा

गर्नुपर्छ र गर्नेछौं।"

केही संरचनाले राम्रो काम गरेको उनको भनाइ छ। एमाले प्रदेश संसदीय दलका नेता समेत रहेका अधिकारी वित्तीय संघीयतामा जोड दिन्छन् "देश संघीयतामा गए पनि वित्तीय संघीयतामा गइनसकेको अवस्था छ, अधिकारी भन्छन्, "अहिलेको मूल मुद्दा प्रदेशको औचित्य पनि सावित गर्नुपर्ने छ।

## बजेटको पनि अभाव

प्रदेश सरकारले विभिन्न संरचना निर्माण गरे पनि पर्याप्त बजेट भने विनियोजन गर्न सकेको छैन। जसले गर्दा पनि काम गर्न मुश्किल भएको अधिकारीहरु गुनासो गर्छन्।

प्रदेश सरकारले पछिल्ला तीन आर्थिक वर्षमा विनियोजन गरेको बजेट केलाउँदा पनि झारा टार्ने काम गरेको मात्रै देखिन्छ। केही संरचनाको त बजेट कटौती हुँदै आएको छ।

केही संरचनामा दोहोरोपन देखिएको छ। एउटै संरचनाका लागि संघीय र प्रदेश सरकार दुवैले बजेट छुट्याएका छन्। त्यो पनि पर्याप्त छैन। जस्तो( चालू आर्थिक वर्षमा गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानका लागि प्रदेश सरकारले रू। एक करोड ९३ लाख १९ हजार बजेट विनियोजन गरेको छ भने संघीय सरकारले रू। २४ लाख छुट्याएको छ।

त्यस्तै, गण्डकी प्रदेश खेलकूद परिषद्का लागि प्रदेश सरकारले रू। आठ करोड ५५ लाख ८७ हजार र संघीय सरकारले रू। ६८ लाख ८० हजार विनियोजन गरेका छन्। गण्डकी प्राविधिक प्रतिष्ठानका लागि प्रदेश सरकारले रू। दुई करोड ४६ लाख २९ हजार र संघीय सरकारले रू। ६ करोड ६५ लाख २० हजार तथा गण्डकी प्रज्ञा प्रतिष्ठानका लागि प्रदेश सरकारले रू। दुई करोड नौ लाख ६९ हजार र संघीय सरकारले रू। २६ लाख ४३ हजार छुट्याएको छ।

## प्रदेश सरकारका संरचना र वार्षिक बजेट

**प्रदेश सरकारका संरचना र वार्षिक बजेट**

| प्रतिष्ठान/बजेट | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | १,५८,०८,००० | ७,९९,४०,००० | ५,२९,३३,००० |
| ताल संरक्षण तथा विकास प्राधिकरण | १,६५,७३,००० | १,९४,८३,००० | १,८२,०३,००० |
| गण्डकी प्रदेश खेलकूद परिषद् | ० | ८,३४,२३,००० | ९,२४,६७,००० |
| गण्डकी विश्वविद्यालय | २०,००,००,००० | ० | ० |
| गण्डकी प्राविधिक प्रतिष्ठान | १,६८,६३,००० | ३,११,२६,००० | ९,११,४९,००० |
| गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान | २,४३,२८,००० | १,८९,५१,००० | २,१७,१९,००० |
| गण्डकी प्रज्ञा प्रतिष्ठान | २,६७,९६,००० | २,११,०९,००० | २,३६,१२,००० |

स्रोत : आर्थिक मामिला मन्त्रालय

निष्क्रिय मूल्यांकन कार्यदल

प्रदेशमा गठन भएका बोर्ड, आयोग, प्रतिष्ठान लगायतको भूमिका र आवश्यकताबारे पटक पटक प्रश्न उठ्दै आएको छ। सबै क्षेत्रबाट प्रश्न गर्न थालिएपछि सरकारले २०८० असोज २ मा अध्ययन गर्न कार्यदल गठन गरेको थियो।

नेपाल सरकारका पूर्व सचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन भयो। जसमा पूर्व सचिव महेश्वरनरसिंह केसी र अच्युत लामिछाने सदस्य थिए। प्रदेशका संरचनाले औचित्य पुष्टि गर्न नसकेको अवस्थामा पुनःपुनरावलोकन गर्न नै कार्यदल गठन गरिएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे बताउँछन्।

कार्यदललाई प्रदेशका संरचनाको अध्ययनका लागि तीन महीनाको समय दिइएको थियो। तर नाम मात्रैको कार्यदल हुन पुग्यो। एक वर्ष बितिसक्दा पनि प्रतिवेदन बुझाउन सकेन।

कार्यदलले काम गर्न नसकेको मुख्यमन्त्री पाण्डे बताउँछन् "गठन भए लगत्तै कार्यदलमा प्राविधिक समस्यो भयो। त्यसपछि कार्यदलले काम अगाडि बढाउनै सकेन, पाण्डे भन्छन्, "अर्कातिर सरकार बन्ने र ढल्ने अवस्था भइरहेको थियो। त्यसैले यो काम अपुरो नै छ।

## अन्नपूर्ण संरक्षण क्षेत्रको राजस्वमा संघको अंकुश

# स्थानीयहरू आफ्नै स्रोत उपयोग गर्नबाट वञ्चित






रिना थापा

संघ, प्रदेश र स्थानीय सरकारबीच मनमुटाव सिर्जना गर्दै आइरहेको एउटा विषय हो, अन्नपूर्ण संरक्षण क्षेत्र(एक्याप) । तीन तहको द्वन्द्वमा एक्याप खारेज गर्नुपर्ने वा स्रोत बाँडफाँड हुनुपर्ने आवाज त्यस क्षेत्रका १५ गाउँपालिकाहरूले उठाइरहेका छन् । एक्याप क्षेत्रमा परेका पालिकाहरु आफ्नो आम्दानीको स्रोत गुमाउनुपरेको गुनासो पोख्छन् । यता एक्यापले भने स्थानीय प्राकृतिक स्रोत साधनको उपयोग गरेर कर संकलन गरिरहेको छ ।

२०४३ सालमा घान्द्रुकबाट एक्याप स्थापना हुँदा १० वर्षभित्र संरक्षण क्षेत्र समुदायमा हस्तान्तरण गर्ने योजना थियो । समुदायमा आधारित रहेर संरक्षणको कार्यक्रम ल्याएका तत्कालीन समयका विज्ञहरूको हस्तान्तरण योजना भने अधुरो रह्यो । कञ्चनजङ्घा संरक्षण क्षेत्र स्थानीय समुदायलाई हस्तान्तरण गरेर फर्कँदै गर्दा २०६३ असोज ७ मा तत्कालीन वन तथा भू-संरक्षण राज्य मन्त्री गोपाल राई, भूगोल तथा योजनाविद् डा. हर्क गुरूङ, संरक्षणविद् डा. तीर्थमान मास्के सहित २४ जनाको हेलिकप्टर दुर्घटनामा परेर मृत्यु भयो ।

स्थापनाको ३७ वर्ष बितिसक्दा पनि एक्याप समुदायमा अझै हस्तान्तरण भएको छैन । राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी)ले यसको व्यवस्थापन जिम्मा लिँदै

आएको छ । पटक-पटकको अन्यौलताकै बीच सरकारले एनटीएनसीलाई यसको जिम्मा दिँदै आएको हो । २०७७ माघ ३ पछि नवीकरण हुन नसकेको एक्याप पुस ५, २०८० मा मन्त्रिपरिषद्ले पुनः ५ वर्षका लागि एनटीएनसीलाई नै जिम्मा दिने निर्णय गरिसकेको छ । २०७१ सालमा नै संघीय वन तथा भूसंरक्षण मन्त्रालयले राजपत्रमा 'एक्याप स्थानीय समुदायलाई हस्तान्तरण' गर्न सूचना प्रकाशित गरेको थियो । सो सूचना अझै कार्यान्वयन हुन सकेको छैन । यसमा संघ सरकारले नै चासो दिएको छैन । कारण हो, एक्यापबाट उठ्ने करोडौं राजस्व ।

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली-२०५७ अनुसार एक्यापले पर्यटन प्रवेश शुल्क उठाउँदै आएको छ । जसअनुरूप एक्यापले संरक्षण क्षेत्र प्रवेशका लागि पर्यटकसँग शुल्क उठाउँदै आइरहेको छ ।

**एक्यापले उठाएको राजस्वको विवरण :**

बर्सेनि उठ्ने यही राजस्वमा स्थानीय, प्रदेश र संघ गरी तीनै सरकारको आँखा छ । एक्याप व्यवस्थापनको जिम्मा स्थानीय वा प्रदेश सरकारलाई हस्तान्तरण भए बर्सेनि उठ्ने करोडौं राजस्व संघ सरकारले गुमाउँछ । पर्यटकबाट उठेको राजस्वको केही अंश एक्याप व्यवस्थापनका लागि प्रयोग हुँदै आएको छ । पालिकाले उठेको राजस्वमा आफ्नो अधिकार हुनुपर्ने आवाज उठाइरहेका छन् । स्रोत बाँडफाँडका लागि संघ सरकारले समिति गठन समेत गरेको थियो । ५० प्रतिशत एक्याप व्यवस्थापनमा र २५-२५ प्रतिशत स्थानीय र प्रदेश सरकारलाई दिने प्रस्ताव थियो । त्यो योजना पनि अघि बढ्न सकेन ।

त्यसो त राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम समेत प्राकृतिक स्रोतबाट भएको आम्दानी बाँडफाँड गर्नुपर्छ ।

## आम्दानीको स्रोत गुमाउँदै पालिका

एनटीएनसीले वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम व्यवस्थापनको जिम्मा पाएको छ भने संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३ र संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ अनुसार काम गरिरहेको छ । मुलुक संघीय संरचनामा गइसकेपछि यी अधिकार समुदायलाई दिनुपर्ने हो । प्राकृतिक स्रोत साधनको सदुपयोग गर्नबाट स्थानीय वञ्चित भइरहेका छन् । गाउँपालिकाको अधिकारमा अकुंश लगाउँदै सरकारले आम्दानीको अन्य स्रोत समेत गुमाइरहेको छ ।

विश्वकै चर्चित पदमार्गभित्र पर्छ, एक्याप । मर्दी, अन्नपूर्ण बेस क्याप पर्यटकको रोजाइँका पदमार्ग हुन् । एक्यापभित्र पर्ने यी सबै स्थानमा पर्यटकलाई लक्षित अवैध रूपमा संरचना ठडिएका छन् । जसलाई नियमन गर्न सम्बन्धित निकायले सकिरहेको छैन । पछिल्लो समय चर्चित बनेको खुमैं डाँडा, ऋबु, कफुचेमा धमाधम अस्थायीदेखि स्थायी संरचना थपिएका छन् । तीनलाई करको दायरमा ल्याउन न गाउँपालिका सकिरहेको छ, न त एक्यापले नै ।

विनादर्ता चलिरहेका ती व्यवसायलाई दायरामा ल्याउन नसक्दा सरकारले राजश्व गुमाइरहेको छ । तीनै तहबीच अधिकारका विषयमा लडाइँ भइरहँदा संरक्षण क्षेत्रभित्रका पर्यटन व्यवसायीलाई करको दायराभित्र ल्याउने ध्यान कसैको पुगेको छैन । संरचना भने पर्यटकको चहलपहलसँगै बढिरहेका छन् । व्यवसायीहरूनि एक्यापसँग समन्वय गरेर अघि बढ्न नखोजिरहेको सुनाउँछन्, मादी गाउँपालिका अध्यक्ष देवीजंग गुरूङ । उनका अनुसार मादीमा साढे दुई दर्जन अस्थायी संरचना बनेका छन् ।

'पालिकालाई भोगचलान गर्ने अधिकार छैन । त्यसले गर्दा दोहोरो समस्या छ । त्यो अस्थायी टहरा जति पनि छन्, विना अनुमतिको, न गाउँपालिकाले अनुमति दिएको छ न एक्यापले । त्यसले गर्दा प्रतिजग्गामा बनेको संरचना रोयल्टी तिरेर कसले गर्ने के गर्ने भन्दा पनि पछिल्लोपटक म्याद थपेर आइसकेपछि यसको नयाँ संरचना के भनेर आउँछ त्यसलाई कुर्नैपर्ने छ,' उनले भने ।

एक्याप क्षेत्रमा रहेका १५ वटै पालिकाले

**Last five-year income of Annapurna Conservation Area project (ACAP)**

| S.N. | Fiscal Year | Income from entry fee | Income from Helicopter flight | Total Income |
|---|---|---|---|---|
| 1 | 2018/2019 | 371,871,333 | - | 371,871,333 |
| 2 | 2019/2020 | 238,307,341 | - | 238,307,341 |
| 3 | 2020/2021 | 8,426,518 | - | 8,426,518 |
| 4 | 2021/2022 | 114,784,589 | - | 114,784,589 |
| 5 | 2022/2023 | 306,605,636 | | 306,605,636 |
| 6 | 2023 December | 170,702,008 | 1,179,552.47 | 171,881,561 |

Source: Acap • Created with Datawrapper

गत फागुनमा माछापुच्छ्रे गाउँपालिकामा अन्तरपालिकास्तरीय भेला गरेर ६ बुँदे ' माछापुच्छे घोषणापत्र' जारी गरेको थियो। एक्यापको म्याद थप्ने अन्यौलताकै बीच पालिकाले प्रदेश र संघ सरकारलाई प्राकृतिक स्रोत उपभोग गर्न नपाएको गुनासो पोखेका थिए । गण्डकी प्रदेश सरकारले पनि संघको हातबाट एक्यापको अधिकार फुकाउन प्रयास नगरेको होइन। यसमा प्रदेशको प्रयास समेत असफल बन्यो। गण्डकीले एक्यापको विषय मात्र होइन मनास्लु संरक्षण क्षेत्र (एमक्याप) को अधिकार प्रदेश सरकार मातहत ल्याउने विषयमा निरन्तर प्रयास गर्दै आएको छ। यस विषयमा स्थानीय तहसँग छलफल गरेर प्रदेशले संघ सरकारसँग छलफल गरिसकेको गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे बताउँछन् ।

'यसका लागि हामीले सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र संघीय सरकारसँग पटक–पटक छलफल गऱ्यौं,' उनले भने 'यो क्षेत्र प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र रहनुपर्छ भन्ने हाम्रो हो ।'

स्थानीय र प्रदेशले अनवरत आफ्नो अधिकार क्षेत्रभित्र ल्याउन प्रयास गर्दागर्दै पनि एक्यापको जिम्मा एनटीएनसीले नै पाइरहेको छ। प्रदेशले पाउनुपर्ने एक्यापको अधिकार आफ्नो हातबाट फुत्किएको छ, जुन मान्य नहुने बताउँछन् मुख्यमन्त्री पाण्डे। 'संघ सरकारले पुनः एनटीएनसीलाई जिम्मा दिएको भनिएको छ । यो विषय हाम्रो लागि मान्य हुँदैन,' उनले भने 'अब कसरी अघि बढ्ने भन्नेमा हामी सम्बन्धित स्थानीय तहसँग छलफल गर्दैछौं ।'

पालिकाले एक्यापले उठाएको रोयल्टी आफूहरूले पाउनुपर्ने माग गरिरहेका छन्। तर, यसको सम्बोधन समेत हुन नसकेको गुनासो पालिका अध्यक्ष गुरूङ गर्छन् । रोयल्टीका विषयमा सबै तहको दाबी छ । पालिका, प्रदेश र संघ सरकारसँग भिड्नुपर्ने अवस्था छ। तर, संघ र प्रदेशको पाए आफैं राख्ने मनस्थिति रहेकाले अघि बढ्न नसकेको गुनासो पोख्छन्, उनी ।

'समन्वय गरेर अगाडि बढ्दा जम्मैलाई राम्रो हुन्छ । संघीय सरकारलाई यो हुनुपर्छ भनेर लाद्ने, प्रदेशले यो हुँदैन भन्ने, व्यावहारिक रूपमा काम गर्ने भनेको स्थानीय तह हो। हामी भन्छौँ मिलेर जम्मै कुरा अघि बढाऔँ। अब संघीय सरकारले पायो भने जम्मै आफैंलाई चाहिने जस्तो, प्रदेश सरकारलाई पनि त्यही खाल्को स्थिति देखिएकाले अलिकति द्वन्द्व छ' उनले भने ।

नयाँ गन्तव्य खोज भएसँगै पर्यटकीय चहलपहल हुने स्थानमा संरचना आवश्यक नभएका भने होइनन् । तर, यसलाई व्यवस्थित गरेर नियमन गर्नुपर्ने विषयमा ध्यान गएको छैन । ऋबुमा विगत तीनवर्षदेखि पर्यटन व्यवसाय गर्दै आएका गुमान गुरूङ नीति नियम परिमार्जित गर्नुपर्ने भनाइ राख्छन् ।

'पर्यटनको गतिविधि बढेसँगै नयाँ संरचना बनाउन बाध्य हुन्छौं । कानूनी जटिलता चुनौतीहरु केही छन्। त्यसमा नीति नियम वस्तुस्थिति हेरेर अलिकति परिमार्जित गर्नुपर्छ,'उनले भने ।

संरक्षण क्षेत्रभित्र बनेका अवैध संरचनाका विषयमा एक्यापलाई थाहा नभएको होइन । तर, यसमा एक्याप हात बाँधेर बसेको छ । मर्दी पदमार्गमा बनेका संरचना ०७४ सालसम्म करारमा उपलब्ध गराउँदै आएको थियो, एक्यापले। त्यसपछि यसको नवीकरण हुन सकेको छैन । एक्यापले पर्यटन व्यवसायलाई पत्राचार गरेर भत्काउन आग्रह समेत गरेको थियो । जसको व्यवसायीले अटेरी गरे । अहिले एक्याप र स्थानीय सरकारसँग मिलेर नियमन गर्ने प्रक्रियामा अगाडि बढ्न लागेको बताउँछन्, एक्याप प्रमुख रविन कडरिया ।

'त्यसलाई नियन्त्रण र नियमन गर्ने हिसाबले एक्याप अगाडि बढेको छ । गाउँपालिका र एक्याप मिलेर एउटा दिग्दर्शन बनाएका छौँ। त्यसको स्वीकृति भयो भने सबैलाई दर्ता प्रक्रियामा अगाडि बढाउने छौँ । हामीले यसलाई दर्ता प्रक्रियामा ल्याउनुपर्छ यी सबै होटलहरूलाई भन्ने हिसाबमा अगाडि बढेका छौँ,' उनले भने ।

## आफ्नै स्रोत प्रयोग गर्न पालिका वञ्चित

स्थानीय सरकार सञ्चालन ऐनअनुसार पालिकाले प्राकृतिक स्रोत साधन प्रयोग गरेर आम्दानी गर्न पाउँछन्। पालिकाको आम्दानीको स्रोत पनि उपलब्ध प्राकृतिक स्रोत हुन् । नदीजन्य पदार्थ आम्दानीको मुख्य स्रोत हो। तर, एक्यापमा पर्ने पालिकाले नदीजन्य पदार्थ उत्खनन् गरेर आम्दानी गर्न पाउँदैनन् । गत वर्ष माछापुच्छ्रे गाउँपालिकाले आफूसँग उपलब्ध स्रोतसाधन प्रयोग गर्दै नदीजन्य सामाग्री उत्खननका लागि ठेक्का लगायो ।

बाभिने कानूनका कारण गाउँपालिकाविरूद्ध मुद्दा पऱ्यो। त्यो मुद्दा अदालतमा विचाराधीन छ। कानूनीरूपमा अघि बढेर वातावरणीय प्रभाव मूल्यांकन गर्दै स्थानीय तहले नदीजन्य सामाग्री उत्खनन् गर्न समेत पाउँदैनन् । तर, विचौलियाले यसको फाइदा उठाइरहेको सुनाउँछन्, मादी गाउँपालिका अध्यक्ष देवीजंग गुरूङ । ऐन बाझिँदा यताबाट समेत राजश्व चुहावट भइरहेको छ ।

'सबैभन्दा ठूलो समस्याचाहिँ ढुंगा, गिटी बालुवाकै हो। अब एक्याप क्षेत्रभित्र अहिलेसम्म हामीले उत्खनन गरेका छैनौं। तर समस्या के भयो भने हामीले उत्खनन गर्न नपाउने टेण्डर लगाउन नपाउने उहाँहरूले पनि नगर्ने । त्यो भएको भएर जति छ त्यहाँको चिजहरु सबै विचौलियाको भइरहेको छ। न एक्यापको कोषमा गएको छ, न स्थानीय तह, राज्यका कोषमा गएको छ,' उनले भने ।

नदीजन्य सामग्रीका विषयमा सबै पालिकाको एकै मत छ । हिमालपारिको जिल्ला मुस्ताङका पालिका पनि त्यस्तै गुनासो पोख्छन् । समयमा नदीजन्य सामाग्री उत्खनन् नगर्दा बस्तीको सतहसम्म जोखिम हुने गरी थुप्रिएको लो–घोकर

गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्पेल विष्टले दाबी गरे । यसमा नीति बनाउनुपर्ने उनको भनाइ छ । 'नदीजन्य सामग्री उत्खनन् नगर्दा बस्तीको सतहसम्म आउन लागेको छ। यसले जोखिम बढाएको छ,' उनले भने ।

नदीजन्य सामग्रीबाहेक अन्य प्राकृतिक स्रोधसाधन उपलब्ध गर्न पाउँदैनन्, पालिकाहरु । वनमा ढलेका रूख कुहिएर गएको उनले सुनाए ।

संरक्षणको भूमिका निभाइरहेको एक्यापका कारण स्थानीय सरकारले चुनौती भोग्दै आएका छन् ।

मुस्ताङमा रहेको थासाङ गाउँपालिका वडा ३ मा अस्पताल निर्माण गर्न समस्या भयो भने चामे गाउँपालिकाले भवन बनाउन समेत पाएन । एक्यापको शुरुआत कास्कीको घान्द्रुकबाट परीक्षणका रुपमा भएको थियो । सो आयोजना परीक्षण सफल भएपछि क्षेत्र विस्तार भयो ।

तत्कालीन समयमा लमजुङ, मनाङ, मुस्ताङ र म्याग्दीका १९ वटा गाविसमा यसको क्षेत्रफल विस्तार भएको थियो । २०४९ सालमा सरकारले संरक्षण क्षेत्रको चारकिल्ला तोक्यो । ७ हजार ६ सय २९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको एक्याप समुदायमा नै हस्तान्तरण गर्ने योजना थियो । तर, ३७ वर्ष बितिसक्दा समेत एक्याप स्थानीयको हातमा आउन सकेको छैन । यसका कारण स्थानीय आफ्नो अधिकार प्रयोग गर्नबाट वन्चित छन् ।



## नदीजन्य राजस्व बाँडफाँडमा प्रदेश–पालिका विवाद

# वन ऐनले झन् बढायो असमझदारी






रिना थापा

प्रदेश सरकार र स्थानीय तहबीच नदीजन्य पदार्थको राजस्व बाँडफाँडमा विवाद हुन थालेको साढे सात वर्ष बितिसके पनि अझै टुंगिन सकेको छैन। गण्डकी सरकारले वन ऐन ल्याएपछि यो असमझदारी थप बढेको छ ।

संघीयता कार्यान्वयनको शुरुआतदेखि नै गण्डकी सरकार र स्थानीय पालिकाबीच नदीजन्य पदार्थको राजस्व बाँडफाँडमा विवाद कायम छ । विवादको कारण हो, कानूनी जटिलता । मुख्य समस्या हो, स्थानीय सरकार सञ्चालन ऐन २०७४ । यो ऐनले नदीजन्य पदार्थबाट आम्दानी हुने राजस्वका लागि प्रदेश र स्थानीय सरकारबीच असमझदारी ल्याएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ उपदफा १ मा लेखिएको छ, 'ढुंगा, गिटी, स्लेट, बालुवा, चुनढुंगा, खरिढुंगा, अभ्रख र दहत्तरबहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँ वा नगरपालिकाले संकलन गर्ने ।'

सोही दफाको उपदफा ३ मा पालिकाले जम्मा गरेको राजस्व प्रदेशस्तरमा जम्मा गर्न एक कोष रहने उल्लेख छ । सो कोषमा पालिकाले संकलन गरेको राजस्व स्रोतको शीर्षक खुल्नेगरी जम्मा गर्नुपर्ने हुन्छ ।

तर, २०७६ मा संशोधनपछि ऐनमा यो दफा नै हटाइएको छ । यो ऐनको संशोधन प्रस्ताव भएपछि स्थानीय र प्रदेश सरकारबीच राजस्व बाँडफाँडमा आन्तरिक द्वन्द्व चलेको हो । यता, अन्तसरकारी वित्त व्यवस्थापन ऐनले भने प्रदेश दर निर्धारण गर्ने र स्थानीय पालिकाले ४० प्रतिशत संकलित कर प्रदेशलाई बुझाउनुपर्ने व्यवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधनपछि स्थानीय तहले नदीजन्य पदार्थको राजस्व प्रदेश सरकारलाई दिनुपर्ने कानुनी बाध्यता हटेको हो । यस्तो अवस्थाले प्रदेश र पालिकामा असमझदारी निम्त्याएको छ ।

गण्डकीका अधिकांश पालिकाले प्रदेशलाई नदीजन्य पदार्थबाट उठेको राजस्व दिनुपर्ने कानूनी बाध्यता नभएको दाबी गर्दै आएका छन् । केही पालिकाले त गण्डकीलाई दहत्तरबहत्तर कर समेत बुझाएका छैनन् । पालिकाले नदीजन्य पदार्थमा आफ्नो अधिकार हुनुपर्ने आवाज उठाइरहे पनि केही पालिकाले प्रदेशको सञ्चित कोषमा रकम जम्मा गरिरहेका छन् ।

गण्डकी सरकारले अघिल्लो आर्थिक वर्षमा नदीजन्य पदार्थबाट ६० करोड उठाउने लक्ष्य राखेको थियो । तर, लक्ष्यको अत्यन्त न्यून अर्थात् ३ करोड ५८ लाख रूपैयाँ मात्र प्राप्त गर्न सक्यो । यस आर्थिक वर्षमा गण्डकी सरकारले २१ करोड ४५ लाख ७४ हजार रूपैयाँ दहत्तरबहत्तरको बिक्रीबाट आय प्राप्त गर्ने लक्ष्य राखेको छ । तर, प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको जानकारीअनुसार फागुनको अन्तिमसम्म गण्डकी सरकारले उक्त शीर्षकमा ५ करोड ७३ लाख ९८ हजार ६८६ रूपैयाँ मात्र प्राप्त गरेको छ । यो प्राप्त रकम लक्ष्यको तुलनामा जम्मा २६.७५ प्रतिशत हो ।

स्थानीय तहले नदीजन्य पदार्थबाट आम्दानी भएको राजस्वमा पालिकाको अधिकार हुनुपर्ने आवाज उठाउँदै आए पनि कानूनतः राजस्व बुझाइरहेको बताउँछन्, शुक्लागण्डकी नगरपालिका उप-प्रमुख खुम बहादुर विक । 'नदीजन्य र दहत्तरबहत्तर शुक्लागण्डकीले बुझाइरहेको छ,' उनले भने ।

शुक्लागण्डकीले गत आर्थिक वर्षमा नदीजन्य पदार्थबाट ५ करोड ८८ लाख २४ हजार ९१९ रूपैयाँ आम्दानी गरेको थियो, जुन यस आर्थिक वर्षमा घटेर ४ करोड ३ लाख ९५ हजार ७८३ रूपैयाँ छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष घाटहरूको ठेक्का कम रकममा गएकाले राजस्व घटेको उनले जानकारी दिए ।

यस्तै अघिल्लो वर्ष ठेक्का लगाएका तीनचारवटा घाट यसवर्ष ठेक्कामा नजाँदा पनि लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको उनको भनाइ छ । पालिकाले आफूले आम्दानी गरेको राजस्वको ४० प्रतिशत गण्डकी सरकारलाई बुझाउँदै आएको छ । यद्यपि राजस्वमा स्थानीय तहको अधिकार हुनुपर्ने उनको अडान छ ।

'स्थानीय तहको अधिकार हुनुपर्छ भन्ने कुरामा हाम्रो पनि अडान नै छ, त्यो कुरा पनि सँगै गरिरहेका छौं । तर, पनि बनेको कानून त हामीले पूरा गर्नुपर्‍यो नि त,' उनले भने ।

केही पालिकाले दहत्तरबहत्तर बुझाउन आनाकानी गरेपछि गण्डकी सरकारले अनुदान कटौती गर्ने जनाएको थियो । यद्यपि अझै पनि सबै पालिकाले राजस्व जम्मा नगरेको प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकीले जनाएको छ ।

## स्थानीय तहलाई बिच्क्याउने ऐन

प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँडमा असमझदारी बढिरहेका बेला गण्डकी सरकारले वन ऐन ल्यायो । गण्डकी प्रदेश सभाको असोज ४ गते बसेको बैठकले वन विधेयक पारित गरेको थियो । गण्डकी सरकारले यो विधेयक सदनमा दफावार छलफलका लागि प्रस्तुत गरेसँगै गण्डकीका सबै पालिकाले यसमा विरोध जनाएका थिए ।

सदनबाट विधेयक पास हुनुअगाडि नै स्थानीय तहका प्रमुख गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई भेट्न पुगे । रोक्नका लागि स्थानीय तहको प्रयास रहँदारहँदै पनि सदनबाट विधेयक पारित भयो । पारित विधेयक असोज २९ गते प्रदेश राजपत्रमा प्रकाशित भएर वन ऐन, २०८० बनि आइसकेको छ ।

रूपा गाउँपालिका अध्यक्ष नवराज ओझा वन ऐन स्थानीय तहको अधिकार खोस्नेगरी बनेको बताउँछन् । 'स्थानीय सरकार सञ्चालन ऐन र आर्थिक ऐनमा समेत वनको १० प्रतिशत आम्दानी स्थानीय तहलाई दिने व्यवस्था छ,' उनले भने 'तर अहिले अलिअलि स्थानीय तहको अधिकार खोस्न पाए हुन्थ्यो भन्ने किसिमबाट ऐन बनेको छ ।'

सो ऐनको दफा १३ ले नदीजन्य पदार्थको अधिकार प्रदेश सरकारभित्र राखेको छ । यस ऐनले प्रदेशको वनभित्र आफ्नो एकल अधिकार खोजेको छ । साथै, वन क्षेत्रलाई छोएको नदीजन्य पदार्थको संकलनमा पनि प्रदेशले आफ्नो अधिकार लिएको छ, जसमा स्थानीय पालिकाले आपत्ति जनाएका हुन् ।

ऐनको दफा १३ अन्तर्गत वन क्षेत्रभित्र नदीजन्य पदार्थको व्यवस्थापनसम्बन्धी उपदफा १ मा भनिएको छ– वन क्षेत्रभित्र नदी, खोला खोल्सी वा खहरेबाट निस्कने नदीजन्य पदार्थ थुप्रिन गई वन क्षेत्र, वातावरण, बस्ती, खेतीपाती तथा भौतिक संरचनामा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भएमा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई उक्त प्रतिवेदनले औँल्याएका सुझाव कार्यान्वयन हुने गरी डिभिजन वन कार्यालयले नदीजन्य पदार्थका संकलन, व्यवस्थापन र बिक्री वितरण गर्न सक्नेछ ।

सोही दफाको उपदफा २ मा बमोजिम संकलित नदीजन्य पदार्थको बिक्री तोकिएबमोजिम डिभिजन वन कार्यालयले गर्न पाउनेछ र त्यसबाट प्राप्त रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था ऐनले बनाएको छ । यस्तो व्यवस्थाले पालिकाको अधिकार खुम्चिएको रूपा गाउँपालिका अध्यक्ष ओझाको बुझाइ छ ।

केन्द्रीकृत मानसिकताबाट प्रदेश सरकार पनि माथि उठ्न नसकेका कारण सो ऐन ल्याएको टिप्पणी उनले गरे । 'केन्द्रीकृत मानसिकताले जो जहाँ छ, त्यहाँ आफ्नो अधिकार जमाउने हो, तलचाहिँ

जे भएपनि हुन्छ भन्ने मानसिकताले यस्तो आएको हो,' उनले भने, 'संघीयताको मर्म भनेको विकेन्द्रीकरण हो, तल अधिकार दिने जनताले अधिकार पाउने बनाउने हो । अहिले पनि केन्द्रीकृत मानसिकता भएर यस्तो विषय आएका हुन् ।'

राजस्व बाँडफाँडमा खटपट भइरहेको प्रदेश र स्थानीय तहबीच यस ऐनले पनि थप द्वन्द्व निम्त्याएको छ । गण्डकी सरकारले विधेयक ल्याएलगत्तै पालिकाहरूले यस विषयमा पटकपटक कुरा उठाएका थिए । तर, स्थानीय तह र संघीयताको मर्म नबुझी प्रदेश सरकार अघि बढेको आरोप गण्डकीका पालिकाहरूको छ ।

संघीय कानूनका कारण प्रदेश र स्थानीय तहबीच असमझदारी भएको विचार राख्छन्, गण्डकीका अर्थमन्त्री जीतप्रकाश आले । 'अरु समस्या होइन, संघीय कानूनमा त्यसको पैसा स्थानीय सञ्चित कोषमा राख्ने भनेर लेखिएको रहेछ, त्यही भएर उहाँहरूले आफ्नो सञ्चित कोषमा राख्नुभएको हो । अब त्यो कुरामा स्थानीय तहबाट आइराखेको छ । जुनअनुसार हुनुपर्ने हो त्यो भएको छैन । त्यतिले गर्दा कन्फ्युजन क्रिएट भएको हो,' मन्त्री आलेले भने ।

संघको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन संशोधन गर्न प्रस्ताव गरेको छ । प्रस्तावित संशोधनमा प्रदेश र स्थानीय सरकारबीचको यो असमझदारी हटाइएको छ । सो मस्यौदाबमोजिम दहत्तरबहत्तरबाट उठेको राजस्वको ४० प्रतिशत स्थानीय पालिकाले प्रदेश सरकारलाई बुझाउनपर्ने छ ।

यसरी हेर्दा छ वर्ष बढीदेखिको प्रदेश र स्थानीय तहको खटपट कानूनतः सुल्झिने देखिन्छ । यता, वन ऐनमा पनि स्थानीय तहको बुझाइ गलत रहेको भनाइ राख्छन्, मन्त्री आले ।

'त्यहाँ पनि दुविधा छ, त्यो पनि उत्खनन् होइन । अब उहाँहरूलाई राखेर स्पष्ट गर्ने कुरामा छौं । नत्र अरु ठाउँमा स्पष्ट छ, बुझाइमा फरक परेको हो । हामीले स्पष्ट पार्छौं, स्पष्ट हुन्छौं,' उनले भने ।

प्रदेश र स्थानीय तहबीच असमझदारी छ नै, तर संघ सरकारले 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' लाई संशोधन गर्न बनेको विधेयकमा छलफलको सूचना दिनका लागि २०८० फागुन ३ गते वेबसाइटमा अपलोड गरेको छ ।

सो मस्यौदाको दफा ६२ 'क' ५ मा प्रस्ट उल्लेख गरिएको छ- स्थानीय पालिकाले ४० प्रतिशत रकम प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने छ ।

## गण्डकी सरकारको 'होमस्टे अनुदान' दुरुपयोग :

# सीमितलाई लाभ, भवनमा मात्र खर्च






रिना थापा

'होमस्टे प्रवर्द्धन कार्यक्रम'अन्तर्गत गण्डकी प्रदेश सरकारले उपलब्ध गराएको अनुदान बर्सेनि दुरूपयोग हुँदै आएको छ ।

अनुदान रकम पूर्वाधार निर्माणमा मात्र खर्च भएको र निश्चित व्यक्तिले मात्र लाभ लिएको महालेखा परीक्षकको प्रतिवेदनले समेत औंल्याइसकेको छ ।

चालू आवमा पनि होमस्टे प्रवर्द्धनका लागि ३ करोड ९० लाख रूपैयाँ खर्च भइसकेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जानकारी दिएको छ । 'एक निर्वाचन क्षेत्र, एक नमूना घरबास'अन्तर्गत गण्डकीका ३३ निर्वाचन क्षेत्रका १-१ होमस्टेले १० वा १२ लाख रूपैयाँका दरले अनुदान पाएका छन् । गण्डकीका ३६ मध्ये ३ निर्वाचन क्षेत्रले भने अनुदान पाएका छैनन् ।

पाएको अनुदान अधिकांश होमस्टेले पूर्वाधार निर्माणमा खर्च गर्दैछन् । प्रदेश सरकारबाट अनुदान पाउने ३३ वटा होमस्टेमध्ये एक हो, नवलपुर १(१) मा पर्ने पिप्रहर सामुदायिक होमस्टे । देवचुली नगरपालिका–१७ मा पर्ने यो होमस्टे थारु संस्कृतिका लागि विशेष छ । होमस्टेमा पर्यटकको चहलपहल राम्रै हुन्छ । कहिलेकाहीँ विदेशी पर्यटक पनि पुग्छन् ।

होमस्टेले यसवर्ष पाएको १० लाख अनुदान सामुदायिक भवन निर्माणमा खर्च गर्दैछ । निर्माणाधीन भवनको जग्गा समेत पिप्रहर सामुदायिक होमस्टेको नाममा छैन ।

होमस्टे कार्यविधिअनुसार भवन निर्माण गर्नका लागि जग्गाको लालपुर्जा होमस्टेकै नाममा हुनुपर्छ । तर, आमासमूहको नाममा रहेको जग्गामा सामुदायिक होमस्टेको भवन बनिरहको छ । निर्माण कार्य ५ वर्ष बितिसक्दा पनि सम्पन्न भएको छैन ।

यसअघि प्रदेश सरकारबाट पाएको अनुदान भवन निर्माणमा लगाइएको थियो । दोस्रो तलामा संग्रहालय बनाउने योजनासहित होमस्टेले काम अगाडि बढाएको पिप्रहर सामुदायिक होमस्टेकी अध्यक्ष चन्द्रमाया महतोले बताइन् ।

'हाम्रो यहाँ एउटा भवन छ, त्यहीँ भवन निर्माण गरेको हो । अहिले पनि माथि संग्रहालय बनाउने भनेर भनेको हो, सबै अधुरो छ,' चन्द्रमायाले भनिन्, 'माथि संग्रहालयको सामान जुटाउँदै छौं, यो जेठ महिनाभित्र सम्पन्न गर्नुपर्छ ।'

२०७२ सालदेखि सञ्चालनमा आएको यो होमस्टे महिलाको नेतृत्वमा चलाइएको घरबास हो, जुन २२ घरधुरीमा सञ्चालनमा छ । घरबासमा अध्ययन र मापदण्डविना प्रदेश सरकारले लगानी गरेको प्रश्न उठेपछि यस आर्थिक वर्षदेखि सरकारले मापदण्ड बनाएको थियो ।

निर्वाचन क्षेत्रका होमस्टेबीच प्रतिस्पर्धा गराएर मात्र मन्त्रालयले अनुदान बाँडेको हो । पिप्रहर होमस्टेकै मापदण्ड नपुगेका कारण मन्त्रालयले दुईपटकसम्म अनुदानका लागि छनोट गरेन ।

अध्यक्ष चन्द्रमायाका अनुसार मन्त्रालयले जग्गाको लालपुर्जा होमस्टेको नाममा नरहेकाले अनुदान नदिएको बताएको थियो । होमस्टेले तेस्रो प्रस्तावमा चालू आवमा १० लाख अनुदान प्राप्त गर्‍यो ।

'दुईपटक खारेज भएको थियो । सरहरूले लालपुर्जा नभएर नपरेको भन्नुभयो । पछि आएर लालपुर्जा खोजेर नदिने कस्तो हो भनेर भन्यौं । १५ लाखमा १० लाख आएको छ । महिला आमासमूहको जग्गा हो । पहिलेदेखि नै नदिएको भए आशा लाग्थेन,' उनले भनिन् ।

भवन निर्माणमा खर्च गर्ने होमस्टे पिप्रहर मात्र होइन, बाग्लुङको मारुनी सामुदायिक होमस्टेले पनि प्रदेशबाट पाएको १२ लाख अनुदान भवन निर्माणमा खर्च गरेको छ ।

यस होमस्टेको भवन निर्माण कार्य भने अन्तिम चरणमा छ । यसअघि प्रदेश सरकारबाट पाएको १० लाख अनुदान पनि भवन निर्माणमै खर्च भएको थियो । होमस्टेकी सचिव दिलमाया पुनले बाँकी रहेको केही कामका लागि अर्को वर्ष रकम माग गर्ने बताइन् ।

जैमनी नगरपालिका- ३ मा पर्ने यो होमस्टे जिल्लावासीका कारण धानिएको छ । पर्यटकको चहलपहल बाहिरी जिल्लाबाट खासै हुँदैन ।

स्थानीय पर्यटकले नै धानेको दिलमाया बताउँछिन् । मगर समुदायको यो होमस्टेले लोक संस्कृतिको माध्यमबाट पर्यटक आकर्षित गर्ने कोशिश गरिरहेको छ ।

## 'अनुदान वितरण नियन्त्रण गर्नुपर्छ'

गण्डकी सरकारले आर्थिक वर्ष २०७५/०७६ मा होमस्टेका लागि ३० करोड रूपैयाँ विनियोजन गरेको थियो । यस्तै, २०७७/७८ मा ११ करोड ९७ लाख खर्च गरिएको थियो ।

मन्त्रालयले दिएको जानकारीअनुसार त्यस वर्ष १ सय १७ वटा होमस्टेले लाभ लिएका थिए । यस्तै, आव २०७८/०७९ मा ४ करोड ९७ लाख ८२ हजार रूपैयाँ अनुदान वितरण गरिएको थियो ।

गत आर्थिक वर्षमा १० करोड विनियोजन भएको थियो । यस आर्थिक वर्षमा ४ करोड विनियोजन भएको छ, जसमध्ये ३ करोड ९० लाख होमस्टेलाई प्रदान गरिसकिएको छ ।

महालेखा परीक्षकको उनन्साठीऔं वार्षिक प्रतिवेदनमा (आव २०७७/०७८) ले सो वर्ष १ सय १७ होमस्टेमा पूर्वाधार निर्माणका लागि १२ करोड ७३ लाख ९ हजार रूपैयाँ खर्च भएको उल्लेख छ । सो वर्षसम्म होमस्टेका लागि ४० करोड ९० लाख ५१ हजार रूपैयाँ अनुदानबाट पर्यटन प्रवर्द्धनमा भएको प्रभावको मूल्यांकन भएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले होमस्टेहरूले पूर्वाधार निर्माणजस्तै सामुदायिक भवन निर्माण, भ्यू टावर निर्माण, पदमार्ग निर्माण, शौचालय निर्माण आदिमा अनुदान खर्च भएको देखाएको थियो । होमस्टेका अनुदानको पैसा गण्डकीमा पानी ट्यांकी बनाउन समेत प्रयोग भएको छ ।

यस्तै, महालेखाकै साठीऔं प्रतिवेदन (आर्थिक वर्ष २०७८-२०७९) ले केही होमस्टेले निजी जग्गामा संरचना बनाएको उल्लेख गरेको छ ।

'अनुदान प्राप्तिका लागि मात्र कानूनी प्रक्रिया पूरा गरी अनुदान लगेको, पर्यटक जाने सम्भावनामा नरहेको, होमस्टेको घरधुरी संख्या कम र व्यवस्थापन पक्ष कमजोर रहेकोजस्ता समस्या देखिएकाले अनुदानको सही उपयोग भएको छ भन्न सकिएन । अनुदानबाट पर्यटन प्रवर्द्धनमा परेको प्रभावको मूल्यांकन गरी कार्यक्रमलाई पुनरवलोकन गर्नुपर्दछ,' प्रतिवेदनमा उल्लेख छ ।

पर्यटन मन्त्रालयका सूचना अधिकारी विमलप्रसाद गौतमले मापदण्ड बनाएर अनुदान प्रदान गरेको बताए । 'मापदण्ड बनाएको छ । विभिन्न थ्रेसहोल्ड छ । त्यसमा स्कोरिङ गर्छौं र छनोट गर्छौं । मुख्य रूपमा पर्यटकीय पूर्वाधारमा नै खर्च हुने हो । होमस्टेको आवश्यकताका आधारमा उहाँहरूले पनि खर्च गर्नुहुन्छ,' उनले भने ।

होमस्टेको प्रस्तावनालाई हेरेर मूल्यांकन भएपछि मात्र स्वीकृत गर्ने उनको भनाइ छ । अपूरो भवनमा पनि मन्त्रालयले सहयोग गरेको उनले जानकारी दिए ।

'प्रस्ताव पेश गर्दा नै उहाँहरूले यो बारेमा खर्च गर्छौं भनेर भन्नुहुन्छ । मूल्यांकन समितिले त्यो हेरेर छनोट गर्ने हो । कतै होमस्टेसम्म पुग्ने पदमार्ग हुनसक्छ । कतै अपूरो बन्दै गरेका भवनहरूमा पनि हामीले सहयोग गरेका छौं,' उनले भने ।

१२ लाख अनुदान पाउने अर्को होमस्टे हो, स्याङ्जाको सुन्तलाबारी सामुदायिक होमस्टे । होमस्टेले सो अनुदानबाट २

ठाउँमा पुग्ने पैदलमार्ग निर्माण गर्दैछ ।

होमस्टेका अध्यक्ष मोहन खनालका अनुसार अनुदानले झरना र डाँडासम्म पुग्ने पदमार्ग निर्माण गर्न लागेको हो । यो होमस्टेले पर्यटकलाई आकर्षित गर्न क्यानोनिङ सञ्चालन गरेको छ ।

होमस्टे महासंघ, गण्डकीका अध्यक्ष धनिराम गुरौ मन्त्रालयले अनुगमन गरेर अनुदान दिएको बताउँछन् । प्रक्रियागत हिसाबमा जाँदा कतिपय आवश्यकता भएका स्थान छुटेको उनको भनाइ छ ।

'अनुगमन गरेर प्रक्रिया पूरा गरेका छन् भने जहाँ आवश्यकता छ, त्यसलाई चाहिँ दिएको छ । कतिपय आवश्यकता भएपनि कागजात नपुगेकालाई दिएको छैन । राम्रै छ । यो वर्ष अधुरा योजनालाई सम्पन्न हुने गरी दिएको छ,' उनले भने ।

आवश्यकता भएपनि मापदण्ड नपुगेर अनुदान नपाउने होमस्टे हो, स्याङ्जाको रामकोट होमस्टे । शुरूआतामा ५ घर बढीले होमस्टे सञ्चालन गरेका थिए ।

शुरूआतका वर्षमा अनुदान पनि पाएको थियो । विस्तारै होमस्टेबाट पलायन भएपछि अहिले २ जनाले मात्र होमस्टे सञ्चालन गरिरहेका छन् । नानी फुपू र साइँलासाइँली होमस्टे गरी २ घरले रामकोट होमस्टेलाई धानिरहेका छन् ।

घरवासकै स्वरूप र गाउँले स्वाद पस्किएर सञ्चालन भएको यो होमस्टेमा आन्तरिक पर्यटकको चाप छ । बिदाको बेला पाहुनाले होमस्टे भरिभराउ हुने रामकोट होमस्टे सञ्चालक धना गुरूङ बताउँछिन् । पहिले १० लाखको अनुदान पाएपनि अहिले भने मापदण्ड पूरा नभएको भन्दै अनुदान नपाएको उनले बताइन् ।

गण्डकी प्रदेश सरकारले होमस्टे प्रवर्द्धन कार्यक्रम ल्याइसकेपछि शुरूआती वर्षमा पूर्वाधारमा लगानी गर्‍यो । अहिले कतिपय स्थानका होमस्टे स्तरोन्नति भएर होटल र रिसोर्ट व्यवसायमा परिवर्तन भएको पर्यटन मन्त्रालयका सचिव कुमानसिंह गुरूङ बताउँछन् ।

मन्त्रालयले दिएको जानकारीअनुसार गण्डकीमा ३ सय ४० वटा होमस्टे छन्, जसमध्ये कुनै नवीकरण नभएका पनि छन् । मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७७/७८ सम्ममा गण्डकीका ३ सय ९ वटा होमस्टले अनुदान पाएका थिए, जसमध्ये कुनै पर्यटक नै नपुगेका होमस्टे पनि छन् ।

उक्त आवमा सबैभन्दा धेरै पर्वतमा ५१, तनुहँमा ५१, स्याङ्जामा ४७, कास्कीमा ४५, गोरखामा २८, नवलपुरमा १२, बाग्लुङमा ३१, मनाङमा ३, मुस्ताङमा ४, म्याग्दीमा १२, लमजुङमा २५ वटा होमस्टेले अनुदान पाएका थिए ।

# राजस्व क्षमता बढाउन नसक्दा संघको मुख ताक्दै प्रदेश, एकल अधिकारको क्षेत्रमै निरीह



**रिना थापा**

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेश सरकारले १० अर्ब १६ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ, जसमध्ये आन्तरिक स्रोततर्फ ५ अर्ब १६ करोड ९१ लाख रूपैयाँ उठाउने लक्ष्य छ । जेठको तेस्रो हप्तासम्म उक्त लक्ष्यमध्ये २ अर्ब ९० करोड ७६ लाख रूपैयाँ मात्र राजस्व संकलन भएको छ ।

गण्डकीको चालु आवको बजेट ३३ अर्ब ४२ करोड ७२ लाख रूपैयाँको छ । आम्दानीको तुलनामा गण्डकीले ल्याएको बजेटको आकार तीन गुणभन्दा ठूलो हो । संघ सरकारले दिने अनुदानको भरमा मात्रै ठूलो आकारको बजेटको आँट गरेको देखिन्छ । यसबाहेक संघबाट प्राप्त हुने रोयल्टी रकम, राजस्व र बाँडफाँडबाट हुने राजस्व नै प्रदेशको भर हो ।

गण्डकीले चालु आवमा जेठको तेस्रो हप्तासम्म ८ अर्ब ६८ करोड रूपैयाँ वित्तीय हस्तान्तरणमार्फत प्राप्त गरेको छ । त्यसपछि सबैभन्दा धेरै राजस्व बाँडफाँडबाट प्राप्त गर्ने ६ अर्ब ६९ करोड ५० लाख रूपैयाँ गण्डकीको स्रोतको रूपमा रहेको छ ।

संघले एकल अधिकार दिएका क्षेत्रमा पनि प्रदेशले राजस्व उठाउन सकिरहेको छैन । उदाहरणका लागि कृषि आय शीर्षकमा गण्डकीले ५० लाख रूपैयाँ उठाउने लक्ष्य राखेको थियो । तर, अहिलेसम्म गण्डकीले कृषिबाट कर उठाउन सकेको छैन ।

यस्तै एकल अधिकार रहेको अर्को शीर्षक हो 'अन्य मनोरञ्जन कर' । यो शीर्षकबाट एक लाख रूपैयाँ संकलन गर्ने लक्ष्य राखेको प्रदेशले अहिलेसम्म कुनै रकम उठाउन सकेको छैन ।

मनोरञ्जन कर, विज्ञापन करबाट भने गण्डकीले राजस्व संकलन गरेको छ । तर, संकलित कर समेत सन्तोषजनक छैन । लेखा नियन्त्रक कार्यालय गण्डकीले दिएको विवरणअनुसार जेठ तेस्रो हप्तासम्म गण्डकीले मनोरञ्जन करबाट ५० लाख रूपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा २९ लाख ९८ हजार रूपैयाँ संकलन भएको थियो ।

यस्तै विज्ञापन करबाट ३० लाख रूपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा ९ लाख ९४ हजार रूपैयाँ मात्र संकलन भएको छ । स्थानीय पालिकाबाट राजस्व संकलन भएर प्रदेशलाई बाँडफाँड हुने यो राजस्व प्रदेशको आम्दानी हो ।

## यस्तो छ आन्तरिक स्रोत परिचालनको अवस्था

प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा कर राजस्वतर्फ ११ अर्ब ३४ करोड ३७ लाख रूपैयाँ संकलनको लक्ष्य राखेकोमा ८ अर्ब ८६ करोड ३१ लाख ९१ हजार संकलन गरेको थियो । अन्य राजस्व तर्फ १ अर्ब २१ करोड ८८ लाख ६२ हजार संकलन गरेको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा गण्डकीले कर राजस्वतर्फ ९ अर्ब ७५ करोड २२ लाख लक्ष्य राखेकोमा ८ अर्ब ८० करोड ९ लाख ३३ हजार संकलन गरेको थियो । यस्तै, अन्य राजस्व तर्फ १ अर्ब ४१ करोड ८८ लाख २७ हजार संकलन गरेको थियो । सो आवमा संघबाट १३ अर्ब ८७ करोड ४४ लाख ८० हजार पाएको थियो । सो आवमा गण्डकीले संकलन गरेको कर राजस्व ९०.२० प्रतिशत हुन आउँछ, जुन त्यसअघिको आवभन्दा राम्रो हो ।

आर्थिक वर्ष २०७७/२०७८ मा प्रदेशले कर राजस्वतर्फ ९ अर्ब ५ करोड ५३ लाख लक्ष्य राखेकोमा ७ अर्ब ५९ करोड २५ लाख ५१ हजार संकलन गरेको थियो । अन्य राजस्वतर्फ २ अर्ब ९१ करोड ७८ लाख ७० हजार लक्ष्य राखेकोमा १ अर्ब २५ करोड ६१ लाख ८ हजार संकलन गरेको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारले कर राजस्वबाट ५ अर्ब ४१ करोड ४६ लाख ५२ हजार र गैरकर राजस्वतर्फ ७२ करोड ९५ लाख ३ हजार रूपैयाँ संकलन गरेको थियो ।

गत ५ आर्थिक वर्षको राजस्व अनुपातमा हेर्ने हो भने आव २०७६/७७ मा आन्तरिक राजस्व २७.५ प्रतिशत, २०७७/७८ मा २७.२ प्रतिशत, २०७८/७९ मा २८.२ प्रतिशत, २०७९/८० मा ३८.६ प्रतिशत र २०८०/८१ मा ३०.५ प्रतिशत छ ।

यस्तै, संघीय राजस्व बाँडफाँडतर्फ २०७६/७७ मा ७२.५ प्रतिशत, २०७७/७८ मा ७२.८ प्रतिशत, २०७८/७९ मा ७२.८ प्रतिशत, २०७९/८० मा ६१.४ प्रतिशत र २०८०/८१ मा ६९.५ प्रतिशत छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आव २०८०/८१ को तथ्यांक फागुन महिनासम्मको मात्र हो ।

## सीमित अधिकारले गुम्दै कर

प्रदेशले एकातिर लक्ष्य अनुरूप राजस्व संकलन गर्न सकिरहेको छैन भने अर्कातिर पालिकासँगको विवादका कारण कर गुमाइरहेको छ । गण्डकीका ८५ पालिकामध्ये २७ पालिकाले मात्र प्रदशेलाई दहत्तर बहत्तरको कर जम्मा गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन आइसकेपछि पालिकाले प्रदेशलाई दहत्तर बहत्तर बुझाउन आवश्यक नरहेको बताउँदै आइरहेका छन् । यस्तो विवादले पनि प्रदेशले ठूलो परिमाणमा कर गुमाइरहेको छ ।

प्रदेशको सीमित क्षेत्रधिकार हुँदा कर उठाउन नसकेको बताउँछन्, प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी सुदीप गौतम ।

यसबाहेक लक्ष्य बढी हुँदा पनि राजस्व संकलन कम देखिएको उनको भनाइ छ । 'हामीले संविधानले दिएको आर्थिक क्षेत्रधिकारबाहिर गएर उठाउन सक्ने अवस्था छैन । हाम्रो क्षेत्राधिकारमै सीमितता भएको हुनाले त्यो भन्दा बढी उठाउन सक्ने अवस्था छैन,' उनले भने ।

संघले विनाअवरोध राजस्व उठाउनका लागि फराकिलो आर्थिक दायराको बाटो खुलाइदिए प्रदेश सशक्त बन्ने उनको धारणा छ । प्रदेशले एकल अधिकार दिएको क्षेत्रमा पनि प्रदेशले कर उठाउन नसकेको अवस्था छ । अर्कोतिर कृषि क्षेत्र व्यावसायिक हुन नसक्दा कृषिबाट कर उठाउन नसकिएको उनले बताए ।

'कृषिबाट कर उठाउने भन्ने कुरा तत्कालका लागि असम्भवप्रायः नै छ,' उनले भने । प्रदेशलाई आर्थिकरूपमा सशक्त बनाउन आर्थिक अधिकार दिनुपर्ने उनको बुझाइ छ । कर दायरा फराकिलो बनाएर तीनै तहबीच समन्वय र सहजीकरण भए प्रदेशको राजस्व बढ्ने उनी बताउँछन् ।

संघले प्रदेशलाई अधिकार दिन आनाकानी गरेका कारण पनि प्रदेश अनुदानको भरमा रहेको गण्डकीकी पूर्व अर्थमन्त्री सीता सुन्दासको बुझाइ छ । प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषयमा पनि काम गर्न नसकिरहेको उनले बताइन् ।

'आफ्ना सबै काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्ने सन्दर्भमा केही संवैधानिक अड्चनहरु पनि छन्,' उनी भन्छिन् 'यद्यपि कर चुहावट भएका क्षेत्रमा सुधार गरेर आन्तरिक स्रोत बढाउन सकिन्छ ।'

प्रदेश सरकार संघको अनुदानमा रमाएर बसेको अर्थ विश्लेषक आनन्दराज मुल्मीको बुझाइ छ । 'प्रदेश सरकारले आफ्नो क्षमता प्रयोग गर्नेतर्फ ध्यान नदिंदा संघीय सरकारले दिएको अनुदानमा मात्र रमाएर बस्नुपर्ने अवस्था छ,' उनले भने ।

प्रदेशले एकल अधिकार रहेको क्षेत्रमा समेत कर उठाउन ध्यान नदिएको उनको भनाइ छ । राजस्व उठाउने विषयमा मेहनत आवश्यक पर्ने मुल्मी बताउँछन् ।

राजस्व र रोयल्टी बाँडफाँडका सन्दर्भमा रहेको विवादका सन्दर्भमा स्थानीय तहले जति प्रदेश सरकारसँग चासो र जोड देखाउँछ, प्रदेशले केन्द्र सरकारसँग त्यसरी अग्रसर नहुँदा पनि स्रोतमा रहेको अवसर उपयोग हुन नसकेको उनको विश्लेषण छ ।

# बजेट निर्माणमा खेलाँची

# एउटै कार्यक्रमलाई दुई शीर्षकमा पैसा

आलोचनाबीच गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ को बजेट बहुमतले पारित गऱ्यो ।

विपक्षीले मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सरकारले ल्याएको बजेटमा असमान वितरण भएको आरोप लगाए । समानुपातिक सांसद पनि प्रदेश सरकारको बजेटसँग असन्तुष्ट देखिए । गण्डकी प्रदेश सभाको छैठौं अधिवेशनको २१ औं बैठकमा बोल्दै नेकपा एमालेका सांसद प्रकाशबहादुर केसीले प्रदेशले बजेट ल्याउँदा दोहोऱ्याइरहेको विषय औंल्याए– बजेट 'डुप्लिकेसन'को ।

एकै योजनाका लागि दुई शीर्षकमा बजेट हाल्ने समस्या यस आवमा झन् बढी देखिएको छ । 'बजेट पुस्तिका पढिरहँदा माननीयज्यूहरूले लेटरप्याडमा लेखेर दिनुभएका योजना काटेर हालिएको कार्यक्रम देख्दा मभित्र आक्रोश पैदा भएको छ । सामाजिक विकास र स्वास्थ्य मन्त्रालयअन्तर्गत तीन ठाउँमा एकै प्रकारका कार्यक्रम बजेटमा राखिएको छ,' बैठकमा बोल्दै प्रकाश केसीले भनेका थिए । उनले सदनमा केही योजनाको नाम लिँदै गण्डकीको बजेटमा 'डुप्लिकेसन'को समस्या देखाए ।

'योग ध्यानमा प्रदेशस्तरीय कार्यक्रम भनेर १५ लाख, मन्त्रालयअन्तर्गत योगका लागि भनेर एक करोड, योग तथा जीवनशैली सिकाउने भनेर ६ लाख रूपैयाँ, एकदिन योग सिकाउनका लागि तीन फरक शीर्षकमा एक करोड २१ लाख रूपैयाँ विनियोजित गरेर हामी कस्तोखाले समृद्धितिर लाग्न खोजेका हौं ? भन्ने मैले बुझ्न सकेको छैन,' उनले थपे, 'बजेट पुस्तिकामा समावेश भएको योजना हेर्दा डुप्लिकेसन ठूलो समस्या देखें । यस्ता



रिना थापा

कैयौं उदाहरण वार्षिक विकास पुस्तिकामा देखिन्छन् ।'

सांसद केसीले भनेजस्तै बजेट पुस्तिकामा एकै किसिमका कार्यक्रममा दोहोरो बजेट परेका उदाहरण कयौं छन् । सामाजिक विकास कार्यालय अन्तर्गत बागलुङको तमानखोला २ मा ५ लाख बजेट दुई ठाउँमा विनियोजन भएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत उद्योगी तथा व्यवसायीहरूसँग अन्तरक्रिया कार्यक्रमका लागि २ ठाउँमा ८ लाख बजेट राखिएको छ ।

सामाजिक विकास कार्यालय लमजुङअन्तर्गत शारदा मा.वि कम्पाउन्ड तथा गेट निर्माण क्लहोलासोथार– २ शीर्षकमा १० लाख छुट्टाइएको छ । क्रम नं. ६८१० मा पुनः शारदा मा.वि कम्पाउन्ड निर्माण क्लहोलासोथार– २ मा ५ लाख छुट्टाइएको छ ।

बाल विकास प्रा.वि भवन मर्मत बेसीशहर १ मा दुई ठाउँमा ५ लाख राखिएको छ । नवलपुरको जनकल्याण मावि भवन स्तरोन्नतिका लागि दुई ठाउँमा ५ लाख बजेट राखिएको छ ।

सरकारले एकै प्रकारका कार्यक्रमका लागि पनि दुई फरक शीर्षकमा बजेट राखेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जामा रेबिज रोग नियन्त्रण विशेष कार्यक्रम-सामुदायिक कुकुरलाई क्याच, भ्याक्सिनेसन एन्ड रिलिट शीर्षकमा ६ लाख राखेको छ भने त्यसकै तल रेबिज रोग नियन्त्रण विशेष कार्यक्रम-सामुदायिक तथा घरपालुवा कुकुर तथा बिरालो बन्ध्याकरणका लागि ६ लाख रूपैंया छुट्टाएको छ ।

पूर्वाधार विकास कार्यालय, गोरखा लक्ष्मीबजार स्वामिभञ्ज्याङ हुँदै गोरखा जाने सडक, गोनपा ९, मा १७९४, १७९५ नम्बरमा ३०-३० लाख रूपैयाँ राखिएको छ ।

यस्तै, भैरवस्थान, सात्ते, कुडुले हुँदै सीमघारी कोकेगाउँसम्मको सडक स्तरोन्नति र राइनास- ९ मा पनि ३०-३० लाख रकम विनियोजन गरिएको छ ।

सरकारले कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गत कृषि मौसम सल्लाह बुलेटिन प्रकाशनका लागि समितिहरूको बैठकका लागि १६ लाख राखेको छ भने कृषि मौसम सल्लाह बुलेटिनको सूचना प्रशारणका लागि जम्मा ८ लाख राखेको छ । गण्डकीका अर्थसचिव पुरूषोत्तम शर्मा जनप्रतिनिधि र जिल्लाका सम्बन्धित व्यक्तिबाट दोहोरो योजना आउँदा बजेट डुप्लिकेसनको समस्या हुने सुनाउँछन् ।

'विषयगत मन्त्रालयहरूले कार्यक्रम

पोस्टिङ गर्नुभयो । कार्यक्रम पोस्टिङ गर्ने क्रममा उहाँहरूले विभिन्न जनप्रतिनिधि अथवा स्थानीय तहबाट कार्यक्रम लिनुभयो । सोहीकारण दोहोरोपना भएको हो कि जस्तो लाग्छ,' उनले भने ।


बजेट आउने समयमा योजना मागका लागि मन्त्रालयमा सांसददेखि जनप्रतिनिधिको लाइन लाग्छ । पछिल्लोपटक भौतिक मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा मन्त्री दीपक मनाङेले समेत यस विषयमा गुनासो गरेका थिए ।

कार्यक्रम र योजना विषयगत मन्त्रालय तथा अर्थ मन्त्रालयले पनि रूजु गर्नुपर्ने हो । तर, रूजुमा केही कमजोरी भएको भनाइ राख्छन्, गण्डकीका अर्थ सचिव ।

'अर्थ मन्त्रालयले पठाएको कार्यक्रमलाई कम्पाइलेसन मात्र गर्ने हो अनि यसमा मुख्य त विषयगत मन्त्रालयले रूजु नगरेको देखियो । हामीले यो बजेट प्रक्रिया शुरु हुँदादेखि नै यो नियमित र चालुतर्फको खर्चहरु नै हरेक मन्त्रालयसँग बसेर हामीले रूजु गरेको हौँ,' उनले भने । त्यसो त गण्डकी प्रदेश सरकारले बजेट पनि हतारोमा ल्याएको थियो । नीति तथा कार्यक्रम नै गण्डकीमा ढिला गरी आयो । अलमलकैबीच गण्डकीमा सरकार बनेपछि हतारमा बजेट ल्याउँदा पनि बजेट दोहोरिने समस्या देखिएको हो ।

हतारमा बजेट ल्याउँदा डुप्लिकेसन देखिने डा. देवीलाल शर्माको भनाइ छ ।पृथ्वीनारायण क्याम्पसका प्राध्यापक तथा स्थानीय सरकारको वित्तमा विद्यावारिधि गरेका उनले जसरी पनि बजेट पार्ने प्रवृत्तिले यस्तो समस्या निम्त्याउने बताए ।यसरी एकै शीर्षकमा दोहोरो बजेट पर्दा समस्या हुने शर्माको भनाइ छ ।

'एकै योजनामा १० लाख र ५ लाख गरी १५ लाख पर्‍यो । अब ५ लाखको बनावटी काम हुन्छ, समस्या त्यहाँनिर हो । त्यो बनावटी काम रोक्न सक्नुपर्छ । प्री–बजेट छलफल गर्ने, फिडब्याक लिने, त्यसमा सुधार गर्ने चलन छैन,' उनले भने ।



# लुम्बिनी प्रदेश

# प्रदेश समन्वय परिषद् निष्क्रिय, ७ वर्षमा ७ बैठक






सी. पी. खनाल

बुटवल । लुम्बिनी प्रदेशमा ७ वर्षमा ४ सरकार बने । ४ वटा सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीको नेतृत्वमा रहने प्रदेश समन्वय परिषदको बैठक भने ७ पटकमात्रै बस्यो ।

मुख्यमन्त्रीको अध्यक्षतामा वर्षमा कम्तीमा एकपटक बस्ने व्यवस्था भएपनि बैठक नियमित हुन सकेको छैन ।

लुम्बिनी प्रदेश समन्वय परिषद् गठन भएयता तत्कालीन मुख्यमन्त्री शंकर पोखरेल नेतृत्वको सरकार छँदा ४ पटक बैठक बसेको थियो । परिषदको पहिलो बैठक २०७५ असोज ९ र १० गते बसेको थियो भने दोस्रो बैठक २०७६ बैशाख ३० गते, तेस्रो बैठक २०७६ असोज ६ गते र चौथो बैठक २०७७ माघ १८ गते बसेको थियो । ४ पटकको बैठकमा पोखरेलको अध्यक्षतामा बसेको बैठकले ९२ वटा निर्णय गरेको छ ।

चौथो बैठकले प्रदेश समन्वय परिषदको बैठक संञ्चालन सम्बन्धि कार्यविधि, २०७७ पारित गऱ्यो । त्यसपछि मुख्यमन्त्री पोखरेल नेतृत्वको सरकार ढल्यो । प्रदेशको दोस्रो मुख्यमन्त्रीका रूपमा माओवादी केन्द्रका कुलप्रसाद केसी चुनिए ।

२८ साउन २०७८ मा गठन भएको केसी नेतृत्वको सरकार र त्यसपछिका सरकारका पालामा गरी ३ वटा बैठक बसे । २७ पुस २०७९ मा एमालेका लिला गिरी नेतृत्वमाा सरकार बन्यो । त्यसपछि २३ चैत २०८० देखि माओवादी केन्द्रका जोखबहादुर महराको नेतृत्वमा सरकार छ । महराको नेतृत्वको सरकार गठन भएपछि परिषदको

बैठक बोलाएका छैनन् । २०८० माघ ४ यता परिषदको बसेको छैन ।

यसअघि बसेका परिषदका बैठकहरूले बजेट तथा वित्त व्यवस्थापनबारे पास गरेका नीति तथा कार्यक्रम र बजेट नियमित रूपमा एकअर्कालाई पठाउने, नीति निर्माण र त्यसबाट हासिल भएको परिणाम मापन गर्न स्थानीय तहले प्रदेश सरकारलाई तथ्यांक उपलब्ध गराउने विषयमा छलफल गरी निर्णय गरेका थिए ।

यस्तै, संघबाट प्रदान गरिने सशर्त अनुदान धेरै सानो बजेट आकार तथा क्षेत्र भएको र परिणाम देखाउन गाह्रो हुने हुँदा संघ सरकारलाई ध्यानाकर्षण गराउने आदि निर्णय यी परिषदमार्फत भएका छन् ।

करको किसिम तथा दर निर्धारण गर्दा एकअर्काको अधिकारमा हस्तक्षेप नगर्ने, दोहोरो कर नलगाउने र राजस्व बाँडफाँटमा एकअर्कालाई उपलब्ध नगराएको राजस्व उपलब्ध गराउने जस्ता निर्णयहरू भएका छन् ।

कर्मचारी अभाव, रिक्त दरबन्दीमा जनशक्ति पूर्ति, सेवा प्रवाहमा सहजीकरण गर्ने जस्ता विषय र जिल्ला समन्वय समितिमार्फत अनुगमन गर्ने, प्राकृतिक श्रोतसाधनमा देखिएको विवाद समाधान जस्ता विषयमा छलफल र निर्णयहरू भएका थिए ।

यसरी, स्थानीय सरकारलाई प्रदेशसँग जोड्ने र प्रदेशलाई संघसँग जोड्ने प्रदेश समन्वय परिषद् निष्क्रिय छ । जसका कारण स्थानीय सरकारले प्रदेशसँग अधिकार र आन्तरिक समस्या सुनाउने थलोको अभाव खड्किएको छ ।

परिषदले स्थानीय सरकार र प्रदेश सरकारका बीचमा समस्या साझा गर्ने, समस्याको समाधान गर्ने र प्रदेशबाट समाधान हुन नसक्ने भएमा अन्तरसमन्वय परिषदमा पठाउनुपर्ने हो । तर त्यसो हुन नसकेकोमा सबैभन्दा बढी चिन्तित स्थानीय सरकारका जनप्रतिनिधि छन् ।

नेपाल नगरपालिका संघ लुम्बिनी प्रदेशका संयोजक खिलध्वज पन्थी भन्छन्–"प्रदेश समन्वय परिषद संविधानतः परिकल्पना गरेको संयन्त्र हो, यसले स्थानीय सरकार र प्रदेश तथा संघीय सरकारसँग जोड्ने काम गर्दछ, नियमित रूपमा बैठक बसेर आपसी समस्याको पहिचान गर्ने र समाधान गर्ने काम गर्नुपर्ने हो, तर यो प्राथमिकतामै परेको देखिदैन ।'

यसले स्थानीय सरकारले राजश्व संकलन, कर्मचारी भर्ना, आन्तरिक समस्या, विवादजस्ता विषयमा कुरा राख्ने र निकास निकाल्न मदत गर्ने साझा थलोको अभाव महसुस भएको उनी बताउँछन् ।

त्यतिमात्रै हैन, प्रदेशले स्थानीय तहसँग बसेर छलफल गर्दा स्थानीय समस्या, आवश्यकता र प्राथमिकता पहिचान हुने र सोहीअनुसार योजना, कार्यक्रम र दीर्घकालीन योजनाहरू बनाउन र कार्यान्वयन गर्न सहज हुने भएपनि त्यतातिर ध्यान नदिइएको जनप्रतिनिधिहरूको गुनासो छ ।

'बैठक नियमित हुनु जरूरी छ । यसले स्थानीय तह, प्रदेश र संघ सरकारका बीचमा सम्बन्ध सुमधुर बनाउने, संस्थागत विकासका लागि पहल गर्ने र समस्याको पहिचान गरी समाधानका उपायको खोजी गर्ने हुँदा नियमित कार्यसूचीमा राखेर बैठक बस्ने गर्नुपर्छ'–बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रादेवी अर्याल भन्छिन्–' हामीकहाँ अहिले प्रदेशको औचित्य छैन भन्ने कुरा उठिरहेको छ, त्यसमाथि प्रदेशले आफ्नो संयन्त्र नै सक्रिय बनाउन्न भने यसले राम्रो गर्दैन, यसलाई चुस्त बनाउन सकियो भने संघीयता पनि बलियो हुन्छ ।'

### को हुन्छन् समन्वय परिषदमा ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा ब्यवस्था भएबमोजिम प्रदेश समन्वय परिषदको गठन हुन्छ । नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध, सहकारीता, समन्वय, पारस्परिक सहयोग ब्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ (१) बमोजिम प्रदेश समन्वय परिषदको गठन गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०५ ले हरेक प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् हुने व्यवस्था गरेको छ । यसमा प्रदेशका मन्त्रीहरू, मुख्य सचिव, सचिवहरू, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष सदस्य हुन्छन् । स्थानीय तह हेर्ने मन्त्रालयको सचिव परिषदको सदस्य सचिव हुने प्रावधान छ ।

परिषदको उदेश्य स्थानीय र प्रदेश सरकारबीच नीतिमा सामञ्जस्यता ल्याउने, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी गर्ने, साझा अधिकारको प्रयोग, प्राकृतिक श्रोत साधनको उपयोग र बाँडफाँटसम्बन्धी विषयमा समन्वय गर्ने रहेको छ ।

प्रदेश समन्वय परिषदसँग सम्बन्धित ऐनहरू ३ वटा छन् जसमा नेपालको संविधान, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ रहेको छ ।

प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना ब्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधानको उपयोग र बाँडफाँट लगायतका अन्तरसम्बन्धित बिषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद रहने ब्यवस्था छ ।

प्रदेश समन्वय परिषद्ले खासगरी विकास आयोजना वा साझा अधिकारका बिषयको कार्यन्वयन प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्न भूमिका निर्वाह गर्दछ । आवश्यकताअनुसार समिति

गठन गर्ने, कुनै बिषय राष्ट्रिय समन्वय परिषदमा छलफल हुन उपयुक्त देखिएमा बिषय खुलाई प्रदेश समन्वय परिषदले अनुरोध गर्न सक्छ ।

तर, परिषदले त्यसो गरिरहेको छैन । बैठकको औचित्यमाथि स्थानीय तहका जनप्रतिनिधिहरू सन्तुष्ट छैनन् । परिषदको बैठक नियमित नहुने, बैठक मेला जस्तो ठूलो हुने, बैठकमा आफ्ना कुरा राख्न नपाउने, प्रदेश सरकारको कुरा सुन्न आएजस्तो मात्रै हुने र निर्णय कार्यान्वयन नहुने जस्ता गुनासा छन् ।

समन्वय परिषदको बैठक त पालिकाका समस्यालाई प्रदेशले समाधान गर्न सक्ने भएमा गर्ने र संघमा पुऱ्याउनुपर्ने वा अरू कुनै विधिबाट समाधानको खोजी गर्ने थलोका रूपमा हुनुपर्ने हो, यसअघि चन्द्रकोट गाउँपालिकाका अध्यक्षका रूपमा परिषदको सदस्य रहेका जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोण बहादुर खत्री भन्छन्-तर भेटघाट गर्न आएजस्तो र प्रदेशका कुरा सुन्न गएजस्तो हुन्छ, तैपनि बैठक नबसेको धेरै समय भईसक्यो, यसको औचित्य नै छैनजस्तो भएको छ ।'

प्रदेश र स्थानीय सरकारका बीचमा रहेका अन्योल समाधान गर्ने र संघ सरकारसम्म स्थानीय तहका समस्या पुऱ्याउने र समाधानको खोजी गर्ने संयन्त्र नै अलमलमा देखिन्छ ।

प्रदेश र स्थानीय सरकारबीच समन्वय गर्ने र एकअर्काको असमभ्रुदारीलाई सुल्याउने उदेश्य परिषदको रहेपनि उपलब्धिमूलक बन्न नसकेको अध्येता मनिकर कार्की बताउँछन् ।

प्रदेश समन्वय परिषद निर्णय गर्ने थलोमा सीमित हुन पुग्दा प्रदेश र स्थानीय तहका अन्तरसम्बन्धबारे यसले ठोस मापदण्ड, कार्यविधि, मार्गदर्शन जारी गर्न सकेको छैन । परिषदका बैठकबाट एकै जिल्लाका दुई वा सो भन्दा बढी स्थानीय तहबीच राजनीतिक विवाद समाधान गर्न जिल्ला समन्वय समितिलाई अधिकार त दिएको छ, तर जिल्ला समन्वय समितिसँग कानुनी आधार र श्रोत नभएकाले प्रभावकारी हुन सकेको छैन ।

प्रदेश समन्वय परिषदलाई सक्रिय बनाउने सन्दर्भमा लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री दिनेश पन्थी भन्छन्-सरकारले आन्तरिक तयारी गरिरहेको छ, अहिले नीति, कार्यक्रम, बजेट र अन्य कारणले केही ढिलो भएको छ, तर छिटै नै बैठक बसेर स्थानीय तहका समस्या सुन्ने र प्रदेशका कुरासमेत थप गरेर संघ सरकारसम्म पुऱ्याउने र यहीँबाट निकास निकाल्न सकिने विषयमा निर्णय हुन्छ ।'

**प्रदेश समन्वय परिषद लुम्बिनीका बैठक बसेका मिति**

२०७५ असोज ९ र १० गते
२०७६ वैशाख ३० गते
२०७६ असोज ६ गते
२०७७ माघ १८ गते
२०७८ चैत २ गते
२०७९ भदौ २७ गते
२०८० माघ ४ गते

# संघले कानुन नबनाउँदा अधिकार प्रयोगमा प्रदेश र स्थानीय सरकार बञ्चित






सी. पी. खनाल

बुटवल । लुम्बिनी प्रदेश सरकारले २०७९ असार १५ मा प्रदेश प्रहरी ऐन बनायो । अतिरिक्त महानिरीक्षक (एआईजी)को कमाण्डमा प्रदेश प्रहरीको संगठन संरचना बनाएर प्रदेशले ऐन बनाएको छ । जसअनुसार डीआईजी र एसएसपी प्रदेश सरकारले सिफारिस भएकालाई नियुक्त गर्न पाउने व्यवस्था गरिएको छ । ऐन अनुसार प्रहरी नायब उपरीक्षक वा सो भन्दामाथिको तहका पदमा प्रदेश सरकारले बढुवामार्फत पदपूर्ति गर्नेछ ।

ऐनले प्रदेशको शान्ति सुरक्षालाई प्रदेशको गृह मन्त्रालयले सम्हाल्ने गरी पारित गरेपनि संघीय ऐन नबनेका कारण दुई वर्षसम्म कार्यान्वयन भएको छैन । लुम्बिनी प्रदेश सरकारले नै २०८० भदौ २२ मा 'प्रदेश निजामती सेवा ऐन २०८०' बनाएको थियो । गत फागुन ६ गतेको मन्त्रिपरिषद् बैठकले निजामती सेवा नियामावली समेत पारित गरिसकेको छ ।

ऐनअनुसार प्रदेश सरकारको प्रमुख सचिवको पद संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको निजामती कर्मचारी वा प्रदेश निजामती सेवाको तेह्रौं तहको वा सो सरहको रहने व्यवस्था छ ।

ऐनमा प्रमुख सचिवको पदावधि ३ वर्ष र सचिवको ५ वर्षको पदावधि रहने भनिएको छ । यो ऐन पनि संघीय निजामती ऐन नआएकै कारणले अलपत्र छ । साझा अधिकारसँग सम्बन्धित कानुन नबनाउने र संविधानले दिएका कतिपय एकल अधिकार प्रयोगमा पनि संघले अंकुश लगाएपछि प्रदेश र स्थानीय सरकारले प्रशासनिकदेखि विकासका महत्वपूर्ण काम गर्न सकेका छैनन् । यसले प्रदेश र स्थानीय सरकारलाई आर्थिक र प्रशासनिक रूपमा संघमा निर्भर बनाउँदा जनताको नजिकका सरकारका संयन्त्र कमजोर बन्दै गएका छन् ।

स्थानीय तहलाई संविधान प्रदत्त साझा अधिकारका विषयमा कानुन बनाउन द्विविधा र अन्योल रहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ । राष्ट्रियसभाअन्तर्गत विधायन व्यवस्थापन समितिले तयार पारेको 'स्थानीय तहको कानुन प्रक्रिया एवं अभ्यास सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन प्रतिवेदन' मा स्थानीय तहलाई साझा अधिकारका विषयमा कानुन बनाउन जटिल, द्विविधा र कठिनाइ भएको उल्लेख छ ।

संघीय निजामती ऐन नहुँदा स्थानीय

सेवाको सञ्चालन र कर्मचारी व्यवस्थापनमा समस्या रहेको प्रतिवेदमा उल्लेख छ । साथै, घरबहाल कर, ठूला संघसंस्था तथा कम्पनीको कर माथिल्लो तहमा दाखिला हुने हुँदा स्थानीय तहको राजस्व संकलनमा संकुचन भएको र यसलाई नियमन गर्नसमेत नसकिएको अध्ययनले देखाएको छ ।

स्थानीय सरकार सञ्चालनसम्बन्धी नियमावली नआएको, न्यायिक समितिको निर्णय पालनामा संघको मातहतमा रहेको नेपाल प्रहरीले कानुनी अड्चन देखाउँदै कार्यान्वयनमा कठिनाइ रहेको अध्ययनमा उल्लेख छ । अध्ययन प्रतिवेदनमा न्यायिक समितिको क्षेत्राधिकार र महत्व बढाउनुपर्ने, वनसम्बन्धी कानुनका कारणले नदीजन्य पदार्थ उत्खननमा समस्या रहेको, कानुन निर्माणका दौरान व्यक्त फरक मत दर्ता गर्ने परिपाटी नरहेको उल्लेख छ ।

'कानुन अभावमा राजस्व संकलन र स्थानीय तहमा व्यवसाय दर्तामा कठिनाइ उत्पन्न भएको, आवश्यकताअनुसार विषय विज्ञताको कमी हुँदा कानुन निर्माणमा दक्ष जनशक्तिको अभाव रहेको देखिएको छ-प्रतिवेदनमा भनिएको छ-तीन तहबीच कार्यक्षेत्रगत दोहोरोपना तथा द्विविधा रहेको, कानुन निर्माण पूर्व विषयगत अध्ययन, अनुसन्धान नसकेको, जनताको अपेक्षाअनुरूप बनाउन सकिएको छैन ।'

प्रदेशको कानुन/अध्यादेशले स्थानीय तहको अधिकारलाई छेक्ने वा व्यवधान खडा गर्ने गरेको, प्रदेश र स्थानीय तहबीच समन्वयमा अभाव रहेको, खानेपानीसम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयन गर्न नसकिएको प्रतिवेदनमा उल्लेख छ ।

स्थानीय तहमा शिक्षा, भाषाजस्ता विषयमा प्रदेश र केन्द्रले गर्दा स्थानीय तहलाई समस्या पारेको, कानुन कार्यान्वयन मापन गर्ने किटानी व्यवस्था नभएको, सङ्घीय शिक्षा ऐन नहुँदा शिक्षा क्षेत्र र शिक्षकको सरूवालगायतका विषयमा काम गर्न समस्या रहेको बताइएको छ । सो प्रतिवेदनले भनेजस्तै प्रदेश संघबाट र स्थानीय सरकार संघ र प्रदेश सरकारबाट दबिएको महसुस गर्छन् । संघले आवश्यक कानुन बनाउन चासो नदिदा बनाएका कानुन पनि अलपत्र परेको लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री दिनेश पन्थी बताउँछन् । 'संघीय ऐन बन्न नसकेका कारण हामीले बनाएका कानुन अलपत्र भए, उनी भन्छन्-'बाँकी कानुन बनाउन पनि संघका कारण रोकिनुपरेको छ, यसले गर्दा संविधानले प्रदेशका अधिकार भनेर तोकेका अधिकार पनि उपयोग गर्न पाएका छैनौं ।'

संघीय सरकारसँग प्रदेशले गुनासो गरेजसरी स्थानीय सरकारको अवस्था पनि उस्तै छ । स्थानीय सरकारहरू बिजुलीको एउटा पोल सार्न, एउटा सानो रूख काट्न, सार्वजनिक जग्गा प्राप्ति गर्न मात्रै होइन, कार्यालय चलाउन आवश्यक एकजना कर्मचारीका लागि पनि केन्द्र सरकारकै मुख ताक्नुपर्ने अवस्था कायमै रहेकोमा दुखेसो पोख्छन् ।

गतवर्षको माघमा बुटवलमा सम्पन्न उपमहानगर सम्मेलनले संघ सरकारले साझा र एकल अधिकारका कानुन बनाउन चासो नदिएकाले संघीयता जोखिममा परेकोले चासो दिन संघ सरकारको ध्यानाकर्षण गराएको थियो । ११ उपमहानगरपालिकाहरूको सञ्जालका संयोजक बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेय साझा अधिकारको सूचीमा रहेका अधिकार क्षेत्रको जिम्मेवारी तोकी सोही बमोजिमको कानुन बनाउन संघीय सरकारले तदारूपता देखाउँदै प्रदेश र स्थानीय सरकारलाई कानुन बनाउन सहजीकरण गर्नुपर्ने बताउँछन् । 'हरेक कुरामा संघकै भर पर्नुपर्ने अवस्था छ, संघले कानुन नबनाउने त्यसको असर प्रदेश र स्थानीय तहमा परेको त छँदै छ, नियमसंगत तरिकाले पाउनुपर्ने बजेटमा समेत विभेद गरिएको छ'-उनी भन्छन् । उनी संघले अलमल गरेजसरी प्रदेशले पनि स्थानीय सरकारका लागि बनाउनुपर्ने कानुन र सहजीकरणमा अलमल गरेको बताउँछन् ।

यसरी, संघीयता कार्यान्वयनमा आएको सात वर्ष बितिसक्दा पनि अत्यावश्यक कतिपय कानुन अझै बन्न सकेका छैनन् । खासगरी साझा अधिकारसँग सम्बन्धित कानुन नबन्दा प्रदेश र स्थानीय तहले अधिकार प्रयोग गर्न पाएका छैनन् । संविधानले नै दिएका कतिपय एकल अधिकार प्रयोगमा पनि संघले अंकुश लगाएपछि स्थानीय तहले प्रशासनिकदेखि विकासका महत्वपूर्ण काम नै गर्न सकेका छैनन् । कानुन बनाउँदाको अवस्थामा प्रदेश र स्थानीय सरकारका गुनासालाई चासो दिन संघ सरकारलाई सर्वोच्च अदालतले समेत सचेत गराएको छ ।

साझा अधिकार क्षेत्र भएका विषयमा नीति वा कानुन बनाउँदा तीनवटै तहलाई समन्वय गर्न सर्वोच्चले समेत सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ ।

गत ३० वैशाखमा गिरीबन्धु टि स्टेटको जग्गा सट्टाभर्नासम्बन्धी मुद्दाको व्याख्याको क्रममा संवैधानिक इजलासले संघ एवं प्रदेश तहको साझा अधिकारको विषयमा निर्णय दिंदा समन्वय र सहकार्य गर्न निदेशन दिएको हो । 'नेपालको संविधानले समन्वय र सहकार्यमा आधारित संघीय संरचनाको व्यवस्था गरेको हुँदा नीतिगत व्यवस्थापनमा प्रदेश सरकारहरूसँग समन्वय गरी सहकार्य गर्नु वाञ्छनीय देखिन्छ', संवैधानिक इजलासले आफ्नो फैसलामा भनेको छ, 'संघ र प्रदेशको साझा अधिकारको विषयमा कुनै नीति वा कानुन निर्माण गर्दा समन्वय कायम गर्ने गर्नु भनी निर्देशनात्मक आदेश समेत जारी गरिएको छ ।'

संघीयता कार्यान्वयनका क्रममा अन्तरतहको सम्बन्ध र समन्वयबारे आएको यो महत्वपूर्ण व्याख्याको रूपमा लिइएको छ । यसले तीन तहका बीचमा बन्ने कानुन कार्यान्वयनमा सजिलो बनाउने र सबैको भावनाको प्रतिनिधित्व हुने अधिवक्ता महेन्द्र पाण्डे बताउँछन् । 'संघ सरकारले कानुन बनाउने तर प्रदेश र स्थानीय तहको परिस्थिति र अवस्था अर्कै हुनसक्ने चुनौती यो फैसलाले कम गर्छ, उनी भन्छन्-संघीयताको मर्मअनुसार गर्नुपर्ने नै यही हो ।'

# सार्वजनिक वित्त व्यवस्थापनमा सबल बन्दैछन् स्थानीय सरकार





सी. पी. खनाल

बुटवल । सिद्धार्थनगर नगरपालिका, रूपन्देहीका लेखा प्रमुख ओमेश कुमार गैरे नगरको सबै कारोबारको काम सूत्र प्रणालीबाट गर्छन् । बजेट, लेखांकन तथा प्रतिवेदनका काम गर्न उनी सूत्र प्रणालीमा अभ्यस्त भइसकेका छन् ।

सूत्र प्रणालीको प्रयोग गर्न थालेदेखि बजेट, लेखांकन र प्रतिवेदनमा सहज भएको उनी बताउँछन् । उनी भन्छन्, "बजेटको सीमा निर्धारण, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, स्वीकृति र अख्तियारी दिन, कार्यक्रम संसोधन र रकमान्तर गर्न सजिलो भएको छ ।" यसका साथै सञ्चित कोषको लेखांकन, निकासा व्यवस्थापन गर्न, बैंकको हिसाब समायोजन गर्न, चौमासिक विभाजन गर्न र अरू लेखासम्बन्धी प्रतिवेदनका लागि सहज भएको उनको भनाई छ ।

उनले भनेजस्तै सूत्र प्रणालीमा राजश्व अनुमान, विनियोजन/खर्च अनुमान, आन्तरिक श्रोतको व्यय अनुमान, अनुदानको एकमुष्ट प्रविष्टी, अनुदानको बजेट प्रविष्टी, खर्च शीर्षक म्यापिङ, कार्यक्रम वा आयोजनाको बाँडफाँड, क्षेत्रगत व्यय अनुमान, मासिक राजस्व प्राप्ति तथा बजेट खर्चजस्ता विवरण सहज रूपमा प्राप्त हुन्छन् ।

बुटवल उपमहानगरपालिकाका लेखा प्रमुख लेखनाथ पोखरेल सूत्र प्रणालीको प्रयोगले कारोबारको काम छिटोछरितो

रूपमा सम्पन्न हुने गरेको बताउँछन् । "पहिलेजस्तो भुक्तानीका लागि चेक काट्ने, चेकमा नाम र हस्ताक्षर नमिलेर पटक पटक फिर्ता ल्याउनुपर्ने, चेक काट्नकै लागि समय खर्चिनुपर्ने अवस्था अहिले छैन,-उनी भन्छन्,-अहिले एक क्लिकमै भुक्तानीको काम सकिन्छ, चाहे त्यो कर्मचारीको पारिश्रमिक होस् या अन्य कुनै योजना वा कार्यक्रमको भुक्तानीको काम होस् ।"

यसरी, स्थानीय सरकारले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन पद्धति तयार गर्ने, वित्तीय जोखिम लेखाजोखा प्रणाली लागु गर्ने, मध्यकालीन खर्च संरचना तयार गर्ने, राजस्व सुधारको योजना तयार गर्ने र आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने गरेपछि वित्त व्यवस्थापन प्रणाली र शासकीय प्रणालीमा सुधार आएको छ । यसका लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रभावकारी बनेको आर्थिक क्षेत्रका जानकारहरू बताउँछन् ।

अर्थविश्लेषक मनिकर कार्की सरकारले विकास गरेको सूत्र प्रणाली स्थानीय तहमा वार्षिक बजेट बनाउनेदेखि आर्थिक कारोबार गर्ने, राजश्व संकलन गर्नेजस्ता काममा उपयोगी भएको र यसका कारण आर्थिक चुहावट हुनसक्ने सम्भावना कम भएको बताउँछन् ।

"सूत्र प्रणाली प्रयोगमा आएपछि स्थानीय सरकारका हरेक काम डिजिटल रूपमा हुन थालेको देखिन्छ, यसरी हरेक काम डिजिटल रूपमा हुँदै गयो भने यसले भ्रष्टाचार न्यूनीकरणमा समेत सघाउ पुऱ्याउँछ, यसको सबैभन्दा बढी लाभ सेवाग्राहीलाई हुन्छ, सेवाग्राहीले सरकारी संयन्त्रमा राजश्व दाखिला गर्न वा भुक्तानी लिनका लागि अनावश्यक झन्झट बेहोर्नुपर्दैन"-उनी भन्छन् ।

सूत्र प्रणालीको प्रयोगले स्थानीय सरकारहरू सबल बन्दै गर्दा यसको सबैभन्दा बढी लाभ सेवाग्राहीलाई भएको छ । रूपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष समेत रहेका उद्यमी जीवकान्त काफ्ले सरकारी कार्यालयमा डिजिटल भुक्तानी शुरू भएपछि भुक्तानी लिन र राजश्व बुझाउन सहज भएको बताउँछन् । "पहिले चेक कहिले काटिन्छ भनेर कुर्नुपर्ने अवस्था थियो, राजश्व तिर्न पनि ठेलीमा काटेको रसिद पाइन्थ्यो, त्यसमा चुहावटको चिन्ता र कहिँकतै भनसुन पनि गर्नपर्नेजस्ता कुरा हुन्थे, उनी भन्छन्-अहिले न भुक्तानी लिनुपर्ने व्यक्ति उपस्थित हुनुपर्छ न त चुहावट वा भनसुन गर्नुपर्ने अवस्था छ, यसले एकदमै राम्रो भएको छ ।" उनी अब घरमै बसीबसी राजश्व तिर्नसक्ने प्रणाली सरकारीस्तरमा ल्याउनुपर्ने सुझाव दिन्छन् ।

सूत्र प्रणालीको प्रयोगबाट स्थानीय तहको राजश्व तथा व्यय अनुमान, एकीकृत लेखांकन तथा स्वचालित रूपमा प्रतिवेदनको प्राप्ति हुने, मापदण्ड बमोजिम बजेट तर्जुमा, खर्च लेखांकन, राजश्व चुहावट नियन्त्रण तथा धरौटी अभिलेख भई आर्थिक अनुशासन कायम हुने विश्वास सरकारको छ ।

यसले सार्वजनिक खर्चको गुणात्मकता अभिवृद्धि कायम हुने र सार्वजनिक सम्पत्ति तथा कोषको सदुपयोगमा सहयोग पुग्ने सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (पेफा सचिवालय)का परामर्शदाता सरोज आचार्य बताउँछन् ।

उनका अनुसार संविधानको धारा २२९ र स्थानीय सरकार सञ्चालन ऐनको दफा ६९ बमोजिम सञ्चित कोषको सञ्चालन व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरूपता कायम गर्न यसको विकास गरिएको हो । "सबै स्थानीय तहलाई निःशुल्क उपलब्ध गराइएको यो प्रणाली सरकारका तीनै तह स्थानीय, प्रदेश र संघको आर्थिक प्रशासन तथा वित्तीय प्रतिवेदनमा एकरूपता कायम गर्न, वित्तीय प्रतिवेदन समयमै गुणात्मक रूपमा उपलब्ध गराउन र जिम्मेवारी जवाफदेहिता व्यवस्थित गर्न उपयोगमा ल्याइएको हो"-उनी भन्छन् ।

उनका अनुसार सूत्र प्रणालीले स्थानीय आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता पुष्टि गर्न सहयोग गर्छ भने स्थानीय तहलाई वित्तीय नियन्त्रण र अनुशासन कायम गर्न मदत पुऱ्याउँछ । सूत्र प्रणालीको प्रयोगबाट स्थानीय सरकारहरू सार्वजनिक वित्त व्यवस्थापनमा सबल बन्दै गएको उनी बताउँछन् ।

स्थानीय तहको वित्तीय कारोबार विश्वसनीय बनाउन, प्रचलित आर्थिक कानूनको पालनामा सघाउ पुऱ्याउन, आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता र वित्तीय जोखिम विश्लेषण गरी सहज रूपमा तथ्यांक तयार गर्नका लागि यो प्रणाली उपयोगी रहेको आचार्यको भनाई छ ।

"सूत्र प्रणालीमा बहुवर्षीय कार्यक्रमको अभिलेखन, आगामी दुई वर्षको खर्च अनुमान प्रक्षेपण, सशर्त अनुदानका सबै कार्यक्रम र बजेट प्रविष्टि, कामको प्रकृतिअनुसार कार्यविभाजनको व्यवस्थाजस्ता विशेषताहरू रहेका छन्,-उनी भन्छन्-यसमा रहेका प्रतिवेदन सजिलै एक्सलमा बनाउन सकिन्छ, यसैकारण पनि यो अहिले नेपालमा प्रचलनमा रहेको उपयुक्त प्रणाली हो ।" समयको आवश्यकताअनुसार थप व्यापक र व्यवस्थित बनाउनका लागि पेफा सचिवालयले काम गरिरहेको पनि उनले जानकारी दिए ।

सूत्र प्रणाली सञ्चालनका लागि महालेखा नियन्त्रक कार्यालयले २०७७ साल असोज १५ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी सबै स्थानीय तहहरूमा परिपत्र गर्न लगाएको थियो । जसलाई नेपाल सरकारले २०७४ मंसिर ३ गते स्वीकृत गरी २०७६ वैशाख १७ गतेको बैठकले सबै स्थानीय तहमा यो प्रणाली अनिवार्य प्रयोगमा ल्याउने निर्णय गरेको थियो ।

सरकारले आर्थिक वर्ष २०७७।०७८ मा प्रत्येक स्थानीय तहलाई अनिवार्य रूपमा सूत्र प्रणालीबाटै सम्पूर्ण कारोबार (बजेटिङ,

लेखांकन तथा प्रतिवेदन) गर्न निर्देशन दिएको थियो । सूत्र प्रणालीबाट कारोबार नगर्ने स्थानीय तहहरूलाई हस्तान्तरण हुने अनुदानको रकम रोक्का राख्न सकिने सम्मको चेतावनी संघ सरकारले दिएको थियो ।

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (पेफा सचिवालय) का अनुसार प्रदेश तथा स्थानीय तहमा आधारभूत बजेटिङ तथा लेखांकन मापदण्डमा आधारित कारोबारको व्यवस्थापन सहज रूपमा गराउने उद्देश्यले वेवमा आधारित यो प्रणाली बनाइएको छ ।

नेपालको संविधानको धारा २४१ को उपधारा ४ मा तीनैतहको सरकारको लेखा संघीय कानूनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा रहनेछ भन्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५ ले तीनै तहका सरकारको सञ्चित कोषको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ ।

जसअनुसार महालेखा नियन्त्रक कार्यालयले सूत्र प्रणाली लागू गर्ने, प्रणाली सञ्चालनका लागि निर्देशिका तर्जुमा, स्वीकृति, तालिम लगायतका सबै व्यवस्था गरी सबै पालिकाहरूमा स्थानीय सञ्चित कोष, बजेट, खर्च, राजस्व, धरौटी र कार्यसञ्चालन कोषको लेखांकन र प्रतिवेदन गर्न तथा बजेट तर्जुमा समेत गर्न यो प्रणाली उपयोग गर्ने भनेको छ ।

# औपचारिकतामा सीमित बन्दै नागरिक सहभागिता

बुटवल । चालु आर्थिक वर्षका लागि जेठ १५ मा संघ, असार १ मा प्रदेश र असार १० भित्र स्थानीय सरकारले बजेट ल्याइसकेका छन् ।

तीन तहकै सरकारले ल्याएको बजेट नागरिक अपेक्षा र आवश्यकता सम्बोधन गर्न सक्ने किसिमको नरहेको टिप्पणी नागरिकस्तरबाट सुनिन थालेका छन् ।

बजेट निर्माणको सुरूवातदेखि नागरिकको अर्थपूर्ण सहभागिता गराउँदै उनीहरूका आवाजलाई नीति तथा कार्यक्रम र बजेटमा समेटिनुपर्ने प्रचलित व्यवस्था छ । तर, सरकारले गर्ने विकास र सेवाप्रवाहका प्रक्रिया र परिणाममा नागरिकको सहभागिता औपचारिकतामा मात्रै सीमित हुन थालेको छ ।

रूपन्देही देवदह नगरपालिकाको बजेट निर्माणका क्रममा आफूहरूसँग छलफल नै नगरेको र बजेटले आफ्ना कुरा नसमेटेको देवदह १ का हरिप्रसाद पाण्डे बताउँछन् ।

'हामीले तिरेको कर कुन ठाउँमा प्रयोग भइरहेको छ र के का लागि प्रयोग भइरहेको छ भन्ने कुरा थाहा पाउनु त परको कुरा भयो, यसरी बजेट बन्न लागेको छ, तिमीहरूका केही कुरा छन् कि भनेर वडा र टोलमा भेला राख्ने काम समेत भएन' उनी भन्छन् । उनले बताएअनुसार तीन तहकै सरकारले बजेट बनाउँदा छलफल गर्ने र सुझाव लिने गर्दैनन् ।

कपिलवस्तुको वाणगंगाका राजेश चौधरीको भनाई पनि उस्तै छ । 'कर उठाउने समय आएपछि कर तिर्नुपर्छ भन्ने कुरा भन्दै आउँछन्, तर बजेट बनाउने समयमा यहाँ के चाहिएको छ



सी. पी. खनाल

भनेर सोध्दैनन्' उनी भन्छन् ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका रामअवतार चौधरी चुनाब आउँदा मात्रै अब नयाँ सरकार बन्दैछ, चुनाब आएछ भन्ने थाहा पाइने बताउँछन् । उनी भन्छन्,-' सरकारमा गएकाहरूले के काम गरिरहेका छन् भन्ने थाहा नै पाइदैन, हामीलाई बोलाएर सोध्ने वा हाम्रा कुरा के छन् भनेर राखिदिने कुरा त धेरै परको कुरा हो ।'

नागरिकले गुनासो गरेजस्तै सरकारी स्तरबाट हुने औपचारिक र अनौपचारिक कार्यक्रमहरूमा नागरिकको सहभागिता नाममात्रकै छ । हरेक चौमासिकमा नागरिक सर्वेक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्नुपर्ने, गुनासो सुन्ने अधिकारी, सुचना अधिकारी राख्नुपर्ने व्यवस्थालाई समेत लुम्बिनी प्रदेशका धेरै स्थानीय तहले पालना गरेका छैनन् ।

नेपालमा वर्षौदेखि रहेको राजनीतिक संक्रमण, न्यून अनुशासन, कमजोर संस्थागत क्षमता जस्ता कारणले नागरिक सहभागितालाई निर्णय प्रक्रिया र कार्यान्वयनमा औपचारिकताका लागि सहभागिता गराइने गरेको छ । यसले समाजको विकास प्रक्रियालाई अधोगतितिर लैजाँदै गरेको महसुस हुने नागरिक अभियन्ता तथा अधिवक्ता महेन्द्र पाण्डे बताउँछन् । नागरिक सहभागिताले राज्यका नीति निर्माण, बजेट निर्माण र कानुन निर्माणमा अड्चन ल्याउनेभन्दा बढी सहयोग गर्ने र कार्यान्वयनमा समेत सहजता ल्याउने उनी बताउँछन् ।

देशभरका नगरपालिकाहरूको संगठन नेपाल नगरपालिका संघको वेबसाइटमा प्राप्त स्थानीय सरकारको शासन प्रक्रियामा नागरिकहरूको क्रियाशील सहभागितासम्बन्धी हातेपुस्तिकामा उल्लेख छ–'शासकीय अधिकारलाई तल्लो तहसम्म संस्थागत गर्नुको खास उद्देश्य सहभागितात्मक लोकतन्त्रको जग सुदृढ गर्नु हो । यसका लागि नागरिक र उनीहरूका प्रतिनिधिलाई अधिकार सम्पन्न बनाउनु जरूरी हुन्छ ।'

पुस्तिकामा उल्लेख भएअनुसार निम्ति स्थानीय सरकार, चुनिएका प्रतिनिधि र नागरिकबिचको सम्बन्ध सहज हुनुपर्छ । 'स्थानीय सरकारको कामको लेखाजोखा र मूल्याङ्न गर्ने सहभागितात्मक विश्लेषणका विधिहरु संस्थागत गरिनुपर्छ । यसले सरकारलाई जवाफदेही बनाउन महत्वपूर्ण भूमिका खेल्छ'-पुस्तिकामा उल्लेख छ ।

तर, त्यसअनुसार नागरिकको सहभागितामा स्थानीय सरकारले समेत चासो दिइरहेका छैनन् । यसो हुनुमा लोकतान्त्रिक मूल्यमान्यता कमजोर हुँदै जाने जानकारहरू बताउँछन् । सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रहरूमा पारदर्शिता,

जनसहभागिता र निगरानीको भूमिका बढाउनुपर्नेमा झन् कमजोर हुँदै गएको नागरिक समाजका अगुवा तथा अध्येता मनिकर कार्की बताउँछन् ।

उनी भन्छन्-'नागरिक अधिकारलाई लोकतान्त्रिक शासन पद्धतिको मापन गर्ने एउटा कडीका रूपमा लिइन्छ । जुन ठाउँमा संविधान र नियम कानुनद्वारा नै नागरिक अधिकार प्रत्याभूत गरिन्छ र त्यसको कार्यान्वयन हुन्छ, त्यहाँ लोकतान्त्रिक मूल्य/मान्यताहरु संस्थागत हुँदै जान्छन् ।'

देशको संविधानमा नागरिक स्वतन्त्रताको कुरा गरेर मात्र नभई व्यवहारिक रूपमै यसको अभ्यास हुन जरूरी रहेको उनी बताउँछन् । 'नागरिक स्वतन्त्रतासम्बन्धी अभ्यासका क्रममा जब उत्तरदायित्व र जवाफदेहिताको विषयमा प्रश्न उठ्न थाल्छ, नागरिकका अधिकार पनि खुम्चिँदै जान्छन्'-उनको भनाइ छ ।

हुनपनि पछिल्लो समय नागरिक र सरकारको दुरी बढ्दै गएको र नीति निर्माणमा नागरिकको अर्थपूर्ण सहभागिता कमजोर भएको विभिन्न अध्ययनहरूले देखाएका छन् । नागरिक सहभागितासँगै नागरिक समाजसमेतको उपस्थिति खुम्चिदै गएको छ ।

अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्य अमेरिकी निकाय (युएसएआइडी) द्वारा प्रकाशित एसियाका लागि नागरिक समाज संस्था दिगोपन सूची २०१४ले भनेको छ-'नागरिक समाज र सरकारबीचको सम्बन्ध टकराव र सहकार्य दुवैको रहेको देखिन्छ, र सरकारको दृष्टिमा, सेवा प्रदान गर्ने सन्दर्भमा यसको उपायेदताको मान्यता दिने क्रममा अविश्वासलगायतका विषयमा नागरिक समाजप्रति द्विविधा रहेको देखिन्छ ।'

सो रिपोर्टमा भनिएअनुसार कहिलेकाहीँ सरकार र नागरिक समाजबीच तनावपूर्ण सम्बन्ध रहेको देखिए तापनि नागरिक समाज संस्थाहरूको भूमिकाप्रति सरकारको धारणामा सुधार हुँदै आएको छ । 'धेरै सरकारी अधिकारीहरूले नागरिक समाजलाई स्थानीय समुदायहरूसँग सम्पर्क गर्ने र स्थानीय समुदायहरूमा राजनैतिक फाइदा लिने माध्यमका रूपमा साथै विकासमा मुख्य साझेदारहरूका रूपमा हेर्ने गरेका छन् । सरकारले लामो सङ्क्रमणकालबाट लोकतन्त्रसम्मको सम्बन्धित लक्ष्यहरु प्राप्त गर्न पनि नागरिक समाज संस्थाहरूको भूमिकालाई मान्यता दिएको छ'- रिपोर्टमा उल्लेख छ ।

बजेट निर्माणका क्रममा पारदर्शिता, जनसहभागिता र निगरानीबारे अध्ययन गर्ने अन्तरर्राष्टिय संस्था अन्तरर्राष्टिय बजेट साझेदारी (आइबीपी)ले पनि नेपालको अवस्था कमजोर रहेको दर्शाएको छ ।

आइबीपीले गत जेठ १६ मा सार्वजनिक गरेको विश्वव्यापी खुला बजेट सर्वेक्षणको प्रतिवेदन २०२३ ले नेपालले बजेट पारदर्शिताको एक सय पूर्णाकमा ५० अंक, जनसहभागितामा ३१ अंक र बजेट निगरानीमा ४६ अंक मात्रै पाएको छ । सर्वेक्षण गरिएका १ सय २५ देशमध्ये नेपाल ५८औं स्थानमा रहेको छ । सन् २०२२ को राष्ट्रिय बजेटका आधारमा गरिएको सर्वेक्षणमा ६१ अंक वा सोभन्दा बढी अंक प्राप्त भएमा मात्रै बजेटको सन्दर्भमा सुसूचित सार्वजनिक बहसका लागि पर्याप्त सामग्री प्रकाशन गरिएको मानिन्छ ।

सो प्रतिवेदनले बजेट पारदर्शिताको अवस्था सुधारका लागि विभिन्न सात वटा सुझावहरु दिएको छ । त्यस्तै नेपालले निकै कम अंक पाएको बजेटमा जनसहभागिताको स्थितिमा सुधार ल्याउन विभिन्न आठ वटा र बजेटको निगरानी गर्ने संसद्का लागि चार वटा तथा महालेखापरीक्षक कार्यालयका लागि तीन वटा सुझाव दिएको छ ।

निगरानीकर्ता निकायमध्ये महालेखापरीक्षकको निगरानीमा नेपालले ६७ अंक पाएको छ जुन पर्याप्त मानिन्छ भने संसदीय निगरानीमा मात्र ३६ अंक पाएर बजेटमा संसद्को भूमिका निकै अप्रभावकारी रहेको देखाएको छ ।

सरकारी संयन्त्रहरूले नागरिकको अर्थपूर्ण सहभागिता गराउनुपर्नेमा व्यवहारिक रूपमा त्यसो नभएको नागरिक अभियन्ता, मानव अधिकार तथा शान्ति समाजका पूर्व अध्यक्ष गोविन्द खनाल बताउँछन् । 'सरकारले बनाउने योजना, नीति कार्यक्रममा जनसहभागिता जति धेरै भयो, त्यति नै कार्यान्वयनमा सहज हुन्छ भन्ने कुराको ज्ञान भएको देखिदैन' उनले भने 'अर्कोतिर सत्तामा पुगेपछि अरूका कुरा नसुन्ने प्रवृत्ति पनि बढी देखिन्छ, तर त्यसरी आफ्नो अनुकुलले सरकार सञ्चालन गर्नु लोकतान्त्रिक अभ्यास होइन, यसमा सुधार ल्याउनुपर्छ ।'

जनताको करबाट सञ्चालन भएका र श्रोतसाधनको उपयोग गरेका जनप्रतिनिधिले आफ्ना आचरणमा र कर्मचारीका आचरणमा व्यापक सुधार ल्याउन जरूरी देखिएको उनी बताउँछन् ।

'सरकारले बनाउने वार्षिक बजेट, योजना, कार्यक्रमहरूका बारेमा योजनापूर्व छलफल गर्नुपर्ने, कार्यक्रम कार्यान्वयन अगाडि रायसुझाव संकलन गर्नुपर्ने र कार्यान्वयन पछाडि प्रभावकारिताका बारेमा पृष्ठपोषण लिएर आगामी योजनामा सुधार ल्याउनुपर्ने हो र त्यसो गर्नुपर्छ'-उनी भन्छन् ।

'हामीले हरेक वर्ष बजेट बनाउनुअघि वडास्तरमा वडा भेला गरेर स्थानीय आवश्यकताअनुसारका कार्यक्रम के हुनसक्छन् र के कुरा प्राथमिकतामा राख्नुपर्छ भन्ने कुरा यकिन गरेर नगरमा पठाउँछौं र नगरले सोहीअनुसार विज्ञसमेतको परामर्शमा नीति तथा कार्यक्रम र बजेट निर्माण गर्छ,'-बुटवल उपमहानगरपालिकाका प्रवक्ता शिव राना भन्छन्,-'त्यसपछि त्यसको कार्यान्वयन कस्तो भयो भनेर सार्वजनिक सुनुवाई पनि नियमित रूपमै गर्ने गरेका छौं ।'

स्थानीय तहले बनाएका कार्यक्रम र योजना कार्यान्वयनमा समस्या नभएपनि संघ र प्रदेशबाट स्थानीयसँग छलफल नै नगरी केही व्यक्तिको शक्तिको आडमा

पठाइएका योजनाहरू कार्यान्वयनमा समस्या देखिएको उनी बताउँछन् ।

संघीय सरकार र प्रदेश सरकारले स्थानीय आवश्यकता र प्राथमिकताको पहिचान नगरी योजना पठाउँदा कार्यान्वयन गर्न कठिनाई हुने गरेको नेपाल नगरपालिका संघका लुम्बिनी प्रदेश संयोजक खिलध्वज पन्थी बताउँछन् ।

'कतिपय योजना त आवश्यक नै नभएका पनि आउने र काम नै नभई फ्रिज भएर जाने गरेका छन्, उनी भन्छन्, स्थानीयलाई के चाहिएको छ भन्ने कुराको ख्याल नै नगरी योजना बनाएर पठाउँदा यस्तो समस्या हुन्छ ।'

बजेट पूर्व छलफल र सरकारका नियमित योजनाहरूका बारेमा जनताको सहभागिता बढाउनका लागि प्रदेश सरकारले चासो दिइरहेको लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की बताउँछन् ।

'प्रदेश सरकारले आफ्ना कार्यक्रम र नीति निर्माणमा जनसहभागिता बढाउने उदेश्य राखेको छ, कहीँकतै छलफल हुन नपाएका विषयहरू रहेछन् भने आगामी दिनमा थप छलफल गरी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ,'–उनले भने ।

# वित्तिय हस्तान्तरणमा जनप्रतिनिधिको विमति

# सदासयताका रुपमा हेरिएको आरोप

संघ सरकारले खर्चको आवश्यकता र राजश्व उठाउन सक्ने क्षमता लगायतका नीतिगत रूपमा भएको व्यवस्थाअनुसार वित्तिय हस्तान्तरण गर्नुपर्नेमा राजनीतिक प्रभाव, भनसुन र निहित स्वार्थका आधारमा संघीय अनुदान पठाउने गरेको भन्दै स्थानीय तहका जनप्रतिनिधि संघप्रति असन्तुष्ट देखिन्छन् ।

बुटवल । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले चालु आर्थिक वर्ष (आव) २०८०/८१ का लागि १ खर्ब ४६ अर्ब २ करोड ४ लाख रूपैयाँ प्रदेश र स्थानीय सरकारलाई पठाउन सिफारिस गर्यो । सिफारिसअनुसार ७५३ स्थानीय तहले कम्तीमा पनि ६ करोड ५० लाख वित्तीय समानीकरण अनुदान पाए ।

संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई कुल चार वटा अनुदान पठाउने गर्छ । जसमध्ये विना कुनै शर्त तल्ला सरकारले आफ्नो बजेट बनाएर खर्च गर्न सक्ने अनुदान नै वित्तीय समानीकरण अनुदान हो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले संघीय सरकारबाट प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा खर्च गर्नुपर्छ भनेको छ ।

आयोगले शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता मानव विकास सूचकांक, सन्तुलित विकासको अवस्था, आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था, पूर्वाधार विकासको अवस्था र आवश्यकता, जनतालाई पुराउनुपर्ने सेवा, राजस्वको अवस्था र उठाउन सक्ने क्षमता र खर्चको आवश्यकताका आधारमा अनुदान सिफारिस गरेको थियो ।

आयोगको सिफारिश अनुसार सरकारले दिने अनुदानमा भने स्थानीय तहका जनप्रतिनिधि चित्त बुझाउँदैनन् । गुल्मीको रेसुंगा नगरपालिकाका प्रमुख



सी. पी. खनाल

खिलध्वज पन्थी भन्छन्, "संघ सरकारले दिने अनुदान न्यायको सिद्धान्तमा आधारित छैन, जसलाई बढी आवश्यक छ र दिनुपर्ने हो त्यसलाई प्राथमिकतामा राखिदैंन, जसको पहुँच छ र भनसुन गर्नसक्छ, त्यही पालिकाले धेरै अनुदान पाएको अवस्था छ ।"

नेपाल नगरपालिका संघका लुम्बिनी संयोजक समेत रहेका पन्थी वित्तिय बाँडफाँड भूगोल र जनसंख्यालाई आधार मानेर भन्दा पनि कहाँ के आवश्यक छ, के कस्ता योजना चाहिएका हुन् भन्ने कुरालाई हेरिनुपर्ने बताउँछन् । उनी संघले अहिले दान दिएजसरी अनुदान दिने गरेको र त्यसलाई सदासयताका रूपमा हेरिएकोमा असन्तुष्ट व्यक्त गर्छन् ।

"संघले दिने अनुदानमा स्थानीय सरकारको योगदान नै छैन, हामीले कुनै भूमिका नै निर्वाह गरेका छैनौं, जसरी व्यवहार हुने गरेको छ, उनी भन्छन्, यो सोचाई नै गलत छ, संघले अझै पनि केन्द्रीकृत दृष्टि त्यागेको छैन, यसबाट बाहिर निस्केर स्थानीय तहलाई बलियो बनाएमात्रै संघीयता बलियो हुन्छ र देश नै समृद्ध बन्न सक्छ भन्ने कुरालाई बिर्सिनुहुंदैन ।"

चालु आर्थिक वर्षमा रेसुंगा नगरपालिकालाई न्युनतम ३ लाख ५० हजार, सुत्रमा आधारित ७ लाख ३६ हजार र कार्यसम्पादनमा आधारित ६२ लाख गरी १ करोड १४ लाख रूपैयाँ वित्तिय समानीकरण अनुदान दिनुपर्ने सिफारिस आयोगले गरेको थियो ।

संघ सरकारले खर्चको आवश्यकता र राजश्व उठाउन सक्ने क्षमता लगायतका नीतिगत रूपमा भएको व्यवस्थाअनुसार वित्तिय हस्तान्तरण गर्नुपर्नेमा राजनीतिक प्रभाव, भनसुन र निहित स्वार्थका आधारमा संघीय अनुदान पठाउने गरेको भन्दै स्थानीय तहका जनप्रतिनिधि संघप्रति असन्तुष्ट देखिन्छन् । उनीहरू वित्तिय हस्तान्तरणका लागि तोकिएको मापदण्ड नै वैज्ञानिक नभएको र परम्परागत भएकाले त्यसकै कमजोरीको फाइदा उठाउँदै संघीय अनुदान असमान वितरण भएकोले वित्तिय हस्तान्तरणको मापदण्डमा सुधार ल्याउनुपर्ने माग गर्छन् ।

तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठ स्थानीय तहलाई अधिकार दिइएको तर श्रोतसाधनको वितरणमा कन्जुस्याई गरिएको बताउँछन् । उनी भन्छन्, "अधिकारजति सबै स्थानीय तहलाई दिइएको छ, तर त्यसअनुसारको श्रोत दिन खोजिएको छैन, अर्कोतिर वित्तिय हस्तान्तरणका लागि जे जस्ता मापदण्ड बनाइएका छन्, ती वैज्ञानिक छैनन् ।"

मापदण्डमा सुधार ल्याएर स्थानीय तहको आवश्यकता, श्रोतसाधनको उपलब्धता जस्ता कुरालाई हेरेर अनुदान दिनुपर्ने र अधिकार तथा राजस्व संकलनको जिम्मा मात्रै नदिएर त्यसको परिचालनको समेत जिम्मा स्थानीय तहलाई दिनुपर्ने उनी बताउँछन् । सरकारले अझै पनि काठमाडौं उपत्यका, ठूला भनिएका सहर र विकास भइसकेका ठाउँलाई नै प्राथमिकतामा राख्दै आएको उनी बताउँछन् ।

"जहाँ विकास भइसक्यो, जसले आफ्नै बलबुताले पनि विकास गर्न सक्छ, आन्तरिक श्रोत बलियो छ भने उसलाई दिने अनुदान र श्रोतसाधनमा कमजोर रहेकालाई दिने अनुदानमा फरक हुनुपर्ने हो कि होइन, उनी भन्छन्, यदि देशको समानुपातिक विकास गर्ने हो भने यसरी सोच्नुपर्छ, होइन भने विकास भएका ठाउँ विकसित बन्दै जाने र विकासमा पछि परेकाहरू सधै पछि परिरहने हुन्छ ।"

स्थानीय तहका जनप्रतिनिधिको धारणामा विज्ञहरूसमेत सहमत छन् । संविधानले सबै तहका सरकारको स्पष्ट अधिकार तोकेको भएपनि वित्तिय हस्तान्तरण प्रक्रिया अस्पष्ट रहेको उनीहरूको तर्क छ । वित्तिय समानीकरण अनुदानमा आयोगको सिफारिस अनुसार हुने भएपनि अन्य अनुदानमा मनपरी हुने गरेको उनीहरू बताउँछन् ।

स्थानीय सरकारको आवश्यकता र प्राथमिकताबारे संघीय सरकारले कुनै सोंचविचार नगरेको संघीयताविज्ञ डा. खिमलाल देवकोटा बताउँछन् । उनी संघले प्रदेश र स्थानीय तहलाई हेपाहा प्रवृत्ति देखाउने गरेको टिप्पणी गर्छन् । उनी भन्छन्-"प्रदेश र स्थानीय तहले प्राप्त गर्ने अनुदानको हिस्सा न्यून छ । अनुदानमा पनि सशर्त अनुदानको ठूलो भारी बोकाइएको छ । तर स्थानीय आवश्यकताभन्दा पनि नेताका स्वार्थअनुसार खल्तीका योजनाहरु बग्रेल्ती छन् ।"

डा. देवकोटा स्थानीय तहले कसरी काम गरेका छन्, वित्तिय श्रोतसाधनको अभावले कस्ता असर र समस्या देखिन्छन्, गाउँघरको सिंहदरबार भनिएका गाउँ नगर र वडाहरूबाट नागरिकले कस्ता सेवा कसरी पाएका छन् भन्ने कुरामा संघ सरकारले चासो नदिएको बताउँछन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल भने आयोग स्थानीय तहमा वित्तीय बाँडफाँड योजनाका आधारमा गर्न तयार भएको भएपनि स्थानीय तहले काममा प्रष्टता ल्याउन जरूरी रहेको बताउँछन् । "स्थानीय तहको लक्ष्य निर्धारणका आधार र मापदण्ड बन्नु आवश्यक छ, लक्ष्य स्थानीय तहले निर्धारण गरेपछि आयोगले लागत बनाउन सहयोग गर्छ, उनले भने, सबै निकायबीच समन्वय गरेर कुन मापदण्डमा काम गर्ने भन्नेबारे बहस हुनु जरूरी छ ।"

उनी मापदण्ड निर्माण नहुँदासम्म लागत निर्माण गर्न नसकिने बताउँछन् । "स्थानीय तहले कति राजस्व लिने भन्ने कुराको पनि मापदण्ड बनाउनु पर्छ, जुन भोलि अप्ठ्यारो नहुने गरी सन्तुलित हुनु आवश्यक छ" उनी भन्छन् ।

# भोगाधिकार विवादले चार बर्षदेखि कृषि उपज संकलन केन्द्र अलपत्र





सुदीप भण्डारी

बुटवल २५ कार्त्तिक । कपिलबस्तुको वाणगंङ्गा नगरपालिका वडा नम्बर ११, हतौसामा चार बर्षअघि निर्माण सुरू गरिएको कृषि उपज संकलन केन्द्र अलपत्र परेको छ । लामो समयदेखि उक्त केन्द्र निर्माणको काम ठप्प रहेको स्थानीय पर्शुराम चौधरीले बताए । केन्द्र बन्ने सुनेको भएपनि लामो समयदेखि केही काम नभएको उनले जानकारी दिए ।

कृषि उपज संकलन केन्द्रको लागि बाणगंङ्गा नगरपालिकाले पर्खाल र सेड निर्माण गरेको थियो । संघीय सरकारको सशर्त अनुदान अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मा ३ करोड र २०७८/७९ को लागि १ करोड रूपैया विनियोजन भएको थियो । सो बजेटबाट कम्पाउण्ड वाल र दुई वटा सेड निर्माण गरिएको बाडगंगा नगरपालिकाका नगरप्रमुख चक्रपाणी अर्यालले जानकारी दिए ।

अर्को बर्ष कृषि उपज संकलन केन्द्रको लागि प्रदेश सरकारलाई ससर्त अनुदान उपलब्ध गरायो । संघबाट अनुदान प्राप्त भएपछि प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा कृषि उपज संकलन केन्द्रको लागि ६ करोड रूपैया बजेट विनियोजन गरेको थियो ।

गत आर्थिक वर्षमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयको नाममा बजेट विनियोजन भएको थियो । कृषि मन्त्रालयले आफूसँग पूर्वाधार सम्बन्धी काम गर्ने जनशक्ति नभएको कारण देखाएपछि आर्थिक मामिला मन्त्रालयले सो बजेट सहरी विकास तथा खानेपानी मन्त्रालयमा रकमान्तर गरेको थियो ।

तर गत आर्थिक बर्षमा केन्द्र निर्माणको

काम अगाडि बढ्न सकेन । कृषि उपज संकलन केन्द्रको लागि जग्गा स्वामित्व टुंगो नलाग्दा काम अघि बढ्न नसकेको प्रदेश सरकार अन्तर्गत शहरी विकास तथा भवन कार्यालय रूपन्देहीका प्रमुख शान्तमणी अर्यालले बताए । 'गत बर्ष कृषि मन्त्रालयबाट बजेट रकमान्तर भएर हाम्रो कार्यालयमा आएको थियो । आयोजना स्वीकृत गर्न मन्त्रालयमा लिएर गयौं' उनले भने 'जग्गाको भोगाधिकार छैन भनेर सचिवज्युले स्विकृत गर्न मान्नुभएन ।'

आयोजनाको लागि टेण्डर स्विकृत नहुँदा कृषि उपज केन्द्रको लागि संघीय सरकारबाट आएको ससर्त अनुदानको ६ करोड बजेट पनि फ्रिज भइसकेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा सोही आयोजनाको लागि संघकै ससर्त अनुदान अन्तर्गत १० करोड रूपैया विनियोजन भएको छ । चालु वर्ष रकमान्तरको प्रक्रिया नभइ सोझै शहरी विकास तथा खानेपानी मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयको लागि छुट्याइएको छ ।

जग्गाको स्वामित्वको विषय टुंगो नलागेकाले यो वर्ष पनि कपिलबस्तुको कृषि उपज संकलन केन्द्रको काम अघि बढ्ने सम्भावना कम रहेको कार्यालय प्रमुख अर्यालको भनाइ छ । काम अघि नबढेमा यो वर्ष विनियोजन भएको १० करोड रूपैया पनि फ्रिज हुने छ ।

बाणगंगा नगरपालिकाका प्रमुख चक्रपाणी अर्यालले केन्द्रको काम अघि बढिसकेपछि भोगाधिकारको अनावश्यक विषय झिकिएको बताए । 'यो वनको जग्गा होइन, ऐलानी जग्गा नगरपालिकाकै संरक्षणमा हुन्छ । हामीले त्यतीबेलै भोगाधिगार लेखेर कार्यपालिकाबाट पास गरेर दिएको हो' उनले भने 'पहिले त्यसैलाई स्विकार गरेर बजेट पर्यो र खर्च गरियो । अहिले अर्को कुरा गरेका छन् । हामीले फटाफट काम गर्यौं । अहिले प्रदेशलाई बजेट परेको बेला टेण्डर लगाइदिन्नन् ।'

सो क्षेत्रबाट प्रतिनिधित्व गर्ने लुम्बिनी प्रदेश सभा सदस्य विष्णु पन्थीले अगाडि बढिसकेको आयोजना भोगाधिकारको नाममा रोक्न नहुने बताए । 'स्थानिय तहले काम गरिरहेको थियो । प्रदेशमा बजेट परेपछि कामै रोकियो' उनले भने । नयाँ बन्ने आयोजनको लागि भोगाधिकारको कुरा ठिकै भएपनि अघि बढिसकेको आयोजना अलपत्र पार्न नहुने उनको भनाई छ । यही बर्ष आयोजना अघि बढाउन आफ्नो तर्फबाट पहल गर्ने प्रदेश सांसद पन्थीले बताए ।

तर, लुम्बिनी प्रदेश सरकार अन्तर्गत शहरी विकास तथा खानेपानी मन्त्रालयका सचिव बासुदेव पौड्यालले जग्गाको स्वामित्वको टुंगो लागेपछि केन्द्रको काम अघि बढ्ने जानकारी दिए । 'जग्गाको स्वामित्व नभइ भवन बनाउँदा देशभर धेरै ठाउँमा अख्तियारले प्रश्न उठाएको छ' उनले भने 'हामीलाई निर्देशन पनि त्यस्तै प्राप्त छ । भोगाधिकारको टुंगो नलागिकन टेण्डर अघि बढाउन सकिँदैन ।' सार्वजनिक जग्गा प्रयोग गर्न नपाइने र सरकारी भवन बनाउन समेत कतै न कतै भोगाधिकार हुनुपर्ने कानूनी व्यवस्था रहेको मन्त्रालयका सचिव पौड्यालको भनाइ छ ।

कृषि उपज संकलन केन्द्र निर्माणको लागि या नगरपालिकाको नाममा जग्गा आउनुपर्छ या कृषि उपज संकलन केन्द्रको स्वामित्वमा हुनुपर्छ । सार्वजनिक जग्गा स्वामित्व प्राप्तीको प्रक्रिया पनि लामो हुन्छ । त्यसका लागि स्थानिय तहले निर्णय गरेर प्रदेश सरकार हुँदै नेपाल सरकार समक्ष पठाउनुपर्ने छ । संघिय मन्त्रिपरिषद बैठकले निर्णय गरेपछि मात्र जग्गाको स्वामित्व प्राप्त हुन्छ । बाणगंङ्गा नगरपालिकाका मेयर चक्रपाणी अर्यालले कृषि उपज संकलन केन्द्र निर्माण अघि बढाउन प्रदेश सरकार र मुख्यमन्त्रीसँग आग्रह गरेको र कानूनी बाधा भएमा जग्गा प्राप्तीको प्रक्रिया अघि बढाउने बताए ।

कपिलवस्तुको हतौसामा ४२ करोडको लागतमा कृषि उपज संकलन केन्द्र बनाउने योजना अघि बढेको हो । जहाँ एक हजार ५० टनको कोल्ड स्टोर निर्माण गर्ने योजना छ । केन्द्रमा थोक विक्रि कक्ष र खुद्रा विक्रि कक्ष प्रशासनिक भवन लगायतका संरचना बन्नेछन् ।



# लुम्बिनीमा समानीकरण अनुदानको अन्तिम किस्ता आएन

# बिथोलियो भुक्तानी चक्र






सुदीप भण्डारी

बुटवल २१ कार्तिक । आर्थिक वर्ष २०८०/८१ को अवधि सकिन केही दिन अघि असार २२ गते लुम्बिनी सरकार अन्तर्गतको प्रदेश लेखा नियन्त्रक कार्यालयले मातहतका लेखा इकाइ कार्यालयहरूलाई रकम निकाशा नगर्न र बजेट खर्च रोक्न परिपत्र गरेको थियो । जस अनुसार सोही दिनबाट केही तोकिएका शिर्षक बाहेक प्रदेश सरकारबाट हुने अन्य भुक्तानी रोकियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३०(१) मा 'कार्यालयले विनियोजन ऐनले तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुन भन्दा कम्तीमा सातादिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने छ' भनिएको छ । जस अनुसार असार २४ गते भुक्तानी बन्द हुनुपर्ने थियो । तर प्रदेश सरकारको सञ्चित खाता रित्तिएपछि लेखा नियन्त्रक कार्यालयले २ दिन अगाडि अर्थात असार २२ गते भुक्तानी निकासा बन्द भएको सूचना प्रकासित गर्यो ।

सूचनामा 'प्रदेश सञ्चित कोषमा रकम न्युन भएकाले यस कार्यालयको स्विकृती बेगर अब उपरान्त तपशिलमा उल्लेखित शिर्षकहरू बाहेक अन्य रकम निकाशा नगर्नहुन अनुरोध छ' भनेर भनिएको छ ।

संघीय सरकारले वित्तीय समानीकरण अनुदान अन्तर्गत लुम्बिनी प्रदेशको लागि ८ अर्ब रूपैयाँ विनियोजन गरेको थियो । सो अनुदानको अन्तिम किस्ता अर्थात २६ प्रतिशत रकम नआउँदा सञ्चित कोष रित्तो भएको प्रदेश लेखा नियन्त्रण कार्यालयका लेखा नियन्त्रक रविन्द्र अर्यालले बताए । 'हामीले असार २२ गतेसम्मको निकासा गरेका थियौं । २३ र २४ गते २ दिन भुक्तानी गर्न सकिएन ।' तोकिएका र अनिवार्य शिर्षकको भुक्तानी भएपनि अरू रोक्नुपरेको उनले बताए ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार संघीय सरकारबाट अन्तिम किस्ताबापतको करिब २ अर्ब रकम रकम आएको छैन ।

संघ सरकारबाट वित्तीय समानीकरणको अनुदान नआउँदा प्रदेश सरकारका

मन्त्रालय अन्तर्गत विभिन्न आयोजना तथा कार्यक्रमहरूको भुक्तानी रोकिएको हो ।

सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका आयोजनाको बक्यौता रहेको छ । भौतिक पूर्वाधार तर्फका आयोजनाको मात्र ७५ करोड भुक्तानी दिन बाँकी रहेका मन्त्रालय अन्तर्गत सडक पूर्वाधार विकास निर्देशनालय सिनियर डिभिजन इन्जिनियर गोविन्दप्रसाद खनालले बताए । 'विभिन्न आयोजनाको ७५ करोड भुक्तान हुन बाँकी छ । डेढ सयदेखी दुई सय जति आयोजनाको भुक्तानी हुन सकेको छैन ।' उनले भने ।

रूपन्देहीमा मात्र सडक पूर्वाधार तर्फ ५३ आयोजनाको ४ करोड ६ लाख १२ हजार ७९५ रूपैया भुक्तान हुन बाँकी छ । समानीकरण अनुदान अन्तर्गत सडक तथा पूल निर्माणका ४८ वटा आयोजनाको ३ करोड ५४ लाख १५ हजार ६७२ रूपैया भुक्तानी बक्यौता रहेको छ ।

सडक, पुल मर्मत सम्भार तथा सडक सुरक्षा कार्यक्रमको ३ वटा आयोजनाको ३८ लाख ७७ हजार १२९ रूपैया भुक्तानी हुन बाँकी छ ।

त्यस्तै ससर्त अनुदान अन्तर्गत स्थानिय सडक पूल कार्यक्रम र बैकल्पीक साहयता विकास कार्यक्रम गरि एक एक वटा आयोजनाको पनि भुक्तानी हुन बाँकी रहेको सडक पूर्वाधार विकास कार्यालय रूपन्देहीका इन्जिनियर हितेन्द्र रायमाझीले बताए । 'गत आर्थिक वर्षमा भुक्तानी हुन छुट भएका योजनाहरू बारे हामीले आर्थिक मामिला मन्त्रालयमा लेखेर पठाएका छौं ।' उनले भने 'मन्त्रालयबाट थप निकासा भएर आएपछि मात्र भुक्तानी हुन्छ ।'

प्रदेशको खानेपानी तथा शहरी विकास मन्त्रालय अन्तर्गतका आयोजनाको ३८ करोड भुक्तानी निकाशा हुन बाँकी छ । खानेपानी तिर ३० करोड, शहरी विकास तर्फको ८ करोड भुक्तान गर्न बाँकी रहेको शहरी विकास मन्त्रालयका प्रवक्ता गुणनीधि पोखरेलले बताए । 'तराईका जिल्लामा १०-१२ करोड सम्मका आयोजना हुन्छन् । पहाडी जिल्लामा पाँच सात करोडसम्मको आयोजना सञ्चालित छन् ।' उनले भने ' खानेपानी तर्फ क्रमागत योजना भएकाले यो वर्ष पनि बजेट छुट्याइएको छ । तर शहरी विकास तर्फ क्रमागत आयोजना धेरै नभएकाले भुक्तानीको समस्या छ ।'

लुम्बिनी प्रदेशको उद्योग पर्यटन तथा यातायात मन्त्रालय तर्फका आयोजनामा १३ करोड भुक्तानी दिन बाँकी रहेको छ । गत आर्थिक वर्षमा मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालयका कार्यक्रम, पर्यटन डिभिजनका केही आयोजनाहरूको भुक्तानी दिन बाँकी रहेको मन्त्रालयका प्रवक्ता रमेश गौतमले जानकारी दिए ।

भुक्तानी रोकिएपछि निर्माण व्यवसायीहरू पनि निरन्तर जसो सरकारी निकाय धाइरहेका छन् । रूपन्देहीको ओमसतिया गाउँपालिकामा प्रितम विल्डर्सले गाउँ समाजको भवन निर्माण गरेको थियो । विल्डर्सका प्रोपाइटर प्रितम रौनीयारले समयमा काम सकेपनि पुरा भुक्तानी नभएको बताए । 'गत असार २२ भित्रै हामीले गाउँ समाज भवनको काम सकेका थियौं । १५ लाखको भवन निर्माणको योजना मध्ये अरू रकम त आयो तर ५ लाख रूपैया पाउन अझै बाँकी छ । यो भनेको एक तिहाइ रकम हो' उनले भने 'भुक्तानी रोकिँदा निकै समस्या भएको छ । सरकारी निकायप्रति विश्वास हराएको छ ।'

निर्माण व्यवसायी संघ रूपन्देहीका महासचिवसमेत रहेको रौनीयारले भुक्तानीको पहल गरिदिन भन्दै व्यवसायीहरू संस्थाको कार्यालयमा धाइरहेको बताए । उनले आफूहरूले सरकारी निकायमा पटकपटक ध्यानाकर्षण गराएको तर आश्वासन मात्र आएको बताए ।

निर्माण व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष बलिभद्र रानाले काम गरेको भुक्तानी लिन पनि हारगुहार गर्नुपर्ने अवस्था आउनु दुःखद भएको उल्लेख गरे । 'काम सकेपछि हप्ता दिन भित्र भुक्तानी हुनुपर्ने हो । तर लिन भएको भुक्तानीको लागि रूदै कराउँदै हिड्न परेको छ ।' उनले भने 'पैसा नपाएपछि हामी व्यवसायीहरूलाई मात्र होइन छड, सिमेन्टका व्यापारी, सप्लायर्स, श्रमिक सबैलाई अफठ्यारो भएको छ । कतिपय कमजोर काम गर्ने निर्माण व्यवसायी पनि छन् । तर छिटो र गुणस्तरीय काम गरेका निर्माण व्यवसायीले पैसा त पाउनुपर्यो नि ।'

भुक्तानीका लागि प्रदेश सरकारदेखी संघ सरकारका अर्थमन्त्री समेतलाई आफूहरूले भेटेको महासंघका प्रदेश अध्यक्ष रानाले बताए । 'हामी प्रदेश सरकारसँग पनि गयौं । अर्थमन्त्री विष्णु पौडेलसँग पनि भेट्यौं । मंसिरसम्म जसरी पनि भुक्तानी हुन्छ भन्नुभएको छ, हेरौं अब के हुन्छ ।' उनले भने ।

लुम्बिनी प्रदेश सरकारले रकमान्तर गरेर भएपनि निर्माण व्यवसायीहरूको रकम भुक्तानी उपलब्ध गराउने जनाएको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले कार्तिक लागेपछि भुक्तानी प्रक्रिया सुरू गर्ने बताए । 'संघबाट समयमै रकम आएको भए कुरै सकिन्थ्यो । नआएपछि हामीले प्रदेशबाट भएपनि भुक्तानी त दिनुपर्छ ।' उनले भने 'कहाँ कति तिर्न छ भनेर हामीले विवरण तयार गर्छौं । यो कार्तिक भित्र नियमावली बनाएर मन्त्रीपरिषदमा लगेर भुक्तानी सुरू गर्छौं ।'

आर्थिक वर्षको पहिलो त्रैमासिकसम्म रकमान्तर गर्न नपाइने भएकाले अहिले भुक्तानीको प्रक्रिया सुरू गर्न नसकिएको मन्त्री कार्कीले बताए । उनले नयाँ शिर्षकको बजेट कटौती गरेर भएपनि पुरानो शिर्षकको भुक्तानी गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बहुबर्षे आयोजना र क्रमागतका योजनामा रकमान्तर या अन्य कुनै शिर्षकको बजेट कटौति गरेर भुक्तानी उपलब्ध गराउन सहज छ । तर गत आर्थिक वर्षमै सम्पन्न भएको योजनाको लागि रकमान्तर गरेर रकम उपलब्ध गराउने कानूनी व्यवस्था छैन । प्रक्रिया जटील भएपनि कुनै उपाय अपनाएर सम्पन्न भएका योजनाको समेत भुक्तानी उपलब्ध गराउने आर्थिक मामिला मन्त्री कार्कीको भनाइ छ ।

# आयोजना बैंकको अभ्यास गर्दै तिलोत्तमा






**सुदीप भण्डारी**

बुटवल १६ पुस । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले आयोजना बैंक मार्फत योजनाको कार्यान्वयन अघि बढाएको छ ।

नगरपालिकाले नगरस्तरिय प्राथमिकता प्राप्त योजनाको नाममा प्रत्येक वडाका लागि पाँच पाँच वटा योजना तयार गरेको छ । जस अन्तर्गत वडा नम्बर १ मा ड्राइभरटोलदेखि शिवचोक हुँदै शान्ति नगर जाने शिवपुर मार्ग, ड्राइभरटोल एनएमबी बैंकदेखी पूर्वतर्फ होराइजन स्कुल हुँदै शान्ति मार्गबाट न्यु लाईट स्कुल जोड्ने सडक, शंकरनगर चोकदेखी न्युलाइट स्कुल हुँदै नमुनाचोक जोडेने सडक, प्रगतीचोकदेखी शान्तिनगरसम्मको सडक र सूचीको पाँचौ नम्बरमा देवीनगरदेखी कोखेलीपथ जोड्ने सडक नगरस्तरिय प्राथकिताप्राप्त योजनामा सुचिकृत छन् ।

पाँच वटै योजना एक/एक करोड रूपियाँका हुन् । प्रत्येक वर्ष एउटा एउटा गरेर पाँच वर्षमा सूचिकृत भएका सबै योजना कार्यान्वयन गरिने तिलोत्तमा नगरपालिकाका योजना प्रमुख इन्जिनियर प्रदिप वनले बताए ।

१ नम्बर वडाको जस्तै १७ वटै वडामा पाँच-पाँच वटा प्राथमिकता प्राप्त योजनाको सूची बनाइएको पनि उनले जानकारी दिए । 'एक नम्बरमा राखेको योजना पहिलो वर्ष, २ नम्बरको दोस्रो वर्ष गरि हरेक वडामा प्रत्येक वर्ष एक एक करोडको काम हुने छ' उनले भने 'नगरका १७ वटा वडाको लागि ८५ करोडको योजना तयार भएको छ ।'

यी योजनाहरू सुचिकृत गरी कार्यान्वयन गर्ने प्रक्रियालाई नगरपालिकाले आयोजना बैंक भनेको छ ।

तिलोत्तमा नगरपालिकाको आयोजना बैंकमा तीन प्रकारका योजना समावेश गरिएको योजना प्रमुख वनले बताए । माथि उल्लेखित नगरस्तरिय प्राथमिकता प्राप्त योजना, नगर स्तरिय गौरकका योजना र नगर स्तरिय स्वर्णिम योजनाहरू आयोजना बैंकमा राखिएको छ ।

पर्याप्त छलफल भएर महत्वपूर्ण योजनाहरू क्रमैसँग अघि बढाउन सकियोस् भन्ने उदेश्यले आयोजना बैंकको अभ्यास सुरू गरिएको तिलोत्तमा नगरपालिका मेयर रामकृष्ण खाँणले जानकारी दिए । 'एक वडा, एक किलोमिटर सडक भन्ने अभियान अन्तर्गत १७ वटै वडामा हामीले हरेक वर्ष १७ वटा बाटो बनाउँछौं' उनले भने 'बैंकमा रकम राखे जस्तो आयोजना बैंकमा योजनाहरू राखेका छौं ।'

आयोजना बैंकको लागि प्राथमिकता प्राप्त योजना तय गर्न वडालाई नै जिम्मेवारी दिइएको प्रमुख खाणले जानकारी दिए । तल्लो तहमा छानेका योजनामध्ये प्राथमिकताप्राप्त आयोजनालाई कार्यान्वयन गर्न क्रमैसँग सुचि बनाइएको उनले बताए ।

आयोजना बैंकमा नगरस्तरिय गौरवको योजना पनि रहेका छन् । गौरवका योजना अन्तर्गत एक करोड देखी ५ करोडसम्मका विकासका कार्यक्रम समावेश छन् । जस अनुसार प्रत्येक वडाबाट एक एक वटा योजना रहेका छन् । गौरवका योजनामा पनि धेरै जसो सडकका योजना छन् ।

आयोजना बैंकमा नगर स्वर्णिम योजना अन्तर्गत ५ करोड माथिका विकासका कार्यक्रमहरू समेटिएको छ । नगर स्वर्णीममा पनि एक वडाका एक योजना छनोट गरिएको छ । यसमा प्रदेश तथा संघ सरकारको बजेटबाट गरिने ठूला योजनाहरू समावेश गरिएको छ । स्वर्णिम योजनामा सडकसँगै अन्य आयोजना पनि समेटिएका छन् । सडक बाहेक स्वर्णिम योजना अन्तर्गत विद्यालयका भवन, खेल मैदान, पर्यटकीय स्थलमा पूर्वाधार निर्माण, अस्पताल लगायतका कार्यक्रम रहेका छन् ।

आयोजना बैंक मार्फत अघि बढ्दा हरेक वर्ष नीति कार्यक्रम तथा बजेट बनाउन पनि सहज भएको नगर प्रमुख खाणले बताए ।

रूपन्देहीका दुई ठूला शहर बुटवल र भैरहवाको बिचमा तिलोत्तमा नगरपालिका रहेको छ । यो नगरपालिका विभिन्न सूचकमा उत्कृष्ट घोषित हुँदै आएको छ । आयोजना बैंकको अभ्यास सुरू गरेर तिलोत्तमाले अर्को नमुना काम थालेको छ ।

संघिय कानूनले पनि तिनै तहका सरकारमा आयोजना बैकको व्यवस्था हुनुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन तथा राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानिय तहको योजना तर्जुमा दिग्दर्शनमा आयोजना बैंक बारे उल्लेख छ । तर प्रदेश सरकार र धेरै जसो पालिकाले यसको अभ्यास गरेका छैनन् ।

लुम्बिनी प्रदेश सरकारले आयोजना बैंकको अवधारणा अघि सारेको जनाएको छ । लुम्बिनी सरकार अन्तर्गत प्रदेश योजना आयोगका सचिव खिमबहादुर कुँवरले आयोजना बैंकको लागि निर्देशिका तयार बनिरहेको जानकारी दिए । 'अहिले प्रदेश सरकारले आयोजना बैंकको लागि मापदन्ड बनाइरहेको छ । आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रमहरू आयोजना बैंककै आधारमा अगाडि बढ्छन् ।' उनले भने । यसबाट पहुँचका आधारमा र खल्तीबाट आयोजना परे भन्ने गुनासो पनि सम्बोधन हुने बताए ।

आयोगका सचिव कुँवरले स्थानिय तहको लागि पनि आयोजना बैंकको निर्देशिका बन्न लागेको जानकारी दिए । आयोजना बैंक अन्तर्गतका योजनामा नीजि क्षेत्र र दातृ निकायहरू पनि आकर्षित हुने उनको भनाई छ ।

# मन्त्रालय विभाजनको 'दुष्चक्र'ले बजेटमा अप्ठ्यारो






**सुदीप भण्डारी**

बुटवल १३ मंसिर । चालु आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत हुँदा लुम्बिनी प्रदेशमा मुख्यमन्त्री कार्यालय बाहेक १२ वटा मन्त्रालय थिए । असार १ गते तत्कालिन आर्थिक मामिला तथा योजना मन्त्री (हालका मुख्यमन्त्री) चेतनारायण आचार्यले प्रदेशको बजेट प्रस्तुत गरेका थिए ।

केन्द्रमा सत्ता समीकरण बदलिँदा लुम्बिनी प्रदेशमा माओवादीबाट मुख्यमन्त्री रहेका जोखवहादुर महरा प्रतिपक्षी दलको नेता बन्न पुगे । बजेट प्रस्तुत गरेका आचार्य कांग्रेस एमालेको समीकरणमा मुख्यमन्त्री भए । प्रदेशको सत्ता समीकरण फेरिएसँगै आचार्य मुख्यमन्त्री बनेपछि साउन १८ गते मन्त्रिपरिषद् पुनर्गठन भयो । पुनर्गठन हुँदा मन्त्रालयको संख्या घटाएर १२ बाट ११ मा झारियो । एउटा मन्त्रालय घट्दा ३ वटा मन्त्रालयको जिम्मेवारी फेरबदल भयो ।

बजेट वक्तव्य पछि प्रदेश सरकारले प्रकाशित गरेको बार्षिक विकास कार्यक्रमको पुस्तिका अर्थात् रातो किताबको परिच्छेद २.५ मा ३०७ शीर्षकमा उद्योग पर्यटन तथा सहकारी मन्त्रालयका कार्यक्रमहरू रहेका छन् ।

त्यसमध्ये बजेटका ३ वटा उपशीर्षक सहकारीसँग सँग सम्बन्धित छन् । बजेटको उपशिर्षक नम्बर ३०७०००२४ सहकारी दर्ता अधिकारीको कार्यालय, ३०७०००२५ मा सहकारी प्रशिक्षालय र ३०७००१२२ मा सहकारी तथा गरिबी निवारण कार्यक्रमको लागि बजेट उल्लेख गरिएको छ ।

अहिले सहकारीको कार्यक्षेत्र उद्योग तथा पर्यटनबाट अलग छ । नयाँ संरचना अनुसार कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय भएको छ ।

सरकार परिवर्तन पिच्छे भागबण्डा

मिलाउन मन्त्रालयको संख्या बढाउँदा र घटाउँदा सहकारीको कार्यक्षेत्रले पनि विभिन्न मन्त्रालय चहार्नुपर्यो ।

२०७४ सालमा प्रदेश सरकार स्थापना हुँदा सुरूमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय नै थियो । २०७८ सालमा सहकारीको कार्यक्षेत्र परिवर्तन भई आर्थिक, मामिला तथा सहकारी मन्त्रालय भयो । त्यसपछि आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय र अर्कोपटक उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय भएको थियो । अहिले फेरी घुमेर सहकारीको कार्यक्षेत्र कृषि तथा भूमि व्यवस्था मन्त्रालयमै आएको हो ।

प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष टीकाराम पोखरेलले पनि पालैपालो ४ वटा मन्त्रालयसँग जोडिएर काम गरे । 'सुरूमा आर्थिक ममिला, त्यसपछि आन्तरिक मामिला थिएँ' उनले भने 'उद्योग, पर्यटनपछि अहिले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय भएकाले यही मन्त्रालय अन्तर्गत छु ।'

मन्त्रालय संख्या थपघट र कार्यक्षेत्र फेरबदलले विभिन्न समस्याहरू आइरहने पोखरेलको भनाइ छ । 'योजना एउटा मन्त्रालयले बनाउँछ । अर्को मन्त्रालयले कार्यान्वयनमा गर्नुपर्छ' उनले भने 'सहकारीको कार्यक्षेत्र हस्तान्तरण भएपनि कर्मचारी जहाँको त्यही बस्नुपर्छ । अर्को मन्त्रालयमा गएपछि नयाँ कर्मचारीलाई सहकारीबारे बुझ्न समय लाग्छ ।'

सहकारी संस्थाहरूलाई पनि आफूसँग सम्बन्धित मन्त्रालय कहाँ छ भन्नेमा पनि अन्योल हुने गर्दछ । रूपन्देही बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष बसन्तप्रसाद ढकालले मन्त्रालयमा पठाएका फाइलहरू भेटिन गाह्रो भएको अनुभव सुनाए । 'जिल्लाबाट सहकारीहरूले पठाएका डकुमेन्टहरू कुन मन्त्रालयमा आएको छ त्यो पनि फेला पर्दैन । मन्त्रीज्युले फाइल कहाँ रहेछ म बुझ्छु भन्नुहुन्छ' उनले भने 'फाइल भेटिएर काम बन्न निकै समय लाग्छ ।'

सहकारी कसैको प्राथमिकता नपरेकाले पनि कार्यक्षेत्र कहिले एउटा र कहिले अर्को मन्त्रालयमा पुर्याइएको बचत तथा ऋण सहकारी संघका अध्यक्ष ढकालको भनाइ छ ।

दलीय भागबण्डा मिलाउन मन्त्रालयको संरचना फेरबदल हुँदा यातायातको कार्यक्षेत्र पनि बदलिएको छ । यसअघि भौतिक, पूर्वाधार विकास तथा यातायात मन्त्रालय रहेको थियो । अहिले उद्योग पर्यटन तथा यातायात मन्त्रालय रहेको छ । यातायातको कार्यक्षेत्र भौतिकबाट उद्योगसँगै आएपछि मातहतका यातायात कार्यालयहरूलाई पनि अर्को जिम्मेवारी थपिन्छ । यातायात व्यवस्था कार्यालय रूपन्देहीका प्रमुख पुष्पराज पाण्डेले साइनबोर्ड र लेटर प्याड परिवर्तन गर्नुपर्ने बताए । 'मन्त्रालय फेरिँदा हाम्रा साइनबोर्ड लेटरप्याड सबै फेर्नुपर्छ । जसले केही खर्चिलो पनि हुन्छ' उनले भने 'यहाँबाट गएका फाइलहरू अर्को मन्त्रालयमा सार्नुपर्छ । सिरियल मिलेका फाइलहरू मिसप्लेस हुने डर हुन्छ ।'

मन्त्रालयको कार्यक्षेत्र फेरबदल हुँदा मातहतका कार्यालयका मात्र होइन स्वयं मन्त्रालयहरूकै साइनबोर्ड र लेटरप्याड पनि फेर्नुपर्छ । यसो गर्दा भएका पहिले तयार भएका लेटर प्याड खेर जान्छ । त्यस बाहेक एउटा मन्त्रालयबाट अर्को मन्त्रालयमा कागजपत्रहरू सार्दा पनि काम प्रभावित हुने गर्दछ । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका प्रवक्ता रमेश गौतमले मन्त्रालयको संरचना फेरबदल हुँदा केही समय कागजपत्रहरू मिलाउनै समय लाग्ने बताए । 'सहकारीको कागजातहरू यहाँबाट हामीले अर्को मन्त्रालयमा पठाउनुपर्छ । यातायातका कागजपत्र हाम्रो मन्त्रालयमा आउँछ । यसरी कागजात र फाइल आउन डेढ दुई महिनासम्म लाग्छ ' उनले भने 'अस्तिसम्म हाम्रोमा उद्योगका फाइलहरू आइरहेका थिए ।'

पर्यटनको कार्यक्षेत्रले पनि लुम्बिनी प्रदेशमा मन्त्रालय फेरबदलको सामना भोग्नुपरेको छ । सुरूमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय थियो । पछि ग्रामिण, शहरी विकास मन्त्रालयसँग पर्यटन रहयो । कुनै बेला बन, खानेपानी र पर्यटन मन्त्रालय भएको थियो । अहिले उद्योग पर्यटन तथा यातायात मन्त्रालय भएको छ । पर्यटन परिषद लुम्बिनीका कार्यकारी निर्देशक रामु जोशीले मन्त्रालय फेरबदलले मातहतका कार्यालयलाई पनि केही समस्या र अलमल हुने गरेको सुनाए । 'खानेपानी तथा शहरी विकाससँग हुँदा त्यहाँ प्राविधीक कर्मचारी धेरै हुँदा पर्यटनसँग तालमेल नमिलेको जस्तो लाग्थ्यो, बनसँग पनि ठीकै हुन्छ, अहिले उद्योग मन्त्रालयसँग धेरै कुरा मिल्छ' उनले भने 'मन्त्रालय फेरबदल हुँदा नयाँ टिमलाई बुझ्न समय लाग्छ । हामी जस्ता मातहतका कार्यालय र अरू पर्यटनका सरोकारवालाहरूलाई पनि केही समय अलमल हुन्छ ।'

प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीका प्रदेश लेखा नियन्त्रक दिपक ज्ञवालीले आर्थिक वर्षको विचमा मन्त्रालय फूटाउँदा र फेरबदल गर्दा बजेट कार्यान्वयनमा थुप्रै समस्या देखिने बताए । 'सुरूमा एउटा मन्त्रालयमा विभिन्न कार्यक्रम उल्लेख गरि बजेट विनियोजन भएको हुन्छ । मन्त्रालय थपघटपछि केही कार्यक्रम अर्को मन्त्रालय अन्तर्गत जान्छन्' उनले भने 'यसो भएमा बजेट रकमान्तर गर्नुपर्छ । पहिलो त्रैमासिक भित्र रकमान्तर गर्न पाइँदैन । बजेट कार्यान्वयनमा ढिलाइ हुन्छ ।'

बजेट रकमान्तर भएपनि बजेटको उपशीर्षक सो आर्थिक वर्ष भित्र सुरूकै मन्त्रालय अन्तर्गत रेकर्ड हुने प्रदेश लेखा नियन्त्रक ज्ञवालीको भनाइ छ ।

मन्त्रालय विभाजन हुँदा झन् ठूलो आर्थिक व्यभार पर्दछ । नयाँ मन्त्रालय बनाएपछि चालु खर्च, कार्यक्रम सञ्चालन खर्च बढ्दा अतिरिक्त खर्चको भार बढ्ने ज्ञवालीको भनाइ छ ।

२०७४ सालमा प्रदेश सरकार स्थापना हुँदा लुम्बिनी प्रदेशमा सुरूमा

६ वटा मन्त्रालय मात्र थिए । शंकर पोखरेल मुख्यमन्त्री हुँदा ३ वर्षसम्म सोही संख्यामा मन्त्रालय रहेका थिए । सत्ता सहयात्री माओवादी केन्द्रले अविश्वासको प्रस्ताव ल्याएपछि साना दललाई रिझाउन पोखरेलले नै मन्त्रालयको संख्या फुटाएर ८ पुर्याएका थिए । लुम्बिनी प्रदेशमा हालसम्म ६ जना मुख्यमन्त्री भइसकेका छन् । मुख्यमन्त्री फेरिएसँगै गठबन्धन दललाई रिझाउन मन्त्रालय विभाजन गर्दै लगियो । लुम्बिनी प्रदेशमा कुनै बेला मन्त्रालयको संख्या १४ सम्म पुगेको थियो । पछि ठूला दुई दल एक ठाउँमा आउँदा मन्त्रालयको संख्या केही घटाइएको थियो । प्रदेशमा अहिले ११ वटा मन्त्रालय रहेको छ । मन्त्रालय बढाउँदा र घटाउँदा एउटा कार्यक्षेत्र अर्कोमा जाँदा समस्या हुने गरेको छ । एउटा मन्त्रालय अन्तर्गत बजेट बनाउने, अर्को मन्त्रालयले टेण्डर लगाउने, फेरि अर्को मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने अवस्था हुने गर्दछ ।

कुनै बेला लुम्बिनी प्रदेश सरकारका सचिव समेत रहिसकेका नेपाल सरकारका पूर्व सचिव डा.मानबहादुर वि.क.ले मन्त्रालय टुक्राउँदा र कार्यक्षेत्र फेरिदा राज्यकोषको ठूलो रकम खर्च हुने बताए । 'मन्त्रालय विभाजन गर्दा कर्मचारी बाँडिनुपर्यो । त्यसले कार्यक्रम कार्यान्वयन गर्ने कुरामा पनि अन्योल हुन्छ । विकास निर्माणको काममा असर पार्छ ।' उनले भने 'एउटा नयाँ मन्त्रालय थपिँदा राज्यलाई करोडौं रूपैया भार थपिन्छ । मन्त्रालयका सचिव, मन्त्रीको सचिवालय, महाशाखा, विभाग लगायतका संरचना स्थापना गर्नुपर्दा करोडौं खर्च हुन्छ ।' सवारीको व्यवस्थासँगै सवारी चालक, भवन, स्टेष्नरीको व्यवस्था गर्दा समेत राज्यकोषको अतिरिक्त खर्च हुन्छ । मन्त्रालय स्थापना गर्नु भनेको सेतो हात्ती पाल्नु जस्तै भएको बुझाइ छ । मन्त्रालय सञ्चालनको अतिरिक्त खर्च विकास बजेटबाट कटौति गर्नुपर्ने हुन्छ । विकासको रकम प्रशासनीक खर्चमा लगाउँदा विकास निर्माणमा समेत असर पर्ने पूर्व सचिव डा. मान बहादुर वि.क. को भनाइ छ ।



# कर्णाली प्रदेश

# व्यक्तिगत लाभ लिन वित्त व्यवस्थापन मिचेर
# नरहरिनाथ गाउँपालिकामा आर्थिक दुरुपयोग






ओम शाही

सुर्खेत, फागुन १, २०८० । वित्त व्यवस्थापनका आधारभूत प्रक्रिया पनि पूरा नगरी व्यक्तिगत लाभका लागि कालीकोटको नरहरिनाथ गाउँपालिकाले स्रोतको दुरूपयोग गरेको पाइएको छ । नीतिगत प्रावधानमा जालझेल गरेर गाउँपालिकाले कानुनी व्यवस्थाकै उपहास गरेको पाइएको हो । गाउँपालिकामा मौलाएको यस्तो प्रवृत्तिलाई महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०७९-८० को प्रारम्भिक प्रतिवेदनले पनि पुष्टि गरिसकेको छ । कार्यालयले ३५ दिनभित्र सम्परीक्षण गर्न पालिकालाई निर्देशनसमेत दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आयव्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखांकन र बैंक हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्ने कानुनी व्यवस्था छ । तर, पालिकाले गत आर्थिक वर्ष २०७९-८० मा आर्थिक वित्त व्यवस्थापनका यी कुनै पनि प्रक्रिया पूरा गरी हिसाब मिलान गरेको छैन । सरकारले वित्तीय विवरणको यथार्थता पालिकाको आर्थिक कार्यप्रणालीको लेखांकन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) अनिवार्य प्रयोगमा ल्याएको छ । सोही प्रणालीअनुसार पालिकाले आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखांकन तथा प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

त्यसैमार्फत स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर, यो पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको ११ करोड ६८ लाख ६२ हजार रूपैयाँ सूत्रमा लेखांकन गरेको छैन भने धरौटीसमेत सूत्रमा राखेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण नभएकाले आर्थिक कारोबार सूत्रमार्फत

हुने र सबै कारोबार विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्ने महालेखाले भनेको छ । पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेका कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरणसमेत तयार नगरेको पाइएको छ । जसले गर्दा आर्थिक वर्ष २०७८-७९ को जिम्मेवारी १ करोड ५३ लाख १ हजार ९ सय ५२ रूपैयाँ तथा यस वर्ष २०७९-८० को प्राप्ति ५२ करोड ९१ लख ३२ हजार ९ सय २९ रूपैयाँ फरक परेको छ । यस्तै, यस वर्षको भुक्तानी ४७ करोड २१ लाख ७६ हजार ६ सय ४ र बैंक मौज्दात ७ करोड २२ लाख ६९ हजार २ सय ७६ रूपैयाँसमेत फरक परेकाले दाखिला गर्नुपर्ने महालेखाको ठहर छ । हरेक सरकारी कार्यालयले स्वीकृत मलेप फारमको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । तर, पालिकाले बेरूजु लगतका लागि मलेप फारमको व्यवस्था गरेको छैन । जसमा बेरूजु लगतका लागि म.ले.प. फारम ८०१, बेरूजुको कार्यालयगत प्रतिवेदन म.ले.प. फारम ८०२, बेरूजुको केन्द्रीय कार्यालयगत लगत म.ले.प. फारम ८०३, बेरूजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन म.ले.प. फारम ८०४, सम्परीक्षण गोश्वारा अभिलेख म.ले.प. फारम ८०५ को प्रयोग पालिकाले अझै पनि गरेको छैन ।

यता, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज पौडेलले अघिल्लो सरकारका पालामा भएका गल्तीलाई चालु आर्थिक वर्षमा सुधार गरेर लगिएको बताए । 'पहिलो कार्यकालमा भएका अनियमितताका बारेमा महालेखाले प्रश्न उठाएको हो, म भर्खर आएकाले यसअघि उहाँहरूले के कसरी गर्नुभएको थियो मलाई थाहा भएन,' उनले भने, 'दोस्रो कार्यकालमा प्रस्तुत भएको बजेटका सन्दर्भमा हामीले स्थानीय सरकार सञ्चालन ऐनमै रहेर काम गरिरहेका छौं ।'

पालिकाको लेखांकन प्रतिवेदन पारदर्शी राख्न वित्त व्यवस्थापनका प्रणालीको प्रयोग किन नगरेको भन्ने प्रश्नमा गाउँपालिका अध्यक्ष नगेन्द्रबहादुर विष्टले सावधानी अपनाउँदा अपनाउँदै प्राविधिक ज्ञानको अभावले आर्थिक उत्तरदायित्व पूरा गर्न नसकेको जवाफ दिए ।

आफूखुसी बजेट निर्माण

नरहरिनाथ गाउँपालिकामा निर्वाचित भएर आएका पहिलो कार्यकालका जनप्रतिनिधिले मात्रै होइन, दोस्रो कार्यकालका लागि आएका जनप्रतिनिधिले नीतिगत रूपमा व्यवस्था भएबमोजिम बजेट निर्माण प्रक्रिया नअपनाएको पाइएको छ । नरहरिनाथ मात्रै होइन, कर्णालीका अधिकांश स्थानीय तहले बजेट निर्माणको प्रक्रिया पूरा गरेको देखिँदैन । पालिकाले वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गर्दा सार्वजनिक वित्त व्यवस्थापनका विधि नअपनाएर आफूखुसी आयको प्रक्षेपण तथा वितरणको खाका बनाउने गरेको महालेखाले जनाएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता काम फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ । बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

पालिकाले ऐनबमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएता पनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराएको छैन । यस विषयमा कानुनमा अनिवार्य व्यवस्था भए पनि विविध प्राविधिक कारणले प्रक्रिया पुऱ्याउन नसकिएको नरहरिनाथ गाउँपालिकाका अध्यक्ष विष्टले स्वीकार गरे । 'कानुनमा अनिवार्य त गरेको छ, हामीकहाँ बजेट निर्माणका क्रममा केही प्राविधि समस्या देखा पर्दा समयमै बजेटको सीमा निर्धारण हुन सकेन,' उनले भने, 'यसले गर्दा हामीले विषयगत समिति र वडा समितिलाई बजेट सीमा पठाउन नसकेको अवस्था हो । आउँदा बजेटमा हामीले यी सबै प्रक्रिया पूरा गरेर अगाडि बढ्छौँ ।' यस्तै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम आवधिक योजना, मध्यमकालीन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकीकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकीकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । यस्तै, पालिकाका पदाधिकारीले सुविधाका नाममा नियम विपरीत व्यक्तिगत लाभसमेत लिएका छन् । कर्णालीमा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन- २०७५ को व्यवस्था गरेको छ ।

उक्त ऐनअनुसार स्थानीय तहका पदाधिकारीलाई टेलिफोन तथा मोबाइल, पुस्तक, पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा, मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत् तथा सरसफाइ खर्च दिने व्यवस्था गरेको छ । तर, पदाधिकारीले कानुनमा तोकेभन्दा दोब्बर सेवा सुविधा लिएका छन् । उक्त व्यवस्था अनुसार कार्यालयले स्थानीय

तहका पदाधिकारीलाई २०७९-८० मा टेलिफोन तथा मोबाइलमा खर्च ८ लाख २८ हजार, पुस्तक तथा पत्रपत्रिका र इन्टरनेटमा ६ लाख ४८ हजार, अतिथि सत्कारमा ९ लाख ७२ हजार, खानेपानी र सरसफाइमा ४ लाख ३२ हजार, विद्युत् तथा ऊर्जा खर्चमा ४ लाख ४४ हजार नियमविपरीत बढी भुक्तानी लिएका छन् ।

यस्तै, अनुगमन खर्च २३ लाख हजार तथा चाडपर्व खर्चमा ७ सात लाख ५० हजार गरी जम्मा ६३ लाख ३३ हजार रूपैयाँ बिल भरपाइ नराखी एकमुष्ट मासिक रूपमा भुक्तानी दिने गरेकाले उद्देश्यअनुरूप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन नै नगरी पदाधिकारीले खर्च गरेका छन् । प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापनको पाटोलाई व्यवस्थित गर्न संघीय सरकारले स्पष्ट विधि प्रक्रिया तथा कानुनी व्यवस्था गरेको भए पनि यसको अभ्यास नगरिनु सुशासनको बर्खिलाप भएको सुशासनका क्षेत्रमा लामो समय काम गर्दै आएका सुशासन विज्ञ सरोज आचार्य बताउँछन् । सरकारले प्रदेश तथा स्थानीय तहमा आर्थिक कारोबारलाई चुस्त राख्न सार्वजनिक वित्त व्यवस्थान सम्बन्धी रणनीति लागू गरेको छ । जसअनुसार बेला-बेलामा प्रदेश तथा स्थानीय तहका विभिन्न आर्थिक सूचकमा मूल्यांकनसमेत संघीय सरकारले गर्दै आएको छ । यसका अलवा संघीय सरकारले सार्वजनिक वित्त व्यवस्थापन सुधारको पाटोलाई बृहत् बनाएको भए पनि प्रदेश तथा स्थानीय तहमा यसको असल अभ्यास अझै नभएकाले सरकारले यसमा बढी ध्यान दिनुपर्ने सुशासन विज्ञ आचार्य बताउँछन् । कर्णालीमा आर्थिक उत्तरदायित्वको आधारमा अनुदान बाँडफाँटको नीति नबनेकाले यसको अभ्यास अझै भइनसकेको आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव दीर्घबहादुर पोखरेल बताउँछन् । प्रदेशबाट स्थानीय तहमा स्रोतको बाँडफाँट गर्दा विभिन्न कार्यक्रम र निर्देशिकाअनुरूप वित्तीय हस्तान्तरणअन्तर्गत समपूरक र विशेष अनुदान जान्छ । जसका लागि समपूरक र विशेष अनुदानका लागि छुट्टै सूचना जारी हुन्छ । फरक-फरक कार्यक्रम र निर्देशिकाअनुसार पालिकाहरूले योजना माग गरेपछि समानुपातिक वितरणका आधारमा अनुदान बाँडफाँट हुने गर्छ । तर, अघिल्लो आर्थिक वर्षको आर्थिक उत्तरदायित्व बहन नगरेका आधारमा पालिकालाई दण्डित गर्ने प्रावधान अझैसम्म पनि कर्णालीमा बनिनसकेको पोखरेलले बताए । 'हामीले उनीहरूको माग, हाम्रो कार्यक्रम र निर्देशिककाबमोजिम बजेट उपलब्ध गराउने हो,' उनले भने, ' अहिले हामी कहाँ वित्तीय उत्तरदायी ऐन बनिसकेको अवस्था छैन, जसले आर्थिक उत्तरदायित्व पूरा नगर्ने पालिकालाई दण्डित गर्ने संयन्त्र हामीकहाँ छैन ।'

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐनको मस्यौदा तयार भएको तर, संसदमा पेस हुन बाँकी रहेको उनले बताए । यो ऐन बने मात्रै वित्तीय उत्तरदायित्व पूरा नगर्ने पालिकालाई दण्डित गर्ने वा अनुदान कटौतीको नीति लिने मन्त्रालयले जनाएको छ ।

# कर्णालीका स्थानीय तह  वित्तीय सुशासनमा फेल,
# संघले दिने अनुदान रकम नपाउने






ओम शाही

आइतबार, फागुन १३, २०८० । स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा कर्णालीका अधिकांश स्थानीय तह फेल भएका छन् । आर्थिक वर्ष २०७९/०८० मा कर्णालीका ७९ पालिकामध्ये संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको नतिजामा ७४ पालिकाले तोकिएका आर्थिक तथा प्रशासनिक सूचकहरु पूरा गर्न सकेका छैनन् । चार पालिकाको नतिजा हालसम्म सार्वजनिक नै भएको छैन । मन्त्रालयले बर्सेनि स्थानीय तहहरूको मूल्यांकन गरी त्यसैको आधारमा उनीहरूले पेस गरेको योजनामा बजेट पठाउँदै आएको छ । सोही मूल्यांकनको क्रममा धेरै पालिका तोकिएका सूचकहरूमा असफल देखिएका हुन् । सरकारले प्रदेशतथा स्थानीय तहमा आर्थिक कारोबारलाई चुस्त राख्न सार्वजनिक वित्त व्यवस्थानसम्बन्धी रणनीति लागू गरेको छ । जसअनुसार बेला–बेलामा प्रदेश तथा स्थानीय तहका विभिन्न आर्थिक सूचकमा मूल्यांकनसमेत संघीय सरकारले गर्दै आएको छ ।

यसका अलावा संघीय सरकारले सार्वजनिक वित्त व्यवस्थापन सुधारको पाटोलाई बृहत् बनाएको भएपनि कर्णालीका स्थानीय तहमा यसको असल अभ्यास अझै हुन नसकेको मन्त्रालयले सार्वजनिक गरेको नतिजाले देखाएको छ । मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनका लागि ५ वटा सूचकहरु तोकेको छ । जसमा योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा २१, कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा २९, लेखाङ्कन तथा प्रतिवेदन १७, अनुगमन, मूल्यांकन तथा लेखापरीक्षण १६ र राजस्व व्यवस्थापन १७ गरी कुल १०० नम्बर दिने गरेको छ । पालिकाले यी सूचकहरु अनिवार्य लागू गरेको हुनु पर्दछ । हालसम्म यी सूचकहरूमा कर्णालीका १० पालिकाले मात्रै तोकेको बुँदामा उच्चतम नतिजा ९७ नम्बर पाउँदा १० पालिकाले भने मूल्यांकनमा ६० नम्बर पनि कटाउन सकेका छैनन् । मूल्याङ्कन अङ्कमा अधिकतम् नम्बर पनि यिनै पालिकाले ल्याएका छन् ।

कपुरकोट पहिलो, चौकुने सबैभन्दा कमजोर

गत आर्थिक वर्ष २०७९/०८० मा सल्यानको कोकपुरकोट गाउँपालिकाले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा ९७ नम्बर प्राप्त गरेर पहिलो बनेको छ । यस्तै, दैलेखको भगवतीमाई गाउँपालिकाले ९५ नम्बर प्राप्त गरी दोस्रो बन्दा रूकुम पश्चिमको चौरजहारी नगरपालिकाले ९२ नम्बर प्राप्त गरेको छ ।

दैलेखको महाबु गाउँपालिकाले ९१ दशमलव ५, हुम्लाको सर्केगाड गाउँपालिका र डोल्पाको शे फोक्सुण्डो गाउँपालिकाले समान ९१ अंक प्राप्त गरेका छन् । यस्तै, रूकुम पश्चिमको त्रिवेणी गाउँपालिका र हुम्लाको अदानचुली गाउँपालिकाले पनि समान ९० दशमलव ५ अंक प्राप्त गरेका छन् । दैलेखको डुङ्गेश्वर गाउँपालिकाले ९० अंक प्राप्त गर्दा सल्यानको दार्मा गाउँपालिकाले मूल्यांकनमा ८९ अंक प्राप्त गरेको मन्त्रालयले जनाएको छ । यी पालिकाले योजना, बजेट तथा कार्यक्रम व्यवस्थाप, लेखाङ्कन तथा प्रतिवेदन, अनुगमन, मूल्यांक तथा लेखापरीक्षण लगायत वित्तीय गतिविधमा सूचकमा तोकिएको नम्बर प्राप्त गर्दा केही पालिकाले भने ५० अंक पनि प्राप्त गर्न सकेका छैनन् । जसमा सुर्खेतको चौकुने गाउँपालिकाले ३५ दशमलव ५ अंक प्राप्त गरी न्यूनतम नतिजा प्राप्त गरेको छ । यस्तै, डोल्पाको मुड्केचुला गाउँपालिकाले ४५, दैलेखको भैरवीगाउँपालिका ५३, जुम्लाको चन्दननाथ नगरपालिका ५४, हुम्लाको नाम्खा गाउँपालिका ५६, कालीकोटकोटको पलाता गाउँपालिका ५९, सुर्खेतको सिम्ता र कालीकोटको शुभकालिका गाउँपालिकाले समान ५९ दशमलव ५ अंक प्राप्त गरेका छन् ।

मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन मूल्यांकन, स्थानीय आर्थिक मूल्यांकन र स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणालीमा स्थानीय तहहरूले गरेका कामका अधारमा मात्रै विशेष अनुदान बजेट पठाउँदै आएको छ । चालु आर्थिक वर्षमा ८७ करोड बजेट वितरण गर्ने मन्त्रालयको योजना छ । तर, फेल भएका स्थानीय तहलाई बजेट नपठाइने मन्त्रालयका प्रवक्ता एवं सहसचिव कमलप्रसाद भट्टराईले जानकारी दिए । उनले भने, 'बेरूजु ५ प्रतिशतभन्दा कम र बजेट असार मसान्तभित्र पास भएका पालिका मात्रै पास भएका छन्, बाँकी फेल भएका छन् । अब पास भएका पालिकाहरूमा मात्रै बजेट पठाउँछौं ।'

सहसचिव भट्टराईका अनुसार धेरै जसो पालिकाको बेरूजु ५ प्रतिशतभन्दा बढी छ । 'अहिले पनि महालेखापरीक्षकको कार्यालयको टोलीले स्थानीय तहको बेरूजु हेरिरहेको छ, धेरै पालिकामा बेरूजु देखिएको रिपोर्ट हामीले पाएका छौं,' उनले भने, 'पुराना प्रमुख प्रशासकीय अधिकृतले बेरूजु राखेर गएको र नयाँ जाँदा चेक बनाउन नमानेपछि बेरूजु देखिएको छ ।'

रणनीतिले सफल, बेरूजुले कमजोर

सरकारले सार्वजनिक वित्त व्यवस्थापनका लागि अवलम्बन गरेको रणनीतिअनुसार मन्त्रालयले तोकेका सूचकहरु पूरा गर्नेतर्फ पालिकाले विशेष योजनासहित काम गर्दै आएको कपुरकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतकुमार वली बताउँछन् । 'स्थानीय तहहरु विधिवतरूपमा चलेका छन् या छैनन् भनेर मापन गर्न बनाइएका आधारहरु हामीले अधिकतम पूरा गर्ने प्रयास गरेका छौं, योजना कार्यान्वयन क्षमता र राजस्व व्यवस्थापनमा केही समस्या छ,' वलीले भने, 'यी आधारहरु पनि आगामी दिनहरूमा पूरा गर्नेगरी वित्तीय सुशासनको पाटोलाई सबल बनाउँदै लगेका छौं ।' मन्त्रालयले तोकेका सूचकहरु पूरा नगर्ने पालिकामा जाने कार्यसम्पादनमा आधारित अनुदानमा फरक पर्ने प्रमुख प्रशासकीय अधिकृत वलीले बताए । सो अनुदानमा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन, स्थानीय तह संस्थागत स्वमूल्यांकन लगायतका आधारमा पाउने अनुदानमा घटबढ हुने उनको भनाइ छ । उनका अनुसार मन्त्रालयले तोकेका सूचक पूरा गर्ने पालिकालाई सरकारले नविनतम् नवप्रवर्द्धनका लागि आर्थिक विकास कार्यक्रमअन्तर्गत विशेष अनुदान प्राप्त हुन्छ भने, सूचक पूरा नगर्ने पालिकाहरु यो कार्यक्रममा सहभागी हुन पाउँदैनन् । यस्तो अनुदान पालिकाले प्रस्तुत गर्ने बजेटका आधारमा वितरण हुने उनले बताए ।

यस्तै, मूल्यांकनमा पुछारमा परेको सुर्खेतको चौकुने गाउँपालिकामा बेरूजु तथा पुराना योजना कार्यान्वयनको अवस्था कमजोर हुनुले कमजोर देखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन आचार्यले बताए । आफू भर्खरै आएकाले यस विषयमा सुक्ष्म अध्ययन गरिरहेको उनले बताए । 'यहाँ धेरै समस्या छन्, पुराना योजनाहरु अलपत्र अवस्थामा छन्, बेरूजुको चाङ छ,' आचार्यले भने, 'लामो समय निमित्तको भरमा चल्दा आर्थिक अनियमितता पनि देखिन्छ, जसले मूल्यांकनमा अंक कम देखिएको हो ।'

चालु आर्थिक वर्ष २०८०/०८१ मा वित्तीय उत्तरदायित्व र कार्यसम्पादनमा सुधार गर्ने प्रयास गरिरहेको उनले बताए । 'यस वर्षदेखि समयमै योजनाहरु सम्पन्न गर्ने, आर्थिक पारदर्शिताको पाटो सुधार योजना बनाएका छौं,' उनले भने, 'प्रभावकारी योजना कार्यान्वयन, जवाफदेहिता र उत्तरदायित्वको सवालमा सार्वजनिक सुनुवाइ नभएको अवस्था थियो, म आएदेखि यसलाई व्यवस्थित गर्दै पालिका अघि बढिरहेको छ ।'

# माल पाएर चाल नपाएको कर्णाली सरकारः
# जनता विकासको पर्खाइमा, पैसाजति थैलीमै






ओम शाही

बिहीबार, चैत १५, २०८० । कर्णाली प्रदेशको विकास बजेट खर्चको अवस्था चालु आर्थिक वर्षको आठ महिना बित्दासमेत सुि□न सकेको छैन । चालु आर्थिक वर्षको आठ महिना सकिँदासम्म प्रदेश सरकारले १५ प्रतिशत विकास बजेट पनि खर्च गर्न सकेको छैन । प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेतका अनुसार फागुनसम्म औसत विकास खर्च १२ दशमलव ६४ प्रतिशत मात्रै भएको छ । समयमै विकास बजेट खर्च नगर्ने र हतारहतारमा असारे विकास गरी अन्तिममा भुक्तानी गर्ने प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पाउने देखिन्छ । विकास बजेट मात्र होइन, प्रदेश सरकारको समग्र खर्च अवस्था नै कमजोर छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आठ महिनामा कुल बजेट ३३ अर्ब ३७ करोड रूपैयाँको १९ दशमलव ३१ प्रतिशत मात्रै बजेट खर्च भएको छ, जसमा पुँजीगततर्फ विनियोजित १९ अर्ब ५७ करोड रूपैयाँमध्ये २ अर्ब ४७ करोड रूपैयाँ मात्रै खर्च भएको छ । त्यस्तै, चालुतर्फ विनियोजित १३ अर्ब ८० करोड रूपैयाँमध्ये ३ अर्ब ९७ करोड रूपैयाँ अर्थात् २८ दशमलव ७७ प्रतिशत बजेट खर्च भएको छ ।

सम्बन्धित मन्त्रालय तथा मातहतका कार्यालयमा प्राविधिक जनशक्ति अभावले पनि विकास खर्च लक्ष्यअनुसार हुन नसकेको विज्ञहरु बताउँछन् । कर्णालीमा हरेक वर्ष अध्ययनबिना बजेट विनियोजन गर्दा पुँजीगततर्फ कम बजेट खर्च हुने गरेको छ । असारे विकासको मानसिकतासँगै आयोजनाउपर आवश्यक अध्ययन नभई बजेट छुट्याउने र खर्च गर्ने, ठूला प्रकृतिका योजनाहरु समावेश नहुनु, टुक्रे योजनामा बढी बजेट राख्ने प्रवृत्तिले पनि कर्णालीमा पुँजीगत खर्च कम हुने गरेको छ । अर्कोतर्फ पहुँचका आधारमा हालिएका योजना स्थानीयस्तरमा कार्यान्वयन गर्ने वातावरण पनि बिग्रँदै गएको छ ।

### यस्तो छ मन्त्रालयगत खर्चको अवस्था

कर्णाली सरकारका आठवटा मन्त्रालयमध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयले सबैभन्दा बढी खर्च गरेको छ । मन्त्रालयको कुल १९ करोड ३८ लाख रूपैयाँ बजेटमा आठ महिनाको अवधिमा ३९ दशमलव ५९ प्रतिशत खर्च भएको छ, जसमध्ये पुँजीगततर्फ ३४ दशमलव २७ प्रतिशत र चालुतर्फ ४० दशमलव १८ प्रतिशत खर्च भएको छ । यस्तै, धेरै बजेट खर्च गर्नेमा सामाजिक विकास मन्त्रालय दोस्रो स्थानमा छ । उक्त मन्त्रालयले चालु आर्थिक वर्षका लागि पाएको कुल ६ अर्ब ३५ करोड रूपैयाँ बजेटमध्ये ३२ दशमलव ३९ प्रतिशत रकम खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । जसमध्ये पुँजीगततर्फ २४ दशलमव ६२ र चालुतर्फ ३९ दशमलव २५ प्रतिशत रकम खर्च भएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आठ महिनाको अवधिमा २६ दशमलव ३९ प्रतिशत खर्च गरेको छ । यस मन्त्रालयका लागि चालु आर्थिक वर्षमा ३८ करोड ५८ लाख रूपैयाँ विनियोजन भएकोमा पुँजीगततर्फ १० प्रतिशत र चालुतर्फ ३१ दशमलव १४ प्रतिशत बजेट खर्च गरेको छ । सबैभन्दा कम बजेट खर्च गर्नेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । कार्यालयका लागि चालु आर्थिक वर्षमा १ अर्ब ८७ करोड ७० लाख रूपैयाँ विनियोजन भएकोमा समीक्षा अवधिसम्म ८ दशमलव ४० प्रतिशत मात्रै खर्च गरेको छ, जसमा पुँजीगततर्फ ३ दशमलव ६६ र चालुतर्फ १९ दशमलव ११ प्रतिशत खर्च भएको छ ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि चालु आर्थिक वर्षमा २ अर्ब १४ करोड रूपैयाँ विनियोजन भएकोमा हालसम्म १९ दशमलव २५ प्रतिशत खर्च गरेको छ, जसमा पुँजीगततर्फ ११ दशमलव ४१ र चालुतर्फ २२ दशमलव ४३ प्रतिशत रकम खर्च भएको हो । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २ अर्ब १४ करोड रूपैयाँ बजेट पाएकोमा आठ महिनाको अवधिमा २२ दशमलव १५ प्रतिशत मात्रै खर्च गरेको छ, जसमा पुँजीगततर्फ ९ दशमलव ७० र चालुतर्फ ३७ दशमलव ८७ प्रतिशत रकमखर्च भएको छ । सबैभन्दा धेरै बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले आठ महिनाको अवधिमा कुल बजेटको १२ दशमलव ८ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । चालु आर्थिक वर्षका लागि यस मन्त्रालयलाई १० अर्ब ८ करोड ४७ लाख रूपैयाँ विनियोजन भएको थियो । यो मन्त्रालयले पुँजीगततर्फ ११ दशमलव २३ प्रतिशत र चालुतर्फ ४१ दशमलव ७४ प्रतिशत बजेट खर्च गरेको छ । त्यस्तै, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले ३ अर्ब ५३ करोड ९७ लाख रूपैयाँ ३८ हजार रूपैयाँ बजेट पाएकोमा १४ दशमलव ९७ प्रतिशत मात्रै खर्च गरेको छ ।

### छ वर्ष बित्दा पनि अवस्था उस्तै

प्रदेश सरकार स्थापना भएको ६ वर्षमा छवटा बजेट कार्यान्वयन भएका छन् । तर, प्रदेश सरकारले प्रस्तुत गरेका ६ आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था निकै कमजोर छ । आर्थिक वर्ष २०७४/०७५ देखि गत आर्थिक वर्ष २०७९/०८० सम्मकै बजेट कार्यान्वयनको अवस्था कमजोर देखिन्छ । तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/०७५ मा कुल बजेट १ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमा सात करोड ५७ लाख ५२ हजार ३ सय चार रूपैयाँ मात्र खर्च भएको थियो । त्यो कुल बजेटको ७ प्रतिशत मात्रै हो । त्यस्तै, आर्थिक वर्ष २०७५/०७६ मा कुल बजेट २८ अर्ब २८ करोड २८ लाख रूपैयाँमध्ये ९ अर्ब ९५ करोड ३३ लाख मात्रै खर्च भएको थियो । आव २०७६/७७ मा करिब ३६ अर्बभन्दा बढीको बजेट विनियोजन गरेको कर्णाली सरकारले कोरोना महामारीका कारण ४८ प्रतिशत मात्रै बजेट खर्च गर्न सक्यो । आव २०७७/०७८ मा ३३ अर्ब ७४ करोड रूपैयाँ बजेट विनियोजन भएकोमा ६५ दशमलव ५२ प्रतिशत बजेट खर्च भएको थियो । त्यस्तै, आव २०७८/७९ मा ३८ अर्ब ४७ करोड ४२ लाख बजेट विनियोजन भएकोमा ६२ दशमलव ३७ प्रतिशत मात्रै रकम खर्च भएको थियो । गत आव २०७९/८० मा ३२ अर्ब ९७ करोड १९ लाख रूपैयाँ विनियोजन भएकोमा ६७ दशमलव ८९ प्रतिशत रकम खर्च गरेको थियो ।

बजेट कम खर्च हुन थालेपछि गतवर्ष माघ १७ गते कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माले सरकारको वर्तमान भौतिक, वित्तीय प्रगति र राजस्व आम्दानीको अवस्था दयनीय भएकाले लक्ष्यअनुसार प्रगति हासिल गर्न चुनौती रहेको उल्लेख गर्दै यसको सामना गर्न सरकारका सचिवहरूलाई ६१ बुँदे निर्देशन दिएका थिए । मुख्यमन्त्री शर्माको त्यो निर्देशनले कर्णाली सरकारको वित्तीय प्रगति लयमा आउने आकलन गरिएको थियो । तर, मुख्यमन्त्री नियुक्त भएको एक वर्षभन्दा बढी भइसक्दासमेत निर्देशनले काम गरेको छैन ।

किन खर्च हुँदैन विकास बजेट ?

कर्णाली प्रदेशमा विकास बजेट खर्चको अवस्था बाहिर भनिएजस्तो निराशाजनक नरहे पनि यसमा समस्या भने रहेको बताउँछन् भौतिक पूर्वाधार तथा शहरी विकासमन्त्री मंगलबहादुर शाही । अघिल्ला आर्थिक वर्षको तुलनामा आफू जिम्मेवारीमा आएसँगै प्रदेश सरकारको विकास बजेट कार्यान्वयनको पाटो सुधँदै गएको उनको दाबी छ । कर्णालीमा बजेट खर्च नहुनुको पहिलो कारण भौगोलिक अवस्था देख्छन्, मन्त्री शाही । कर्णाली आफैँमा भौगोलिक अवस्थाले विकट हुनु, यातायातको वैकल्पिक व्यवस्थाको अभावले स्रोत र साधनलाई तत्काल परिचालन गर्न सक्ने अवस्था नहुनुले विकास बजेटमा असर पारेको उनी बताउँछन् । बजेट खर्च नहुनुमा जनशक्ति अभाव दोस्रो कारण रहेको उनको बुझाइ छ । 'हामीकहाँ बजेट नै खर्च भएन भन्ने त होइन । यसमा विविध

कारणहरु छन् । पहिलो भनेको कर्णाली आफैँमा भौगोलिक हिसाबले विकट छ, जसले साधन स्रोतलाई सहज परिचालन गर्न नसकिएको अवस्था छ,' शाहले भने, 'अर्को कारण हामीसँग जनस्तरको जनशक्ति हुनुपर्थ्यो, त्यो नहुनाले पनि बजेट कार्यान्वयनमा समस्या छ ।'

कर्णालीमा अझै पनि तल्लो तहमा जनशक्ति भए पनि सातौँ तहभन्दा माथिका दरबन्दीमा जनशक्ति अभाव रहेको शाहीले बताए । गत वर्ष प्रदेश लोक सेवा आयोगले पाँचौँ तहका लागि दरबन्दी पूर्ति गरे पनि अधिकृतस्तरको जनशक्तिको अभावका बीच काम गर्नुपरेको उनले बताए । यस्तै, बजेट खर्च नहुनुको तेस्रो कारण कानुनी अधिकार प्रत्यायोजन रहेको शाहीको बुझाइ छ । प्रदेश सरकारले अगाडि सार्ने योजनाहरुमा संघीय कानुनी प्रक्रिया पूरा गर्न समय लाग्ने भएकाले ती आयोजनामा विनियोजन भएको बजेट खर्च नहुँदा तथ्यांकमा कम देखिने उनले बताए । ठूला प्रकृतिका अयोजना अगाडि बढाउनका लागि संघीय सरकारबाट रूख कटानको अनुमति लिनुपर्ने, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्नुपर्नेलगायतका प्रक्रियामा समय लाग्दा अपेक्षित विकास बजेटको खर्च अनुपात बढ्न नसकेको शाहीको भनाइ छ । संघले प्रदेशलाई चाहिने आवश्यक कानुनहरु निर्माण नगरिदिने, भएका कानुनको पनि प्रयोगको अनुमति नदिने संघ सरकारको प्रवृत्तिले थप समस्या भएको उनको बुझाइ छ । यस्तै, जथाभावी योजनामा रकमान्तर गर्ने तथा ठेकेदारहरुको लापर्वाहीले पनि विकास बजेट खर्चमा समस्या रहेको शाही बताउँछन् । मन्त्री शाहीका अनुसार कर्णाली ६० प्रतिशतभन्दा धेरै ठेकेदारको लापर्वाहीले पूर्वाधारका काम अलपत्र परेका छन् । संघीयता लागू भएको केही वर्षसम्म यसलाई आवश्यक पर्ने नीति, कानुन, जनशक्ति तथा कार्यालय व्यवस्थापनलगायतका कामहरु पूरा भएको भन्दै आगामी दिनहरुमा विकास बजेट कार्यान्वयनमा देखिएका चुनौतीको सामना गर्दै विकास बजेट कार्यान्वयनको पाटोलाई बलियो बनाउने गरी प्रदेश सरकार लागिपरेको शाहीको दाबी छ ।

# वित्त व्यवस्थापनमा अब्बल बन्दै कर्णाली






ओम शाही

सुर्खेत, जेठ ९, २०८१ । कर्णाली प्रदेश सरकारले प्रदेश तथा स्थानीय सरकारको काम कारबाही चुस्त, दुरूस्त तथा प्रभावकारी बनाउन २२ वटा कानुनी मस्यौदा निर्माण तथा अद्यावधिक गरेको छ । प्रदेश स्थापना भएको सात वर्षको अवधिमा प्रदेश तथा स्थानीय सरकारका ३० वटा क्षमता विकास योजना निर्माण भई वार्षिक नीति तथा कार्यक्रममार्फत कार्यान्वयनमा आएको प्रदेश सरकारले जनाएको छ । यस्तै, १० वटा स्थानीय तहको आवधिक योजना र ३२ वटा राजस्व सुधार कार्ययोजना निर्माण भई नीति निर्माणको तहमा सहयोग पुगेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहतमा रहेर सुशासन प्रबलीकरणका क्षेत्रमा काम गर्दै आएको प्रदेश तथा स्थानीय शासन सञ्चालन सहयोग कार्यक्रम (पीएलजीएसपी) को प्रगति प्रतिवेदनमा उल्लेख छ । यद्यपि यो कार्यक्रमको पुनर्संरचना भई हाल कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बनाइएको छ । प्रदेश तथा स्थानीय सरकारलाई संविधान तथा क्षेत्रगत कानुनले तोकेका कार्यहरु प्रभावकारी रूपमा सम्पादन गर्न प्रदेश तथा स्थानीय तहको कार्यक्षमता अभिवृद्धि गरी सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सघाउने उद्देश्यले सञ्चालित पीएलजीएसपी कार्यक्रम अर्थात् प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत सरकारले वित्तीय सुशासन सुधारमा प्रगति हासिल गरेको दाबी गर्दै आएको छ ।

## यस्ता छन् प्रयास

प्रदेश सरकारले यस अवधिमा सार्वजनिक वित्त व्यवस्थापनको पाटोलाई पारदर्शी र व्यवस्थित गर्न वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि २०७९ निर्माण गरी कार्यान्वयनमा ल्याएको

जनाएको छ । जसअन्तर्गत रहेर छवटा मन्त्रालयले वित्तीय जोखिम मूल्याङ्कन सम्पन्न गरेका छन् भने प्रदेशका ७९ वटै स्थानीय तहहरूले आफ्ना संस्थागत स्वमूल्यांकन तथा वित्तीय जोखिम मूल्याङ्कनको नतिजा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइटमा सार्वजनिक गर्ने परिपाटी अवलम्बन गरेको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक विष्णुप्रसाद कोइराला बताउँछन् । यस्तै, प्रदेशको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि २०७९ पारित भई कार्यान्वयनमा आएको छ । सो कार्यविधिमा रहेर दुई मन्त्रालयहरूले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याएका छन् । कर्णालीका सबै स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई मध्यमकालीन खर्च संरचना निर्माणमा सहयोग गर्न कार्यशाला गोष्ठी सम्पन्न भएका छन् । बेरूजु न्यूनीकरणसम्बन्धी कानुनी व्यवस्था तथा बेरूजु व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गरी सोसम्बन्धी प्रदेशस्तरका सबै मन्त्रालय तथा मातहतका कार्यालयहरूका कर्मचारीलाई तालिम प्रदान गरिएको निर्देशक कोइरालाले बताए । हालसम्मको बेरूजुको अभिलेखीकरण सम्पन्नसमेत भइसकेको उनले जानकारी दिए ।

प्रदेश तथा सबै स्थानीय तहहरूले सूत्रमा आधारित प्रणाली सञ्चालनमा ल्याएका छन् । प्रदेशमातहतका कार्यालयहरूका खरिदसँग सम्बन्धित कर्मचारीलाई सार्वजनिक खरिद व्यवस्थापनसम्बन्धी क्षमता विकास भई बेरूजु न्यूनीकरणको कार्ययोजना तयार भएको छ भने, प्रदेश राजस्व सुधार योजना निर्माण भई कार्यान्वयनमा आएको निर्देशक कोइरालाले बताए ।

## विद्युतीय शासन प्रणालीमा क्रमिक सुधार

यस अवधिमा प्रदेश सरकारले विद्युतीय शासन प्रणालीमा क्रमिक सुधार हुँदै गएको जनाएको छ, जसमा प्रदेश तहमा वार्षिक बजेट अनुगमन प्रणाली स्थापना भई कार्यान्वयनमा रहेको, गुनासो व्यवस्थापन प्रणाली, प्रदेश लोक सेवा आयोगमा अनलाइन विज्ञापन प्रणाली स्थापना, यातायात व्यवस्थापन कार्यालयमा कम्प्युटर नेटवर्क स्थापना तथा अनुगमनका लागि सीसीटीभी जडान भई कार्यान्वयनमा आएका छन् । व्यक्तिगत सूचना प्रणाली तथा लैङ्गिक हिंसा अनुगमन प्रणाली स्थापना भई कार्यान्वयनमा आएको छ । यस्तै, समृद्ध कर्णाली कार्यक्रमको ईएमआईएस तयार भई कार्यान्वयनमा आएको छ । मन्त्रालय तथा मातहतका कार्यालयहरूमा कर्मचारीहरूको विद्युतीय हाजिरी प्रणाली अनिवार्य गरिएको छ । व्यक्तिगत सूचना प्रणाली, कार्यालय स्वचालित प्रणाली, प्रदेश तथा स्थानीय तहको वेबसाइट व्यवस्थित रूपमा प्रयोगमा आएको प्रदेश सरकारले जनाएको छ ।

## के हो सार्वजनिक वित्त व्यवस्थापन ?

सरकारको आय, व्यय र ऋणको परिचालन वा प्रबन्ध गर्ने पद्धति सार्वजनिक वित्त व्यवस्थापन हो । सरकारी उद्देश्य हासिल गर्न राजस्व, खर्च र सरकारी सम्पत्ति तथा दायित्वको सही परिचालन गर्ने माध्यम पनि सार्वजनिक वित्त व्यवस्थापन हो । अर्को अर्थमा सरकारका वित्तीय गतिविधिहरूको समग्र व्यवस्थापन नै सार्वजनिक वित्त व्यवस्थापन हो । सरकारका आर्थिक गतिविधिहरूमा स्रोतको प्राप्ति, स्रोतको वितरण, उपयोग र त्यसको परीक्षण आदि विभिन्न पक्षहरु रहेका हुन्छन् । सार्वजनिक वित्त व्यवस्थापनमा सरकारले नीतिमा आधारित बजेट तर्जुमा गर्ने, स्रोत सही खर्च परिचालन गर्ने, पारदर्शी तवरले अभिलेखन, लेखाकंन र आर्थिक कारोबारको लेखापरीक्षण तथा नियन्त्रण र समयमा प्रतिवेदन पेस गर्ने कार्य गर्छ । यी सबै पक्षको समुचित व्यवस्थापनले एकातर्फ साधन स्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता गर्दछ भने अर्कोतर्फ उत्तरदायित्व, पारदर्शिता, समग्र वित्तीय अनुशासनजस्ता पक्षहरूको उपस्थितिले सुशासन अभिवृद्धिमा सहयोग पुऱ्याउँछ ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पीएलजीएसपी) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम संघ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम यसको अवधारणामा एक नितान्त नवीनतम कार्यक्रम हो । यस कार्यक्रमले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासनसम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यका लागि साझा संरचना प्रदान गर्छ । यसका साथै अन्य विकास साझेदारहरूबाट प्राप्त अनुदान कार्यक्रमहरूको समायोजन गर्छ । सङ्घीय संरचनामा नागरिकहरूको नजिकमा रहेका प्रदेश र स्थानीय सरकारको भूमिका राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासकीय पद्धति विकासको हिसाबले महत्वपूर्ण रहेको छ । समृद्ध नेपालको अपेक्षाअनुसार नागरिकहरूलाई विकासको प्रतिफल छिटोछरितो, कार्यकुशल तथा दिगो बनाउनुपर्ने दायित्व पनि यी दुवै सरकारको काँधमाथि रहेको देखिन्छ । नेपालको संविधानको अनुसूचि ८ र ९ ले स्थानीय तहको एकल तथा साझा अधिकारको कार्यसूची उल्लेख गरेको छ । यस संवैधानिक प्रावधानअनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाहरूले गर्नुपर्ने विस्तृत कार्य जिम्मेवारीहरु उल्लेख गरिएको छ । साथै, संविधानमा नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहलाई खर्च आवश्यकताका आधारमा वित्तीय समानीकरण र राजस्व बाँडफाँट गर्नुपर्ने हुन्छ ।

# स्वमूल्यांकनमा सबल छैनन् कर्णालीका अधिकांश स्थानीय तह






**ओम शाही**

सुर्खेत, भदौ २५, २०८१ । संघीय सरकारले स्थानीय सरकारबीच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि जारी गरेको छ । यसको प्रमुख उद्देश्य नै प्रत्येक स्थानीय तहको सुधारात्मक पक्षको पहिचान गर्दै समग्र सेवा प्रवाह प्रक्रियालाई जवाफदेही, पारदर्शी र उत्तरदायी बनाउँदै सुशासनलाई अनुभूति गराउनु हो । तर, कर्णालीका अधिकांश पालिकाहरु भने आफ्नो आन्तरिक स्वमूल्यांकनमा असफल देखिएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालै सार्वजनिक गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) नतिजामा कर्णाली प्रदेशका १३ स्थानीय तहले मात्रै ८० अंक कटाएको पाइएको छ । ७९ पालिकामध्ये केही पालिकाले ५० अंक पनि कटाउन सकेका छैनन् । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनका १० वटा विषय क्षेत्रमध्ये संस्थागत स्वमूल्यांकनमा एक सय अंक प्राप्त गर्नुपर्ने हुन्छ । कर्णालीका ७९ स्थानीय तहमध्ये संस्थागत स्वमूल्यांकनमा ८० अंक कटाउनेमा पहिलो नम्बरमा परेको छ, जाजरकोटको नलगाड नगरपालिका । कर्णालीका २५ नगरपालिका र ५४ गाउँपालिकालाई उछिनेर नलगाडले ८८ अंक ल्याएर पहिलो बनेको हो । यस्तै, स्वमूल्यांकनमा ८० अंक पार गर्ने पालिकाहरूमा दैलेखको डुंगेश्वर गाउँपालिकाले ८५ दशमलव ५०, दुल्लु नगरपालिकाले ८५ दशमलव ५०, भगवतीमाई गाउँपालिकाले ८५ दशमलव ५० र सुर्खेतको गुर्भाकोट नगरपालिकाले ८५ अंक ल्याएका छन् । जुम्लाको कनका सुन्दरी गाउँपालिकाले ८४ दशमलव ५०, कालीकोटको नरहरिनाथ गाउँपालिकाले

८३ दशमलव २५, तिलगुफा नगरपालिकाले ८३ र डोल्पाको काइके गाउँपालिकाले ८३ दशमलव २५ अंक ल्याएका छन् ।

यस्तै, रूकुम पश्चिमको त्रिवेणी गाउँपालिकाले ८२ दशमलव ५०, डोल्पाको शे-फोक्सुन्डो गाउँपालिकाले ८१ दशमलव ७५, रूकुम पश्चिमको चौरजहारी नगरपालिकाले ८० दशमलव ५० र जुम्लाको हिमा गाउँपालिकाले ८० दशमलव ५० अंक प्राप्त गरेर संस्थागत स्वमूल्यांकनमा सन्तोषजनक प्रगति हासिल गरेका हुन् । स्थानीय तहले निश्चित मापदण्डका आधारमा गरेको स्वमूल्यांकनलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तिम गुणस्तर परीक्षणपछि नतिजा सार्वजनिक गरेको थियो । स्थानीय सरकार सञ्चालन ऐनको मर्म तथा भावना अनुरूप स्थानीय तहको समग्र कार्य सञ्चालन अवस्थाको विश्लेषणका लागि ऐनको दफा ८० बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७' जारी गरेको छ । त्यसैअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक २०७९-८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजामा सार्वजनिक गरेको हो ।

## पाँच पालिकाले कटाउनै सकेनन् न्यूनतम ५० अंक

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको देशभरका स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) मा ८४ स्थानीय तहले ५० अंक पनि कटाउन नसकेको देखिएको छ । मन्त्रालयले सार्वजनिक गरेको नतिजा अनुसार जाजरकोटको कुशे गाउँपालिकाले ३९ दशमलव २५, जाजरकोटककै शिवालय गाउँपालिका ४१, दैलेखको ठाँटीकाँध गाउँपालिका ३८ दशमलव ७५, मुगुको खत्याड गाउँपालिका ४८ दशमलव २५ र सुर्खेतको चौकुने गाउँपालिकाले संस्थागत क्षमता स्वमूल्यांकनमा ४१ दशमलव २५ अंक मात्रै प्राप्त गरेको छ । कतिपय अवस्थामा संस्थागत क्षमता स्वमूल्यांकनमा कार्य सम्पन्न भएका काम प्रणालीमा इन्ट्री नहुँदा नतिजामा कम देखिने बताउँछन्, दुल्लु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलक विश्वकर्मा । कार्यसम्पन्न भएका कामको प्रमाण, कागजात नराख्ने तथा गुरुयोजना निर्माण नगरिँदा पनि आन्तरिक मूल्यांकनमा सतप्रतिशत अंक प्राप्त गर्न नसकिएको उनले बताए । अत्यावश्यक सूचकहरूको कार्यसम्पादन भने राम्रो नै हुने उनले बताए ।

मूल्यांकनको पुछारमा परेको सुर्खेतको चौकुने गाउँपालिकामा बेरूजु तथा पुराना योजना कार्यान्वयनको अवस्था कमजोर हुनुले कम अंक प्राप्त भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन आचार्यले बताए । 'यहाँ धेरै समस्या छन्, पुराना योजना अलपत्र अवस्थामा छन् । बेरूजुको चाङ छ,' आचार्यले भने, 'लामो समय निमित्तको भरमा चल्दा आर्थिक अनियमितता पनि देखिन्छ, जसले मूल्यांकनमा अंक कम देखिएको हो ।' चालु आर्थिक वर्ष २०८१-८२ मा आन्तरिक क्षमता स्वमूल्यांकनको पाटोलाई सुधार गर्ने प्रयास गरिरहेको उनले बताए ।

## कसरी निकालिन्छ नतिजा ?

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को दफा ६ को उपदफा ४ सँग सम्बन्धित अनुसूची ५ मा स्थानीय तहको स्वमूल्यांकन कार्ययोजना बमोजिमका प्रक्रिया अवलम्बन गरी स्वमूल्यांकन गर्नुपर्ने व्यवस्था छ । जस अनुसार स्थानीय तहको वार्षिक कार्यक्रममा लिजालाई पनि समावेश गरी आर्थिक वर्ष सुरूसँगै साउन महिनाभित्र लिजा सम्पर्क व्यक्ति तोकेर स्वमूल्यांकनका लागि तयारी बैठक साउन मसान्तभित्रै सम्पन्न गरी प्रमाणीकरणको आधार संकलन गरी परिच्छेद ३ बमोजिम लिजाको उद्देश्य, विधि र प्रणालीबारे कार्यपालिका र सम्बन्धित कर्मचारीलाई कात्तिक मसान्तभित्र प्रशिक्षण कार्य सम्पन्न गरिन्छ । त्यसपछि १५ मंसिरभित्र स्वमूल्यांकन प्रणालीमा आधारित भई प्रारम्भिक नतिजा तयार गरी पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृतले प्रारम्भिक नतिजा छलफलका लागि कार्यपालिका बैठकमा पेस गर्नुपर्ने हुन्छ । कार्यपालिकाबाट प्राप्त सल्लाह र पृष्ठपोषणसहित स्वमूल्यांकनको अन्तिम नतिजाको समीक्षा गर्दै सबल पक्ष र कमजोर क्षेत्रको पहिचान, गत वर्षको नतिजा तथा अन्य स्थानीय तहको नतिजासँग तुलना गरी कमजोर रहेको क्षेत्रको सुधारका लागि कार्य योजना तयार गर्नुको साथै अन्तिम स्वमूल्यांकन नतिजालाई पुस मसान्तभित्र कार्यपालिकाबाट अनुमोदन गर्नु पर्दछ । कार्यपालिकाले अनुमोदन गरेको सात दिनभित्र अन्तिम स्वमूल्यांकन नतिजालाई कार्यपालिकाको वेबसाइटमा राख्नुका साथै कार्यालयको सूचना पाटीमा प्रकाशन गर्नु पर्दछ । स्वमूल्यांकन कार्य सम्पन्न भएपछि स्वमूल्यांकनको अन्तिम नतिजा गाउँ/नगर सभामा जानकारीका लागि पेस गरेपछि स्वमूल्यांकनको प्रक्रिया पूरा हुने गर्छ ।

# अनुदानको भरमा कर्णाली प्रदेशको बजेट



**टेकराज केसी**

सुर्खेत । सङ्घीयता कार्यान्वयन भएको छ वर्ष पूरा भइसक्दा पनि कर्णाली प्रदेश आन्तरिक आम्दानी बढाउन कमजोर देखिएको छ । विगत छ वर्षमा रू दुई खर्बको बजेट ल्याएको प्रदेश सरकारले यसबीचमा रू दुई अर्ब ७९ करोड ८२ लाख मात्र आम्दानी गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

हालसम्म बजेटको एक दशमलव तीन प्रतिशत हिस्सा मात्रै आन्तरिक आम्दानीको देखिन्छ भने बाँकी सङ्घ सरकारको अनुदानमा निर्भर छ । प्रदेशमा उठेको राजस्वले सामान्य प्रशासनिक खर्चसमेत धान्न नपुग्ने प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ललित थापाले बताउनुभयो । उहाका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७४/७५ मा काम चलाउको रूपमा रू एक अर्ब २० करोडको बजेट ल्याएको थियो ।

आव २०७५/७६ मा रू २८ अर्ब २८ करोड २८ लाख २८ हजारको बजेट ल्याएको सरकारले आन्तरिक आम्दानीको लक्ष्य ५० करोड राखेकामा लक्ष्यको १४ दशमलव आठ प्रतिशत राजस्व सङ्कलन भएको सूचना अधिकारी थापाले जानकारी दिनुभयो । आव २०७६/७७ मा रू ३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार बजेट विनियोजन गरेको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा आधाले घटाएर रू २५ करोड १० लाख ४१ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि सोको ९३.४० प्रतिशत सङ्कलन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

आव २०७७/७८ सरकारले रू ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार बजेट ल्याउँदा आन्तरिक आम्दानीको लक्ष्य ३० करोड ६५ लाख ३० हजार राखेको थियो । उक्त वर्ष लक्ष्यको दोब्बरभन्दा बढी अर्थात् ६३ करोड ९४ लाख ९३ हजार रकम राजस्व सङ्कलन भएको सूचना अधिकारी थापाले जानकारी दिनुभयो ।

त्यस्तै, आव २०७८/७९ मा ६० करोड आन्तरिक आम्दानीको लक्ष्य राखेकामा रू ६६ करोड २४ लाख, आव २०७९/८० मा रू ७१ करोड २९ लाख ७४ हजार राजस्वको लक्ष्य रहँदा सोको ८० प्रतिशत सङ्कलन गरेको थियो ।

गत आर्थिक वर्ष २०८०/८१ मा रू ८३ करोड ६२ लाख १२ हजार आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको सरकारले रू ७२ करोड ५३ लाख ७४ हजार सात सय ४५ आम्दानी गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू ३१ अर्ब ४१ करोड ४१ हजारको बजेट ल्याउँदा रू ८३ करोड ४४ लाख ६५ हजार आन्तरिक राजस्व सङ्कलन हुने अनुमान गरेको छ ।

किन बढेन आन्तरिक आम्दानी ?

प्रदेश सरकारले आफ्ना आम्दानीका स्रोतहरू बढाउँदै आत्मनिर्भर हुनुपर्ने भए पनि आम्दानीका स्रोत पहिचान गर्न नसक्नुले आम्दानी बढ्न नसकेको विज्ञहरू बताउँछन् । कर्णालीमा ठूला उद्योग सञ्चालन हुन नसकेको भन्दै आफ्ना आम्दानीका क्षेत्र पहिचान गर्न नसक्दा आन्तरिक आम्दानी खुम्चिएको मध्यपश्चिम विश्वविद्यालयमा अर्थशास्त्र अध्यापन गराइरहेका उपप्राध्यापक निर्मल थापाले बताउनुभयो ।

"सरकारले आफ्नो आम्दानीको स्रोत पहिचान गरी सदुपयोग गर्न सकेन", उहाले भन्नुभयो, "सरकारले स्रोत पहिचान, सदुपयोग गरी करको दायरा बढाउनुपर्नेमा त्यसो हुन नसक्दा आम्दानी नबढेका हो ।"

कर्णालीमा पर्याप्त मात्रामा प्राकृतिक संशाधन रहेको भन्दै यसको परिचालन गर्दै उद्योगधन्दा स्थापनातर्फ ध्यान दिएर बजेट विनियोजना गर्नुपर्ने उपप्राध्यापक थापाको सुझाव छ । करको दायरा बढाउन आम्दानीका स्रोतको पहिचान गर्नुपर्ने भन्दै सोपछि आन्तरिक आम्दानी बढाउन सकिने धारणा उहाले राख्नुभयो ।

अर्थ विश्लेषक पिताम्बर ढकालले पनि आम्दानीका स्रोतहरू खोजी हुन नसकेको भन्दै प्रशस्त सम्भावना रहेको कर्णालीका प्राकृतिक स्रोतसाधन परिचालन गरी आम्दानी बढाउन सकिने धारणा राख्नुभयो । "जडीबुटीको हबका रूपमा रहेको कर्णालीमा जडीबुटी उत्पादनदेखि, प्रशोधन र औषधि उत्पादन गरेर बिक्रीवितरण गर्न सके प्रशस्त आम्दानी लिन सकिन्थ्यो, त्यसो हुन सकेको छैन", उहाले भन्नुभयो ।

सुर्खेतको पश्चिमी क्षेत्रमा चुन ढुङ्गाको सम्भावना रहेको भन्दै सोको शुभारम्भ समेत हुन नसक्नु दुखद विषय भएको भन्दै विश्लेषक ढकालले स्रोत पहिचान गरी सदुपयोग गर्न सके आन्तरिक आम्दानी वृद्धि हुँदै जाने उल्लेख गर्नुभयो ।

प्रदेशसभाका सांसद एवं पूर्वआर्थिक मामिला तथा योजनामन्त्री बिन्दामान विष्टले आन्तरिक आम्दानी बढाउने उपायका सम्बनधमा यसअघि तयार भएको प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । । "आफू मन्त्री भएको बेला बनाएको प्रतिवेदनमा उल्लेखित सुझावका आधारमा योजना बनाउन सके आम्दानीका स्रोतहरू वृद्धि गरेर आत्मनिर्भर प्रदेश बनाउन सकिन्छ", उनले भने, "नयाँ सरकारले उक्त प्रतिवेदन अध्ययन गरी आवश्यकता परे परिमार्जनसहित कार्यान्वयन गर्नुपर्ने हुन्छ ।"

प्रदेशको आम्दानीका लागि तोकिएका क्षेत्र कर्णालीमा सीमित रहेकाले आम्दानी बढ्न कठिनाइ हुने सांसद विष्टको तर्क छ । यस्तो अवस्थामा करका क्षेत्रहरू फराकिलो बनाउन प्रदेश सरकारले ध्यान दिनुपर्नेमा उहाले सुझाव दिनुभयो ।

## यस्तो छ आम्दानी बढाउने तयारी

सङ्घ सरकार तथा संविधानले दिएको अधिकार अनुसार काम गर्ने वातावरण सिर्जना नगर्दा आन्तरिक आम्दानी बढाउन नसकिएको प्रदेश सरकारको दाबी छ । प्रदेशलाई आत्मनिर्भर बनाउने गरी आफूले योजना निर्माण गरिरहेको प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाहले बताउनुभयो ।

चालु आवका लागि राखिएको राजस्वको लक्ष्यभन्दा बढी उठाउने गरी संयन्त्र बनाइएको योजना मन्त्री शाहले जानकारी दिनुभयो । "मेरो पहिलो योजना भनेको करका दायरा बढाउने हो, त्यसका लागि वित्तीय अनुसाशन चाहिन्छ", उहाले भन्नुभयो, "अहिलेसम्म प्रदेश सरकारले बनाउने बजेटको वित्तीय अनुशासन नभएकाले यसलाई व्यवस्थापन गर्दै दिगो र सबल अर्थतन्त्र हुनेगरी काम गर्दैछौँ ।"

वित्तीय विधेयक मन्त्रिपरिषद्मा पेस गरेको भन्दै संसद्बाट पास भएपछि प्रदेशमा वित्तीय अनुशासन कायम हुने योजना मन्त्री शाहले बताउनुभयो । यसले आम्दानीसँगै रोजगारी पनि सिर्जना हुने उहाको दाबी छ । आफुले मन्त्रालयको जिम्मेवारी सम्हालेको दुई महिना मात्रै भएको जनाउँदै उनले मन्त्रालयमा राजस्व शाखासमेत नरहेकाले सोको स्थापनाको तयारी भइरहेको बताउनुभयो ।

"प्रदेशलाई संविधानले कर उठाउने दायरा पनि सानो दिएको छ, कर्णालीको सन्दर्भमा पनि यो सानो भएकाले हामीले भने अनुसार आम्दानी गर्न सकिरहेका छैनौँ", योजना मन्त्री शाहले भने, "यस विषयमा सङ्घीय सरकारसँग गहन रूपले छलफल गरी करको दायरा फराकिलो बनाउन पहल गर्नेछौँ ।" साथै आन्तरिक स्रोत पहिचान गरी सोको सदुपयोग गर्दै आम्दानी बढाउने योजनामा प्रदेश सरकार रहेको उनले उल्लेख गनुभयो ।

# कर्णालीमा खर्च नै हुँदैन बजेट



टेकराज केसी

भेरीगङ्गा (सुर्खेत), मङ्सिर ६ गते । सङ्घीय संरचना अनुसार प्रदेश सरकार गठन भएदेखि नै कर्णालीमा लक्ष्यबमोजिम विनियोजित बजेट खर्च हुन सकेको छैन । त्यति मात्र होइन प्रत्येक वर्ष विनियोजित सबै बजेट कार्यान्वयन नभएर फिर्ता हुने क्रम कायमै छ ।

कर्णाली प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार कर्णाली प्रदेश सरकारले समग्रमा दुई तिहाइसम्म मात्रै बजेट खर्च गर्न सकेको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०७६-७७ मा ४९ दशमलव १४ प्रतिशत बजेट खर्च गरेको सरकारले आव २०७७-७८ का लागि रू ३३ अर्ब ७४ करोड १३ लाख कूल बजेट विनियोजन गरेकोमा जम्मा ६५ दशमलव ५२ अर्थात् रू २२ अर्ब १० करोड ८६ लाख रकम मात्रै खर्च गर्न सक्यो ।

आव २०७८-७९ मा पनि सरकारले जम्मा बजेटको ६२ दशमलव ३७ प्रतिशत मात्रै खर्च गरेको थियो । आव २०७८-७९ मा सरकारले चालुतर्फ रू १४ अर्ब ८९ करोड २७ लाख २३ हजार र पुँजीगततर्फ रू २१ अर्ब १६ करोड ५३ लाख ९१ हजार गरी जम्मा रू ३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार रकम विनियोजन गरे पनि रू २४ अर्ब मात्रै खर्च भयो ।

आव २०७९-८० मा पनि प्रदेश सरकारको खर्च बढेको छैन । समीक्षा वर्षमा सरकारले जम्मा बजेटको ६७ दशमलव ८९ प्रतिशत अर्थात् रू २२ अर्ब ३८ करोड ३४ लाख ८३ हजार मात्रै खर्च गरेको कार्यालयको तथ्याङ्क छ । यस्तै आव २०८०-८१ मा रू ३३ अर्ब ४० करोड ६६ लाख बजेट विनियोजन भएकामा जम्मा ६० दशमलव ३४ प्रतिशत अर्थात् रू २० अर्ब १५ करोड ३९ लाख ७३ हजार मात्रै खर्च भएको छ ।

चालु आर्थिक वर्षमा पनि सरकारको बजेट कार्यान्वयनमा उल्लेख्य सुधार आएको छैन । यस वर्षका लागि रू ३१ अर्ब ४१ करोड ४१ लाखको बजेट विनियोजन गरेको सरकारले असोजसम्म छ प्रतिशत अर्थात् रू दुई अर्ब २२ करोड ७० लाख ८९ हजार २६० खर्च गरेको प्रदेश लेखा नियन्त्रकको कार्यालय सुर्खेतका निमित्त निर्देशक दीपेन्द्र मगरातीले जानकारी दिनुभयो । मगरातीका अनुसार प्रदेश सरकारले बाँकी नौ महिनामा रू २९ अर्ब १८ करोड २९ लाख ५१ हजार ७३९ खर्च गर्न बाँकी छ ।

## बढ्दै चालु खर्च

कर्णाली सरकारको विकास बजेटभन्दा चालु खर्च बढ्दै गएको तथ्याङ्कले देखाउँछ । जनप्रतिनिधिको विलासी जीवनशैली, फजुल खर्च र कार्यालय सञ्चालन तथा बढ्दो कर्मचारी सत्याका कारण प्रत्येक वर्ष चालु खर्च बढेको हो । आर्थिक वर्ष २०७५-७६ मा रू छ अर्ब २१ करोड ६६ लाख रहेको चालु बजेट २०७६-७७ मा रू १३ अर्ब ६९ करोड ६५ लाख पुगेको छ भने आर्थिक वर्ष २०७७/७८ मा रू १४ अर्ब ६७ करोड २२ लाख चालु बजेट विनियोजित भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा छ ।

यस्तै आव २०७८-७९ मा रू १४ अर्ब ८९ करोड २७ लाख, आव २०७९-८० मा रू १३ अर्ब १२ करोड १४ लाख, आव २०८०-८१ मा रू १३ अर्ब ८० करोड ८१ लाख र चालु आर्थिक वर्षमा रू १३ अर्ब ८४ अर्ब रकम चालुतर्फ विनियोजन गरिएको छ । यो तथ्याङ्कलाई केलाउँदा प्रदेशमा चालु खर्च बढ्दै गएको विज्ञहरु बताउँछन् ।

## किन हुँदैन खर्च ?

अर्थ जानकारहरु कर्णालीमा बजेट कार्यान्वयन हुन नसक्नु मुख्य कारण सुनिश्चित भएका आयोजनामा न्यून बजेट प्रस्ताव गर्ने तर नयाँ आयोजनाको सत्या बढाउने प्रवृत्तिका कारण खर्च हुन नसकेको बताउँछन् । वार्षिक कार्यक्रमअन्तर्गत समयमै कार्यविधि, निर्देशिका र मापदण्ड नबन्नु जस्ता कारणले बजेट खर्च नै हुन नसकेको सुर्खेतमा अर्थशास्त्रका अध्यापक शिक्षक बालकुमार विक बताउनुहुन्छ ।

"पहिलो कुरा बजेट कुन क्षेत्रमा छुट्याउने भन्ने सुनिश्चित हुनुपर्‍यो, अहिलेको स्थिति हेर्दा बजेट अनुत्पादक क्षेत्रमा धेरै छुट्याएको देखिन्छ, त्यसले गर्दा पनि कार्यान्वयन हुन सकेको छैन", उहाँले भन्नुभयो । सरकारले उत्पादनमुखी योजना बनाएर जानुपर्ने भन्दै योजना अनुगमनलाई ध्यान सके बजेट कार्यान्वयन हुनसक्ने

उहाँको भनाइ छ ।

मध्यपश्चिम विश्वविद्यालयका विज्ञान सङ्कायका डिन डा सुदिप ठकुरी बजेट खर्च सक्ने क्षमता नभएकै कारण बर्सेनि कर्णालीमा बजेट कार्यान्वयन हुन नसकेको बताउनुहुन्छ । "बजेट खर्च गर्नसक्ने क्षमता नै कम भएको हो, अर्को भनेको हाम्रो प्राथमिकता भन्दा पनि हचुवाको भरमा बजेट निर्माण गर्ने प्रवृत्तिले पनि खर्च प्रभावित भएको हो, "उहाँले भन्नुभयो । प्रक्रियागत र कानुनी झन्झटका कारण पनि आयोजनाले गति लिन नसकेको उहाँको बुझाइ छ ।

## योजना बैङ्कको खोजी

जनशक्ति अभाव पनि बजेट कार्यान्वयन नहुनुको प्रमुख कारण रहेको कर्णाली प्रदेशसभा सदस्य एवं पूर्वआर्थिक मामिला तथा योजना मन्त्री वेदराज सिंह बताउनुहुन्छ । "जनशक्ति अभावका कारण समयमा बोलपत्र आह्वान हुँदैन, समयमा बोलपत्र आह्वान नहुँदा निर्माणदेखि समयमा रकम निकासा नहुने जस्ता सबै कुरामा असर पर्छ", उहाँले भन्नुभयो ।

यसबाहेक अध्ययनबिना योजना बनाउने परिपाटीले बजेट कार्यान्वयनमा समस्या आइरहेको उहाँको बुझाइ छ । उहाँले भन्नुभयो, "तल्लो निकायले प्राथमिकीकरण गरेका, सम्भाव्यता अध्ययन पूरा गरिसकेका योजनालाई मात्र समावेश गरेर अगाडि बढ्ने संस्कार बसाल्न सकियो भने मात्रै पनि दोहोरोपनको पनि कमी रहन्छ भने योजना कार्यान्वयन समयमै हुन्छ ।"

यसका लागि योजना बैङ्क बनाउनु उपयुक्त हुने उहाँको सुझाव छ । "योजना बैङ्क बनाएर त्यसबाट मात्रै जनप्रतिनिधिले योजना छनोट गर्ने मापदण्ड बनाउन सक्नुपर्छ, योजना तर्जुमाको नीति नै परिवर्तन गरेर एउटा 'बास्केट'बाट मात्रै तान्ने व्यवस्था गरिनुपर्छ, यसले योजना 'डुप्लिकेशन' हुँदैन र कार्यान्वयन पनि हुन्छ", सिंहले भन्नुभयो ।

मुख्यमन्त्री यामलाल कँडेलले कार्यकालको सुरूवातदेखि नै समयमै बजेट कार्यान्वयन हुने र विगतमा खर्च नहुने प्रवृत्ति हटाउने बताउँदै आउनुभएको छ । उहाँले त्यहीअनुसार मन्त्री र कर्मचारीसहित मातहतका निकायलाई विभिन्न निर्देशन जारी गर्नुभएको छ ।

## बेरुजु फछ्यौटमा सुधार

महालेखा परीक्षकको प्रतिवेदनअनुसार कर्णालीमा आव २०८०-८१ मा मात्रै रू ९६ करोड ७७ लाख ५२ हजार बेरूजु देखिएको छ । हालसम्म कर्णाली प्रदेश सरकारको बेरूजु रू चार अर्ब ३४ करोड १५ लाख छ । त्यसमा रू एक अर्ब ३८ करोड बेरूजु फछ्र्यौट भएको देखिएको छ । प्रदेशसभा सार्वजनिक लेखा समितिले बेरूजु फछ्र्योटमा प्रगति भएको प्रतिवेदन सार्वजनिक गरिसकेको छ ।

समितिका सभापति जीतबहादुर मल्लले प्रदेश सरकारको रू चार अर्ब ३४ करोड १५ लाख कुल बेरूजुमध्ये समितिले रू एक करोड ३८ लाख फछ्र्योट एवं सम्परीक्षण गर्न सफल भएको बताउनुभयो । अब प्रदेश सरकारको बेरूजु रू तीन अर्ब ९४ करोड ८२ लाख रहेको छ । अनियमित ढङ्गले खर्च गर्ने प्रवित्तिका कारण बेरूजु बढ्दै गएको विज्ञहरु बताउँछन् । आर्थिक कार्यविधि र नियमावलीअनुसार नै बजेट खर्च गर्नुपर्ने भन्दै यसो गर्दा बेरूजु कम गर्न सकिने उहाँहरूको सुझाव छ ।

# राजस्व बाँडफाँडको रकम दिन स्थानीय सरकारको आनाकानी



**टेकराज केसी**

कर्णाली प्रदेशका स्थानीय सरकारले ढुङ्गा, गिटी, बालुवाबाट उठेको कर प्रदेश सरकारलाई दिन आनाकानी गरेका छन् । आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोतको राजस्व सङ्कलन शुल्कको ६० प्रतिशत स्थानीय सरकारको सञ्चित कोषमा तथा ४० प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्ने कानुनी व्यवस्था छ । तर कर्णाली प्रदेशका स्थानीय सरकारहरूले यस्तो कर दिन आनाकानी गर्ने गरेका छन् ।

कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये गत आर्थिक वर्ष २०८०/८१ मा १७ वटा स्थानीय तहले मात्रै सो शीर्षकको कर उपलब्ध गराएको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

तथ्याङ्क अनुसार रूकुमका चार, सल्यानका तीन, सुर्खेतका चार, दैलेख र जाजरकोटका दुई/दुई स्थानीय तहले बाँडफाँड गर्नुपर्ने कर पठाएका छन्।

मुगु र जाजरकोटका एक/एक पालिकाले कर पठाएको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ललित थापाले जानकारी दिए । उनका अनुसार १७ वटा स्थानीय तहबाट दुई करोड २४ लाख सात हजार सात सय १४ रुपैयाँ दहत्तर बहत्तर कर प्रदेश सरकारको सञ्चित खातामा जम्मा भएको छ।

थापाका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा रूकुम पश्चिमको चौरजहारी नगरपालिकाले मनोरञ्जन करबापत १४ हजार रकम पठाएको थियो भने वीरेन्द्रनगर नगरपालिकाले पर्यटन शुल्कबापत उठाएको चार लाख ३९ हजार रकम पठाएको थियो।

अनुसार प्रदेश सरकारले भने स्थानीय सरकारलाई राजस्व बाँडफाँडको रकम पठाइरहेको थापाले बताउए। स्थानीय तहबाट राजस्व बाँडफाँडको राजस्व नआएसम्म गत कात्तिकदेखि राजस्व बाँडफाँटको रकम रोकेको उहाँले जानकारी दिए।

कर्णाली प्रदेशको सबैभन्दा धेरै राजस्व उठाउने स्थानीय सरकारको रूपमा रहेको वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखिकै राजस्व बाँडफाँडको रकम बुझाएको छैन। प्रदेश सरकारले ताकेता गर्दासमेत दुई आर्थिक वर्षको राजस्व बाँडफाँडको रकम नपठाएको नगरपालिकाले हाल हिसाब भइरहेको प्रतिक्रिया दिएको छ।

वीरेन्द्रनगर नगरपालिकाका लेखा अधिकृत पूर्णप्रसाद गौतमले आर्थिक वर्ष २०७९/८० र गत आर्थिक वर्षको रकम एकैपटक पठाउने तयारी भइरहेको बताए। 'विविध कारणले राजस्व बाँडफाँड अन्तर्गतको रकम प्रदेश सरकारलाई पठाउन सकेका थिएनौँ', उनले भने, 'अहिले सबै हिसाबकिताब सकिएको छ, दुई वर्षको करिब ८० लाख प्रदेश सरकारलाई पठाउने तयारी गरेका छौँ।'

नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा रू दुई करोड ४६ लाख दहत्तर-बहत्तर कर उठाएको थियो। गत आवमा ३६ लाख रकम सङ्कलन गरेको थियो। दैलेखको डुङ्गेश्वर गाउँपालिकाले पनि हालसम्म प्रदेश सरकारलाई दिनुपर्ने राजस्व बाँडफाँडको रकम दिएको छैन। गाउँपालिकाले महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिकपछि मात्रै राजस्व बाँडफाँडको रकम जम्मा गरिने बताएको छ।

पालिकाका लेखा अधिकृत टङ्कबहादुर कार्कीले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन कार्यान्वयन पालिकाबाट मात्रै नभइ प्रदेशबाटसमेत नभएको बताए। चालु आर्थिक वर्षभित्र राजस्व बाँडफाँड गरिने र प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरिने उनको भनाइ छ।

डोल्पाको ठूलोभेरी नगरपालिकाले पनि राजस्व बाँडफाँटको रकम दिएको छैन। पालिकाको आन्तरिक आम्दानी वार्षिक ३० लाखसम्म हुने गरेकाले त्यसमा दहत्तर-बहत्तर कर सानो आकारमा हुने लेखा अधिकृत सुनिल गुरूङ बताउँछन्।

यसैबीच कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले राजस्व बाँडफाँडमा कुनै विवाद नआउनेगरी प्रदेश र स्थानीय सरकारबीचमा छलफल भइरहेको बताए।

उनले वित्त व्यवस्थापन ऐनअनुसार राजस्व बाँडफाँड हुनुपर्ने भएकाले स्थानीय र प्रदेश सरकारबीचमा गृहकार्य भइरहेको बताए। स्थानीय सरकारबाट प्रदेश सरकारलाई र प्रदेश सरकारबाट स्थानीय सरकारलाई राजस्व बाँडफाँड भई जाने रकम नियमित र ऐन बमोजिम हुनेगरी योजना बनेको उनको दाबी छ।

# कर्णालीका दर्जनौं ठूला आयोजना अलपत्र



टेकराज केसी

(सुर्खेत), ७ माघ । ठेकदार कम्पनीको लापर्वाहीका कारण कर्णाली प्रदेश सरकारका दर्जनौं बहुवर्षीय आयोजना अलपत्र परेका छन् । प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयअन्तर्गतका ३३ ठूला आयोजनाको काम ठेकेदारहरूको लापर्वाहीले अलपत्र परेका हुन् ।

मन्त्रालयका अनुसार सुर्खेतका सात, दैलेखका र जाजरकोटका पाँच/पाँच कालीकोट तथा मुगुका चार/चार आयोजना अलपत्र अवस्थामा छन् । यस्तै, सल्यान र रूकुम पश्चिमका दुई/दुई वटा बहुवर्षीय योजना ठेकेदारको लापर्वाहीका कारण अलपत्र रहेको मन्त्रालयका सूचना अधिकारी एवं सिनियर इन्जिनीयर प्रवीण कार्कीले जानकारी दिए । उनका अनुसार जुम्ला र डोल्पामा एक/एक आयोजना अलपत्र अवस्थामा छन् ।

## सूचीमा सांसदको पनि कम्पनी

यसरी काम अलपत्र पार्नेमा बहालवाला सांसदको निर्माण कम्पनीसमेत रहेको पाइएको छ । प्रदेश राजधानी वीरेन्द्रनगरका १३ वटा सडक निर्माणको जिम्मा पाएको 'कान्छाराम कन्स्ट्रक्सन' ले कामै नगरी अलपत्र अवस्थामा सडक निर्माणको काम छोडेको छ । २०७८ भदौ १७ गते कान्छाराम कन्सट्रक्सनले सडक कालोपत्रे गर्ने र त्यसको समयावधि २०७९ फागुन मसान्तसम्मको थियो ।

समय सकिँदा समेत हालसम्म ३० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ । यो निर्माण कम्पनीले मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयसँग १२ करोड ९४ लाख ३६ हजारमा सम्झौता गरेको थियो । अहिलेसम्म वित्तीय प्रगति २५ प्रतिशत मात्रै रहेको छ ।

यस्तै, ३० प्रतिशत मात्र भौतिक प्रगति भएको डोल्पाको दुनै सरस्वती मन्दिरदेखि तिब्लागाउँ थरगाउँ काँडातलीसम्मको दोस्रो ठेक्को काम अलपत्र पर्दै आएको छ । श्रेया जुगल जेभीले उक्त ठेक्का लिएको छ । २०७९ असार १६ गते करिब रू ५० लाखमा ठेक्काको सम्झौता भएको थियो ।

२०८१ मङ्सिर २३ गते यो ठेक्काको अन्तिम भाका रहेकामा म्याद सकिएको छ । यहाँ बस्तीस्तरको विवाद रहेको भन्दै काम अगाडि बढ्न नसकी अलपत्र अवस्थामा छ । यो आयोजनाको वित्तीय प्रगति ३६ प्रतिशत मात्रै छ ।

जाजरकोटको छेडा थलह सानाखोला जाँदै जुम्ला सडकको ३० किलोमिटर सडक निर्माणका लागि २०७८ माघ २५ गते १५ करोड ५२ लाख ५१ हजारको सम्झौता भए पनि हालसम्म निर्माण व्यवसायी अमर सिस्ने जेभीले १० प्रतिशत मात्र काम गरेको छ । २०८२ पुस ४ गतेसम्म म्याद रहेको यो आयोजनाको कामको गति निकै ढिलाइ भएको छ ।

नेपाल मेघा सिस्ने जेभीले २०७८ साउन ४ गते पूर्वाधार विकास कार्यालय, जाजरकोटमा छेडागाड नगरपालिकाको साल्मखोलामा पुल निर्माण गर्ने भन्दै ठेक्का लिएको पुलको हालसम्म ३० प्रतिशत मात्र काम गरेको छ । म्याद थपेर ठेक्का २०८२ जेठ २ गतेसम्म लम्ब्याइएको छ ।

निर्माण व्यवसायीले पुल निर्माणमा चासो नै नदेखाएकाले काम ढिला भएको भन्दै जिल्लास्थित पूर्वाधार विकास कार्यालयले प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा पत्राचार समेत गरेको छ । यो आयोजनाको रकम रू चार करोड ८८ लाख रहेको छ । यस आयोजनाको हालसम्मको भौतिक प्रगति ३० प्रतिशत छ भने वित्तीय प्रगति २९ प्रतिशत मात्रै रहेको सूचना अधिकारी कार्कीले बताए ।

जाजरकोटकै बारेकोट गाउँपालिका-८ साँघुतरा र नलगाड नगरपालिका-५ सिर्केस्थित मोटरेबल पुलसमेत अलपत्र पर्दै आएको छ । नेपाल मेगा सिस्ने जेभीले नै २०७८ साउन २९ गते पुल निर्माणको ठेक्का लिएको थियो । हालसम्म उक्त पुलको काम नै हुन सकेको छैन । यस आयोजनाको लागत रू तीन करोड नौ लाख ८८ हजार रहेको छ । निर्माण व्यवसायीले काम गर्नका लागि अहिलेसम्म आयोजनास्थलमै नपुगेको भनी पूर्वाधार विकास कार्यालय, जाजरकोटले मन्त्रालयमा पत्राचार गरेको छ । यसको म्याद २०८२ असार २० गतेसम्म थप गरिएको छ ।

नारायनम् निर्माण सेवा नेपालगञ्ज

१८ बाँकेले बारेकोट गाउँपालिकाको भैसेडीमा पक्की पुल निर्माणका लागि २०७९ जेठ २३ गते लिएको ठेक्काको भौतिक प्रगति ५० प्रतिशत रहेको छ । २०८१ जेठ २९ गते म्याद सकिएको यो आयोजनाको लागि प्रदेश सरकारले रू चार करोड ६५ लाख विनियोजन गरेको थियो। आयोजना अहिले अलपत्र अवस्थामा रहेको मन्त्रालयले जनाएको छ ।

सल्यानमा पक्की पुल निर्माण गर्ने भन्दै पिएस निर्माण सेवा नौवास्था-८ बाँकेले २०७९ जेठ ३० गते रू दुई करोड ४८ लाख ७८ हजारमा पुलको ठेक्का हात पाऱ्यो । यो पुलको ठेक्काको म्याद थपसहितको २०८१ जेठ २९ गते समाप्त भइसकेको छ । यसको भौतिक प्रगति ४५ प्रतिशत मात्र छ । कालीकोटको सेरी पान्तडी पद्माघाट जुम्ला सडक (बहुवर्षीय योजनासमेत) निर्माणको ठेक्का खड्का कृष्ण सुपरस्टार जेभीले २०७७ जेठ २ गते रू चार करोड ५६ लाखको ठेक्का लियो । तर उक्त ठेक्काको काम हालसम्म ४० प्रतिशतमात्र भएको मन्त्रालयका सूचना अधिकारी कार्कीले बताए । २०८० जेठ ३० गते नै यस ठेक्काको म्याद सकिएको थियो ।

वारातु सियाला रेगिंल सडक निर्माणका लागि पूर्वाधार विकास कार्यालय कालीकोटले निकालेको ठेक्कामा मार्गादेवी निर्माण सेवाले २०७८ वैशाख २६ गते रू दुई करोड ९८ हजारको सम्झौता गरेर हालसम्म २८ प्रतिशतमात्र काम गरेर बीचमै छोडेको छ । यसको म्याद थपसहितको अन्तिम मिति २०८२ वैशाख ३० गते रहेको छ ।

कालीकोटको पताला-९ को दाम्रीगाड पक्की पुल निर्माण गर्नका लागि गलवा/जगदम्बा/सुपरस्टार जेभीले २०७७ असार ३० गते रू दुई करोड ९९ लाख ४७ हजारको सम्झौता भएको थियो । सम्झौताको मिति सकिएर पनि २०८१ असार २० गतेसम्मको म्याद थप गरिएको तर थपिएको म्यादमा पनि काम नसकिएर अलपत्र अवस्थामा रहेको मन्त्रालयले जनाएको छ ।

जाजरकोटमा पक्की पुल निर्माण गर्न २०७७ असोज १३ गते हिराचन/कारभान/सुपरस्टार जेभीले ठेक्का लिएकामा हालसम्म उक्त ठेक्काको २५ प्रतिशत मात्र रहेको छ । म्याद थपसहितको अन्तिम २०८१ जेठ ३० गते सकिएको थियो । यो आयोजनाको रकम रू १३ करोड २६ लाख ३९ हजार रहेको छ ।

उता दैलेख सदरमुकामदेखि नौमुले गाउँपालिका-१ देखि ४ हुँदै जुनी जाजरकोट जिल्ला जोड्ने सडकसमेत अलपत्र परेको छ । यसको ठेक्का बिख्या सिद्धान्त शृङ्गेश्वर जेभीले लिएको थियो । यो आयोजनाको भौतिक प्रगति २९ प्रतिशत र वित्तीय प्रगति ३८ मात्रै छ । यो आयोजनाको लागि रू १९ करोड ९४ लाख रहेको छ । यो सडक पटकपटक निर्माण गर्दा पनि निर्माण व्यवसायीले काम अगाडि बढाउन नचाहेको मन्त्रालयले जनाएको छ ।

साङ्गेतडा-ब्रिन्दासैनी-चामुण्डा बाटो निर्माण गर्ने भनी मोतिदान-लाल सुभ-मेन्द्रो जेभीले काम अलपत्र पार्दै आएको छ । कोप्ची कट्टी बेस्तडा रुम चौराठा देउली दैलेख सडकको काम वाइबा र लामा/लोपूर्ण जेभीले अलपत्र पार्दै आएको पाइएको छ । सान्ताडा मेहलतोली पातिहाल्ना जाजरकोट सडकको काम समेत अलपत्र रहेको छ ।


दैलेखका सात वटा आयोजनाहरू ठेकेदारको लापर्वाहीका कारण अलपत्र परेको जनाइएको छ । रबट छामघाट खोला पक्की पुल निर्माणको काम जलजला जय मा स्वर्गद्वारी जेभीले लिएर अलपत्र पारेको छ । निर्माण व्यवसायी सम्पर्कमा नआएको जनाइएको छ । यो आयोजनाको रकम रू तीन करोड २५ लाख रहेको छ भने यसको भौतिक प्रगति ४६ प्रतिशत र वित्तीय प्रगती ५४ प्रतिशत छ भने यो आयोजनाको म्याद २०८२ जेठसम्म रहेको छ ।

सुर्खेतमा बड्डीचौर बिम्रेनी बाबियाचौर विद्यापुर सडक अनक/जयदेवी जेभीले अलपत्र परेको छ । रानीघाट तेलपानी भुरीगाउँ सडक थोदुङ्/जागृती जेभीले निर्माणमा समस्या बनाउँदै आएको मन्त्रालयले बताएको छ । मङ्गलगढी काँक्रेविहार सडक योजना अमर/सिरने/मेघा जेभीले बीचमै अलपत्र पारेपछि उक्त कम्पनीलाई कालो सूचीमा राखेर अर्को कम्पनीलाई कामको जिम्मा दिइएको छ । कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक अनक/जयदेवी/सनलाइट जेभीले लिएर अलपत्र पारेको छ । हुम्ला, मुगु, डोल्पा, सल्यान लगायतका जिल्लाका ठूला आयोजना पनि अलपत्र अवस्थामा रहेको जनाइएको छ ।

कालोसूचीमा राख्छौं : मन्त्री बुढा

प्रदेश सरकारको भौतिक पूर्वाधारमन्त्री शेरबहादुर बुढाले व्यवसायीसँग छलफल गरिरहेको र काम छिटो अगाडि बढाउन निर्देशन दिएको बताए छ । उनले समयमै काम सक्नुपर्ने भन्दै केही आयोजनाको ठेक्का सम्झौता थप समेत गरिएको र अझै निर्माणको काममा लापर्वाही भए कालोसूचीमा राख्न बाध्य हुने चेतावनी दिए ।

'हामीले बारम्बार छलफल गरेर निर्देशन पनि दिएका छौं', उनले भने, ' कतिपय आयोजनाको म्याद थप पनि गरिएको छ, सकरात्मक ढङ्ले काम समयमै सक्न अन्तिम पटक मौका दिने र अझै पनि नभए कालोसूचीमा राखेर अगाडि बढ्ने तयारी छ ।'



# सुदूरपश्चिम प्रदेश



*प्रयोगविहीन अवस्थामा रहेको बैतडी विमानस्थल*

# प्रयोगविहीन भए अर्बौंका संरचना



**गोकर्ण दयाल**

बैतडी, मङ्सिर ७ गते । सुदूरपश्चिम प्रदेश सरकारले विभिन्न जिल्लामा एक अर्ब २१ करोड रूपियाँ खर्च गरेर तयार गरेका संरचना सुनसान बनेका छन् । प्रदेशमा पर्यटक आकर्षित गर्ने उद्देश्यसहित सरकारले यी संरचना बनाएको थियो तर पर्यटक घुम्न नआएपछि यी संरचना अहिले बेवारिसे जस्तै बनेका छन् ।

केही समयअघि हिरापुर मनोरञ्जन पार्क बनाइएको थियो तर उक्त पार्क बजारबाट टाढा भएकाले विकल्पमा अर्को ठाउँमा फेरि मनोरञ्जन पार्क निर्माण गर्ने तयारी भइरहेको नयाँ सहर आयोजना कार्यालय पाटनका कार्यालय प्रमुख इन्जिनियर भुपराज पौडेलले बताउनुभयो । नयाँ सहर पाटनमै १७ करोड रूपियाँ खर्च गरेर निर्माण गरिएको बैतडीको पाटन विमानस्थल पनि सुनसान बनेको छ । यो विमानास्थलमा चार वर्षदेखि उडान ठप्प छ ।

प्रदेश सरकारकै लगानीमा विभिन्न जिल्लामा मन्दिरका स्वागतद्वार, अतिथिगृह र धर्मशाला पनि बनाइएको छ । यी संरचना पनि पर्यटक घुम्न नआउँदा सुनसान जस्तै छन् । बैतडीमा मात्रै डिभिजन वन कार्यालय बैतडीमार्फत जिल्लाभर ५९ वटा मन्दिर बनाइएको छ ।

पर्यटन प्रवर्धन शीर्षकका यी संरचनामा १० करोड ५७ लाख रूपियाँ खर्च भएको डिभिजन वन कार्यालय बैतडीको तथ्यांकमा उल्लेख छ । चालु आर्थिक वर्ष २०८१/८२ देखि भने वन कार्यालयमा मन्दिर बनाउने बजेट नआएको सूचना अधिकारी मदन जोशीले बताउनुभयो ।

पर्यटन शीर्षक अन्तर्गत पाँच वर्षमा प्रदेशका नौ जिल्लामा ८१३ वटा मन्दिर निर्माण भएका छन् । मन्दिर निर्माणमा एक अर्ब पाँच करोड २१ लाख रूपियाँ विनियोजन भएको

प्रदेश सरकारको तथ्यांक छ । सो रकममध्ये ८२ करोड खर्च भइसकेको छ । चालु आवमा २३ करोड २१ लाख रूपियाँ खर्च गर्ने लक्ष्य राखिएको छ ।

प्रदेशको मात्रै होइन, सङ्घीय सरकारमातहतको नयाँ सहर आयोजना पाटनले दुई करोड रूपियाँ खर्च गरेर निर्माण गरेको हिरापुर मनोरञ्जन पार्क पनि आन्तरिक तथा बाह्य पर्यटक घुम्न नआएपछि सुनसान बनेको छ ।

पर्यटकीय क्षेत्रको विकासको उद्देश्यसहित प्रदेश सरकारले आव २०७६/७७ मा तीन सय वटा मन्दिरका योजनामा १६ करोड, आव २०७७/७८ मा २७० योजनामा २४ करोड, आव २०७८/७९ मा २५० योजनामा १९ करोड र आव २०७९/८० मा २९४ योजनामा २३ करोड २१ लाख रूपियाँ विनियोजन भएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको तथ्यांक छ ।

प्रदेश सरकारले यहाँको पर्यटकीय विकासका लागि १० बर्से गुरूयोजना बनाएर उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट अधिकांश रकम खर्च गर्ने गरेको छ ।

गुरूयोजनाका पाँच वर्ष मन्दिर निर्माण गर्नमै सकिएपछि यो वर्षबाट मन्दिरका योजना नबनाउने प्रदेशस्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले बताउनुभयो । प्रदेश सरकारले पर्यटक घुमाउने नाममा मन्दिरको मौलिकता मासेर सिमेन्ट र कङ्क्रिट प्रयोग गरी बजेट सक्ने काम गरेको नेपाल टुर एन्ड ट्राभल एसोसिएसन धनगढीका अध्यक्ष मायाप्रकाश भट्टले गुनासो गर्नुभयो ।

"प्रदेश सरकारले मन्दिर र पर्यटकीय क्षेत्र छुट्याउन सकेको छैन । गाउँ गाउँमा मन्दिरका योजना बाँडेर पर्यटकीय क्षेत्र भन्दै हिँडेका छन्," उहाँले भन्नुभयो, "प्रदेशमा एउटा अन्तर्राष्ट्रियस्तरको विमानस्थल छैन । खप्तडमा गतिलो सडक र होटेल सञ्चालन हुन सकेको छैन ।" सुदूरपश्चिममा निजी क्षेत्रको पहलमा वर्षभर बढीमा २० जना पर्यटक आउने गरे पनि प्रदेश सरकारले निर्माण गरेका संरचना हेर्न पर्यटक आएको कसैसँग तथ्यांक नरहेको उहाँको भनाइ छ । "सिमेन्टका गेट हेर्न को आउँछ ?" उहाँको प्रश्न छ ।

निजी क्षेत्रको अगुवाइमा प्रदेशको कैलाली र कञ्चनपुरमा केही भारतीय पर्यटक आउने गरे पनि सीमानाका पर्यटकमैत्री नभएको कञ्चनपुरका होटेल तथा पर्यटन व्यवसायी परमानन्द भण्डारीले बताउनुभयो । निजी क्षेत्रको अगुवाइमा सञ्चालित होटेल तथा पर्यटकीय क्षेत्रको भ्रमणका लागि प्रदेश सरकारले कुनै सहयोग नगरेको उहाँको गुनासो छ ।

मुख्य संस्कृति ओझेलमा

सुदूरपश्चिममा पर्यटकीय हिसाबले मुख्य तीन वटा संस्कृतिमध्ये कैलाली र कञ्चनपुरमा रानाथारु संस्कृति, पहाडी क्षेत्रमा देउडा, छलिया, फाग, सगुन, स्लेट र ढुङ्गाका मौलिक मन्दिर, धुमारी र भडाहा संस्कृति प्रख्यात छ । तेस्रो हिमाली जिल्ला दार्चुलामा व्यासी समुदायको आफ्नै भाषा, संस्कृति र वेशभूषा रहेको छ । यद्यपि यी तीन वटै संस्कृति झल्किने गरी प्रदेशस्तरीय सङ्ग्रहालय निर्माण हुन सकेको छैन ।

प्रदेशका तीन वटा मुख्य संस्कृति झल्किने किसिमको सामूहिक सङ्ग्रहालय निर्माण गर्न सके पर्यटक आकर्षित हुने सामाजिक अगुवा मायाप्रकाश भट्टले बताउनुभयो ।



*करोडौं खर्च गरेर बैतडीको मेलौली नगरपालिका-८, मा अलपत्र कृषि संरचना ।*

# कृषिमा करोडौं लगानी, हटेन खाद्य संकट



**गोकर्ण दयाल**

बैतडी, मङ्सिर १९ गते । कृषि उत्पादन बढाउन प्रदेश र स्थानीय सरकारले बैतडीमा मात्रै वार्षिक २३ करोड रूपियाँभन्दा बढी खर्च गर्दै आइरहेका छन् । लगानी अनुसार उत्पादन नबढ्दा चामलदेखि आलु र अन्डासम्मका उपभोग्य वस्तु बाहिरबाट आयात गर्नुपर्ने बाध्यता हट्न सकेको छैन ।

बैतडीवासीलाई वार्षिक ४८ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्नेमा जिल्लामा १३ हजार मेट्रिक टन मकै, १० हजार मेट्रिक टन गहुँ, छ हजार मेट्रिक टन धान गरेर जम्मा २९ हजार मेट्रिक टन मात्रै खाद्यान्न उत्पादन हुने गरेको छ । अपुग हुने वार्षिक १८ हजार मेट्रिक टन खाद्यान्न बाहिरबाट आयात हुने गरेको कृषि ज्ञान केन्द्र बैतडीको तथ्यांक छ ।

बितेका वर्ष जस्तै चालु आर्थिक वर्ष २०८१/८२ मा पनि कृषि ज्ञान केन्द्र बैतडीले करिब १० करोड, पशु सेवाविज्ञ केन्द्रले आठ करोड, गाउँपालिका र नगरपालिकाले पाँच करोड गरेर यस वर्ष २३ करोड रूपियाँ खर्च गर्दै छन् ।

सरकाले कृषि क्षेत्रमा जतिसुकै बजेट खर्च गरे पनि बैतडीलगायतका पहाडी जिल्लामा तराईबाट चामल, गहुँ र चितवनबाट अन्डा आउने गरेको उद्योग वाणिज्य सङ्घ बैतडीका कोषाध्यक्ष शेरसिंह भण्डारीले बताउनुभयो । उहाँले यस वर्ष अन्डाको मूल्य बढेर आएकाले प्रतिगोटा २० रूपियाँमा बिक्री गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो ।

विडम्बना त के छ भने, बाहिरबाट खाद्यान्न बोकेर आउने ट्रकले फर्किने बेला बैतडीबाट निर्यात गर्ने वस्तु नपाएपछि तेल खर्चको जोहो गर्न विभिन्न नदी किनारबाट बालुवा

लैजाने गरेका छन् । तराईका जिल्लाबाट चामल, गहुँलगायत खाद्यवस्तु पहाडी जिल्ला पुऱ्याएर फर्किने बेला सेती नदी, चमेलिया र महाकाली नदी किनारबाट स्थानीय तहले तोकेको राजस्व तिरेर बालुवा लैजाने गरेको ट्रक धनी लोकेन्द्र ऐरीले बताउनुभयो । संकलन गरिएको बालुवा पहाडी जिल्लाकै विभिन्न बजार क्षेत्रमा खपत गरेर तराई झर्दा रित्तै फर्किने गरेको उहाँले बताउनुभयो ।

त्यसै गरी खाद्य सङ्कट टार्न बैतडीमा चार ठाउँमा डिपो खोलेर खाद्य व्यवस्था तथा व्यपार कम्पनी लिमिटेडले वार्षिक चारदेखि सात हजार क्विन्टल चामल पठाउने गरेको छ । नेपाल सरकारको खाद्य ढुवानी अनुदानमा बैतडीको गोठालापानी, मेलौली, कुलाउ र पुर्चौडी डिपोमा वार्षिक चारदेखि सात हजार क्विन्टल चामल पठाउने गरेको खाद्य व्यवस्था तथा व्यपार कम्पनी लिमिटेड धनगढीका कार्यालय प्रमुख अञ्जिला बस्नेतले बताउनुभयो ।

कम्पनीले बैतडी, दार्चुला, बझाङ, बाजुरा र अछाममा ढुवानी अनुदानमा चामल आपूर्ति गर्दै आइरहेको छ । यस वर्ष मोटो चालको मूल्य ६४ रूपियाँ प्रतिकिलो कायम गरिएको बस्नेतले जानकारी दिनुभयो ।

## किन बढेन उत्पादन ?

कृषि र पशुपन्छीको क्षेत्रमा राज्यको करोडौँ रूपियाँ लगानी भए पनि उत्पादन बढ्न नसकेको कृषि र पशुपन्छीको क्षेत्रमा कार्यरत अधिकारीको स्वीकारोक्ति छ ।

कृषि ज्ञान केन्द्र बैतडीका सूचना अधिकारी महेश पाण्डेयले प्रदेश सरकारबाट गाउँटोल नै तोकिएर वितरणमुखी योजना आउने गरेको बताउनुभयो । त्यस्ता योजना उत्पादनमुखीभन्दा पनि तालिम र संरचना निर्माण गर्नुपर्ने खालका हुने भएकाले ठुलो रकम त्यसमै खर्च हुने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "चालु आवमा प्रदेश सरकारका ६२ योजना गाउँटोलकै नाम तोकिएर आएकाले त्यहाँ वास्तविक किसान छन् कि छैनन् भनेर हामी अनुगमन गरिरहेका छौँ । बजेटमै ठाउँ तोकिएर आएका योजना तलमाथि गर्न मिल्दैन । बजेट फ्रिज भए पनि कर्मचारीलाई गाह्रो हुन्छ ।"

प्रदेश सरकारबाट सञ्चालित कृषि र पशुपन्छीका कार्यक्रम गाउँटोल र वडा नम्बर नै तोकेर आएका योजनाबारे भने स्थानीय सरकारले जानकारी नपाउने पञ्चेश्वर गाउँपालिकाका अध्यक्ष गोरखबहादुर चन्दले बताउनुभयो । उहाँले भनसुनको भरमा कृषि र पशुपन्छीका योजना गैरकिसानलाई वितरण हुने गरेको आरोप लगाउनुभयो ।

अध्यक्ष चन्दले भन्नुभयो, "तीन वटै तहका सरकारले किसान वर्गीकरण गरेर परिचय वितरण नगरेसम्म किसानका नाममा गैरकिसानको हालिमुहाली कायमै रहन्छ । बलियो नीति नबनेसम्म गरिखाने किसानभन्दा गरिखाने किसानले राज्यको स्रोत साधनको दुरूपयोग गर्ने अवसर पाइरहन्छ ।"

प्रदेशको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गाउँठाउँको नाम तोकेर योजना वितरण गर्दा वास्तविक किसान मर्कामा परेको दशरथचन्द नगरपालिका-४, जर्ग र बवेत गाउँका अगुवा किसान विमला वडको गुनासो छ । उहाँले ववेत गाउँका १५ जना किसानले चार वर्षदेखि अर्गानिक तरकारी खेती गर्दै आए पनि गाउँमा अहिलेसम्म कुनै कार्यक्रम नआएको गुनासो गर्नुभयो ।

कृषि ज्ञान केन्द्रको जस्तै पशुपन्छीका कार्यक्रममा पनि गाउँठाउँ नै तोकिएर बजेट आउने गरेको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र पाटन बैतडीका डा. विशाल पाठकले बताउनुभयो । उहाँले चालु आवमा प्रदेश सरकारबाट विभिन्न पालिकाका वडा तोकिएर ३४ वटा योजना आएको बताउनुभयो । यस वर्ष कार्यालयले आठ करोड रूपियाँ खर्च गर्दै छ ।

पशुपन्छीका योजनामध्ये भैँसी प्रवर्धन र दुध उत्पादन जस्ता कार्यक्रम दुर्गम गाउँमा जहाँ सडक, बजार र ढुवानीको विषयमा विचार नगरी योजना वितरण गर्दा उत्पादित वस्तु खेर जाने सम्भावना रहेको कर्मचारीको भनाइ छ । तोकिएर आएका योजनाको स्थान परिवर्तन गर्न नसकिने कर्मचारीको गुनासो छ ।

## जमिन बाँझो, भूमिहीनलाई खाद्य समस्या

राज्यले जमिन बाँझो राख्न नपाइने नीति अघि सारे पनि बसाइँसराइलगायतका कारणले पहाडी जिल्लाका अधिकांश गाउँको जमिन बाँझो रहेको छ ।

स्थानीय तहले भू वर्गीकरण गर्न नसक्दा एकातिर जमिन बाँझो रहने, अर्कोतिर सुकुमवासी र भूमिहीनले जग्गा नपाउने समस्या रहेको राष्ट्रिय भूमि अधिकार मञ्चका स्रोत व्यक्ति नरीराम लोहारले बताउनुभयो ।

सरकारले सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गा दिने भन्दै भूमि आयोग गठन गरेर बैतडीमा दुई हजार तीन सय आवेदन संकलन गरेको छ । आवेदन संकलन गरेर गत वर्ष भूमि आयोग विघटन भएको तत्कालीन जिल्ला अध्यक्ष धर्मसिंह ऐर (कपिल) ले बताउनुभयो । संकलन गरिएका आवेदन जिल्लामै थन्किएको उहाँले बताउनुभयो ।



*निकासीका लागि संकलन गरिएको चुत्रोको बोक्रा र डाँठ । तस्बिर : गोकर्ण दयाल*

## जडीबुटीको कौडी भाउ :

# सस्तोमा बेच्यो, महँगोमा किन्यो



**गोकर्ण दयाल**

बैतडी, पुस ५ गते । बैतडीबाट गत वर्ष चार लाख किलो जडीबुटी निकासी गरेर सरकारले १६ लाख रूपियाँ राजस्व प्राप्त गर्दा जिल्लाका चार वटा आयुर्वेदिक अस्पतालका लागि ५० लाख रूपियाँ खर्च गरेर जडीबुटीको चूर्ण खरिद गरेको छ । राज्यलाई तीन गुणा बढी घाटा भए पनि जिल्लामा न प्रशोधन केन्द्र खुल्न सकेको छ न त जडीबुटी निकासीसम्बन्धी नयाँ मापदण्ड नै बन्न सकेको छ ।

बैतडीलगायत सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा पाइने जडीबुटी प्रतिकिलो दुई रूपियाँ राजस्व तिरेर बिचौलियाले भारत निकासी गर्दै आएका छन् ।डिभिजन वन कार्यालय बैतडीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/८१ मा अमला ७५ हजार किलो, तेजपत्ता ५५ हजार किलो, चुत्रो ३० हजार किलो, पाषाणभेद ३८ हजार किलो, रातो च्याउ पाँच हजार किलो, रिट्ठो एक लाख किलो गरी चार लाख किलो जडीबुटी निकासी भएको छ । वनबाट मह□वपूर्ण जडीबुटी अनियन्त्रित ढङ्गले दोहन हुँदा संरक्षणको जिम्मेवारी पाएका प्रदेश र स्थानीय तहको सरकारको भूमिका पनि अत्यन्त कमजोर बन्न पुगेको छ ।

यसरी निकासी हुने जडीबुटी प्रशोधनपछि पुनः महँगो मूल्यमा जिल्ला भित्रिने गरेको दशरथ चन्द नगरपालिका-४ स्थित आयुर्वेदिक अस्पतालका प्रमुख नरेन्द्र कलौनीले बताउनुभयो । जिल्लामै पाइने पहाडी अमला दुई रूपियाँ प्रतिकिलो राजस्व तिरेर बाहिर गइरहेको अवस्थामा आयुर्वेदिक अस्पतालले दुई हजार रूपियाँ प्रतिकिलो अमलाको चूर्ण किन्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारमातहत रहेका जिल्ला आयुर्वेदिक अस्पताल मेलौली,

स्थानीय तहमातहत रहेका दशरथ चन्द नगरपालिका-१, गुरूखोला, ४ नम्बर वडाको शाहीलेक र सिगास गाउँपालिका-२, गाँजरीमा रहेका आयुर्वेदिक अस्पतालले वार्षिक ५० लाख रूपियाँभन्दा बढी खर्च गरेर बाहिरबाट जडीबुटीको धुलो किन्दै आएका छन् ।

जिल्ला आयुर्वेदिक अस्पताल मेलौलीले मात्रै वार्षिक २५ देखि ३५ लाख रूपियाँको जडीबुटी खरिदमा खर्च हुने गरेको अस्पतालमा लेखापाल प्रेमराज भट्ले बताउनुभयो ।

आयुर्वेदिक औषधालयमा सरकारले तोकेका २५ किसिमका जडीबुटीको धुलो वितरण गर्न दशरथ चन्द नगरपालिकामा मात्रै वार्षिक रूपमा ११ लाख रूपियाँ खर्च भइरहेको दशरथ चन्द नगरपालिका-४ स्थित आयुर्वेदिक अस्पतालका प्रमुख कलौनीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नगरपालिकाभित्र ७० किसिमका जडीबुटी छन् । जिल्लामा प्रशोधन केन्द्र नहुँदा बिचौलियाले न्यून राजस्व तिरेर बाहिर लैजाँदा राज्यलाई ठुलो घाटा भइरहेको छ ।"

स्वदेशमा रोजगारीको अवसर नहुँदा सुदूरपश्चिमका हजारौँ युवाको ऊर्जाशील समय र जवानी भारतमै श्रम गरेर खर्च भइरहेका बेला जडीबुटीको सदुपयोग नहुँदा कौडीको भाउमा भारततिर निकासी हुने गरेको उहाँले गुनासो गर्नुभयो ।

बैतडीबाट हरेक वर्ष अमला, तेजपत्ता, सिमजडी, चुत्रो, सुगन्धवाल, अमला, रिट्ठो, हर्रोबर्रोलगायतका जडीबुटी संकलन भएर निकासी हुने गरेको डिभिजन वन कार्यालय बैतडीका सूचना अधिकारी मदन जोशीले बताउनुभयो । तथ्यांक अनुसार बैतडीबाट आव २०७८/७९ मा एक लाख ७६ हजार किलो, आव २०७९/८० मा दुई लाख ६४ हजार किलो र आव २०८०/८१ मा चार लाख किलो जडीबुटी निकासी भएको जोशीले बताउनुभयो ।

जडीबुटी संकलन र निकासीको परिमाण हरेक वर्ष दोब्बरले बढ्दै गए पनि जिल्लामा जडीबुटी कति रहेको छ ? भन्ने कुनै तथ्यांक छैन । डिभिजन वन कार्यालयको तथ्यांक अनुसार जिल्लामा ६५ किसिमका जडीबुटी रहे पनि उत्पादनको अवस्थाबारे तथ्यांक छैन । सामुदायिक वनको कार्ययोजना अनुसार जडीबुटी संकलन हुने गरेको सूचना अधिकारी जोशीले बताउनुभयो ।

बैतडीको चुत्रो (स्थानीय भाषामा किरमडा) को अनियन्त्रित दोहन हुन थालेपछि यो बिरूवा नै हराउने अवस्था आएको नागरिक अगुवा उद्धव धामीले बताउनुभयो । किरमडाको जरा र डाँठ संकलन गरी निकासी गर्न १० रूपियाँ प्रतिकिलो राजस्व तिरेर अनियन्त्रित दोहन हुने गरेको स्थानीय वैद्य भोजराज भट्टले बताउनुभयो । चुत्रोबाट आँखाको औषधीलगायत विभिन्न रोगको उपचारमा प्रयोग हुने जडीबुटी बन्ने गरेको उहाँले बताउनुभयो ।

जडीबुटीको उचित मूल्य नहुँदा सस्तोमै बेच्नुपर्ने बाध्यता रहेको व्यवसायी सुर्नया गाउँपालिका-३ का वासुदेव भट्टले बताउनुभयो । उहाँले सुर्नयाबाट चुत्रो, तेजपत्ता, अमलालगायत वार्षिक १० हजार किलोभन्दा बढी भारत निकासी गर्दै आएको बताउनुभयो ।

## छैन प्रशोधन केन्द्र

सुदूरपश्चिम प्रदेशमा जडीबुटी प्रशोधन केन्द्र नहुँदा बिचौलियाले जिल्लाबाट निकासी गरेको जडीबुटी नेपालगन्जको बाटो भएर भारत पुऱ्याउने गरेको वन कार्यालयका कर्मचारीको स्वीकारोक्ति छ ।

जिल्लाबाट सस्तो मूल्यमा निकासी भइरहेको अमला त्रिफला नामक आयुर्वेदिक औषधीमा प्रयोग हुने बैतडीस्थित आयुर्वेदिक औषधी पसलका सञ्चालक वैद्य भोजराज भट्टले बताउनुभयो । नेपाली बजारमा त्रिफला चूर्णको मूल्य एक सय ग्रामको ११० रूपियाँ पर्ने उहाँले बताउनुभयो ।

पछिल्लो समय नेपालमा विभिन्न आयुर्वेदिक औषधी कम्पनी खुले पनि झोल औषधी उत्पादन गर्ने कम्पनी नभएकाले आयुर्वेदिक झोल औषधी भारतबाटै आउने गरेको उहाँले बताउनु भयो ।

## तत्काल निकासी रोक्न नसकिने

सुदूरपश्चिम प्रदेशमा जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्ने सरकारी लक्ष्य पूरा हुन सकेको छैन । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) लाई असुन्धानको जिम्मेवारी दिए पनि भौतिक संरचना र आवश्यक उपकरण तयार हुन सकेको छैन ।

सुदूरपश्चिम प्रदेशमा जडीबुटी अनुसन्धान केन्द्र स्थापना गरेर नेपालमा पाइने सबै जडीबुटी एकै ठाउँमा ल्याएर अनुसन्धान गर्ने लक्ष्य रहेको नास्टका सचिव वैज्ञानिक डा. रवीन्द्रप्रसाद ढकालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सुदूरपश्चिम प्रदेशको कञ्चनपुरमा अनुसन्धान केन्द्र सञ्चालनका लागि सम्पर्क कार्यालय स्थापना गरेका छौँ । संचरना निर्माण गर्न प्रदेश सरकारले चालु आवमा ७० लाख रूपियाँ बजेट विनियोजन गरेको छ । यत्तिले मात्रै पुग्दैन । अनुसन्धानका लागि आवश्यक वैज्ञानिकको जनशक्ति भए पनि संरचना तयार हुन केही वर्ष लाग्छ ।"

तथ्यांक अनुसार बैतडीका १० वटा स्थानीय तह र ८४ वडामा क्यान्सर रोग निको पार्ने लौठसल्लादेखि पाँचऔंले, पाषणभेद, चिराइतो, सुगन्धवाल, चुत्रो, तेजपत्ता, रिट्ठो, सिमजडी, अमला, हर्राबर्रो, गुड, महलगायत ६५ भन्दा बडी जडीबुटी पाइन्छ ।




*बैतडीका स्थानीय तह ।*

# राजस्व जति सुविधामै खर्च



**गोकर्ण दयाल**

बैतडी, माघ ८ गते । बैतडीका स्थानीय तहले राजस्वबाट प्राप्त रकमको ८० प्रतिशत पदाधिकारीको सेवा सुविधा, भ्रमण, इन्धन, खाना र निकटका व्यक्तिलाई कर्मचारी भर्ना गरेर सक्ने गरेका छन् । प्रदेश सरकारले स्थानीय तहका जनप्रतिनिधिलाई मासिक सेवा सुविधाको छुट्टै व्यवस्था गरेको छ । उक्त सुविधाभन्दा बढी हुने गरी खर्च देखिएको छ ।

स्थानीय सरकारलाई सर्वसाधारणले पानीको धारा, विद्युत्को मिटर जडान गर्न कर बुझाउँदै आएका छन् । यति मात्रै नभई बाख्रापालन र खसी बेच्दा पनि सर्वसाधारणले कर तिर्दै आएका छन् । बैतडीको पाटन नगरपालिकाले त धनियाँ बेच्दा पनि प्रतिकिलो दुई रूपियाँ कर लिने गरेको छ ।

जिल्लाका १० वटा स्थानीय तहले सर्वसाधारणबाट वार्षिक पाँच करोड ४९ लाख ९६ हजार आन्तरिक कर उठाउने गरेका छन् । जनप्रतिनिधिले भ्रमण, इन्धन, खानालगायत विविध खर्चमा वार्षिक आठ करोड ४४ लाख ४६ हजार खर्च गर्दै आएका छन् ।

महालेखाको प्रतिवेदन अनुसार बैतडीका स्थानीय जनप्रतिनिधिले आन्तरिक आम्दानीभन्दा तेब्बर बढी रकम आफ्नै सेवा सुविधामा खर्च गर्दा १० वटा स्थानीय तहको हालसम्मको अद्यावधिक बेरूजुसमेत बढेर दुई अर्ब १६ करोड आठ लाख ४६ हजार नाघेको छ ।

जिल्लाको दुर्गम मानिएको डिलासैनी गाउँपालिकाको आन्तरिक आम्दानी १९ लाख ६१ हजार ३६१ रहेकोमा सो पालिकाले आव २०७९/८० मा पदाधिकारी सुविधामा ६५ लाख ७१ हजार पाँच सय खर्च गरेको छ । जुन आन्तरिक आयको ३३५ प्रतिशत हिस्सा हुन आउने महालेखाले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

स्थानीय तहले सङ्घ र प्रदेश सरकारमार्फत पाउने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक आम्दानीको ८० प्रतिशत सेवासुविधामा जस्ता अनुत्पादक क्षेत्रमा खर्च गर्दा यहाँका नागरिक असन्तुष्ट बनेका छन् । नागरिक समाजका अगुवा देवबहादुर चन्दले पालिकाको

आन्तरिक आय नहेरी जनप्रतिनिधि र कर्मचारी सुविधा भोगी बन्दै गएको गुनासो गर्नुभयो ।

डिलासैनी गाउँपालिकाको हालसम्मको अद्यावधिक बेरूजुसमेत बढेर ३९ करोडभन्दा बढी पुगेको छ । गाउँपालिकाले आव २०७९/८० मा ४४ करोड ४४ लाख १६ हजार ८४४ मध्ये ८८.७ प्रतिशत बजेट चालु खर्चमै सकेको छ । विकास निर्माण र उद्यममा न्यून बजेट खर्च गर्दा उत्पादकत्वमा ह्रास आएको छ भने बेरोजगारीले युवा पलायन भएका छन् ।

महाकाली राजमार्गमा पर्ने दोगडाकेदार गाउँपालिका कृषि, पशुपालन, तरकारी खेती र चमेलिया नदीको स्रोतसँग जोडिएको भए पनि आन्तरिक आय भने ५६ लाख २७ हजार मात्रै रहेको छ । दोगडाकेदार गाउँपालिकाले पदाधिकारी सुविधामा भने वार्षिक ८७ लाख ४१ हजार खर्च गरेको छ ।

सुगम मानिएको जिल्ला सदरमुकाको दशरथचन्द नगरपालिकामा डरलाग्दो किसिमले बेरूजु बढ्दै गएको छ । दशरथचन्द नगरपालिकाको अद्यावधिक बेरूजु ४१ करोड ७२ लाख ४५ हजार पुगेको छ । नगरपालिकाको आन्तरिक आय एक करोड ३५ लाख १५ हजार ३७२ रूपियाँ रहेकोमा पदाधिकारी सुविधामा एक करोड १२ लाख ६० हजार पाँच सय खर्च भएको छ, जुन आन्तरिक आयको ८३.३१ प्रतिशत हो । नगरपालिकाले कुल ५८ करोड ७७ लाख ९९ हजार १११ रूपियाँ खर्च गर्दा ७२.९० प्रतिशत चालु र २७.१० प्रतिशत रकम मात्रै विकास निर्माणमा खर्च गरेको छ ।

अन्नभण्डार र पशुपालनका दृष्टिले प्रचुर सम्भावना बोकेको सुर्नया गाउँपालिकाले आव २०७९/८० मा २४ लाख ८१ हजार १०४ रूपियाँ आन्तरिक आम्दानी गरेकोमा पदाधिकारी सुविधामा ८२ लाख ४३ हजार पाँच सय खर्च गरेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको महालेखाले जनाएको छ । सुर्नया गाउँपालिकाको हालसम्मको बेरूजु २१ करोड २९ लाख ४० हजार छ ।

मेलौली नगरपालिकाले पनि बजेटको ठुलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च गर्दै आएको छ । नगरपालिकाको आन्तरिक आय ४७ लाख ६० हजार २४७ रहेकोमा पदाधिकारी खर्च ९२ लाख ७१ हजार पाँच सय खर्च गरेको छ । नगरपालिकाले आव २०७९/८० मा चालु र पुँजीगत गरी ४७ करोड ५१ लाख ११ हजारमध्ये ६७.९० प्रतिशत चालु र ३२.१० प्रतिशत मात्रै विकासमा खर्च गरेको छ । नगरपालिकाको हालसम्मको अद्यावधिक बेरूजु २१ करोड ७४ लाख रूपियाँ छ ।

पाटन नगरपालिकाले कुल बजेटको ७२ प्रतिशतभन्दा बढी रकम पदाधिकारीको सेवा सुविधा र कर्मचारीको तलब भत्तामै खर्च गर्दै आएको छ । पाटन नगरपालिकाको कुल आन्तरिक आय ६७ लाख ५९ हजार ४९५ रहेकामा पदाधिकारीको सुविधामा एक करोड २६ लाख पाँच हजार नौ सय रूपियाँ खर्च भएको छ जुन आन्तरिक आयको ६५.८५ प्रतिशत छ । नगरपालिकाले आव २०७९/८० मा चालु र पुँजीगत गरी २६ करोड ८९ लाख ९२ हजार १५८ रूपियाँमध्ये चालु खर्चमा ७२ प्रतिशत बजेट खर्च गरेको पाइएको छ । पाटनको हालसम्मको अद्यावधिक बेरूजु १६ करोड दुई लाख १६ हजार रहेको छ ।

विगतका सरकारले अनावश्यक नगर शिक्षक भर्ना गरेका कारण बेरूजु बढेको पाटन नगरपालिकाका नगरप्रमुख गौरीसिंह रावलले बताउनुभयो । उहाँले भन्नुभयो, "जनप्रतिनिधिको स्वकीय सचिव राखेर तलब खुवाएको पनि बेरूजु आएकाले अहिले हामीले स्वकीय सचिव हटाएका छौँ ।" उहाँले विद्यालय मर्ज गरेर अनावश्यक नगर शिक्षक हटाएर बेरूजु कम गर्न खोजेको बताउनुभयो ।

शिवनाथ गाउँपालिकाले पनि आन्तरिक आय बढाउन सकेको छैन । गाउँपालिकाले आव २०७९/८० मा कुल आन्तरिक स्रोत तथा राजस्व बाँडफाँटबाट छ करोड ५९ लाख ७० हजार, सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ३० करोड २२ लाख १९ हजार गरी ३६ करोड ८१ लाख ८९ हजार प्राप्त गरेको छ । प्राप्त बजेटमध्ये चालु र पुँजीगत गरी कुल ३४ करोड १८ लाख ७५ हजार खर्च गरेको छ । यसमध्ये पदाधिकारी सुविधामा ६२ लाख ७७ हजार खर्च भएको छ ।

पञ्चेश्वर गाउँपालिकाको गत वर्ष कुल आन्तरिक आय ३५ लाख ५४ हजार ६८१ रहेकोमा पदाधिकारी सुविधामा ५५ लाख खर्च गरेको छ । अन्य पालिकाको जस्तै पञ्चेश्वरमा पनि आन्तरिक आयभन्दा खर्च बढी हुने गरेको छ ।

सिगास गाउँपालिकाको आन्तरिक आम्दानी ३४ लाख ९० हजार ३७४ रहेकामा पदाधिकारी सुविधामा वार्षिक ९२ लाख १६ हजार पाँच सय खर्च भएको छ, जुन आन्तरिक आयको २६४ प्रतिशत हिस्सा छ । गाउँपालिकाले आव २०७९/८० मा प्राप्त गरेको बजेटको ८८.९७ प्रतिशत प्रशासनिक खर्चमा सकिएको छ । यहाँ हालसम्मको अद्यावधिक बेरूजु २१ करोड ११ लाख २३ हजार रहेको छ ।

जनसङ्ख्याका हिसाबले बैतडीको सबैभन्दा ठुलो पुर्चौडी नगरपालिकाको ६५ लाख आठ हजार १४९ रूपियाँ रहेकामा पदाधिकारी सुविधा भने ९८ लाख ८१ हजार ५८३ रूपियाँ खर्च भएको छ जुन आन्तरिक आयको १५१.८३ प्रतिशत रहेको छ ।

## टुक्रे योजनामा बजेट छर्दै सुदूरपश्चिम सरकार

# बजेट अभावमा गौरवका आयोजना अलपत्र



मुकेश चौधरी

धनगढी । सुदुरपश्चिम प्रदेशको गत चैत १ गते बसेको मन्त्रिपरिषद् बैठकले ठूला र मझौला योजनामा मात्रै बजेट विनियोजन गर्ने र ससाना योजना बनाउनै परे स्थानीय तहलाई अनुदान अन्तरगत हस्तान्तरण गर्ने निर्णय गर्यो । सोही बैठकले प्रदेश सरकारको विशेष अनुदान सम्बन्धी कार्यविधि र समपुरक अनुदान सम्बन्धी कार्यविधि स्वीकृत गर्यो । स्थानीय तहलाई दिइने विशेष अनुदानका योजना कम्तिमा २५ लाख र समपुरक अनुदानका योजना कम्तिमा ५० लाख रूपैयाँको हुनुपर्ने प्रावधान ति कार्यविधिमा छ । त्यसभन्दा साना योजना बनाउनै परे स्थानीय तहलाई सशर्त अनुदानको रूपमा हस्तान्तरण गर्ने निर्णय सो मन्त्रिपरिषद् बैठकको थियो ।

मन्त्रिपरिषद बैठकले गरेको निर्णय र कार्यविधिमा गरिएको व्यवस्था विपरित त्यसको तीन महिना नबित्दै प्रदेश सरकारले बजेटभर साना र टुक्रे योजनामात्र छर्यो । चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम पुस्तिकामा एक लाखदेखि २५ लाख रूपैयाँसम्मका सयौं योजनाहरू छन् । पुर्वाधार विकास कार्यालय कैलालीमा मात्रै १० देखि ५० लाखसम्म बजेट भएका ३५ वटा योजना छन् भने प्रदेशभर यातायात पुर्वाधार विकासका एक देखि १५ लाख रूपैयाँसम्मका योजना एक हजार ७०९ वटा छन् ।

प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को वार्षिक कार्यक्रम पुस्तिकामा एक व्यक्तिको घरबाट अर्को व्यक्तिको घरसम्मको सडक शीर्षकका योजना प्रशस्तै उल्लेख भएको पाइन्छ । गौरीगंगा नगरपालिका-१ मा खिनाको घरदेखि चौकीदारको घरसम्म सडक कालोपत्रे गर्न मन्त्रालयले पुर्वाधार विकास कार्यालय कैलालीमा १५ लाख रूपैयाँ विनियोजन गरेको छ । टीकापुर नगरपालिका-१ मा शेरबहादुर विष्टको घरदेखि चक्र चन्द सोडारीको घरहुँदै रामप्रसाद उपाध्यायको घरसम्म दोहोरो नाला सहित पक्की सडक बनाउन पनि १५ लाख रूपैयाँ विनियोजन गरेको छ । गोदावरी नगरपालिका-५ मा कालिका समाजदेखि कर्णसिंह बोहराको घर हुँदै नहर जाने बाटो बनाउन पनि १५ लाख रूपैयाँ विनियोजन गरेको छ । गौरीगंगा-५ मा गृपाल सोडारीको घर हुँदै कोहलपुर जाने बाटो पानी पिच गर्न र नाला निर्माण गर्न १० लाख रूपैयाँ विनियोजन गरेको छ । यि योजनाहरू कार्यान्वयन हुन नसक्ने देखिएको छ । लगत भन्दा निकै कम बजेटको पुलका १० वटा योजना कार्यान्वयन नहुने निश्चित भइसकेको पुर्वाधार विकास कार्यालयले जनाएको छ । यी योजनाका बजेट सोरेर बहुवर्षीय ठेक्का लागेका योजना बनाउने तयारी भइरहेको पुर्वाधार विकास कार्यालयका सूचना अधिकारी विनोद खड्काले बताए ।

पुर्वाधार विकास कार्यालय कैलालीमा गत आर्थिक वर्ष २०७९/८० मा लागत भन्दा निकै कम बजेट विनियोजन भएका १५० वटा योजनाहरू कार्यान्वयन हुन सकेनन् । सो वर्ष जम्मा ३७४ योजनामा बजेट विनियोजन भएकोमा टुक्रे योजनाहरू कार्यान्वयन हुन नसकेको कार्यालयले

जनाएको छ । अध्ययन र योजना विना बजेट विनियोजन गरिएका योजनाहरू कार्यान्वयन नभएको सुदूरपश्चिम आर्थिक सरोकार मञ्चका संयोजक प्रा.डा. राजेन्द्रविर चन्दले बताए । उनले प्रदेश सरकारले योजनामा बजेट विनियोजन गर्नुपूर्व योजना कार्यान्वयन गर्न आवश्यक अध्ययन गरी लागत स्टिमेट तयार गर्नुपर्ने बताए ।

धनगढी उपमहानगरपालिका-१३, आदर्श टोलका चेतराज अवस्थीको घरदेखि हेमकर्ण विकको घरसम्म सडक कालोपत्रे गर्न १५ लाख रूपैयाँ विनियोजन गरिएको थियो । सडक कालोपत्रे गर्न कम्तिमा २० फिट चौडाई हुनुपर्नेमा सडकको चौडाई ८ फिट मात्रै भएकोले टोलबासीमा विवाद भएपछि योजना कार्यान्वयन भएन । सडकको चौडाई बढाउन त्यत्ति बजेटले नपुग्ने भएपछि पुर्वाधार विकास कार्यालयले सडक निर्माण नगरेको स्थानीय हेमकर्ण विकले बताए ।

धनगढी-६ को मल्लो मटियारी, ढुंगेबजारदेखि कृष्ण टोल र एकता टोल हुँदै धनगढीकै वडा नं. ११ को लक्ष्मीनगर जाने बाटो कल्भर्ट र नाली सहित कालो पत्रे गर्न १५ लाख रूपैयाँ विनियोजन गरिएको थियो । लागत भन्दा निकै कम बजेट भएको विनियोजन भएकोले यो सडक सो वर्ष कार्यान्वयन हुन सकेन । सो सडकको धनगढी-१३ मै डिल्ली विनाडीको घरदेखि धर्मादेवी जोशीको घरसम्म खण्डमा कल्भर्ट र नाली सहित सडक ग्राभेल गर्न २० लाख रूपैयाँ विनियोजन गरिएको थियो । सो खण्डकै निर्माण गर्नको लागि अर्को शिर्षकमा अर्को १५ लाख रूपैयाँ विनियोजन गरिएको थियो । सो खण्डमा १२ लाख मात्रै खर्च भयो । चालु आर्थिक वर्षमा एक करोड रूपैयाँ विनियोजन गरेर ढुंगेबजारदेखि लक्ष्मीनगरसम्म बहुवर्षीय ठेक्का आह्वान भइसकेको स्थानीय डिल्लीराज विनाडीले बताए ।

## अलपत्र छन् ठूला आयोजना

प्रदेश सरकारले बजेट ल्याउँदा पूर्व अध्ययन विना टुक्रे योजनामा बजेट विनियोजन गर्दा प्रदेश गौरव र रणनीतिक महत्वका ठूला योजनाहरूमा बजेट अभाव हुन पुगेको छ । कैलाली जिल्लामा सञ्चालित प्रदेश गौरवका भजनी छोटी भन्सार खिमडी ठूलीगाड सडक योजनामा बजेट अभाव भएको छ । २०७६।७७ मा ठेक्का लगाइएको सो सडक बजेट अभाव हालसम्म सम्पन्न हुन सकेको छैन । सो सडकको लागि चालुआर्थिक वर्षमा ३० लाख रूपैयाँ मात्रै विनियोजन गरिएको छ । सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सीमित स्रोत र सबै क्षेत्रमा लगानी गर्नै पर्ने बाध्यताका कारण ठूला योजनामा प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गर्न नसकेको बताए । सुदुरपश्चिम आयोजना बैंक तर्जुमा दिग्दर्शन २०८० स्वीकृत कार्यान्वयनमा रहेको बताउँदै उनले अवका दिनमा प्रदेश र पालिकास्तरका योजनाहरू आयोजना बैंकमा राखेर प्राथमिकताका आधारमा कार्यान्वयन गरिने बताए ।

सुदूरपश्चिमका सात पहाडी जिल्लालाई जोड्ने भीमदत्त पन्त (महाकाली) राजमार्गको वैकल्पिक सडकको रूपमा रहेको चौकीडाँडा-फल्टुडे सडक पनि बजेट अभावमा तीन वर्षदेखि अलपत्र परेको छ । सो सडकको कृष्ण मन्दिरदेखि गोदावरी १२, बान्द्रेखालसम्मको खण्ड स्तरोन्नती गर्न आर्थिक वर्ष २०७६।०७७ मा ठेक्का लगाइएको भएपनि हालसम्म सो सडकको भौतिक प्रगति ३० प्रतिशत मात्रै भएको छ । ९ करोड ३९ लाख आठ हजार रूपैयाँमा लगाइएको ठेक्कामा पर्याप्त बजेट विनियोजन हुन नसक्दा सो सडकमा चालु आर्थिक वर्ष २०८०।८१ मा एक करोड ५० हजार रूपैयाँ मात्रै विनियोजन गरिएको छ ।

प्रदेश सरकारले टुक्रे योजना ध्यान दिंदा बहुवर्षीय ठेक्का लगाइएका रणनीतिक महत्वका १३१ वटा योजना प्रदेशमा अलपत्र परेका छन् । सुदूरपश्चिम प्रदेश आर्थिक सरोकार मञ्चका अध्यक्ष प्रा.डा. राजेन्द्रविर चन्दले प्रदेश सरकारले ससाना योजना बनाउन भन्दा रणनीतिक महत्वका ठूला योजना निर्माणमा ध्यान दिनुपर्ने बताए । उनले नयाँ आउने मन्त्री र सचिवले समेत पहिलेका मन्त्री र सचिवले ल्याएका राम्रा योजनालाई अपनत्व लिएर योजनालाई अगाडि बढाउन आवश्यक रहेको बताए । कामको थालनी धेरै हुने तर बजेट अभावमा पुरा एउटा पनि नहुने अवस्थाले गर्दा बजेट र योजना दुवै लथालिंग हुने गरेको उनले बताए ।

# आवधिक योजनालाई बेवास्ता गरी सांसद्का योजना






मुकेश चौधरी

धनगढी, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजनाले प्राथमिकताका आधारमा गुरूयोजना तयार गरी दीगो र गुणस्तरीय सडक सञ्जाल विस्तार गर्ने र प्रदेशभित्रका महत्वपूर्ण धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक निर्माण गर्ने रणनीति लिएको छ । यस रणनीतिलाई कार्यान्वयन गर्न सडक गुरूयोजना तयार गरी प्राथमिकताका आधारमा सबै पालिकाहरू, जिल्ला सदरमुकाम एवम् प्रदेशको राजधानीमा सडक सञ्जाल विकास र विस्तार गर्ने, प्रदेशको समग्र आर्थिक, सामाजिक र रणनीतिक महत्व राख्ने सडकलाई प्रदेश गौरवको सडक घोषणा गरी विशेष महत्वका निर्माण गर्ने र आयोजना बैंक खडा गरी योजनाको प्राथमिकता निर्धारण गर्ने कार्यनीति बनाइएको छ ।

प्रथम आवधिक योजनालाई वार्षिक बजेटसँग जोड्न बनाइएको आर्थिक वर्ष २०७९।८० को मध्यकालीन खर्च संरचनामा समेत प्राथमिकताका आधारमा गुरूयोजना तयार गरी दीगो र गुणस्तरीय सडक सञ्जाल विस्तार गर्ने र प्रदेशभित्रका महत्वपूर्ण धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक निर्माण गर्ने उल्लेख छ । तर प्रदेश सरकारले आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई बेवास्ता गरेको छ ।

आवधिक योजनालाई वार्षिक विकास कार्यक्रमसँग तालमेल गरी योजना ल्याउनुपर्नेमा प्रदेशको भौतिक पुर्वाधार विकास मन्त्रालयले न त यातायात पुर्वाधार विकास गुरूयोजना बनाएको छ न त योजना बैंक नै खडा गरेको छ । प्राथमिकता निर्धारण गरी पालिकाहरू, जिल्ला सदरमुकाम एवम् प्रदेशको राजधानीसँग प्रदेशभित्रका महत्वपूर्ण धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक निर्माणको गुरूयोजना बनाएर सडक सञ्जाल विस्तार गर्नुपर्ने जिम्मेवारीमा रहेको प्रदेश सरकारले स्थानीय तहहरूले बनाउने खालका योजना बनाएको छ ।

प्रदेश सरकारले सांसद् र मन्त्रीले ल्याएका योजनाहरू बजेटमा समावेश गर्दा रणनीतिक महत्वको योजना समावेश हुन नसकेको सुदूरपश्चिम प्रदेशको नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष केशरबहादुर साउँदले बताए । 'योजना बनाउने विधि र प्रक्रिया विपरित केही समूहले मन्त्रीलाई योजना टिपाउने, आर्थिक र तलबाट छनौट हुँदै आएका योजनाहरूलाई प्रतिस्थापन गरी टिपेका योजना राखेर बजेट विनियोजन गर्ने विकृति छ,' उनले भने, 'यस्तो हिजो पनि हुँदै आएको थियो । आज पनि छ । टिपोटको आधारमा योजनामा बजेट विनियोजन गर्दा पञ्चवर्षीय योजना, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम बीच तादम्यता छैन । यसले गर्दा ससाना टुक्रे योजना पर्ने, पञ्चवर्षीय योजना लक्ष्य पुरा नहुने र भ्रष्टाचार हुने गरेको छ । यसले गर्दा प्रदेश सरकारको आय समेत प्रभावित भइरहेको छ । सार्वजनिक वित्त सदुपयोग गर्न यसलाई सुधार गरेर लग्नै पर्ने हुन्छ ।'

प्रदेश सरकारले सांसद् र मन्त्रीको स्वार्थमा राखेका कतिपय योजनाहरूको पुर्व तयारी नहुँदा त्यो हरेक वर्ष अर्बौं बजेट फ्रिज हुने गरेको छ । तत्कालीन प्रदेश सभा सदस्य तथा वर्तमान प्रतिनिधि सभा सदस्य दिल्लीराज पन्तको दबाबमा प्रदेश सरकारले पार्कचोकदेखि भेटनरी कार्यालय पुर्वको सडकमा नाली सहित कालो पत्रे गर्न गत आर्थिक वर्षमा ५० लाख रूपैयाँ विनियोजन गरेको थियो । यो सडक सांसद् पन्तको घर हुँदै दक्षिणतिर जान्छ । तर सडक निर्माणको पुर्वतयारी हुन नसकेकोले यो सडकमा विनियोजन गरेको बजेट लगातार दुई वर्ष फ्रिज भयो । धनगढी–१ का वडाध्यक्ष सन्तोष मुडभरीले त्यस सडक आफैमा विवादित भएको हुनाले योजना कार्यान्वयन हुन नसकेको बताए । 'हामीले नापी र मालपोत कार्यालयमा सडक छुट्याउन लेखी पठाएका थियौं,' उनले भने, 'तर ति कार्यालयहरूले कुनै ठाउँमा सडक देखिएको कुनै ठाउँमा सडक नरहेको भनि लेखी पठाएपछि योजना कार्यान्वयन हुन सकेन । नापीमा पार्कमोडदेखि खोलासम्म सडक पुरै नरहेको देखिएको थियो ।'

भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिव सुरतकुमार बमले अबका दिनमा पूर्व तयारी पुगेका योजना मात्रै कार्यान्वयनमा लैजाने गरी नीति लिएको बताए । उनले बहुवर्षीय ठेक्का लगाउँदा आर्थिक वर्षको पहिलो त्रैमासिकमा मात्रै स्रोत सुनिश्चितता लिएर ठेक्का लगाउने तयारी भएको बताए । निकै कम विनियोजन भएपनि बहुवर्षीय ठेक्का लगाउने कुरालाई मन्त्रालयले प्रोत्साहन नगरेको उनले बताए ।

### योजना कार्यान्वयन नहुँदा वार्षिक अर्बौं रकम फ्रिज

२०७४ मा प्रदेश सरकार गठन भएदेखि ६ वर्षमा ५५ अर्ब ७ करोड २५ लाख १४ हजार रूपैयाँ विनियोजन भएको वर्ष कार्यान्वयन हुन नसकेर अर्को वर्ष सारिएको छ । आर्थिक वर्ष ०७४।७५ देखि ०७९।८० सम्म क्रमशः ७६ करोड ६ लाख ८४ हजार, १० अर्ब ९० करोड २२ लाख १४ हजार, १० अर्ब ४७ करोड २३ हजार, ११ अर्ब ४९ करोड ९५ लाख २४ हजार, १० अर्ब ५० करोड ९४ लाख ९८ हजार र १० अर्ब ९३ करोड पाँच लाख ७१ हजार रूपैयाँ फ्रिज भइ अर्को वर्ष सारिएको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ । यो ६ वर्षमा एक खर्ब ५५ अर्ब ४४ करोड ९५ लाख ९४ हजार रूपैयाँ बजेट विनियोजन भएकोमा ६४.५७ प्रतिशत मात्रै प्रदेश सरकारले कार्यान्वयन गर्न सफल भएको छ ।

### योजना बैंक बनाउन ढिलाई

पञ्चवर्षीय योजनाका लक्ष्य अनुसारको योजना छनौट गरी निर्माणको सम्पूर्ण पूर्व तयारी गर्न प्रदेश योजना बैंकमा बनाउन अनिवार्य छ । तर प्रदेश सरकार गठन भएको सातौं आर्थिक वर्षसम्म पनि योजना बैंक तयार भएको छैन । प्रदेश सरकारले योजना बैंक तर्जुमा दिग्दर्शन २०८० स्वीकृत गरी कार्यान्वयनमा लैजाने तयारी गरिरहेको छ ।

नीति तथा योजना आयोगका सदस्य सचिव पदमराज जोशीले आयोगले सफ्टवेयर तयार गरी सो सफ्टवेयर र आयोजना बैंक तर्जुमा दिग्दर्शनको विषयमा मन्त्रालयका योजना शाखाका कर्मचारीहरूलाई अभिमुखीकरण तालिम दिइएको जानकारी दिए । उनले सबै मन्त्रालयलाई युजर आईडि दिन बाँकी रहेको बताए । मन्त्रालयहरूले नै आयोजना बैंकमा आयोजना राख्ने बताए ।

लामो समयसम्म आयोजना बैंक नबन्दा पूर्व तयारी गरेर वार्षिक विकासमा कार्यक्रममा समावेश गर्नुपर्ने योजनाहरू सिधै रातो कितावमा समावेश हुने गरेकोले कतिपय योजनाहरू पूर्व तयारीको अभावमा कार्यान्वयन हुन नसकेको नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष साउँदले बताए ।

### पुर्वाधार गुरुयोजनाको सुरसार छैन

प्रदेश सरकारले वार्षिक कुल बजेटको आधा अंश पुर्वाधार विकासमा खर्च गरिरहेको छ । तर प्रदेशको सबैको भन्दा बढि बजेट खर्च हुने गरेको पुर्वाधारको गुरुयोजना बनाउन सुरसार नै गरेको छैन । चालु आर्थिक वर्षमा यातायात पुर्वाधार विकास गुरूयोजना बनाउन बजेट विनियोजन भएको छ तर सोको काम भने अझै शुरू हुन सकेको छैन । मन्त्रालयका सचिव बमले सडक पुर्वाधारमा हुने खर्चलाई व्यववस्थापन गर्न प्रदेश सरकारले यातायात पुर्वाधार गुरु योजना निर्माण गरिरहेको बताए । उनले गुरूयोजना निर्माण भएपछि सडक पुर्वाधार निर्माणमा जथाभावी हुने खर्च नियन्त्रण हुने बताए ।

# बजेट अभावमा करोडौंका खानेपानी योजना अलपत्र





मुकेश चौधरी

धनगढी, सुदूरपश्चिम प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजनाले पाँच वर्षमा प्रदेशमा सबै नागरिकलाई स्वच्छ, सुरक्षित र भरपर्दो खानेपानी पऱ्याउने लक्ष्य लिएको छ । तर, लक्ष्यमा पुग्ने गरी खानेपानी योजनामा बजेट खर्च गर्न सकेको छैन ।

प्रदेश सरकारलाई संघीय सरकारले आर्थिक बर्ष २०७५/७६ मा कैलाली र कञ्चनपुरका जिल्लाका १६५ वटा खानेपानी योजनाहरू हस्तान्तरण गरेको थियो । ति मध्ये ९० वटा आयोजना अझै सम्पन्न हुन सकेका छैनन् । ६ वर्षमा ७५ वटा खानेपानी योजना निर्माण पूरा भई उपभोक्तालाई हस्तान्तरण गरिएको छ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलालीका अनुसार २०६४? देखि संघीय सरकारले निर्माण थालेका खानेपानी योजनाहरू निर्माण पुरा हुन सकेका छैनन् । डिभिजनका निमित्त प्रमुख गणेशप्रसाद उपाध्यायका अनुसार संघबाट हस्तान्तरण गरिएका खानेपानी योजना निर्माण गर्न संघ सरकारले नै सशर्त अनुदान दिने गरेको छ । ति योजनाको लागत दशौं करोड भएपनि बार्षिक प्रतियोजना १० देखि ५० लाख रूपैयाँ मात्रै बजेट आउँदा योजना सम्पन्न हुन सकिरहेका छैनन् ।

पाँच करोड ६ लाख ३६ हजार रूपैयाँ लागत अनुमानमा लम्की चुहा नगरपालिकाको बलिया खानेपानी योजना २०६४? बाट निर्माण सुरू गरिएको थियो । यो योजना चालु आर्थिक बर्षको अन्त्यसम्म सम्पन्न हुने बताइएको छ । बलिया खानेपानी उपभोक्ता समितिका कोषाध्यक्ष प्रेम न्यौपानेले खानेपानी योजनाको सबै संरचना निर्माण पुरा गरी उपभोक्ताहरूको घरमा खानेपानीको धारा पुऱ्याउने काम भइरहेको बताए । १० हजार ९२८ उपभोक्ता रहेको खानेपानी योजनामा बार्षिक रूपमा निकै कम बजेट आउँदा निर्माण पूरा गर्न १६ वर्ष लागेको उनले बताए ।

खानेपानी उपभोक्ता महासंघ कैलालीका सदस्य रहेका न्यौपानेका अनुसार बलिया खानेपानी योजनासँगै २०६४ मा जिल्लामा २६ वटा खानेपानी योजना निर्माण सुरू भएको थियो । ति मध्ये अधिकांश योजना अझै पुरा नभएको हुन सकेका छैनन् । 'कुनै योजनामा ओभरहेड बनेर योजना अलपत्र परेको छ,' उनले भने, 'कुनै योजनामा पानी चल्न सकेको छैन । कुनै योजना पाइपलाईन विस्तार गर्न बाँकी छ ।'

संघीय सशर्त योजनाको रूपमा प्रदेशले कैलाली कञ्चनपुरमा बनाइरहेको ९० ओटा योजनाको लागत अनुमान ६ अर्ब १४ करोड ७१ लाख ८८ हजार छ । आर्थिक बर्ष २०७९।८० मा ति योजनाका लागि २६ करोड ५२ हजार रूपैयाँ विनियोजन भएको थियो । सो रकम मध्ये २२ करोड एक लाख ४५ हजार ५२३ रूपैयाँ खर्च भएको डिभिजन कार्यालयले जनाएको छ । यसैगरी, चालु आर्थिक बर्षमा ९० योजनाका लागि २२ करोड ७२ लाख रूपैयाँ विनियोजन भएको छ । सोमध्ये फागुन मसान्तसम्म पाँच करोड नौ लाख ५७ हजार ५७० रूपैयाँ खर्च भएको डिभिजन कार्यालयका लेखा अधिकृत रमेशबहादुर शाहले बताए ।

सुदूरपश्चिम प्रदेशमा संघीय सरकारको सशर्त अनुदानबाट बनिरहेको २०६ वटा खानेपानी योजनाहरू अधुरा छन् । यी सबै योजनाहरू प्रदेश सरकार बन्नु पहिले संघीय सरकारले निर्माण थालेपनि प्रदेश सरकार गठन भएपछि संघले बजेट विनियोजन गर्ने र प्रदेशले कार्यान्वयन गर्ने गरी प्रदेश सरकारलाई हस्तान्तरण गरिएका थिए । सोही अनुसार २०७५ सालमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बैतडीमा १५८, डोटीमा १६१, डडेल्धुरामा ९७ र कैलालीमा १६५ वटा गरी ५८१ वटा अधुरा खानेपानी योजना हस्तान्तरण गरिएको थियो । खानेपानी डिभिजन कार्यालय कैलालीमा संघीय सरकारले ३० वटा खानेपानी योजनाहरू चालु आर्थिक बर्षमा हस्तान्तरण गरेको छ । ति योजनाहरूको निर्माण पनि एकदमै सुस्त रहेको डिभिजन प्रमुख उपाध्यायले बताए । योजनाको संख्या र लागत एकदमै धेरै भएपनि संघीय सरकारले ति योजनाको लागि निकै कम बजेट विनियोजन गरेको कारण खानेपानी योजनाहरू समयमा सम्पन्न हुन नसकेको उनले बताए ।

प्रदेश सरकारको भौतिक पुर्वाधार विकास सचिव प्रेमदत्त भट्टले समयमा खानेपानी योजना सम्पन्न नहुँदा योजनाको लागत बढ्नुका साथै लगानी भएको बजेटको सही सदुपयोग नभएको बताए । उनले धेरै समय लगाएर योजना निर्माण गर्दा योजनाका संरचनाहरूमा क्षति पुग्ने, उपभोक्ताहरू लाभान्वित नहुने बताए ।सरकारले निर्माणाधीन योजनाहरू समयमा सम्पन्न गर्नका लागि पर्याप्त बजेट विनियोजन गर्न आवश्यक रहेको उनको भनाई छ ।

## प्रदेश सरकारकै योजना सुस्त

प्रदेश सरकारले कैलाली र कञ्चनपुरमा ७३ वटा खानेपानी योजना निर्माण गरिरहेको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलालीले आव २०७५/७६ बाट निर्माण सुरू गरेको योजनाहरूमध्ये चालु आर्थिक बर्षको अन्तसम्म २ वटा निर्माण सम्पन्न हुने चरणमा छ । बाँकी योजनाको प्रगति शुन्य ८० प्रतिशतसम्म भएको छ ।

आर्थिक वर्ष २०७९/८० मा कैलाली कञ्चनपुरमा जम्मा १०५ वटा योजना निर्माण भइरहेकोमा ३० वटा खानेपानी योजना सम्पन्न भएको छ । निमित्त प्रमुख उपाध्यायले संघीय सशर्तका योजना निर्माण सुस्त भएपनि प्रदेश सरकारले निर्माण गरिरहेका योजनामा पर्याप्त बजेट विनियोजन भइरहेको बताए । संघीय सरकारबाट सशर्त अनुदानमा सञ्चालित योजनाभन्दा प्रदेश सरकारद्वारा कार्यान्वयन भइरहेको योजनाको प्रगति दर बढि रहेको उनले बताए । उनले प्रदेश सरकारको बजेटमा निर्माण भइरहेका योजना पाँच वर्षमा योजना सम्पन्न हुने गरी बजेट विनियोजन भइरहेको बताए ।

यी दुई जिल्लाबाहेक अन्य जिल्लामा प्रदेश सरकारको बजेटमार्फत सञ्चालन भइरहेका खानेपानी योजना कति छन् ? कार्यान्वयनको अवस्था कस्तो छ ? समयमै पूरा नभएका योजनालाई बजेटमा कस्तो योजना ?(बहुबर्षीय) अथवा कस्तो योजनाको रूपमा स्रोत सुनिश्चितता गरिदैं आएको छ ? अत्यन्त महत्वपूर्ण योजनाका लागि पनि न्यून बजेट विनियोजन किन ? योजना ढिला सम्पन्न हुँदा लागत अनुमान बढेको छ कि छैन ? छ भने इस्टिमेसनमा भेरियसन भएको छ कि छैन ? सम्भव भए यी प्रश्नको उत्तर समावेश गर्नुपर्यो ।

सुदूरपश्चिम प्रदेशमा ८६.५३ प्रतिशत जनसंख्यालाई आधारभूतस्तरको खानेपानी र १० प्रतिशत जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानीको पहुँच पुगेको छ । बाँकी जनसंख्याले कुवा, खोला लगायतका स्रोतबाट पानीको उपयोग गर्ने गरेको प्रथम पञ्चवर्षीय योजनामा उल्लेख छ । यस योजनाको अन्त्यसम्म ९९ प्रतिशत जनसंख्यालाई आधारभूतस्तरको र ३० प्रतिशत जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

# बजेट निर्माणमा विधिको उपहास, प्राथमिकतामा खल्तीका योजना



मुकेश चौधरी

धनगढी, सुदूरपश्चिम प्रदेश सरकारले सभामा छलफल नै नगरी आर्थिक वर्ष २०८०/८१ को बजेट २०८० असार ३० गते मध्यराति पारित गरेको थियो । प्रतिपक्षी दलहरूले बजेट सन्तुलित नभएको भन्दै लगातार सदन बहिस्कार गरेपछि प्रदेश सभा सञ्चालन कार्यविधि, २०७५ का केही नियमहरू निलम्बन गरी सरकारले प्रदेश सभाबाट फास्ट ट्र्याकमा बजेट पारित गरेको थियो । प्रतिपक्षी दलहरूको बहिस्कारका कारण लगातार सभाको बैठक बस्न नसकेपछि राप्रपाकी एक्ली सांसद् खिमादेवी विष्टलाई सभामा उपस्थित गराई सभाको बैठक सञ्चालन गरिएको थियो ।

आर्थिक वर्ष २०७९/८० को बजेट पनि पनि प्रदेश सभा नियमावलीको केही नियमहरू निलम्बन गरी एकै साँझमा दुई बैठक बसी पारित गरिएको थियो । प्रदेश सरकारको बजेट प्रस्तुत भएदेखि २८ दिनसम्म लगातार बैठक बस्न नसकेपछि असार मसान्तभित्रै बजेट पारित गर्नुपर्ने संवैधानिक व्यवस्थाका कारण प्रदेश सभाले राति १० बजेर ३५ मिनेटमा बजेट पारित गरेको थियो ।

नेपालमा बजेट निर्माण र योजना छनोट प्रक्रियालाई नेपालको संविधान २०७२, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, प्राकृतिक स्रोत तथा वित्त ऐन र योजना तर्जुमा दिग्दर्शनले निर्धारण गरेको छ । तर सुदूरपश्चिम प्रदेश सरकारले बजेट निर्माण तथा योजना छनोटका लागि ऐन कानुनहरूले तय गरेको विधि मिचेर पछिल्ला वर्षहरूमा प्रदेश सभा नियमावलीको नियम निलम्बन गरी बजेट पारित गर्नुपर्ने अवस्था दोहोरिँदै आएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारले पनि बजेट निर्माण र योजना छनोटका लागि नेपालको संविधान र विद्यमान ऐन कानुनहरूलाई आधार बनाएर २०७८ सालमै योजना तर्जुमा दिग्दर्शन जारी गरेको छ । तर दिग्दर्शनमा उल्लेख गरिएका प्रक्रिया र विधि प्रदेश सरकारले अझै पनि तोकिएकै तरिकाले पच्छ्याउन सकेको छैन ।

पटक पटक सरकार परिवर्तन, मन्त्रिपरिषद् हेरफेर र विषयगत मन्त्रालय र मातहतका कार्यालयहरूको योजना तर्जुमा प्रक्रियामा गम्भीर नभएका कारण बजेट निर्माण तथा योजना छनोटसँग जोडिएका विधि प्रक्रिया मिचेर सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश सभामा बजेट ल्याउने गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष केशरबहादुर साउद बजेट निर्माणका चरणहरूमा दिग्दर्शनले तय गरेका प्रक्रियाहरू अवलम्बन गर्न नसकेकै कारण बजेटको विषयमा सरकार र प्रतिपक्षबीच विवाद बढेको बताउँछन् ।

बजेट निर्माणका सम्पूर्ण प्रक्रियाहरू नपछ्याएका कारण प्रदेशको बजेट यथार्थपरक हुन नसकेको सुदूरपश्चिम आर्थिक सरोकार मञ्चका संयोजक प्रा.डा. राजेन्द्रविर चन्दले बताए । उनले बजेट निर्माण प्रक्रियामै त्रुटी रहेका कारण बजेट खर्च हुन नसकी योजनाबद्ध विकासमा बाधा परेको बताए ।

सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शनमा 'बैशाख २० गतेभित्र प्रदेश कार्यालयहरूले संयुक्त रूपमा प्रदेश निर्वाचन क्षेत्रस्तरमा योजना तर्जुमा गोष्ठीबाट योजना छनोट प्राथमिकिरण गरी मन्त्रालयमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै बैशाख २५ गतेभित्र जिल्ला समयन्वय समितिको समन्वयमा प्रदेश कार्यालयहरूले संयुक्त रूपमा जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीबाट रणनीतिक महत्वको दुई वा सो भन्दा बढि स्थानीय तहलाई छुने/जोड्ने योजनाहरू छनोट गरी मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था राखिएको छ । जेठ ७ गतेभित्र मन्त्रालयहरूले ति योजनाहरूको विस्तृत आयोजना प्रस्ताव एवम् सम्भाव्यता अध्ययन विश्लेषण र प्राथमिकिकरण गरी प्रदेश नीति तथा योजना आयोगले सञ्चालन गरेको आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने दिग्दर्शनमा उल्लेख छ ।

तर, प्रदेश सरकारका ति कार्यालयहरूले प्रदेश निर्वाचन क्षेत्रस्तरीय र जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी नै नगरी योजना छनोट, प्राथमिकिरण नगरी योजना छनोट गर्ने गरेका छन् ।

प्रदेश सरकार स्थापना भएदेखि यि विधि प्रक्रिया अनुसार योजना छनोट भई बजेट विनियोजन हुन नसकेको प्रदेश सरकार मातहतका एक कार्यालय प्रमुखले बताए । उनले योजना छनोटका लागि बजेट विनियोजन नभएको र योजना तर्जुमा गोष्ठी गर्न १/२ दिनको समय मात्रै दिइने भएकोले निर्वाचन क्षेत्र र जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीमा बजेट र योजनाका विषयमा गठन छलफल हुन नसकेको बताए ।

यसवर्ष पनि प्रदेश सरकारले कार्यान्वयन गर्ने योजना छनोट निर्वाचन क्षेत्र र जिल्लास्तरमा छलफल नभई सिधै प्रदेशस्तरमा प्रदेश नीति तथा योजना आयोगको आयोजनामा छलफल गरिएको थियो । नीति तथा योजना आयोगका सचिव पदमराज जोशीले गतवर्षदेखि निर्वाचन क्षेत्रदेखि जिल्ला हुँदै प्रदेशसम्म छलफल गरेर योजना छनोट गर्ने प्रयास गरेपनि विभिन्न कारणले दिग्दर्शनको व्यवस्था अनुसार छलफल हुन नसकेको बताए। यस वर्ष प्रदेशमा सरकारले पूर्णता नपाएको बहानामा योजना तर्जुमा गोष्ठी प्रदेशस्तरमा एक दिन मात्रै गरियो ।

प्रदेश सरकारले बजेट प्रस्तुत गर्नु भन्दा कम्तिमा २० दिन पहिले प्रदेश सभामा बजेटको उद्देश्य, सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुपर्ने र सोमाथि सभामै दफावार छलफल गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी, प्रदेश सभामा बजेट प्रस्तुत गर्नुभन्दा कम्तिमा १५ दिनभित्र नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ। तर प्रदेश सरकारले समय घर्किएपछि मात्रै प्रदेश सभामा बजेटको उद्देश्य, सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम ल्याउने गरेको छ। यसले गर्दा सांसद्, मन्त्री र बिचौलियाहरूको खल्तीका योजना रातो कितावमा पर्दै आएको नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष साउदले बताए ।

यसवर्ष प्रदेश सरकारले जेठ २० गते नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गरेको छ भने आर्थिक मामिला मन्त्रीको नियुक्त हुन बाँकी रहेका कारण मुख्यमन्त्री दीर्घबहादुर सोडारीले जेठ १३ गते बजेटको उद्देश्य, सिद्धान्त तथा प्राथमिकता प्रदेश सभामा प्रस्तुत गरेका थिए । सो नीति तथा कार्यक्रम र बजेटको उद्देश्य, सिद्धान्त तथा प्राथमिकतामाथि एक/एक बैठकमा सामान्य छलफल गरी पारित गरिएको थियो । नीति तथा कार्यक्रम र बजेटको उद्देश्य, सिद्धान्त तथा प्राथमिकतामाथि सभामा व्यापक छलफल हुन नसकेको भन्दै प्रतिपक्षी दल नेपाली कांग्रेसले नीति तथा कार्यक्रम नै लगत आएको जनाएको छ । कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री कमलबहादुर शाहले नीति तथा कार्यक्रममा निजी फर्महरूलाई बजेट दिने गरी ल्याएको भन्दै सो नसच्याई बजेट ल्याएमा सभाबाट बजेट पास हुन नदिने चेतावनी दिएका छन् ।

# सिँचाईमा अर्बौं खर्च, दुई तिहाई खेती बर्षाको भरमा





मुकेश चौधरी

धनगढी, सुदूरपश्चिम प्रदेश सरकारले बृहत सिँचाई आयोजनाहरूका लागि संघीय सरकारसँग समन्वय गर्नुका साथै साना तथा मझौला सिँचाई आयोजनाहरू निर्माण गर्न स्थानीय तहहरूसँग सहकार्य गर्ने कार्यनीति लिएको छ । प्रथम पञ्चबर्षीय योजना (२०७८/७९ देखि २०८२/८३ सम्म) मार्फत लिएको यस कार्यनीति अनुरूप योजना छनौट र बजेट विनियोजन नहुँदा भने प्रदेशमा रहेका ठूला तथा मझौला सिँचाई योजनाहरू अलपत्र परेका छन् ।

सुदूरपश्चिम प्रदेश सरकारले दशौं अर्ब रूपैयाँ सिँचाई योजनाका लागि खर्च गरेको भएपनि स-साना योजनाहरू मात्रै निर्माण हुँदा लक्षित रूपमा सिँचाई सुविधा विस्तार हुन सकेको छैन । महालेखा परीक्षकको छैठौं प्रादेशिक प्रतिवेदनमा संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाँड तथा वर्गिकरण मापदण्ड २०७६ मा जलस्रोत तथा सिँचाईतर्फ प्रदेश सरकारले पहाडी क्षेत्रमा ५० देखि १०० हेक्टरसम्मको सिँचाई सेवा पुऱ्याउने आयोजना मात्रै सञ्चालन गर्ने मापदण्ड सुदूरपश्चिम प्रदेश सरकारले अनुसरण नगरी स्थानीय तहको क्षेत्रमा पर्ने साना योजनामा बजेट खर्च गरेको उल्लेख छ । 'जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय अछामले आर्थिक वर्ष २०७९/८० मा ६४ करोड ३० लाख ३ हजार खर्च गरेर बनाएको १८६ योजना मध्ये १८५ तथा डिभिजन कार्यालय डडेल्धुराले १८ करोड ५२ लाख ८२ हजार खर्च गरेर बनाएको ९८ योजना मध्ये ८० योजनाहरू उल्लिखित मापदण्ड अनुरूप प्रदेश अन्तरगतको कार्य

सीमाभित्र परेको देखिएन,' प्रतिवेदनमा सुझाव दिइएको छ, 'स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने स–साना योजनाहरू सम्बन्धित तहमा हस्तान्तरण गरी प्रदेशको कार्यालयले आफ्नो कार्यसीमा भित्रको योजना कार्यान्वयनमा केन्द्रित हुनपर्छ ।'

सुदूरपश्चिम सरकारले सिँचाईको लागि आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्म १२ अर्ब ४९ करोड ३४ लाख रूपैयाँ विनियोजन गरी खर्च गरेको भएपनि प्रदेशमा सिँचाई सुविधा नगन्य मात्र विस्तार भएको छ । प्रदेश सरकारको प्रगति प्रतिवेदन अनुसार विगत छ वर्षमा १० हजार ५२७ हेक्टर खेतमा मात्रै सिँचाई सुविधा विस्तार भएको छ । सुदूरपश्चिममा कुल खेतीयोग्य जमीन ३ लाख ६९ हजार ७९६ हेक्टर मध्ये ३ लाख १८ हजार ५२६ हेक्टर जमीनमा मात्रै खेती हुने गरेको छ । खेती गरिएको ३१.८९ प्रतिशत (एक लाख एक हजार ५८५ हेक्टर) खेतमा मात्रै वर्षभरि सिँचाई सुविधा उपलब्ध छ । खेती गरिएको ८६.११ प्रतिशत (दुई लाख १६ हजार ९४८ हेक्टर) खेतमा अझै पनि आकाशे पानीको भरमा खेती हुने गरेको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ । निर्देशनालयको तथ्यांक अनुसार २५.०५ प्रतिशत (७९ हजार ७८३ हेक्टर) खेतमा आंशिक सिंचाई सुविधा पुगेको छ । आर्थिक वर्ष २०७९/८० बाट २०८०/८१ सम्म सिञ्चित खेत ०.६५ प्रतिशतले मात्रै वृद्धि भएको छ ।

प्रदेश सरकारले वर्षेनी सिँचाई योजना निर्माणका लागि बजेट खर्च गरेपनि रणनीतिक महत्वका सिँचाई योजनाहरू अलपत्र परेका छन् भने ससाना सिँचाई योजनाहरू (कच्ची तथा पक्की कुलो, डिप तथा स्यालो ट्युबेल) निर्माण, मर्मत, सम्भारमा प्रदेश सरकारको बजेट खर्च हुँदै आएको छ । प्रदेश सरकारको कार्य क्षेत्रमा रहेको खुटिया, गुरगी, पथरैया, मोहना, टेंढी जस्ता ठूला तथा मझौला सिँचाई आयोजना निर्माणमा प्रदेश सरकारको ध्यान जान सकेको छैन ।

कतिपय योजनामा बजेट विनियोजन हुँदा पनि डिपिआर तयार नभएकोले निर्माण हुन सकेको छैन । गुरगी सिंचाई आयोजना यसको ज्वलन्त उदाहरण हो । यस सिँचाई आयोजनाका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ देखि बजेट विनियोजन हुँदै आएको छ । तर डिपिआर नै नबनेकाले विनियोजित बजेट कार्यान्वयन हुन सकेको छैन । प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा ५० लाख रूपैयाँ विनियोजन गरेपछि जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय कैलालीले लागत स्टिमेट बनाएको थियो । तर, डिपिआर बनेकोले योजनालाई अगाडि बढाउन नसकिएको जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय कैलालीका प्रमुख अमरबहादुर पालले बताए । उनले ठेक्का प्रक्रियामा जान परियोजनाको विस्तृत अध्ययनका साथै वातावरणीय प्रभाव मुल्यांकन, माटो परीक्षण जस्ता प्रतिवेदनहरू समेत आवश्यक रहेको बताए । निरन्तर बजेट विनियोजन भएपनि योजना कार्यान्वयन नभएपछि सो आयोजनाका उपभोक्ताहरू आन्दोलित भएका छन् ।

भौतिक पुर्वाधार विकास मन्त्रालयका प्रदेश सचिव सुरतकुमार बमले विगतमा उत्पादनसँग नजोडी सिँचाईका पूर्वाधार निर्माणमा मात्रै जोड दिएको हुनाले लगानी अनुसारको प्रतिफल आउन नसकेको बताए । उनले प्रदेश सरकारले कार्यक्षेत्रभित्र नपरेपनि मागको आधारमा लगानी गर्दै आएको बताए । उनले आगामी आर्थिक वर्षमा तराई र पहाडका सिँचाई योजनाहरूलाई उत्पादनसँग जोडेर अगाडि बढाउने गरी निर्माण गर्ने नीति लिइएको बताए । 'तराइमा खाद्य सुरक्षाका दृष्टिले सिंचाई सुविधालाई हेरेका छौं,' उनले भने, 'तराइमा निर्माण भएको पुरानो ठूला आयोजनाको सर्भिस रिभाइभ गर्न जलउपभोक्ता संस्थाको क्षमता वृद्धि, सिँचाई सुशासन र व्यावसायिक योजनासहित बाह्रै महिना सञ्चालन गर्नको लागि हामीले यस पटक योजना बनाएका छौं ।'

सुदूरपश्चिम प्रदेशको खाद्य सुरक्षालाई सुनिश्चित गर्न सक्ने खालका सिँचाई आयोजनाहरूमा बजेट विनियोजन गरिएको बताउँदै प्रदेश सचिव बमले यस पटकको बजेट छरिएको अवस्थामा नरहेको दाबी गरे । सिंचाई पुर्वाधारमा मात्रै लगानी गरेर सिंचाई सेवा सुचारू नहुने भएकोले पहाडी जिल्लामा स्थानीय तहलाई सेन्टर बनाएर सिंचाईलाई प्रत्यक्ष उत्पादनसंग जोड्न प्रदेशको ६८ वटा गाउँपालिकामा वित्तीय हस्तान्तरण गरिएको बताए । उनले १५ सयदेखि ३ हजारसम्म वा त्योभन्दा माथि फलफूल खेती लगाउने गरी एकमुष्ट १२ लाख रूपैयाँ गाउँपालिकालाई सशर्त अनुदान दिने व्यवस्था गरिएको बताए । उनले प्रत्यक्ष अनुगमन र मुल्यांकन गरी जल उपभोक्ताको व्यावसायिक योजना र स्थानीय तहको उत्पादनसँगको जोड्ने गरी योजना राखिएको र कृषि कार्यालयसँग पनि प्रत्यक्ष समन्वय गरी सिँचाईलाई उत्पादनसँग जोड्ने गरी योजना बनाइएको बताए ।